annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष १७, अंक १२२, पृष्ठ १२+४+४ | काठमाडौं, मंगलबार १२ भदौ २०७५ | भाद्र कृष्णपक्ष द्वितीया नेपाल संवत् ११३८ | TUESDAY, AUGUST 28, 2018 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०





रियलको लगातार दोस्रो जित १५ | नीलमलाई मदन, मानन्धरलाई जगदम्बा १६

# वाइड बडी छानबिनमा



**विमान खरिद प्रकरण**

**विकास थापा/ राजु बास्कोटा** | *काठमाडौं*

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल वायुसेवा निगमको दुईवटा वाइड बडी विमान खरिद प्रकरणमा देखिएका अनियमितताबारे छानबिन थालेको छ।

पर्यटनमन्त्री रवीन्द्र अधिकारीले मन्त्रालयको हवाई उद्योग व्यवस्थापन महाशाखाका सहसचिव सुरेश आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति बनाई छानबिन थालिएको बताए। निगमले दुईवटा वाइड बडी विमान खरिद गर्दा देखिएका र सार्वजनिक भएका सम्पूर्ण विषयवस्तु छानबिन गर्न लगाएको र समितिले तयार पारेको प्रतिवेदन छिट्टै सार्वजनिक गरिने बताए।

'सिधै खरिद नगरी दलाल खडा गरेर खरिद गरिएको विषय गम्भीर छ', अधिकारीले सोमबार अन्नपूर्णसित भने, 'हामी हेर्दैछौं, जे जे कुरा उठेको हो, एक एक गरी हेर्छौं।'

समितिमा निगम सञ्चालक समितिका सदस्य मुक्ति पाण्डे, नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक रितेशराज पन्त, निगमकै सञ्चालक समितिका सदस्य-सचिव अशोक सिग्देल, प्राधिकरणका विशेषज्ञ पाइलट बीएम अमात्य छन्।

निगमले खरिद गरेका दुईवटा वाइडबडी विमानमा ५२ लाख अमेरिकी डलर बढी तिरिएको, सीधा खरिद नगरी चारवटा दलाल राखिएको, म्यानिफ्याक्चरिङ सिरियल नम्बर (एमएसएन) नै फरक पारी विमानको भारवहन क्षमता (म्याक्सिमम टेक अफ अफ वेट) घटाइएको लगायतका अनियमितता भएका विषयमा अन्नपूर्णले खोजमूलक समाचार प्रकाशित गरेको थियो।

महालेखा परीक्षकको २०७४/७५ को ५५ औं वार्षिक प्रतिवेदन (पेज नं. ४८, बुँदा नं. १४२) मा 'एयर बस निर्माता कम्पनीलाई छली बीचमा दलाल राख्ने उद्देश्यले एक हजार घण्टा उडेको जहाजका लागि आरएफी जारी गर्नु र त्यसपछि तीन, चारवटा दलाल खडा गरी खरिद प्रक्रिया अघि बढाउनु कानुनविपरीत भएको', उल्लेख छ।

» बाँकी पृष्ठ ४

# उद्योगधन्दा कि धर्मधन्दा ?

## विदेशी लगानीमा सञ्चालित उद्योगप्रति सरकारको कडाइ

**शम्भु कट्टेल** | *काठमाडौं*

उद्योगधन्दा गर्ने उद्देश्य भएका विदेशी लगानीका कम्पनीले धर्मप्रचार गरिरहेका त छैनन् ? यही आशंकामा सरकारले त्यस्ता उद्योग र कम्पनीप्रति निगरानी बढाएको छ।

विदेशी लगानीमा सञ्चालित कतिपय कम्पनीले उद्देश्यअनुसार काम नगरेको र व्यापारिक प्रवेशाज्ञा (भिसा) लिएर इसाई धर्म प्रचार गरेको भेटिएपछि सरकारले त्यस्ता उद्योग र तिनका सञ्चालकप्रति कडाइ गर्ने भएको छ।

गृह मन्त्रालयले गत असार दोस्रो साता व्यवसायिक प्रवेशाज्ञा (बिजनेस भिसा) को आडमा चर्च चलाएर धर्म प्रचारमा संलग्न एक फिलिपिनी दम्पत्तीलाई एक वर्ष नेपाल प्रवेशमा प्रतिबन्ध लगाई निष्कासन (डिपोर्ट) गरेको थियो।

व्यापारिक भिसा लिएर इसाई धर्म प्रचारमा संलग्न भएको पुष्टि भएपछि उद्योग मन्त्रालयले थप उद्योगमा व्यापारिक भिसामा बसेका विदेशीको गतिविधिमा निगरानी बढाएको छ। ललितपुरको पुल्चोकमा रेस्टुरेन्ट चलाएर बसेका फिलिपिनी दम्पत्तीले कुमारीपाटीको 'इभर नेसन चर्च' मा पादरी भई इसाई धर्म प्रचार गरेको अभियोगमा अध्यागमन विभागले छानबिन थालेको थियो।

छानबिनमा उनीहरूले व्यापारिक भिसाको आडमा चर्चमार्फत् इसाई धर्म प्रचार गरेको फेला परेको थियो। उद्योग विभागले त्यस्ता शंकास्पद गतिविधि गर्ने आधा दर्जन विदेशी लगानीमा सञ्चालित उद्योग र सञ्चालकको गोप्य विवरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा बुझाएको स्रोतले बताएको छ। विभागका एक कर्मचारीका अनुसार, उद्योग मन्त्री मातृका यादवले त्यस्ता गतिविधिमा संलग्न विदेशीको थप विवरण समेत उपलब्ध गराउन उद्योग विभागलाई निर्देशन दिएका छन्।

> विदेशीले जुन प्रयोजनका लागि उद्योग खोलेका छन्, उनीहरू त्यसैमा सीमित हुनुपर्‍यो। नत्र राज्यलाई सैह्य हुँदैन।



**मातृका यादव,** उद्योगमन्त्री

- बिजनेस भिसा लिएर धर्मप्रचार गर्ने फिलिपिनीलाई प्रतिबन्ध
- शंकास्पद आधा दर्जन उद्योगको गोप्य विवरण संकलन
- धर्म परिवर्तन गराउनु कानुनबमोजिम दण्डनीय

मन्त्रालयले यस्ता गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाको विवरण संकलन गरी कारवाहीका लागि उद्योग मन्त्री अध्यक्ष हुने औद्योगिक प्रवर्द्धन बोर्डमा कारवाही प्रस्ताव पेश गर्न विभागलाई लिखित निर्देशन दिएको छ। तर विभागले प्रस्ताव पेश गर्न आलटाल गरिरहेको स्रोतले बतायो।

उद्योग मन्त्रालयका एक कर्मचारीले भने, 'प्रस्ताव आउनासाथ कारवाहीमा जान्छौं।' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री यादवले विदेशी लगानीमा सञ्चालित कतिपय उद्योग धर्मप्रचारमा संलग्न भएको सूचना प्राप्त भएको र त्यसबारे छानबिन भइरहेको बताए।

मन्त्री यादवले अन्नपूर्णसँग भने, 'विदेशीले जुन प्रयोजनका लागि लगानी गरेर उद्योग खोलेका छन्, उनीहरू त्यो काममा मात्र सीमित हुनु पर्‍यो। बाँकी काम त राज्यको लागि सैह्य हुँदैन।' नेपालमा अमेरिका, फिलिपिन्स, इन्डोनेसिया, जापान, दक्षिण कोरियालगायतका नागरिकले सञ्चालन गर्दै आएका उद्योगले समानान्तर चर्च समेत चलाउँदै आएको स्रोतले बतायो।

त्यसरी उद्योग खोलेर नेपालमा व्यापार गर्दै आएका विदेशीले विभिन्न च्यारिटी/ट्रस्टबाट रकम ट्रान्सफर गरेको पाइएको छ। अधिकांश विदेशी उद्योगले ट्रस्टको पैसा प्रयोग गरेर उद्योग चलाउँदै आएका छन्।

उद्योग विभागको निरीक्षणमा म्युजिक ट्रेनिङ सेन्टर, भाषा इन्स्टिच्युट, रेस्टुरेन्ट चलाउने अनुमति पाएका केही विदेशी नागरिकले प्रवेशाज्ञाको दुरूपयोग गर्दै इसाई धर्म प्रचार गरिरहेको पाइएको थियो।

मन्त्रालयले विदेशी लगानीका कम्पनी/उद्योगमाथि प्रत्येक ६ महिनामा निरीक्षण गर्न र आवश्यक परे जिल्ला प्रशासन, अध्यामगन वा गृह मन्त्रालयलाई सोझै पत्राचार गर्न यसअघि समेत दिर्नेशन दिएको थियो। त्यस्ता उद्योगका सञ्चालकले सामान्य शैक्षिक र आर्थिक स्तर भएका व्यक्तिलाई धर्म परिवर्तन र इसाई धर्मबारे प्रवचन दिँदै आएका छन्।

संविधानले कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन नहुने र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने उल्लेख छ।

**भित्र**

### भागबन्डा मिलाउन ओली-दाहाल छलफल

पार्टीका प्रदेश, जिल्ला तथा जनसंगठनको एकताका मोडालिटीमा नेकपाका दुई अध्यक्षबीच छलफल सुरु भएको छ। जिल्ला, प्रदेश तथा जनसंगठनहरूको एकताको गृहकार्य गर्न गठित कार्यदलले दिएको प्रतिवेदनमा केन्द्रित रही दुवै अध्यक्षले एकताको मोडालिटीमा छलफल सुरु गरेका हुन्।

*- पृष्ठ ३*

### नेपालको चिकित्सा उपाधि भारतमा अमान्य

नेपालका विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान एवं नेपाल मेडिकल काउन्सिलले दिने चिकित्साशास्त्र स्नातकोत्तर तहको उपाधि एमडी र एमएसलाई भारतले कानुनी मान्यता दिएको छैन। चिकित्साशास्त्रमा स्नातकोत्तर तह उपाधिलाई भारतले मान्यता दिनुपर्ने कानुनी प्रावधान भए पनि कार्यान्वयन हुन सकेको छैन।

*- पृष्ठ ४*

# नाबालिकाको निर्मम हत्या

**राजकरण महतो** | *महोत्तरी*



**मृतक सोनाली चौधरी।**

महोत्तरीको औरही नगरपालिका-१ मा आठ महिनाकी नाबालिकाको निर्मम हत्या भएको छ। औरहीका इन्द्रेश चौधरी र सन्तोष चौधरीकी छोरी सोनाली अपहरणपछि मारिएकी हुन्।

अबोध बालिकाको हत्या गरी फालिएको अवस्थामा भंगहा नगरपालिका-१ मेघनाथ गोरहन्नास्थित औकसी खोलाको पश्चिमपट्टि सोमबार शव भेटिएको हो। दुधे बालिका सोनालीको आइतबार अपहरण भएको थियो।

निर्वस्त्र अवस्थामा शिशुको शव भेटिएको स्थानीय शिवालय चौधरीले बताए। 'जिउमा केही लुगा थिएन, नाकबाट रगत बगेको देखिन्छ,' उनले भने, 'दाहिने गालामा झापट हानेको डाम देखिन्छ, देब्रेमा दाँतले टोकेको देखिन्छ। निधारमा नीलडाम छ।'

आइतबार साँझदेखि बेपत्ता बालिका खोजिए पनि करिब १९ घण्टापछि औरहीभन्दा ३ किलोमिटरपूर्व शव भेटिएको स्थानीय सत्यनारायण चौधरीले जनाए। घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) खगेन्द्रबहादुर खड्काले घटना गम्भीर प्रकृतिको रहेको बताए। 'पोस्टमार्टमपछि थप तथ्य खुल्नेछन्', उनले भने।

पोस्टमार्टमका लागि शव जिल्ला अस्पताल जलेश्वर पठाइएको छ। हत्याराले आफूले लगाएका लुगा पनि घटनास्थलमै फालेको छ। शवनजिक पुरुषले लगाउने कालो चश्मा, ब्राउन रंगको अन्डरपेन्ट, सुन्तला रंगको गम्छा, बिस्कुटका खालि खोल प्रहरीले फेला पारेका छन्। बालिकाका लुगा पनि उनको शव नजिक भेटिएको छन्।

» बाँकी पृष्ठ ४

# 'विकल्प बन्दै' बिम्स्टेक

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानमन्त्री केपी ओलीले सार्क सोचेअनुरूप सक्रिय र प्रभावकारी हुन नसकेको बताएका छन्। बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी राष्ट्रहरूको प्रयास (बिम्स्टेक) र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को अध्यक्षता गरिरहेका प्रधानमन्त्री ओलीले सोमबार सम्पादकहरूसँगको अन्तर्क्रियामा बिम्स्टेक सार्कको विकल्प हुने सक्ने संकेत गरे।

'हाम्रोसमेत संलग्नतामा बनेको संस्था हो, सार्क। हामी नै अध्यक्ष भएका बेला यसलाई सक्रिय गराउन सकिएको छैन। यो हाम्रो हातको मात्रै कुरा भएन। सार्कलाई पुनर्जीवन दिएर सक्रिय तुल्याउन आवश्यक छ', प्रधानमन्त्रीले भने, 'गत वर्ष म भारत भ्रमणमा जाँदा होस् वा भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमण हुँदा, मैले त सार्कलाई गतिशील बनाउनुपर्छ भनेको छु।'

> मैले त सार्कलाई नै गतिशील बनाउनुपर्छ भनेको छु।



**केपी ओली**
प्रधानमन्त्री

उनले सार्क सक्रिय हुँदा आपसी असमझदारी घटाउन मद्दत मिल्ने बताए। अनेक कारणले सार्क सोचेअनुरूप अघि बढ्न नसकेको उनले स्वीकार गरेपनि कारण भने खुलाएनन्। उनले बिम्स्टेकलाई गति दिन सदस्य राष्ट्रहरू सहमत भएकाले यसले गति पाउने आफूले विश्वास गरेको बताए।

'एउटा भएन भने अर्कोलाई गति दिएर भए पनि क्षेत्रीय संगठन निर्माण गर्नुपर्छ', उनले भने, 'ईयू र आसियनहरू संगठित रूपले अघि बढिरहेका छन्। हामीले पनि बिम्स्टेकलाई त्यस्तै फोरम बनाउनुपर्छ, जहाँ कनेक्टिभिटी, गरिबी न्यूनीकरण, नागरिक-नागरिक सम्बन्ध विस्तार, ऊर्जाको आदान-प्रदान गर्ने एजेन्डा बनाएर क्रंकिट रूपमा अघि बढ्नुपर्छ।'

» बाँकी पृष्ठ ४



# किन शंकाको घेरामा छन् बम दिदीबहिनी






**महेन्द्रनगरमा बलात्कारपछि हत्या गरिएकी १३ वर्षीया निर्मला पन्तलाई श्रद्धाञ्जलि दिन माइतीघर मण्डलामा सोमबार मैनबत्ती बालिँदै (माथि) र साउन १० गते निर्मला पन्त होमवर्क गर्न गएको साथी रोशनीको घर।** ● अशोक दुलाल/ विष्णुप्रसाद देवकोटा

**विष्णुप्रसाद देवकोटा** | *महेन्द्रनगर*

१३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या घटनामा बम दिदीबहिनी शंकाको घेरामा परेका छन्। किन उनीहरू शंकाको घेरामा परे भन्ने विषयमा अहिले सर्वत्र चासो बढेको छ।

पन्त र रोशनी मिल्ने साथी थिए। भीमदत्त नगरपालिका-२ मा पर्ने सरस्वती मावि महुलिया उल्टाखाममा उनीहरू दुवै कक्षा ९ मा पढ्थे। बर्खे बिदाको छुट्टी चलिरहेको थियो। साउन २० गतेदेखि स्कुल खुल्ने तयारी थियो। निर्मलाको घरनजिकै थियो, स्कुल। सधैं स्कुल पढ्न आउने रोशनी उनकै घरमा आफ्नो साइकल राखेर जान्थिन्।

निर्मलाकी आमा दुर्गादेवी पन्त घरमै चटपटे व्यवसाय गरेर आफ्नो जीविकोपार्जन गर्दै आएका थिइन्। रोशनीको प्राय: सधैंजसो निर्मलाको घरमा आउजाउ भइरहन्थ्यो। तर निर्मला कमै मात्रै रोशनीको घर जान्थिन्। त्यही पनि साथीहरूको साथमा। साउन ९ गते निर्मलालाई बोलाउन रोशनी उनको घरमै पुगेकी थिइन्। घर पुगेकी उनले निर्मलालाई चटपटेको २० रुपैयाँ दिन बाँकी थियो। 'भोलि मेरै घरमा आउनू, चटपटेको पैसा पनि दिनु छ, सँगै बसेर होमवर्क गरौंला', साउन ९ गते रोशनीले आफ्नी छोरीलाई भनेको कुरा सम्झिँदै दुर्गादेवी पन्तले भनिन्, 'उसले अघिल्लो दिनमै आएर बोलाएकाले साउन १० गते छोरी उसको घरमा बिहान ११ बजे नै गएकी थिई।'

रोशनीको घरमा उनकी दिदी बबिता उर्फ अनिता बम र उनी बस्ने गर्थिन्। होमवर्क गर्न गएकी निर्मला दिउँसो २ बजे नै त्यहाँबाट फर्किसकेको बताइए पनि उनी भने घर पुगिनन्। 'म त्यही दिन सामान लिन वनवासा गएकी थिएँ', दुर्गादेवीले भनिन्, 'घर पुगेर निर्मला कहाँ छे भनेर खोजें, अरू छोरीले साथी रोशनीकोमा गएकी छ भने।' साँझ पर्न लाग्दासमेत छोरी घर नपुगेपछि खोज्दै रोशनीको घर पुगेको उनको भनाइ छ। तर त्यहाँ पुग्दा रोशनीले दिउँसै घर गइसकेको बताए पनि उसकी दिदी आक्रोशपूर्ण शब्दमा आफूप्रति खनिएको उनले दुर्गादेवीले बताइन्। छोरी होमवर्क गर्न गएको घरबाट हराएपछि उनको शंका बढ्दै गएको थियो। 'मैले पटक-पटक रोशनीकै घरमा गएर छोरी खोज्ने प्रयास गरें', उनले भनिन्, 'तर रोशनीकी दिदी अनिताले घरको गेटभित्र समेत पस्न नदिएर उल्टै नराम्रो व्यवहार देखाइन्।'

स्थानीय प्रहरी प्रशासनले समेत छोरी खोज्न सहयोग नगरिदिँदा पीडित बनेकी दुर्गादेवीलाई साउन १० गते रातभर निद्रा परेन्। अर्को दिन भोलिपल्ट पनि खोजी सुरु भयो। 'त्यस दिन समेत म बिहान फेरि मनले मानेन र सोध्न गएँ', उनले भनिन्, 'त्यसदिन समेत उनले घरभित्र गएर हेर्न दिइनन्। नजिकैको खोलामा खोजी गर्नेले साइकल भेटियो भन्दा उल्टै साइकल भेटियो त लास पनि त्यतै भेटिएला नि भन्ने जवाफ फर्काइन्।'

साउन ११ गते निम्बुखेडा खोलानजिकैको उखुबारीमा निर्मलाको शव हत्या गरिएको अवस्थामा फेला पर्‍यो। होमवर्क गर्न गएको घरदेखि नै घटना सुरु भएको थियो। तर प्रहरी अनुसन्धान त्यतातिर केन्द्रित हुन सकेन। र निरन्तर दबाबमूलक कार्यक्रम भए। 'प्रहरीले अनुसन्धान जहाँबाट गर्नुपर्ने थियो, त्यहाँबाट सुरु नै गरेन', स्थानीय एवं अधिकारकर्मी प्रीतिधिर भण्डारीले भनिन्, 'साथी हराएर आमा खोजी गर्न आउँदासमेत अभद्र रूपमा प्रस्तुत हुनुको कारणले समेत शंका मान्न सकिन्छ।'

साथी हराएपछि चिन्तित भएर आमालाई सहयोग गर्नुपर्ने ठाउँमा घरभित्रै समेत पस्न दिइनन्। 'छोरी कहाँ गई भनेर खोज्न आउदा घरभित्रै समेत पस्न नदिएर दुर्व्यवहार गर्ने काम भयो', भण्डारीले भनिन्, 'त्यसबाट पनि त्यही घरमा केही घटना भएको थियो कि भन्ने आशंका सबैलाई लागेको हो।'

> निर्मलाका बुबा यज्ञराजले प्रहरीले घटनाको सुरुवात भएको ठाउँलाई नै अनुसन्धानको विषय नबनाएको गुनासो गरे।

प्रहरीले निर्मला होमवर्क गर्न गएको घरबाट अनुसन्धान सुरु गर्नुपर्ने भए पनि बम दिदीबहिनीलाई अनुसन्धानको दायरामै नल्याउँदा घटना रहस्यमय गराइएको उनको भनाइ छ। 'हामीले रोशनीकी दिदीबहिनीले मारे भनेर भनेका पनि थिएनौं, त्यो घरमा गएकी छोरी हराएकाले उनीहरूलाई थाहा होला भन्ने शंका हो', उनले भनिन्।

निर्मलाका बुबा यज्ञराजले प्रहरीले घटनाको सुरुवात भएको ठाउँलाई नै अनुसन्धानको विषय नबनाएको गुनासो गरे। शव फेला पर्दासमेत बम दिदीबहिनीले खासै चासो नदिएको स्थानीय बताउँछन्। घटनामा छोरीहरूको संलग्नता देखिएको पाइए कानुनअनुसार सजाय भोग्नुपर्ने रोशनीकी आमा इन्द्रा बमको भनाइ छ।

भदौ ४ गते पत्रकार सम्मेलन गरी आरोपी सार्वजनिक गर्दा तत्कालीन एसपी दिल्लीराज विष्टले घटनाको अनुसन्धानका क्रममा बम दिदीबहिनीको कुनै संलग्नता नदेखिएकाले अनुसन्धानको दायरामा नल्याएको बताएका थिए। परिवार र स्थानीयले रोशनी र उसकी दिदीलाई हिरासतमा लिएर अनुसन्धान गर्न पटकपटक आग्रह गरे पनि उनीहरूलाई हिरासतमा लिइएको थिएन।

शंकाको घेरामा रहेको घर र त्यहाँ बस्ने बम दिदीबहिनीमाथि अनुसन्धान केन्द्रित नभई भदौ ४ गते प्रहरीले बालिका बलात्कारको घटनामा संलग्न रहेको अभियोगमा मानसिक सन्तुलन ठीक नभएका ४१ वर्षीय दिलीपसिंह विष्टलाई सार्वजनिक गरेपछि घरपरिवार र स्थानीयको आक्रोश प्रहरी प्रशासनविरुद्ध देखियो। र आक्रोशले आन्दोलनको रूप लिदै हिंसात्मक हुन पुग्यो र गोली चल्ने अवस्था सिर्जना भयो।

# प्रदेश तहमा जान सकेन महिला आयोग

**गोविन्द लुइँटेल** | *काठमाडौं*

राष्ट्रिय महिला आयोग प्रदेश तहमा पुग्न सकिरहेको छैन। संविधानको धारा २५४ मा आयोगले प्रदेशमा कार्यालय स्थापना गर्न स्पष्ट व्यवस्था गरेको छ। आवश्यकताअनुसार महिला आयोगले प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्ने उक्त धारामा उल्लेख छ।

०५८ सालमा स्थापित आयोग संविधानबाट संवैधानिक आयोगमा रूपान्तरण भए पनि आवश्यक बजेट नहुँदा संघीय संरचनामा जान समस्या परेको हो। गत वर्षको तुलनामा यस वर्ष आधा बजेट कम विनियोजन भएकाले प्रदेश स्तरमा कार्यालय खोल्न नसकिएको आयोगका सचिव अनिल कुमार ठाकुरको भनाइ छ। गत वर्ष आयोगका लागि सरकारले पाँच करोड रूपैयाँ विनियोजन गरेको थियो। चालू आवमा दुई करोड ७० लाख रुपैयाँ मात्र बजेट छुट्याइएको छ।

जिल्लास्तरमा महिला कार्यालय खारेजी भइसकेका छन्। स्थानीय न्यायिक समिति बलियो बन्न सकिरहेको छैन। पछिल्लो समय महिला हिंसाका घटनासमेत बढिरहेका बेला आयोगको भूमिका अझ सशक्त हुनुपर्नेमा खुम्चिन पुगेको छ। 'हिंसाका घटना भएका ठाउँमा अनुगमनका लागि पनि आवश्यक बजेट अभाव छ। सरकारले छुट्याएको बजेट तलबभत्ता र प्रशासनिक कार्यमै ठिक्क हुन्छ', सचिव ठाकुरले भने। उनका अनुसार प्रदेशस्तरमा कार्यालय खोल्न अनुमानित बजेट र आवश्यक दरबन्दी तयार हुन सकेको छैन।

> रकम अभावका कारण आयोग प्रदेश तहमा जान नसकेको हो।

प्रदेशस्तरमा आयोगको संरचना भएको खण्डमा स्थानीय न्यायिक समितिलाई कानुनी रूपमा आवश्यक प्रशिक्षण दिन र प्रहरी प्रशासनले उजुरी लिन नमानेको खण्डमा पनि पीडितले सहज रूपमा उजुरी दिन पाउनेछन्। तर महिला हिंसा पीडितले उजुरी दिन अहिले पनि केन्द्रमा रहेको आयोग नै धाउनुपर्ने बाध्यता छ। केन्द्रमा रहेको आयोगमा उजुरीको चाप बढिरहँदा पीडितले समयमै न्यायसमेत पाएका छैनन्।

आयोगमा एक वर्षमा आठ हजार उजुरी परेका छन्। त्यसमध्ये सात सय ७६ वटा घेरलु हिंसा र ७२ वटा महिला हिंसाका घटना भएको आयोगले जानकारी दिएको छ। घरेलु हिंसा र महिला हिंसाका घटनाका उजुरीमा अधिकांश मेलमिलापबाट टुंग्याइने थोरै मात्रै प्रहरी र अदालतसम्म पुग्ने गरेका छन्। गत वर्ष ४७ वटा मात्रै प्रहरीमा र ३० वटा उजुरी अदालतसम्म मुद्दा चलाउन सिफारिस गरेको आयोगले जानकारी दिएको छ। प्रदेशमा आयोगका कार्यालय खडा भएमा मात्रै केन्द्रमा उजुरीको चाप घट्ने र परेका उजुरीमाथि कारबाहीका लागि स्थानीय प्रहरी र प्रशासनसँग आवश्यक समन्वय गरी पीडितलाई छरितो न्याय दिलाउन सहज हुने सचिव ठाकुरले बताए।

# निर्देशक नियुक्ति लम्बियो

**काठमाडौं** (अन्नपूर्ण) : त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको कार्यकारी निर्देशक सिफारिसका निम्ति गठित 'सर्च कमिटी'मा मतभेद भएको छ। चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)का डिन प्राडा. जगदीशप्रसाद अग्रवालको संयोजकत्वमा गठित कमिटिले निर्देशकको छनोट गरी सिफारिस गर्ने विषयमा तीन महिनासम्म सहमति जुट्न सकेको छैन। जेठ ८ गते गठित तीन सदस्यीय कमिटीले अहिलेसम्म पनि सहमति जुटाउन नसकेपछि सिफारिसको काम नै अलपत्र परेको हो।

समितिमा सहमति हुन नसकेपछि त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. तीर्थ खनियाँलाई त्यसको जानकारी दिइएको सर्च कमिटिका संयोजक डा. अग्रवालले बताए। अस्पतालका तत्कालीन निर्देशक प्रा.डा. दीपक महराले तीन महिनाअघि राजीनामा दिएपछि डा. अग्रवालको संयोजकत्वमा कमिटी गठन गरिएको थियो। कमिटीमा डा. जीवन शेरचन र डा. रमेशसिंह भण्डारी सदस्यका रूपमा थिए। तीनै जनाले आआफ्नो अडान नछाडेपछि योग्य व्यक्ति सिफारिस गर्न नसकिएको हो।

सर्च कमिटीले निर्देशकका लागि योग्य व्यक्ति सिफारिस गर्न नसकेको जानकारी आफूलाई जानकारी गराएको उपकुलपति डा. खनियाँले बताए। कार्यकारी परिषद्ले पहिलो पटक गठित कमिटीले सिफारिस गर्न नसकेपछि नयाँ कमिटी गठन हुनेछ।

'परिषदको बैठकमा प्रस्ताव लगेपछि नयाँ सर्च कमिटी बन्छ', उनले भने। परिषद्को बैठक कहिले बस्ने भन्ने विषयको टुंगो नभएका कारण अस्पतालले कार्यकारी निर्देशक पाउने सम्भावना अरू लम्बिने देखिएको छ। आईओएमकी सहायक डिन प्रा. मन्दिरा वन्तले तीन महिनादेखि अस्पतालको निमित्त निर्देशकका रूपमा कार्य गर्दै आएकी छिन्।

# समाजकल्याणका कागजात नियन्त्रणमा

**सागर पण्डित** | *काठमाडौं*

सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगले समाजकल्याण परिषद्का महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिएर छानबिन अघि बढाएको छ ।

आयोगले परिषद्का तत्कालीन सदस्यसचिव डिल्लीप्रसाद भट्टसँग बयान लिने तयारी गरेको छ। परिषद्मा भने दुई जना सदस्य सचिवको बोर्ड टाँग्न थालिएपछि अन्योल बढेको छ।

परिषद्मा अनियमितता भएको उजुरी परेपछि सरकारले साउन १८ मा पूर्वन्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेको थियो।

आयोगका सदस्य सचिव वीरबहादुर राईले अनियमितता भएका विषयसँग सम्बन्धित कागजात संकलन गरी छानबिन सुरु गरिएको जानकारी दिए। सरकारले आयोग गठन गरेकै दिन परिषद्का सदस्यसचिव भट्टलाई जिम्मेवारीबाट हटाउने निर्णय गरेको थियो।

सरकारको उक्त निर्णयलगत्तै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सहसचिव राजेन्द्रकुमार पौडेललाई परिषद्को सदस्यसचिवको जिम्मेवारी दिँदै आएको छ । भट्टलाई भने मन्त्रालय तानिएको थियो।

सदस्यसचिव भट्ट सरकारको निर्णयविरुद्ध सर्वोच्चमा गए। सर्वोच्चले गत २९ साउनमा भट्टलाई तत्काल नहटाउन सरकारको नाममा अन्तरिम आदेश जारी गरेपछि भट्ट पुन: परिषद्मा हाजिर हुन थालेका छन्। परिषद्का केही पदाधिकारी र कर्मचारीले सदस्यसचिव भट्टलाई उनको कार्यकक्षमा प्रवेश निषेध गरेका छन्।

मन्त्रालयले सदस्यसचिवमा पठाएका सहसचिव पौडेलको नाम लेखिएको बोर्ड सदस्यसचिव बस्ने मुख्य कोठमा टाँगिएको छ। सर्वोच्चको अन्तरिम आदेशपछि परिषद् पुगेका भट्टलाई अर्कै कोठामा बोर्ड टाँगेर व्यवस्थापन गरिएको छ। सर्वोच्चले अन्तरिम आदेश गरे पनि भट्टले प्रशासनिक काम भने गर्न पाएका छैनन्।

उनी कार्यालय जाने र हाजिर गरेर फर्कने गरेका छन्। सदस्य सचिवको जिम्मेवारी पाएका मन्त्रालयका सहसचिव पौडेलले सर्वोच्चको अन्तरिम आदेशविरुद्ध आफूहरू 'भ्याकेटमा' गएको बताए। आफूले सदस्य सचिवका रूपमा जाँचबुझ आयोगलाई सहयोग गरिरहेको पौडेलको भनाइ छ।

सरकारले भट्टविरुद्ध आर्थिक तथा प्रशासनिक अनियमितताको आरोपमा मन्त्रालयमा दर्जनभन्दा बढी उजुरी परेपछि आयोग गठन गरेको हो।

भट्टविरुद्ध उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत उनीमाथि छानबिन गर्न मन्त्रालाई पत्राचार गरेको थियो।

> परिषद्का केही पदाधिकारी र कर्मचारीले सदस्यसचिवलाई कार्यकक्षमा प्रवेश निषेध गरेका छन्।

मन्त्रालयका अनुसार भट्टविरुद्ध भूकम्पपीडित क्षेत्रमा खटिएका संस्थासँग कमिसन लिएको, ह्याबिट्याट फर ह्युमानिटी नामक संस्थासँग १५ प्रतिशत रकम मागेको, हरेक हप्ता बिदाको समयमा सीपीएसीका नाममा काठमाडौंबाहिर बैठक राखी एनजीओ र आईएनजीओसँग रकम माग गर्ने गरेको, कार्यसञ्चालन समिति र परिषद्को पूर्ण बैठकको माइन्युट अत्यधिक केरमेट गरी सच्याएको उजुरी परेपछि छानबिन थालिएको हो।

परिषद्मा तीनवटा गाडी किन्दा ३३ लाख रुपैयाँ कमिसन खाएको, भृकुटीमण्डपस्थित फनपार्कको मेला सञ्चालकसँग मिली मासिक ५ लाख लिएकोलगायत उजुरी परेका थिए।

# तस्करी गर्ने डीएसपी बर्खास्त

**काठमाडौं :** गृह मन्त्रालयले काठ तस्करीमा संलग्न सशस्त्र प्रहरीका डीएसपी रामप्रसाद भण्डारीलाई बर्खास्त गरेको छ।

उनलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गरिएको गृहका प्रवक्ता रामकृष्ण सुवेदीले जानकारी दिए। उनी संखुवासभास्थित सशस्त्र प्रहरी बलको अरुण गुल्म चैनपुरमा गुल्मपति थिए। गृहको छानबिन टोलीले सालका काठ डीएसपी भण्डारीले जिल्लाबाहिर तस्करी गरेको निश्कर्षसहितको प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन मन्त्रालयमा प्राप्त भएलगत्तै गृहसचिव प्रेमकुमार राईले सचिवस्तरीय निर्णय गर्दै डीएसपी भण्डारीलाई बर्खास्त गरेका हुन्। काठ तस्करी प्रकरणमा सशस्त्रका उच्च अधिकारी बर्खास्त भएको यो पहिलो घटना हो। उनले जेठमा कार्यालयकै १ सय ८४ थान सालको चिरान काठ तस्करीको प्रयास गरेका थिए।

काठ इटहरीतर्फ लैजाँदा धनकुटा जिल्लाको साँघुरीगढी गाउँपालिकास्थित सशस्त्रको अर्को टोलीले काठसहित ट्रक नियन्त्रणमा लिएपछि तस्करी सार्वजनिक भएको थियो। त्यसलगत्तै गृहले उनलाई निलम्बन गरी अनुसन्धानका लागि ३१ जेठमा छानबिन समिति गठन गरेको थियो।


**MAXIMUM RETAIL PRICE (MRP)**
**RANGE HOODS**

| S.N. | Models | MRP( INCLUDE VAT) |
|---|---|---|
| 1. | 18NP05 | NPR. 8830.50/- |
| 2. | 18NP06 | NPR. 10887.10/- |
| 3. | 18NP07 | NPR. 11621.60/- |
| 4. | 18NP08 | NPR. 6039.40/- |

**Contact Address: TRIDEV TRADERS**
Mitrapark-7, Kathmandu, Nepal
Pan. No. 602397146, Tel. No. 9801128155


# अनिवार्य तथा नि:शुल्क शिक्षा कठिन

**सूर्यप्रसाद पाण्डे** | *काठमाडौं*

> - मौलिक हक कार्यान्वयनमा सरकारको तयारी कमजोर
> - एक वर्षका लागि १८ अर्ब थप लाग्ने

अहिलेकै अवस्थामा विद्यालय तहको शिक्षालाई नि:शुल्क एवं अनिवार्य बनाउने संवैधानिक व्यवस्था कार्यान्वयन गर्न चुनौतीपूर्ण देखिएको छ।

सरकारको कमजोर तयारी तथा पर्याप्त बजेट अभावका कारण यो व्यवस्था तत्काल कार्यान्वयन गर्न कठिन रहेको शिक्षाविद्हरूले औंल्याएका छन्। संविधानले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को शिक्षालाई पूर्ण नि:शुल्क तथा अनिवार्य र माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) को शिक्षालाई नि:शुल्क बनाउने उल्लेख गरेको छ।

शिक्षा मन्त्रालयले अघिल्लो मंगलबार अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा दर्ता गरेको छ।

अनिवार्य शिक्षाअन्तर्गत बालबालिकालाई पोशाक, पाठ्यपुस्तक, परीक्षा, भर्नालगायत शैक्षिक क्रियाकलाप नि:शुल्क उपलब्ध गराउनुपर्छ।

सिमित विद्यार्थीलाई छात्रवृत्ति दिएर सरकारले नि:शुल्क शिक्षा दिएको छु भन्ने भ्रम छर्न लागेको शिक्षाविद् प्राध्यापक डा.टंकनाथ शर्माले आरोप लगाए। उनले भने, 'संविधानमा मौलिक हक भनेपछि जसरी पनि दिनैपर्छ। नसकिने विषयलाई मौलिक हकमै राख्नुहुन्न। सकिदैन भने संविधान संशोधन गरी यो व्यवस्था हटाए हुन्छ।'

पूर्वसचिव बालानन्द पौडेलले भने, 'कुनै पनि चिज नि:शुल्क भन्ने हुँदैन। तर नि:शुल्क शिक्षामा शुल्क कसलाई तिराउने भन्ने विषय मुख्य हो।'

'अन्तर्राष्ट्रिय मान्यताअनुसार अनिवार्य शिक्षा भनेको पाँच वर्षदेखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउने, उनीहरूलाई विद्यालय छाड्न नदिने तथा विद्यालयमै टिकाउन गर्नुपर्ने सम्पूर्ण लगानीमा राज्यको दायित्व हुनुपर्छ', शिक्षाविद् प्राध्यापक डा.विनय कुसियतले भने, 'उनीहरूलाई सुविधा सम्पन्न र रमाइलो वातावरणमा राखेर स्तरीय शिक्षा दिनु अनिवार्य शिक्षा हो। यसमा सरकारको तयारी छैन।'

कुन शीर्षकमा कति रकम लाग्छ वा समग्रमा संवैधानिक दायित्व पूरा गर्न थप कति पैसा लाग्छ भन्नेमा स्पष्ट नभएको विधेयक प्रस्तुत गरेर सरकारले झारा मात्र टार्न खोजेको कुसियतको तर्क छ।

विधेयकमा बालबालिका स्कुल नपठाउने अभिभावकलाई सरकारले दिने सुविधा कटौती गर्ने भनिएको छ। 'तर राज्यको सुविधा नै नलिएका सामान्य मजदुरले छोराछोरीलाई स्कुल पठाएनन् भने उसलाई के कारवाही गर्ने' कुसियतले प्रश्न गर्दै भने, 'सामुदायिक स्कुलमा लगानी कसरी बढाउने भन्नेतर्फ सोच्न छाडेर अभिभावकलाई थर्काउने सरकारी रवैया देखियो।'

अनिवार्य र नि:शुल्क शिक्षाको दायित्व बढिरहँदा शिक्षामा सरकारी लगानी भने हरेक वर्ष घटिरहेको छ। चालु आर्थिक वर्ष पनि शिक्षामा कुल बजेटको ९ प्रतिशतको हाराहारीमा मात्र रकम छुट्ट्याइएको छ।

शिक्षा मन्त्रालयको अनौपचारिक तथ्यांक अनुसार शिक्षाको संवैधानिक ग्यारेन्टीलाई कार्यान्वयन गर्न हाल छुट्ट्याइएको बजेटमा एक वर्षमा १८ अर्ब रुपैयाँ थप्नुपर्छ।

गरिबीको रेखामुनि रहेका २३ प्रतिशत अभिभावकका बालबालिकाका वार्षिक ३ हजार ५ सयका दरले छात्रवृत्ति दिँदा २ अर्ब ५९ लाख थप लााग्छ। प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म अध्ययन गरिरहेका १२ लाख ५६ हजार ७ सय ४१ जना बालबालिकालाई आधार मानेर यो तथ्यांक निकालिएको हो। यो रकम विद्यार्थीको पोशाक र विद्यार्थीलाई आवश्यक पर्ने स्टेशनरीका लागि हो।

त्यस्तै प्रारम्भिक बाल शिक्षादेखि कक्षा पाँचसम्मका सामुदायिक विद्यालयका सबै र कक्षा ६ देखि कक्षा आठसम्मका मानव विकास सूचकांकका हिसाबले पछि परेका बालबालिकालाई दिवा खाजा दिँदा थप चार अर्ब ९९ करोड लाग्ने देखिन्छ।

विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडीपी) ले भने अनुसार सामुदायिक विद्यालयमा थप २३ हजार पाँच सय शिक्षक माध्यामिक तहमा थप गर्नुपर्छ।

शिक्षक थप गर्दा सरकारलाई वार्षिक १० अर्ब ६९ करोड रुपैयाँ भार थपिन्छ। कक्षा एघार र बाह्रका विद्यार्थीलाई नि:शुल्क पुस्तक उपलब्ध गराउन, विद्यार्थीलाई थप शैक्षिक सामग्री उपलब्ध गराउनलगायतका शीर्षकमा पनि हाल छुट्ट्याइएको रकम अपुग हुन्छ।

शिक्षाविद् प्राध्यापक डा.विद्यानाथ कोइरालाले भने, 'अनिवार्य शिक्षाका लागि बजेटको कुरा त छँदैछ। विधेयकमा समावेश गरिएका धेरै विषय अमूर्त छन्। विधेयकमा समावेश गर्न संकलन गरिएको सुझावलाई पनि हटाएर संसद्मा दर्ता गरिएको छ।'

'संविधानमा नि:शुल्क शिक्षा भनिएको छ। तर अहिले पनि विद्यालय तहका कुल विद्यार्थीमध्ये २४ प्रतिशत बालबालिका निजी स्कुलमा पढिरहेका छन्। यहि अवस्थालाई निरन्तरता दिने हो भने नि:शुल्क शिक्षा भन्नुको के अर्थ रहन्छ र?' कोइरालाले भने, 'विगतमा सबैजसो दलले निजी शिक्षा विरोध गरेर जनतासँग भोट मागे। व्यवहारमा कार्यान्वयन गर्ने बेलामा आज किन मौन?'

मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले संसद्मा विचाराधिन रहेकोले अनिवार्य शिक्षाका लागि यति नै रकम लाग्छ भनेर सुनिश्चित गर्न नसकिने बताए।



काठमाडौंको तीनकुने पार्कको फोहोर लुकाउन लगाइएको सुन्दर तस्बिरसहितका फ्लेक्स बोर्डको पर्खाल। काठमाडौंमा भदौ १४ र १५ गते आयोजना हुने बिम्स्टेक सम्मेलनमा आउने राष्ट्रप्रमुखको स्वागतका लागि राजधानी सुन्दर बनाउने क्रम तीव्र छ। ● अशोक दुलाल

# 'संहिता संशोधन गर्न सकिन्छ'

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानमन्त्री केपी ओलीले मुलुकी अपराध (संहिता) ऐन र मुलुकी फौजदारी अपराध कार्यविधि (संहिता) ऐन 'धर्मशास्त्रीय रचना' नभएको बताउँदै आवश्यकता र औचित्यताका आधारमा संशोधन गर्न सकिने बताएका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बिहान सम्पादकहरूसँगको कुराकानीमा प्रधानमन्त्री ओलीले यस्तो भनाइ राखेका हुन्। संहिताका कारण परिस्थिति बिग्रिनहालेको हुँदा अप्ठ्यारा दफा हेरफेर गर्न सकिने प्रधानमन्त्री ओलीको भनाइ छ।

अघिल्लो वर्ष पारित संहिता २०७५ भदौ १ गतेदेखि लागू भएका छन्। संहिताका कतिपय प्रावधानका कारण प्रेस स्वतन्त्रता, सूचनाको हक एवं पेसा व्यवसायीका अधिकार कुण्ठित गर्ने टिप्पणी आइरहेको छ।

एक वर्षअघि घोषित कानूनका विषयमा यतिखेर आएर आलोचना भएकामा ओलीले असन्तुष्टि पनि व्यक्त गरे। 'यतिखेर चर्को विरोध भएको छ, कारण अरु नै होलान्', उनले आशंकासहित भने, 'कानुन कार्यान्वयन आएपछि लोकतन्त्र खोसिन लाग्यो भन्ने जसरी विरोध भएको छ, अलि अनौठो लाग्यो। सरकारको अनुहार, त्यसमा प्रधानमन्त्रीको अनुहार हेरेर लोकतन्त्र खतरामा भनिँदै छ। यो धर्मशास्त्रको रचना होइन, आवश्यकता र औचित्यका आधारमा संशोधन गर्न सकिन्छ।'

### अपराधी नछाड्ने दाबी

कञ्चनपुरमा १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्याको घटनामा प्रहरीको गतिविधि 'सन्दिग्ध' देखिएको उल्लेख गर्दै ओलीले अपराधमा संलग्नहरूलाई कारबाही गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरेका छन्। 'कञ्चनपुर घटनामा हामी प्रहरीको भर पर्‍यौं, पुलिसमाथि भर पर्नुपर्ने हुन्छ', ओलीले भने, 'त्यहाँ प्रहरीको अनुसन्धान अलि बनावटी जस्तो देखियो। ढिलो हुनुमा ढाकछोप त भइरहेको त भन्ने सन्देह पैदा गरायो।' सरकारले कञ्चनपुरका एसपी, डीएसपी र सिडिओ फिर्ता गरी घटना छानबिन गर्न उच्चस्तरीय टोली पठाइसकेको छ। 'अनुसन्धान गहिराइमा पुग्छ, दोषीमाथि कारबाही हुन्छ', उनले भने।

### माइतीघर र तानाशाही

माइतीघर मण्डलमा प्रदर्शनमा सरकारी रोक, उत्पन्न आक्रोश र सर्वोच्च अदालतको अन्तरिम आदेशप्रति ओलीले पुन: असतुष्टिककककककककक व्यक्त गरे। उनले यो विषयमा पटकपटक असन्तुष्टि व्यक्त गरिसकेका छन्। उनले सम्पादकहरूसँगै प्रश्न गरे, 'नेपालमा यति संवेदनशील हुने गरी विरोध प्रदर्शनमा रोक नै लागेको हो र ? मण्डलाबाट तानाशाही लगाउनुपर्ने मेरो केही त्यस्तो 'ख्वाव' हुन्छ र ? '

माइतीघर मण्डला आठ वटा बाटो वरिपरि भएको हुँदा विरोध प्रदर्शनले ट्राफिक जाम हुने देखेर गृह मन्त्रालयले रोक लगाएको ओलीको भनाइ थियो। 'प्रदर्शनीका लागि माइतीघर मात्र उपयुक्त थलो हो भने प्रदर्शन गरौं', उनले भने, 'विरोध प्रदर्शन निम्ति उपयुक्त स्थान विशेष पनि होइन, मण्डलाको हिसाबले पनि होइन, ट्राफिक हिसाबले पनि होइन। यसमा मेरो मात्रै के न के लिनु जस्तो ?'

## विष्टलाई फर्काइएकोबारे स्पष्टीकरण

**काठमाडौं** : पूर्व बाल लडाकू लेनिन विष्टलाई विदेश यात्रामा रोक लगाएको विषयमा गृह मन्त्रालयसँग लिखित स्पष्टीकरण मागेको जानकारीसमेत ओलीले दिए।

'विमानस्थलबाट फिर्ताको घटना अलि बढ्ता भयो भन्ने मलाई लाग्यो', उनले भने, 'कसको आदेशमा कसले फिर्ता गरेको हो। लिखित स्पष्टीकरण र जवाफ दिनू, त्यो पनि २४ घण्टाभित्रै भनेर लिखित पठाएको छु।'

विष्टलाई गत शुक्रबार थाइल्यान्ड जान लाग्दा विमानस्थलबाटै माथिको आदेश भन्दै अध्यागमनका कर्मचारीले फर्काएका थिए।

गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले 'नेपाल सरकारको कुनै पनि निकायको सिफारिस तथा स्वीकृति नदेखिएकाले प्रस्थान अनुमति नदिएको' लिखित पत्रसहित थाइल्यान्ड भ्रमणमा रोक लगाएको थियो।

प्रधानमन्त्री ओलीले यस विषयमा केके भएको हो भनेर हेरिने जानकारी पनि दिए। 'अनधिकृत, गैरकानुनी वा कुनै व्यक्तिको स्वतन्त्रताको हकमा तलमाथि पर्ने गरी केही भएको छ कि छैन भनी हेर्नेछु', उनले भने।

# करवृद्धिले निराशा बढायो : कांग्रेस

**नवीन झा** | *काठमाडौं*

स्थानीय तहमा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले पार्टीसँगको समन्वयमा जोड दिएका छन्। कांग्रेस मुख्यालय सानेमा सोमबार केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको छलफलमा पार्टीबाट प्रतिनिधित्व गरेका स्थानीय तहका प्रमुखले नयाँ संविधानअनुसार स्थानीय तहलाई दिएको अधिकार र संरचनाअनुसार पार्टीले संयोजनकारी भूमिका खेल्नुपर्नेमा जोड दिए।

७ सय ५३ स्थानीय तहमध्ये कांग्रेसले १ सय ९१ तहमा नेतृत्व गरेको छ। स्थानीय तहमा जथाभावी कर बढेको गुनासो आएपछि कांग्रेसले स्थानीय तहका प्रमुख-उपप्रमुखको भेला डाकेको हो। तहका नेतृत्वसँग छलफल गर्नुअघि कांग्रेसले आफ्नो नेतृत्वका तहमा जथाभावी कर नबढाउन निर्देशन दिएको थियो।

छलफलमा कांग्रेस सभापति शेरबहादुर देउवाले स्थानीय तहमा जथाभावी बढिरहेको करका कारण जनतामा निराशा छाएको दाबी गरे। देउवाले नेपाल कम्युनिस्ट पार्टीले देशको सबै वैधानिक संरचनामा आफ्नो प्रभाव देखाउन जथाभावी कर बढाइरहेको आरोप लगाए। 'यस्तो अवस्थामा कांग्रेसले नेतृत्व गरिरहेका स्थानीय तहले जिम्मेवारीपूर्वक अघि बढ्नुपर्‍यो', उनले भने।

वरिष्ठ नेता रामचन्द्र पौडेलले नेकपा पार्टी र उनको नेतृत्वको सरकार संघीयता समाप्त पार्न उद्यत रहेको भन्दै पार्टीका जनप्रतिनिधिलाई सचेत रहन आग्रह गरे। कम्युनिस्ट सरकारले संघीयतालाई बदनाम गराउनसमेत सबै तहमा कर बढाइरहेको पौडेलको दाबी छ।

कांग्रेस उपसभापति विमलेन्द्र निधिले तीन तहको सरकारमध्ये कांग्रेस स्थानीय तहमा मात्रै भएकाले त्यहाँ जनताको पक्षमा उदाहरणीय काम गर्नुपर्नेमा जोड दिए। 'संघ र प्रदेशमा नेकपाको सरकार छ। बहुमत स्थानीय तहमा समेत उनीहरूकै सरकार छ। यो अवस्थामा कांग्रेसले नेतृत्व गरेका तहमा उदाहरणीय काम गरेर देखाउनुपर्छ', उनले भने, 'त्यसका लागि पार्टीले खेल्नुपर्ने भूमिकाका लागि नेतृत्ववर्ग तयार छ।'

स्थानीय तहका आफ्ना प्रतिनिधिसँगको छलफलमा कांग्रेसले सम्बन्धित विज्ञलाई बोलाएर सत्र चलाएको थियो। स्थानीय तहको आर्थिक नीति र विकास योजनाका विषयमा जनप्रतिनिधिलाई राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले जानकारी गराएका थिए।

नेपाल बार एसोसिएसनका अध्यक्ष शेरबहादुर केसीले नगरपालिकाको काम, कर्तव्य र न्यायिक समिति तथा कानुनी पक्षबारे प्रस्तुति दिएका थिए। पूर्वसचिव कृष्ण ज्ञवालीले पार्टीसँगको समन्वय र कर सम्बन्धमा प्रकाश पारेका थिए। विज्ञहरूको प्रस्तुतिमा पार्टीका केन्द्रीय नेतादेखि जनप्रतिनिधिले आआफ्ना धारणा राखेका थिए। छलफलमा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले कांग्रेस नेतृत्वमा रहेका स्थानीय तहलाई सरकारले न्यून बजेटको व्यवस्था गरेको गुनासो गरेका थिए।

महर्जनले सरकारले स्थानीय तहलाई दिने बजेटमा एकरूपता ल्याउन पार्टीले पहल गर्नुपर्ने सुझाएका थिए। मर्हजनसँगै अन्य तहका मेयरहरूले समेत बजेट एकरूपताको प्रश्न उठाएपछि पूर्वअर्थमन्त्री तथा कांग्रेस केन्द्रीय सदस्य डा. रामशरण महतले सरकारले वित्त आयोग गठनमा गरिरहेको ढिलाइका कारण यस्तो भएको बताए। महतले पार्टीले केन्द्रमा वित्त आयोग गठनका लागि सरकारमाथि दबाब सिर्जना गर्नुपर्नेमा जोड दिएका थिए।

भोजपुरको षडानन्द नगरपालिकाका मेयर वीरवल राईका अनुसार पार्टीको केन्द्रीय तहबाट हुने संयोजन, करको सन्दर्भ र स्थानीय तहको एकबर्से कार्यकालका सन्दर्भमा बृहत् छलफल भएको हो। 'त्यसका लागि पार्टी नेतृत्वबाट पहलको खाँचो छ', उनले भने । सोमबारको भेलामा स्थानीय तहका प्रमुखले उठाएको पार्टीसँगको संयोजनको सन्दर्भमा चाँडे नै पार्टीले त्यसलाई सम्बोधन गर्ने तयारी भइरहेको कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बताए।

## अप्ठ्यारो पार्ने कर हटाउने वाचा

**काठमाडौं** : राजपाले नगरपालिका र गाउँपालिकामा सर्वसाधारणलाई अप्ठ्यारो पर्ने गरी लगाइएको कर हटाउने भएको छ। पार्टी अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा सोमबार बसेको राजपाबाट निर्वाचनमा विजयी उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख र उपप्रमखलाई अवैज्ञानिक, अनुपयुक्त एवं अव्यावहारिक कर फिर्ता गर्न पार्टीले निर्देशन दिएको छ।

सर्वसाधारण जनताले राजपालाई विजयी बनाएको एक वर्ष नपुग्दै विभिन्न खाले कर लगाउनु उपयुक्त नहुने पार्टी अध्यक्ष ठाकुरको भनाइ छ। 'संघीयताविरोधीले रचेको सबैभन्दा ठूलो षड्यन्त्रका रूपमा करलाई निपर्छ', उनले भने। भेलाका सहभागीले प्रधानमन्त्री संघीयताविरोधी भएकाले वर्तमान राजपाले सरकालाई दिँदै आएको समर्थन फिर्ता लिनुपर्ने धारणा राखेका थिए।

# निजामती ऐन मस्यौदा विधेयक क्याबिनेटमा

**काठमाडौं :** संघीय निजामती सेवा ऐनको मस्यौदा विधेयक मन्त्रिपरिषद्मा पठाइएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार विधेयक मन्त्रिपरिषद्मा पठाएको हो। सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितका निजी सचिव रमेश अधिकारीले मस्यौदा विधेयक मन्त्रिपरिषद्मा पठाइएको जानकारी दिए। मन्त्रिपरिषद् बैठकले मस्यौदा विधेयक पारित गरी छलफलका लागि विधेयक समितिमा पठाउने मन्त्रालय स्रोतको दाबी छ। ऐन नबन्दा संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भएको छैन । मन्त्रालयले मस्यौदा विधेयक मन्त्रिपरिषद्मा पठाएको हो। विधेयकमा कर्मचारीका ट्रेड युनियन खारेजीको प्रस्ताव गरिए पनि कानुन र अर्थ मन्त्रालयले युनियन यथावत् राख्नुपर्ने सुझावसहित स्वीकृति प्रदान गरिसकेका छन्।

# भागबन्डा मिलाउन ओली-दाहाल छलफल

**अन्नपूर्ण** | *काठमाडौं*

पार्टीका प्रदेश, जिल्ला तथा जनसंगठनको एकताका मोडालिटीमा नेकपाका दुई अध्यक्षबीच छलफल सुरु भएको छ। जिल्ला, प्रदेश तथा जनसंगठनहरूको एकताको गृहकार्य गर्न गठित कार्यदलले दिएको प्रतिवेदनमा केन्द्रित रही दुवै अध्यक्षले एकताको मोडालिटीमा छलफल सुरु गरेका हुन्।

नेकपा सचिवालयले दुई अध्यक्षलाई एकता मोडालिटीसहित अन्तिम तयारी गरी प्रस्ताव तयार पार्न दिएको म्यान्डेटका आधारमा छलफल सुरु गरिएको नेकपा अध्यक्ष पुष्पकमल दाहालले जानकारी दिए।

'प्रदेश, जिल्ला र जनसंगठन एकताको अति संवेदनशील विषयमा अन्तिम तयारी गर्न सचिवालयले दुई अध्यक्षलाई दिएको जिम्मेवारीमा रहेर हामी छलफल गर्न थालेका छौं', उनले भने। तल्ला कमिटी समायोजनका लागि पार्टीका पूर्वघटक एमाले-माओवादीको भागबन्डा कसरी लगाउने ? कुन प्रदेश तथा जिल्लाको नेतृत्व कसले गर्ने ? जनसंगठनको नेतृत्व बाँडफाँट गर्ने विषयमा केन्द्रित रहेर छलफल भएको छ।

कतिपय कार्यदलले आपसी समझदारीमा मिलाएका भागबन्डा र त्यसमा सर्वसम्मत भनी पठाएका सिफारिसबारे पनि दुई अध्यक्षबीच छलफल भएको छ। अहिलेसम्म कार्यदलले ६६ जिल्लामा सर्वसम्मत भागबन्डा गरिसकेका छन् भने कतिपयमा नेतृत्वका लागि पनि सर्वसम्मत सिफारिस भएको भनी पार्टी महासचिव विष्णु पौडेललाई प्रतिवेदन बुझाएका छन्। तर त्यसरी सर्वसम्मत भएका भनिएकामा पनि कतिपयमा विवाद देखिन थालेपछि यस विषयमा पनि दुई अध्यक्षले छलफल सुरु गरेको स्रोतले बतायो।

नेकपामा पूर्वघटक माओवादीभन्दा पनि एमालेमा भने सर्वसम्मतका नाममा संस्थापन (ओली) पक्षले माधव नेपाल पक्षलाई पेलेर गएको भन्दै असन्तुष्टि आएपछि यसबारे पनि छलफल भएको छ। नेपाल समूहले ओली समूहमाथि आफ्नो पक्षलाई पेलेर जान खोजेको भन्दै असन्तुष्टि जनाउन थालेको छ। नेपाल पक्षका नेताहरू अहिले पार्टीका शीर्ष नेताहरूसँग यसबारे छलफल गर्न थालेका छन्। ओली पक्षले वरिष्ठता मिचेको, एकै प्रदेशभित्र पनि फरकफरक मापदण्ड बनाएको र आफ्नो पक्षका नेताहरूप्रति पूर्वाग्रही देखिएकाले त्यस्ता पक्षपाती सिफारिस नसच्याए समानान्तर कमिटी बनाएर जाने निश्कर्षमा नेपाल पक्ष पुगेको छ।

> 'मापदण्ड दुरुपयोग गरेको र जबर्जस्ती सिफारिस गरिएको भन्दै उजुरी आउन थालेको छ।

'मापदण्ड दुरूपयोग गरेको र जबर्जस्ती सिफारिस गरिएका भन्दै तलबाट धेरै उजुरी आउन थालेको छ', नेकपा केन्द्रीय सदस्य जगन्नाथ खतिवडाले भने, 'तत्कालीन एमालेभित्र निर्वाचनबाट कमिटी चयन भएका थिए। त्यसो हुँदा कमिटी फर्मेसन गर्दा निर्वतमान जिल्ला कमिटिका पदाधिकारीमध्ये रोलक्रमअनुसार मापदण्डले नछेक्ने नेतालाई पहिलो प्राथमिकतामा सिफारिस गर्नुपर्छ, आफूलाई मन परेका मान्छे मात्र ल्याउन नहुने आवाज उठेको छ।' पूर्व एमालेभित्र प्रदेश ५ र गण्डकी प्रदेशको सिफारिसमा ओली पक्षले नेपाल पक्षलाई धेरै पेलेको उजुरी केन्द्रीय कार्यालयमा आउन थालेका छन्।

बिम्स्टेक सम्मेलन

# 'भीआईपी' सवारी रुट तोकियो

**सुवास गोतामे** | *काठमाडौं*

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) सम्मेलनमा आउने विशिष्ट (भीआईपी) व्यक्ति सवारीको रुट निर्धारण गरिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि सोल्टी होटलसम्मका दुई रुट बनाइएको छ।

प्रहरीले बनाएका दुई सवारी रुटमध्ये एउटालाई वैकल्पिक रुट मानिएको छ। दुवै रुटमा सोमबारदेखि नै हतियारसहितका सुरक्षाकर्मी छरेर राखिएको छ। विमानस्थलदेखि तिलगंगा, तीनकुने, बानेश्वर, बबरमहल, माइतीघर, थापाथली, त्रिपुरेश्वर, टेकु, कालिमाटी हुँदै सोल्टी होटललाई मुख्य सवारी रुट बनाइएको छ। वैकल्पिक रुटमा विमानस्थलबाट गौशाला, चाबहिल, महाराजगन्ज, गोंगबु, बालाजु, स्वयम्भू, सीतापाइला, कलंकी, रविभवन र सोल्टी होटलसम्म तय गरिएको छ।

बिमस्टेक सम्मेलनमा आउने पाहुनालाई यी दुईमध्ये एउटा रुट प्रयोग गरी सम्मेलनस्थल सोल्टी होटल पुर्‍याइनेछ। भदौ १४ र १५ मा हुने सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, श्रीलंकाका राष्ट्रपति मैत्रिपाला सिरिसेना, थाइल्यान्डका प्रधानमन्त्री प्रायुत व चा, म्यानमारका प्रधानमन्त्री विन मिन्ट र भुटानका अन्तरिम मन्त्रिपरिषद् अध्यक्ष छिरिङ तोग्वे आउने तय भएको छ। प्राप्त सूचना अनुसार १३ गते साँझ र १४ गते बिहानसम्म सबैजसो राष्ट्रप्रमुख नेपाल ओर्लिइसक्ने सूचना पाएसँगै प्रहरीले सवारी रुट तय गरेको हो।

दुवै रुटमा ५० मिटरको दूरीमा प्रहरी निरीक्षकको कमान्डमा पाँचदेखि १० जना सुरक्षाकर्मी परिचालन गर्ने सरकारको तयारी छ। गौशाला, बानेश्वर, कालिमाटी, कीर्तिपुर, बालाजु, महाराजगन्ज, कमलपोखरी, लैनचौर, स्वयम्भू र सातदोबाटो वृत्तका प्रमुख डीएसपीहरूलाई आआफ्नो क्षेत्रमा परिचालित प्रहरी कर्मचारीको खटनपटन र सुरक्षा अवस्थाबारे अपडेट भइराख्न निर्देशन दिइएको छ। सवारी रुटमा प्रहरी निरीक्षकको कमान्डमा १० जनाका दरले प्रहरी परिचालित हुनेछन्।

> सवारी रुटमा प्रहरी निरीक्षकको कमान्डमा १०/१० जनाका दरले प्रहरी परिचालित हुनेछन्।

भीआईपी सवारी समयमा रुट पर्ने ठाउँमा एम्बुलेन्सबाहेक अन्य सवारीसाधन सञ्चालनमा रोक लगाउने सरकारको तयारी छ। फरफरक समयतालिका बनाएर विमानस्थलमा सहभागी राष्ट्रप्रमुख ओर्लने भएपछि सडकमा सुरक्षा व्यवस्था चुस्त पार्ने सरकारको रणनीति छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पशुपतिनाथको दर्शन गर्न जाने, श्रीलंकाका राष्ट्रपति र म्यानम्यारका प्रधानमन्त्री बुद्ध जन्मस्थल लुम्बिनी भ्रमण गर्ने पूर्वनिर्धारित कार्यक्रमअनुसार उनीहरूलाई हेलिकोप्टरमार्फत लैजाने तयारी गरिएको छ।

भीआईपी सवारीदेखि सुरक्षासम्म सेनाले अग्रपंक्तिको सुरक्षा गर्ने, दोस्रो तहमा प्रहरीसँगै सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागले सुरक्षा दिने योजनाअनुसार १७ हजार सुरक्षाकर्मी परिचालनको खाका तय भएको छ।

भीआईपीका आगमनदेखि प्रस्थानसम्मको सुरक्षा तालिका बनिसकेको बिम्स्टेक सम्मेलनको सुरक्षा व्यवस्थापनकै लागि बनेको समितिका संयोजक महानगरीय प्रहरी कार्यालयका प्रमुख डीआईजी मनोज नेउपानेले बताए। सोमबार बिहानै प्रहरीले सवारीको पूर्वाभ्याससमेत गरेको थियो।

### प्रथम महिलालाई पाटन भ्रमण

बिम्स्टेक सम्मेलनमा नेपालमा आउन लागेका सम्बद्ध मुलुकका प्रथम महिलालाई भदौ १५ गते दिउँसो पाटन घुमाइने भएको छ। उनीहरू १५ गते दिउँसो पाटन दरबार स्वायर तथा गोल्डेन टेम्पल घुम्न आउने ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीले जानकारी दिए।

'उनीहरू सपिङका लागि लगनखेलस्थित औद्योगिक क्षेत्र जाने विषयमा पनि छलफल भइरहेको छ', उनले भने। प्रथम महिलाको सुरक्षाका लागि ट्राफिक तथा सुरक्षा व्यवस्था कडा गरिने उनले बताए।

Connect your potential to the world

Global College INTERNATIONAL

Announces
Admissions Open

BBA | BHM | BTTM

**Eligibility:**
The candidate must have a plus 2/A-level or equivalent degree from the recognized academic institutions with minimum 45% or 2 CGPA.

**Scholarships:**
- MWU Scholarships* (10%)
- GCI Deprived Scholarships* (5%)
- GCI Merit Scholarships* (5%)
- GCI Merit Stipends* (Unlimited)

**Note:**
Application form can be received from the GCI main campus, Kamaladi and GCI BHM/BTTM program office Baneshwor or can be downloaded from the college website.

**Contact:**

**Global College International** BHM/BTTM Program
Kathmandu-34, Baneshwor, Nepal
Tel: +977 1 448 8410, 446 5186 | Cell: +977 981 315 2710, 9813152750
Email: info@gci.edu.np | Website: www.gci.edu.np

**Global College International (Main Campus)**
Ganeshthan, Kamaladi, Kathmandu, Nepal
Tel: +977 1 422 1875, 425 4866 | Email: info@gci.edu.np | Website: www.gci.edu.np

**Global College of Management (GCM)**
Kathmandu-34, Baneshwor, Nepal
Tel: +977 1 449 0021, 449 0022 | website: www.globalcollege.edu.np

# पहिरोको जोखिममा गाउँ

भगीरथ अवस्थी | *बैतडी*

बैतडीको सुर्नया गाउँपालिका-४ पालीगाडाकी लक्ष्मी साउदको घर पहिरोले भत्काएपछि उनको बिचल्ली भएको छ। शनिबार राति खसेको पहिरोले लक्ष्मीको उठीबास भएको हो। '६ जनाको परिवार अहिले आफन्तको आश्रयमा छौं। पहिरोले घर नै बगाएपछि कहाँ गएर बस्नु ?' उनले भनिन्, 'पहिरोले घर भत्किँदा एक खसी र ६ कुखुरा मरे। बल्लतल्ल आफ्नो ज्यान जोगाएँ।' लक्ष्मी एकल महिला हुन्।

सुर्नया गाउँपालिका-४ को पालीगाडामा सडकमाथिबाट खसेको पहिरोले अन्य घर पनि जोखिममा परेका स्थानीय कालुसिंह साउदले बताए। उनले भने, 'लगातार वर्षा भइरहेको छ। सडकमाथिबाट पहिरो खस्ने क्रम रोकिएको छैन। गाउँका अन्य घरसमेत जोखिममा परेका छन्।'

सतबाँझ श्रीभावर सडकखण्ड स्तरोन्नति नहुँदा स्थानीयले पहिरोको जोखिम भोग्नुपरेको स्थानीय प्रकाश भाटले बताए। उनले भने, 'धेरै लामो समयपछि गाउँमा सडक पुगेको छ। तर, सडकमा नाली नहुँदा पहिरोको जोखिम बढेको छ। सडक स्तरोन्नतितर्फ ध्यान दिनु आवश्यक छ।'

पालीगाडामा घर मात्र नभई जमिन पनि पहिरोले बगाउन थालेको स्थानीयले बताएका छन्। 'सडकको पहिरो खस्ने क्रम रोकिएको छैन। सडकको पूरै भेल गाउँमा पस्छ', स्थानीय कालुसिंह साउदले भने। पहिरोले गाउँ नै जोखिममा परेको उनले बताए।

पालिगाडामा पहिरोले लगातार क्षति पुऱ्याउन थालेको सतबाँझ प्रहरी चौकीका इन्चार्ज टेकबहादुर खड्काले बताए। 'हाम्रो टोलीले आइतबार घटनास्थलमा पुगेर अध्ययन गरेको छ। एक जनाको पूर्ण रूपमा घर नष्ट भएको छ। अरू घर पनि जोखिममा छन्', उनले भने, 'लगातारको वर्षाले समस्या निम्त्याइरहेको छ। खेत पनि पहिरोको जोखिममा छ।'

सतबाँझ श्रीभावर सडकखण्डअन्तर्गत विभिन्न ठाउँमा पहिरोको जोखिम रहेको स्थानीयले बताएका छन्। सडक स्तरोन्नति नगर्दासम्म पहिरोको समस्या रहिरहने स्थानीय प्रकाश भाटले बताए। उनले भने, 'सडकमा नाली नहुँदा सडकको पानी सबै बस्तीमा पसेको छ।'

## नाबालिकाको...

'आइतबार साँझ बालिका हराएको थाहा पाउनसाथ प्रहरी खटे पनि राति २ बजेसम्म कहीं भेटिएन', जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी ईश्वर कार्कीले भने, 'सोमबार बिहान स्थानीयवासीसँगै खोज्दै जाँदा शव फेला पऱ्यो।' उनले दोषीको पहिचान भइसकेकोले छिट्टै पक्राउ पर्ने दाबी गरे।

उनले दोषी असामान्य अवस्थाको मान्छे रहेको एसपी कार्कीले जनाए। तर, उनको नाम खोल्न चाहेनन्। उनलाई पक्राउ गर्न प्रहरीको विशेष टोली खटाइएको छ। 'बालिका लैजाने मान्छे असमान्य (सन्काहा) टाइपको छ। घर छोडी फिरन्ते जिन्दगी बिताउँदै आएको छ,' एसपी कार्कीले भने, 'बच्चा उठाएर लगेको व्यक्तिले नै कर्तव्य गरेको हाम्रो शंका छ।'

### पसलबाटै टिपेर लगियो बालिका

औरही बजारमा इन्द्रेश र सन्तोषको सिद्धार्थ फेन्सी एन्ड रेडिमेट छ। आमा इन्द्रेशसँग खेल्दै गरेकी बालिकालाई अपरिचितले आइतबार साँझ उठाएर लगेका थिए।

चौधरी पति-पत्नीले पसल आलोपालो सञ्चालन गर्दै आएका थिए। आइतबार रक्षाबन्धन परेकाले सन्तोष बहिनीको घर सर्लाहीको मधुवनपट्टि गएका थिए। पति नहुँदा इन्द्रेशले पसल अगाडि खाटमा छोरी सुताएकी थिइन्। 'कपाल खौरेको केटो पसलमा टोपी किन्न आयो, टोपीको मूल्य सोध्यो र महँगो भन्दै हिंड्यो', इन्द्रेशलाई उद्धृत गर्दै स्थानीय सुमित्रा चौधरीले भनिन्, 'सन्तोषदाइ हुँदा सामान सस्तोमा दिनुहुन्थ्यो भन्दै निस्केको त्यही केटोले खाटमा रहेको बच्चा खेलाउन थाल्यो।' इन्द्रेशले पसल मिलाउन लाग्दा उसले बालिका लिएर भागेको उनले बताइन्। पसल बन्द गरेर बच्चा खोज्दा नभेटिएपछि परिवारले प्रहरीमा खबर गरेको थियो।

### प्रहरीले समयमै खोजिदिएन

पसलमा जडान गरेको सीसी क्यामेरा फुटेजमा सेतो भेस्टमा कालो धर्का भएको जिन्सपेन्ट लगाएको, कपाल खौरिएको करिब २५ वर्षीय युवाले बच्चा काखमा बोकेर लगेको देखिन्छ। प्रहरीले यसै आधारमा हत्याराको खोजी गरिरहेको छ। तर प्रहरीले बेलैमा नखोजिदिएका कारण सोनालीको हत्या भएको परिवारले आरोप लगाएको छ। 'प्रहरीले समयमै खोजेको भए छोरी मारिने थिइन,' सन्तोषले भक्कानिँदै भने, 'छोरीलाई उठाएर लगेपछि प्रहरी पसलमा आयो तर तुरुन्तै खोजी गरिएन।' हत्यामा उठाएर लग्ने व्यक्तिको मात्र नभई अरु दुई-तीन जनाको पनि हात हुन सक्ने परिवारको भनाइ छ। चार वर्षे छोरा सिद्धान्तपछि ८ महिनाअघि सोनाली जन्मेकी थिइन्। औरही नगरपालिका-१ का वडाध्यक्ष राजकिशोर चौधरीले दोषीलाई हदैसम्म कारवाही हुनुपर्ने माग गरेका छन्। 'यस्तो ठूलो क्षतिको हामीले कल्पना पनि गरेका थिएनौं,' उनले भने, 'दोषीलाई कडा कारवाही गर्न सरकारसँग हाम्रो माग छ।'



बिम्स्टेक सम्मेलनका लागि सजाइएको माइतीघर मण्डलाको रात्रिकालीन दृष्य। ● अशोक दुलाल

# नेपाली उपाधि भारतमा अमान्य

दिनेश गौतम | *काठमाडौं*

**भारतले ईएनटी, एनेस्थेसिया, छाला, मेडिसिन, रेडियोलोजी र अर्थोपेडिक्समा एमडीलाई मात्र मान्यता दिएको छ।**

नेपालका विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान एवं नेपाल मेडिकल काउन्सिलले दिने चिकित्साशास्त्र स्नातकोत्तर तहको उपाधि एमडी र एमएसलाई भारतले कानुनी मान्यता दिएको छैन। चिकित्साशास्त्रमा स्नातकोत्तर तहको सबै विषयका उपाधिलाई भारतले मान्यता दिनुपर्ने कानुनी प्रावधान भए पनि कार्यान्वयन हुन सकेको छैन।

भारतीय मेडिकल काउन्सिल ऐनको संशोधनअनुरूप नेपालका विभिन्न विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान एवं नेपाल मेडिकल काउन्सिलले मान्यता दिएका उपाधिलाई पारस्परिक मान्यता दिने उल्लेख छ। व्यवहारमा भने भारतीय मेडिकल काउन्सिलले मान्यता दिएको छैन। त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्यापन हुने ६ वटा विषयको स्नातकोत्तर उपाधिलाई मात्र भारतले मान्यता दिएको छ। महाराजगन्ज मेडिकल क्याम्पसका प्रमुख प्रा. डा. प्रतापनारायण प्रसादका अनुसार भारतले नाक, कान, घाँटी, एनेस्थेसिया, छाला, मेडिसिन, रेडियोलोजी र अर्थोपेडिक्सलाई भने मान्यता दिएको छ।

आईओएमका डिन प्रा. डा. जगदीश अग्रवालले भारतभन्दा नेपालमा चिकित्साशिक्षाको गुणस्तर राम्रो भए पनि मान्यता नदिएको गुनासो गरे। उनले भने, 'मान्यता नदिएकाले भारतीय विद्यार्थी यहाँ पोस्ट ग्र्याजुएट अध्ययन गर्न आएका छैनन्।' भारतले मान्यता नदिँदा नेपाली चिकित्सकलाई भारतका विभिन्न स्वास्थ्य संस्थामा काम गर्न अप्ठेरो गरेको उनले बताए। भारतका विभिन्न विश्वविद्यालय तथा भारतीय काउन्सिलले मान्यता दिएको चिकित्सा उपाधिलाई नेपालले मान्यता दिएको छ। भारतले भने त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको महाराजगन्ज मेडिकल क्याम्पस र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यापन हुने केही विषयलाई मात्र मान्यता दिएको छ। काठमाडौं विश्वविद्यालय लगायत विश्वविद्यालयमा अध्यापन हुने चिकित्साशास्त्रको स्नातकोत्तर तहका कुनै पनि विषयलाई भारतले मान्यता दिएको छैन।

आईओएमका डिन डा. अग्रवाल भन्छन्, 'मान्यता दिलाउन सरकारले पहल गरिरहेको सुनिएको छ। कमसेकम सरकारी कलेजबाट उपाधि पाएका चिकित्सकले मान्यता पाए भविष्य अन्योल हुने थिएन।'

नेपालमा स्नातकोत्तर तहमा चिकित्साशास्त्रका एक दर्जनभन्दा बढी विषयमा अध्यापन हुने गरेको छ। नेपाल चिकित्सक संघका अध्यक्ष डा. मुक्तिराम श्रेष्ठले चिकित्साशास्त्रको स्नातकोत्तर तहका उपाधिलाई भारतले मान्यता नदिँदा चिकित्सकहरूलाई अप्ठेरो भइरहेको बताए। स्नातक तहको एमबीबीएसको उपाधिलाई मान्यता दिए पनि स्नातकोत्तर तहलाई भारतीय काउन्सिलले मान्यता दिन आनाकानी गरिरहेको छ। संघका अध्यक्ष डा. श्रेष्ठ भन्छन्, 'नेपालका चिकित्सकलाई भारतमा काम गर्न र थप अध्ययन गर्न समस्या भइरहेको छ। भारतबाट स्नातकोत्तर तहमा अध्ययन गर्न आउन पनि अवरोध सिर्जना भइरहेको छ।'

नेपालमा अध्ययन हुने स्नातकोत्तर तहको शिक्षा र व्यावहारिक ज्ञानप्रति भारतीय मेडिकल काउन्सिलका पदाधिकारी आश्वस्त हुन नसक्दा समस्या भएको हो। द्विपक्षीय वार्ता एवं भेटघाटमा नेपालले कूटनीतिक पहल गर्दा पनि एमडी/एमएसले मान्यता नपाएपछि नेपाल मेडिकल काउन्सिलले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसमक्ष पत्राचार गरेको छ। नेपालमा दिइने चिकित्साशास्त्रको उपाधिलाई भारतीय मेडिकल काउन्सिलबाट पनि मान्यता दिलाउन पहल सुरु भएको काउन्सिलका सदस्य एवं प्रवक्ता डा. कृष्णप्रसाद अधिकारीले बताए।

प्रधानमन्त्रीहरूले ध्यान नदिँदा नेपालको उपाधिलाई मान्यता नदिइएको काउन्सिल अध्यक्ष डा. धर्मकान्त बास्कोटा गुनासो गर्छन्। उनले भने, 'भारतमा मान्यता दिलाउन प्रधानमन्त्री केपी ओलीसहित सम्बन्धित मन्त्रीहरूलाई जानकारी गराएर भारतीय प्रधानमन्त्रीसमक्ष पत्राचार भइसकेको छ।'

## विकल्प...

यसलाई कर्मकाण्डी रूपमा अघि बढाउनु नहुने भन्दै प्रधानमन्त्रीले भने, 'बीस वर्ष बिम्स्टेकको इतिहास निरन्तरता दिने होइन कि नयाँ ढंगले यसलाई सक्रिय, प्रभावकारी, उपयोगी बनाउनुपर्छ, क्षेत्रीय संगठनका रूपमा।'

अध्यक्षको हैसियतमा मात्र होइन सदस्यको रूपमा समेत नेपालको भूमिका कर्मकाण्डी नहुने उनले स्पष्ट पारे। 'यस्ता संगठन हामीलाई बढी चाहिएको छ। अरू देश धेरै अघि पुगिसकेका छन्', उनले भने, 'हामीले यो सम्मेलनलाई विशेष बनाउँदै यसको नयाँ अध्याय सुरू गर्न आवश्यक छ।'

यसैबीच बिम्स्टेक शिखर सम्मेलनको प्रक्रिया मंगलबारदेखि आरम्भ हुँदैछ। सम्मेलनमा भाग लिन सदस्य राष्ट्रका सरकार एवं राष्ट्रप्रमुख आउने क्रम मंगलबारबाटै सुरु हुनेछ।

विदेश सचिवहरू सोमबार नै काठामडौं आइपुगेका छन्। परराष्ट्रसचिव शंकरदास बैरागीले सोमबार विदेशसचिवहरूसँग अनौपचारिक छलफल सुरु गरेका छन्। साँझ भएको अनौपचारिक छलफलमा सदस्य मुलुकले बिम्स्टेकलाई सार्कको विकल्प नभएर पुरक झैं अघि बढाउन पर्ने र यसको चार्टर त्यही अनुरुप तयार गर्नेमा केन्द्रित रहेको थियो।

शिखर सम्मेलनका सारभूत विषय, सिफारिस गर्ने विषयगत क्षेत्रगत र यसअघिका उपलब्धिको पुनरावलोकन एवं कार्यान्वयनको प्रगति समीक्षा समेत बरिष्ठ अधिकारीको बैठकमा छलफल हुने मन्त्रालयका सहप्रवक्ता रामबाबु ढकालले बताए।

सचिवस्तरीय बैठक लगत्तै बुधबार विदेशमन्त्री स्तरीय बैठक बस्नेछ। यो बैठकले पारित गरेका विषयमा शिखर सम्मेलनमा छलफल हुनेछ।

शिखर सम्मेलन उद्घाटनको दिन राष्ट्रपति विद्यादेवी भण्डारीले बिम्स्टेक राष्ट्रका नेतासँग भेटवार्ता गर्ने कार्यक्रम छ। उनले नेताहरूको सम्मानमा दिवा भोज आयोजना गर्ने कार्यक्रम छ।

साँझ बिम्स्टेक अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीले सदस्य राष्ट्रका राष्ट्र एवं सरकार प्रमुखको सम्मानमा विविध सांस्कृतिक कार्यक्रमसहित रात्रिभोजको आयोजना गर्ने छन्।

शिखर सम्मेलनको सम्पन्न हुनु केही घण्टा अघि रिट्रिट (अनौपचारिक छलफल) होटल सोल्टीमा नै हुने भएको छ। सम्मेलनमा बडापत्र बनाउने, बुद्ध सर्किटको विषयमा कार्य अघि बढाउने, हिमालय सहकार्यमा जोड लगायतका विषयमा छलफल हुनेछ। रोड र रेल मार्गको विषय पनि उत्तिकै महत्व रहेको छ।

बिम्स्टेकमा बंगलादेश, भुटान भारत, म्यान्मार, नेपाल, श्रीलंका र थाइल्याण्ड, सदस्य छन्। शिखर सम्मेलनमा बंगलादेशक प्रधानमन्त्री शेख हसिना, भुटानको अन्तरिम सरकारका प्रमुख सल्लाहकार ल्योन्पो छिरिङ वाङचुक, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, म्यान्मारका राष्ट्रपति विन मिन्त, प्रधानमन्त्री ओली, श्रीलंका राष्ट्रपति मैत्रीपाला सिरिसेना र थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान ओ चा सहभागी हुनेछन्।

## वाइड...

यता मन्त्री अधिकारीले छानबिन गर्न समिति गठन गरे पनि उक्त समितिलाई निगमले असहयोग गरेको पाइएको छ। समितिलाई १५ दिन भित्र वाइड बडी जहाज खरिद गर्दा आरएफपीमा मागिए भन्दा फरक परेको म्याक्सिमम टेक अफ वेट (एमटीओडब्ल्यु), आरएफपीमा मागिएका उपकरण के कति आएका छन्? निगमले मागेको भन्दा कुन उपकरणमा कति फरक पऱ्यो भन्नेसहितको विषयमा छानबिनको कार्यगत शर्त दिएको थियो।

छानबिन सुरु गरेको १५ दिनमा प्रतिवेदन बुझाउनुपर्ने भए पनि एक साता बितिसकेको छ। यो बीचमा दुईवटा बैठक भएको छ। उक्त बैठकबाट आवश्यक कागजात निगमले उपलब्ध गराउने निर्णय गर्दै समितिले डकुमेन्ट मागेको थियो। निगमले समितिलाई हालसम्म कागजात उपलब्ध गराएको छैन। 'निगमले छानबिन नगरिदेओस् भन्ने आशय व्यक्त गरेर डकुमेन्ट उपलब्ध गराएको छैन', समितिका एक सदस्यले अन्नपूर्णसित भने।

समितिलाई आवश्यक डकुमेन्ट उपलब्ध नभएको विषयमा छानबिन समितिले मन्त्रीलाई अवगत गराइसकेको छ। मन्त्री अधिकारीले भने केही समय पर्खनुस् भनेकोले छानबिन रोकिएको छ। छानबिन समितिलाई वाइड बडी बाहेक निगमकै एयरवस ए ३२० न्यारो बडीको इन्जिनमा समस्या आएर दिल्लीमा लामो समय ग्राउन्डेड भएको, इन्जिन मर्मत गरेर चलाएको सोही जहाज दोहामा बिग्रिएको विषयमा छानबिन गर्न कार्यदेश दिएको छ।

दिल्लीमा बिग्रिएकै इन्जिन मर्मत गरी दोहा पठाएको भनिए पनि मर्मतमा शंका उत्पान्न भएकोले छानबिन गर्न लागिएको हो। समितिले वाइडबडी जहाज बिना अनुमति दिल्ली पठाएको र ३ घण्टासम्म इन्जिनियरले उडाउन अनुमति नदिएको विषयलाई पनि छानबिनको दायरामा राखेको छ। यस सम्बन्धमा निगमका महाप्रबन्धकलगायतका पदाधिकारी सम्पर्कमा आउन चाहेनन्।















## कार्यक्रम तालिका (टेलिभिजन) AP1 HD

| कार्यक्रम | समय | कार्यक्रम | समय |
|---|---|---|---|
| गुडमर्निङ नेपाल | ०६:०० | समाचार | २०:०० |
| हेल्थ एण्ड वेलनेस | ०६:३० | प्रयास | २१:०० |
| समाचार | ०७:०० | साउन्ड रेबेल्स् | २२:०० |
| एपि टक टाईम | ०८:०० | समाचार | २३:०० |
| समाचार | ०९:०० | समाचार | ०१:०० |
| समाचार | ११:०० | समाचार | ०३:०० |
| समाचार | १३:०० | समाचार | ०४:३० |
| समाचार | १५:०० | | |
| समाचार | १७:०० | | |
| ईना मिना टिका | १७:३० | | |
| नेपाल माईन्डस् | १९:०० | | |
| समाचार | १९:३० | | |

## कार्यक्रम तालिका (रेडियो) रेडियो अन्नपूर्ण नेपाल

| कार्यक्रम | समय | कार्यक्रम | समय | कार्यक्रम | समय |
|---|---|---|---|---|---|
| हिन्दी गजल | ०१:०० | सुसेली | ११:०५ | क्यासेट क्लासिक | २३:०० |
| नेपाली फिल्मी गीतहरु | ०२:०० | मध्यान्न म्युजिक | १२:१५ | नेपाली आधुनिक गितहरु | ००:०० |
| मुल प्रभाव र हामि नागरिक | ०३:०० | कलिउड अपडेट | १३:०५ | | |
| गुरु दृष्टि | ०५:०० | म्युजिक अन रिक्वेस्ट | १४:०५ | | |
| अखबार मा आज | ०६:३० | ९४ ननस्टप | १५:३० | | |
| मुल प्रभाव | ०७:०० | संगित संवाद | १६:०५ | | |
| जनप्रतिनिधी | ०७:३० | ९४ लिस्नर जोन | १७:०५ | | |
| अर्थ बजार | ०८:०५ | युवा सरोकार | १८:३० | | |
| ननस्टप नेशनल | ०८:३० | हामि नागरिक | १९:०५ | | |
| शुभारम्भ | ०९:१५ | अन्नपुर्ण हार्ड टक | २०:०५ | | |
| शुभारम्भ | १०:०५ | मन परेको पुस्तक | २१:३० | | |
| ज्योतिश विज्ञान | १०:३० | मधुरिमाको तरेलीहरु | २२:०५ | | |

न्युज अपडेट: बिहान ८:००,१०:००,११:००; दिउँसो: १:००,२:००,४:००; बेलुकि: ५:००, ७:००; राति: ८:००, १०:००

प्राईम न्युज : बिहान: ६:००,९:००; दिउँसो: १२:००, ३:००; बेलुकि: ६:००; राति: ९:००

## आजको राशिफल

–ज्योतिषाचार्य श्री विक्रम कोइराला

**मेष** : व्यवसायमा उत्तार चढाव आउनेछ। मित्रको सहयोगले कार्य पूर्ण हुनेछन्। यात्राको अवसर मिल्नेछ। शत्रु परास्त हुनेछन्।

**वृष** : मान्यजनको सहयोग मिल्नेछ। अधुरा कार्य पुरा हुनेछन्। अध्ययनमा सुधार आउनेछ। समय अनुकुल रहनेछ। विद्याप्राप्ति हुनेछ।

**मिथुन** : स्वास्थ्य समस्या देखापर्नेछ। राजनैतिक आक्षेप लाग्नेछ। वैचारिक मतभिन्नता उत्पन्न हुनेछ। प्रेममा सफलता मिल्नेछ।

**कर्कट** : आय आर्जनमा गतिरोध आउनेछ। कुटनैतिक सफलता मिल्नेछ। दैनिक कार्यमा प्रशंसा बढ्नेछ। अनावश्यक खर्च बढ्नेछ।

**सिंह** : स्वास्थ्यमा सुधार आउनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। टाढिएका आफन्तसँग भेट हुनेछ। निस्फल यात्रा हुनेछ।

**कन्या** : सामाजिक कार्यमा मन जानेछ। मान प्रतिष्ठा बढ्नेछ। आम्दानीका स्रोतहरू फेला पर्नेछन्। अरुको विश्वास जित्न सकिनेछ।

**तुला** : अनपेक्षित धन प्राप्ति हुनेछ। बन्धुको सहयोगले मन प्रशन्न रहनेछ। रोजगारमा पदोन्नतिका साथै स्थानान्तरण हुनेछ।

**वृश्चिक** : शत्रू बढ्नेछन्। पारिवारिक वैमनस्यता बढ्नेछ। पतिपत्नी वीच प्रेम बढ्नेछ। अनावश्यक खर्चमा कमी आउनेछ।

**धनु** : शारीरिक उत्साह बढ्नेछ। सामाजिक कार्यमा मन जानेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर** : आय आर्जनमा सुधार आउनेछ। बोलीको प्रभाव बढ्नेछ। स्वास्थ्यमा समस्या देखा पर्नेछ। दैनिक कार्यमा सुधार आउनेछ।

**कुम्भ** : खर्च वृद्धि हुनेछ। आध्यात्मिक कार्य बढ्नेछन्। मित्रमा विवाद बढ्नेछ। आरोधकार्य सुचारु हुनेछन्। श्रीप्राप्ति हुनेछ।

**मीन** : धार्मिक कार्यमा समय बित्नेछ। परोपकारी र समाजसेवी कार्यमा खर्च बढ्नेछ। कुरा काट्नेहरू बढ्नेछन्। वाहन क्षति हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२११११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९१११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५५५२३५५/५५३४४४४ |
| ग्रान्डी इन्टरनेसनल हस्पिटल, धापासी | ५१५९२६५, ५१५९२६६ |
| ग्रिन सिटी हस्पिटल, धापासी | ४३५२२४८, ४३५७४५२ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एन्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| अल्का अस्पताल, जावलाखेल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००, ५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६, ४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४, ४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७, ५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल, नयाँबानेश्वर | ४७८१२९४, ४७८३०२४ |
| काठमाडौं नाक, कान, घाँटी अस्पताल | ४२४५५५४, ४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४, ४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०, ४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| वयोधा अस्पताल | ०१-४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५, ४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४, ४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४, ४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३ ३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३, ४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# गाईजात्रामा सरकारमाथि व्यंग्य









**भक्तपुर दरबार स्क्वायरमा सोमबार गाईजात्रा मनाउँदै भक्तपुरवासी (माथि)। काठमाडौंको वशन्तपुरमा निकालिएको जात्रा (बायाँ)। ललितपुरको पाटनमा निकालिएको गाईजात्रामा भगवान कृष्ण, राधा र रुक्मिणीको भेषमा नगर परिक्रमा गर्दै (दायाँ माथि)। र समान अधिकार माग गर्दै समलिंगी समाजले काठमाडौंमा निकालेको गाईजात्रा।** ● ईश्वरकाजी खाइजू/सुनिता डंगोल/दिपेन श्रेष्ठ

**ईश्वरकाजी खाइजू** | *भक्तपुर*

भक्तपुरमा ओली सरकारको गाईजात्रा निकालिएको छ। नेपालभाषी समुदायमा दिवंगत व्यक्तिको सम्झनामा मात्रै गाईजात्रा निकालिन्छ। तर सोमबार भक्तपुरमा ओली सरकार मरेको प्रतीकस्वरूप गाईजात्रा निकालिएको हो।

ओली सरकारको गाईको प्रतीकस्वरूप जात्रालुले कुर्सी बोकेका थिए। कुर्सीमा गोली एन्ड गफ सरकार लेखिएको थियो। कुर्सीको दायाँबायाँ ओली सरकारका काल्पनिक योजना, गफाडी सरकारलगायत लेखिएको थियो। त्यस्तै उक्त कुर्सीलाई भ्रष्टाचारी, बलात्कारी, ठेकेदार, गुन्डा, डन, पानीजहाज लेखिएको छाता ओढाइएको थियो। त्यस्तै घिन्ताङघिसी नाच्ने जात्रालुले ओलीको पानीजहाज, नेपाली कर्मचारीको परिचयलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिप्रति व्यंग्य गरिएका कार्टुन बोकेका थिए।

नेपाल मजदुर किसान पार्टीले ओली सरकारको गाईजात्रा निकालेको हो। गाईजात्राको नेतृत्व प्रदेश नं ३ का सांसद सुरेन्द्रराज गोसाईंले गरेका थिए। उनी नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्यसमेत हुन्। त्यस्तै नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले वाद्यवादक भएर घिन्ताङघिसी नचाइरहेका थिए। सर्वसाधारणको जात्रापछि उक्त जात्रा निकालिएको हो। नेमकिपा समर्थित विद्यार्थीले प्रत्येक वर्ष यस्तै व्यंग्यसहितको जात्रा निकाल्दै आएका छन्।

पछिल्लो समय भक्तपुरको गाईजात्रा समावेशी हुन थालेको छ। नेपालभाषीहरूले मात्रै मनाउने गाईजात्रामा गैर नेपालभाषी नेपालीसँगै विदेशीसमेत सहभागी हुन थालेका हुन्।

भक्तपुरको गाईजात्रामा नाचिने घिन्ताङघिसीमा नेपाल भाषीभन्दा अहिले गैरनेपालभाषीको सहभागिता बढ्न थालेको छ। घिन्ताङघिसी नाचसँगै गाईजात्रा हेर्ने जात्रालुमा समेत गैरनेपाल भाषीको बाहुल्य बढ्न थालेको छ। जसले गर्दा भक्तपुरको गाईजात्रा तथा घिन्ताङघिसी नाच घुम्ने बाटोहरू साँघुरा हुन पुगेका छन्। झन् कति ठाउँमा भूकम्पले चर्काएका घर तथा मन्दिरमा टेको लगाइएका कारण बाटो झन् झन् साँघुरो हुन पुगेका हुन्।

भैरव तथा भद्रकालीको गाईजात्रा निकालिएसँगै भक्तपुरमा नौदिनसम्म मनाइने गाईजात्राको पहिलो दिन सकिएको छ।

# भूकम्पपीडित महिनौंदेखि अँध्यारोमा

**श्रीराम केसी** | *बनेपा*



**बनेपा शाखामा नयाँ मिटरबारे बुझ्न आएका भूकम्पपीडित।** ● श्रीराम केसी

मुलुकभर लोडसेडिङ अन्त्य गरेर चर्चा कमाएका कुलमान घिसिङसँग भूकम्प पीडितहरू निराश बनेका छन्। उनीहरूले बनाएको नयाँ घरटहरामा नयाँ मिटर जडान गर्नका लागि महिनौं प्राधिकरणमा धाए पनि मिटर पाउन नसक्दा अँध्यारोमा बस्नु परेपछि निराश बनेका हुन्।

विगत पाँच महिनादेखि नयाँ मिटर लिन सयौंपटक नेपाल विद्युत् प्राधिकरण बनेपा शाखामा धाए पनि मिटर नपाएको मण्डनदेउपुर नगरपालिकाका मंगल तामाङ बताउँछन्। 'भूकम्पले पुरानो घरको मिटर पुरियो नयाँ हालौं भनेर निवेदन दिएको पाँच महिना बित्यो अझै पाइएन।' बनेको नयाँ घरमा मिटर राख्न सयौंपटक धाएर महिनौं कुर्दा पनि मिटर नपाएको उनको दु:खेसो छ।

बनेपाकी दण्डकुमारी थापा पनि नयाँ मिटर लिन धेरैपटक धाउँदासमेत आफूले मिटर पाउन नसकेको गुनासो पोख्छिन्, 'निवेदन दिएको महिनौं भयो अझै पाएको छैन। बुढी मान्छे कति धाउनु ? मिटर आयो भने पहुँचवालाले तुरुन्तै लान्छन् हामी कार्यालय धाउने मात्र हो।' तामाङ र थापाजस्तै हजारौं भूकम्प पीडित नयाँ मिटर पाउने आसमा दैनिक प्राधिकरण र नेताको घरमा धाउनुपर्ने बाध्यता छ।

भूकम्प, बाढी पहिरो र अन्य विविध कारणले भएको पुरानो मिटर बिग्रिएर वा नयाँ घरमा मिटर जडान गर्ने जिल्लाका १३ वटा स्थानीय तहबाट हजारौं मिटरको माग भए पनि प्राधिकरणले दिन नसक्दा उनीहरू निराश भएका हुन्। जिल्लाभर तीन हजारभन्दा बढी नयाँ मिटरको माग भएको विद्युत् प्राधिकरण बनेपाका सूचना अधिकृत केशवनारायण चण्डी बताउँछन्। 'केन्द्रबाट एक पटकमा एक सयमात्र मिटर आउँछ, माग हजारौं हुन्छ, त्यसैले व्यवस्थापन गर्न कठिन हुँदै आएको छ', उनले भने। एउटा मिटर लिन छ महिना लाग्ने र ५० औंपटक प्राधिकरण धाउनुपर्ने नमोबुद्ध नगरपालिकाका बासिन्दा मनिष लामाले बताए। 'कुलमानले विद्युत् त दिए तर समयमै मिटर र पोल दिन सकेनन्', उनले भने।

### ४० हजार पोल आवश्यक

जिल्लाका विभिन्न स्थानमा ४० हजार विद्युत् पोलको आवश्यकता परेको विद्युत् प्राधिकरण बनेपा शाखाले जनाएको छ। पुराना काठको पोल विस्थापित गरेर स्टिल र फलामका पोल राख्ने प्राधिकरणको योजना र भूकम्प बाढी पहिरोबाट पोलहरूमा क्षति पुगेपछि उक्त संख्यामा पोलको आवश्यकता परेको हो। भूकम्प, बाढी, पहिरो, जीर्ण पोल र नयाँ ठाउँमा विद्युत् पुऱ्याउनुपर्ने भएकाले जिल्लामा आठ मिटरका ४० हजार पोल परेको शाखाका इन्जिनियर मानन्धरले जानकारी दिए।

### विद्युत् चोर्ने ३१ पक्राउ

प्राधिकरणको टोलीले विभिन्न माध्यमबाट विद्युत् चोरी गरी उपयोग गर्ने ३१ जनालाई पक्राउ गरेको छ। घरायसी तथा विभिन्न प्रयोजनका लागि लामो समयदेखि विद्युत् चोरी गर्ने विद्युत्ीय ऐनअन्तर्गत मुद्दा दर्ता गराएर कारबाही गरेको हो। जिल्लाको देउपुर, सिपाघाट, अनेकोट, पस्थली, ज्याले लगायतका ठाउँबाट उनीहरूलाई पक्राउ गरी कारबाही गरेको सूचना अधिकृत चण्डीले जानकारी दिए। उनका अनुसार, विभिन्न तरिकाबाट गैरकानुनी रूपमा डाइरेट हुकिङ प्रयोग गरेर विद्युत् चोर्ने ३१ जनाबाट पाँच लाख १५ हजार रुपैयाँ असुली गरेको उनको भनाइ छ।

### चुवाहट रोकियो

जिल्लाका विभिन्न क्षेत्रमा विद्युत चोरी र चुहावटलाई नेपाल विद्युत् प्राधिकरण बनेपा शाखाले कम गरेको छ। चुहावट रोक्न प्राधिकरण बनेपाले गाउँ गाउँमा अप्रेसन थालेको थियो। एक वर्षको अवधिमा करिब १३ प्रतिशत नियन्त्रण गरेको हो। आर्थिक वर्ष २०७२/०७३ मा प्राधिकरणले ३५ प्रतिशत, २०७३/०७४ मा ३३ प्रतिशत र २०७४/०७५ मा २८ प्रतिशत विद्युत् चुहावट क्रमश: रोकिँदै आएको बनेपा शाखाका इन्जिनियर नरेश मानन्धरले जानकारी दिए। उनका अनुसार शाखाले गत वर्षको तुलनमा सात प्रतिशत विद्युत् चुहावट नियन्त्रण गरेको छ।

# सालकको आखेटोपहारसहित पक्राउ

**चरिकोट** (अन्नपूर्ण) : भीमेश्वर नगरपालिका-७ भुलभुलेबाट दोलखा प्रहरीले सोमबार बिहान दुर्लभ वन्यजन्तु सालकको आखेटोपहारसहित एक जनालाई पक्राउ गरेको छ।

सालक मारेर खपटासहित नङग्रा र छाला राखी ग्राहकको खोजीमा रहेको गोप्य सूचना पाएपछि प्रहरी आफैं ग्राहक बनेर थापालाई पक्राउ गरेको हो।

दोलखाका प्रहरी प्रमुख डीएसपी बासुदेव पाठकका अनुसार, भीमेश्वर नगरपालिका-६ निवासी होमबहादुर थापालाई दुर्लभ सालकको तीन सय ८० ग्राम ओखेटोपहार बिक्री गर्न हिँडिरहेको अवस्थामा सोमबार बिहान सेराबेंशी सडकखण्डबाट पक्राउ गरेको हो।

पुच्छर र नङग्रा सहितको २७ इन्च लम्बाई र ९ इन्च चौडाइ भएको सालकको आखोटोपहारसहित पक्राउ परेका थापालाई प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।

प्रहरीले बरामद गरेको आखेटोपहारको स्थानीय बजारमा खासै मूल्य नभए पनि बाह्य बजारमा ४० देखि ५० हजारसम्म बिक्री हुने गरेको पाइएको प्रहरीको भनाइ छ। पक्राउ परेका थापालाई थप अनुसन्धानका लागि चरिकोटस्थित वन कार्यालयमा बुझाइने प्रहरीले जनाएको छ।

गाउँघरमै करिब तीन वर्षअघि फेला परेको सालकलाई लाठीले हिर्काएर मारेको र मासु खाएर नंग्रा र खपटा सहितको छाला सुरक्षित राखेको पक्राउ परेका थापाले स्वीकार गरेका छन्।

# यिनीहरूले कहिले पाउँछन् खाद्य अधिकार



**जाउलाखेलमा खाना खाँदै सडकमानिस।** ● अन्नपूर्ण

**नितु घले** | *ललितपुर*

जाउलाखेल चोकैमा रहेको ललितपुर महानगरपालिका वडा नम्बर ४ को कार्यालय अगाडि खुल्ला ठाउँ छ। यहाँ प्रत्येक साता सडकमा बस्ने ७५-८० जना मानिस बिहान दस बजेदेखि दुई बजेसम्म जमघट हुन्छन्। कुनै भेला र छलफलका लागि भने उनीहरू जमघट भएका होइनन्। एक छाक पेटभरी भात खानका लागिमात्र जम्मा भएका हुन्।

हरेक बिहीबार उनीहरू यसरी जम्मा हुने गर्दछन्। खाना खाने बेलामा देखिएको यो भीड पेट टन्न भएपछि तितरबितर हुन्छ। खुल्ला ठाउँबाट एकैछिनमा बिलाउँछन्। एक सातापछि पुन: भोको पेट लिएर यही चोकमा टुप्लुक्क आइपुग्छन्।

यो भीडमा बालबालिका, युवा, महिला, वृद्धवृद्धा, असक्त सबै देखिन्छन्। विगत चौध वर्षदेखि यस्ता व्यक्तिलाई धापाखेलस्थित 'नागरिक आवाज' नामक संस्थाले खानाको जोहो गर्दै आएको हो। 'खाना खानेबित्तिकै कता गायब हुन्छन् थाहै हुँदैन', भान्सा संयोजनको जिम्मा लिएकी पिंगला बस्नेतले अन्नपूर्णलाई बताइन्। खाना खाने बेला उनीहरू आपसमा झगडा गर्ने भएकाले सम्हाल्न हम्मे परेको बस्नेतले बताइन्।

उनीहरूका लागि प्रत्येक बिहीबार जाउलाखेल चोकको खाली ठाउँमा बिहान १० बजेदेखि २ बजेसम्म खाना खुवाउने व्यवस्था गरिएको छ।

घर नभएका, बाटोमा बस्ने, अपहेलित र नितान्त एक्ला मानिस खाना खानका लागि आउने गरेका छन्। समाज सेवाको भावना हुनेहरूले पनि उनीहरूलाई लत्ताकपडा, फलफूल, दही, मिठाइ ल्याएर बाँड्ने गरेका छन्।

ललितपुर क्षेत्र नम्बर १ प्रतिनिधि सभाका सांसद नवराज सिलवालले आइतबार संसदमा जनताको खाद्य अधिकारको कुरा उठाए।

संसदमा सम्बोधन गर्दै उनले 'खाद्य अधिकार' जनताको मौलिक हकमा समावेश गरिएको भन्दै राज्यले कसैलाई पनि भोको राख्न नहुने बताए। उनले संविधानको धारा ३६ मा खाद्यसम्बन्धी अधिकारको व्यवस्था सुनिश्चित गरिएको पनि स्मरण गराएका थिए।

उनकै जिल्ला ललितपुरमा बेसहारा नागरिकको अवस्था दयनीय छ। सार्क मुलुकमा खाद्य अधिकार सुनिश्चित गर्ने नेपाल पहिलो मुलुक भए पनि संविधान जारी भएको तीन वर्षसम्म पनि कार्यान्वयन पक्ष भने शून्य छ।

# क्षतिपूर्ति दिने सहमतिपछि सिसडोलको बाटो खुल्यो

**देवचन्द्र भट्ट** | *विदुर*

नुवाकोटको पूर्वी भेगमा रहेको ओखरपौवामा सोमबार फोहोर बोकेको गाडीले किचेर स्थानीय एक पुरुषको घटनास्थलमै ज्यान गएपछि मृतकका परिवारलाई क्षतिपूर्ति दिइने भएको छ। सदरमुकाम विदुरदेखि ४५ किलोमिटर पूर्वमा रहेको ककनी गाउँपालिका १ ओखरपौवा महालक्ष्मी मन्दिर नजिकै फोहोर बोकेको ट्रिपरले किच्दा स्थानीय एक पैदलयात्रीको मृत्यु भएको थियो।

> घटनापछि सिसडोलमा फोहोर बिर्सजन रोकिएकोमा सहमतिपछि बाटो खुलेको छ।

स्थानीयवासीले अवरोध गरेको तीनपिप्ले-सिसडोल सडकखण्ड १० घण्टापछि सञ्चालन भएको हो। जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईका अनुसार काठमाडौंबाट फोहोर लिएर ओखरपौवाको सिसडोल जाँदै गरेको बा२ख ६११८ नम्बरको ट्रिपरले किच्दा ककनी गाउँपालिका १ कागतीगाउँका ४५ वर्षीय पदमबहादुर बलामीको घटनास्थलमै ज्यान गएको थियो।

उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्दै सो सडक ठप्प भएको हो। घटनालगत्तै गाडी चालक फरार छन् भने घटनापछि सिसडोलमा फोहोर बिर्सजन रोकिएकोमा सहमतिपछि बाटो खुलेको छ।

घटनापछि सिसडोलमा फोहोर बिर्सजन गर्दै आएको काठमाडौं महानगरपालिकाका प्रतिनिधि हरि कुँवर, गाडीधनी भरत तामाङ, मृतकका छोरा तथा स्थानीयवासीबीच भएको वार्तामा २० लाख रुपैयाँ क्षतिपूर्ति दिने सहमति भएको वडाध्यक्ष चन्द्रबहादुर बलामीले जानकारी दिए।

मृतकका परिवारलाई काठमाडौं महानगरपालिकाले पाँच लाख, फोहोर उठाउने ठेक्का प्राप्त निजी क्षेत्रले १५ लाख रुपैयाँ दिने सहमति भएको हो। मृतकका परिवारलाई तत्काल ५० हजार रुपैयाँ किरिया खर्च उपलब्ध गराइएको छ भने मंगलबार एक लाख र बाँकी रकम ३५ दिनभित्र दिने सहमति भएको वार्तामा सहभागी बलामीले बताए।

यसअघि मृतकका परिवार, आफन्त तथा स्थानीयले ३० लाख रुपैयाँ क्षतिपूर्ति दिनु पर्ने माग गर्दै सडक ठप्प पारेका थिए।

## दुर्घटनामा तीनको मृत्यु

**विदुर** : नुवाकोटमा भएका छुट्टाछुट्टै घटनामा दुई बालकसहित तीनजनाको ज्यान गएको छ। एक बालकको काठमिलमा परेर ज्यान गुमेको छ भने अर्का बालक पहिरोमा पुरिएका थिए। एक पुरुषको गाडीले किचेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

विदुर नगरपालिका ४ बट्टार आँपघारीमा सोमबार काठमिलमा परेर स्थानीय तीन वर्षीय सुमिङ श्रेष्ठको ज्यान गएको प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए। हजुरबुबा हिमालबहादुरले सञ्चालन गरेर काठमिलको आरोमा चिरिएर स्थानीय मन्टेश्वरी विद्यालयको नर्सरीमा अध्ययनरत श्रेष्ठको घटनास्थलमै ज्यान गएको हो। घरमा परिवारजन खाना खाइरहेको बेला सुमिङ एक्लै काठमिल गएका बेला आरोमा चिरिन पुगेका थिए। रक्ताम्य भएका उनलाई पछिमात्र स्थानीयले देखेका थिए। टाउकोमा आराले गहिरो चिरिएका कारण अस्पताल लैजानै नपाई उनको मृत्यु भएको प्रहरीले जनाएको छ। बालकका बाबु प्रकाश तीन वर्षदेखि जापानमा छन्।

नुवाकोटको पूर्वी भेगमा रहेको शिवपुरीमा गोठालो जाँदा पहिरोले पुरिएर एक बालकको ज्यान गएको छ। पहिरोमा पुरिएर सदरमुकाम विदुरदेखि ४५ किलोमिटर पूर्वमा रहेको शिवपुरी गाउँपालिका ६ नौ वर्षीय बालक अर्पण तामाङको ज्यान गएको प्रहरीको भनाइ छ। बाख्रा गोठालो गएका अर्पणलाई चिहानडाँडाको खोल्सामा माथिबाट पहिरो खसेर पुरेपछि उनको घटनास्थलमै मृत्यु भएको हो।

ओखरपौवामा सोमबार नै फोहोर बोकेको गाडीले किचेर ककनी गाउँपालिका १ कागतीगाउँका ४५ वर्षीय पदमबहादुर बलामीको निधन भएको हो।




## सम्पादकीय

भाद्र कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११३८

# पूरक बन्नुपर्छ बिम्स्टेक

बिहीबार र शुक्रबार काठमाडौंमा हुन लागेको बहुपक्षीय आर्थिक तथा प्राविधिक सहयोगका लागि बंगालको खाडीका राष्ट्रहरूको प्रयास (बिम्स्टेक) को शिखर सम्मेलन नेपालका लागि महत्त्वपूर्ण अवसर हो। बिम्स्टेकले तय गरेका १४ वटा प्राथमिकतामध्ये अधिकांश नेपालको आर्थिक समृद्धिसित जोडिएका छन्। प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने र उत्पादन गर्न सक्ने सम्भावित वस्तु निर्यातका दृष्टिले यो शिखर सम्मेलन नेपालका लागि रणनीतिक महत्त्वको छ। बिम्स्टेकले तय गरेका आपसी सहायतासम्बन्धी प्राथमिकतामा व्यापार र लगानी, प्रविधि, ऊर्जा, यातायात तथा सञ्चार, पर्यटन, मस्त्यपालन, कृषि, संस्कृति सहयोग, वातावरण तथा विपद् व्यवस्थापन, जनस्वास्थ्य, नागरिक-नागरिक सम्पर्क, गरिबी निवारण, प्रतिआतंकवाद तथा संक्रमणीय अपराध र मौसम परिवर्तन छन्। तय भएका यी प्राथमिकता नेपालको आर्थिक तथा सामाजिक विकासका लागि कोशेढुंगा हुन सक्छ, क्षेत्रीय तथा उपक्षेत्रीय रूपमा साँच्चै कार्यान्वयनमा जाने हो भने। अघिल्लोपटक म्यानमारमा भएको बिम्स्टेकको मन्त्रीस्तरय बैठकले सीमापार ऊर्जा निर्यातलाई पारित गरिसकेको छ र नेपालमा हुने शिखर सम्मेलनले त्यसलाई पारित गर्ने कार्यक्रम छ। घोषित तथा पारित कार्यक्रम व्यावहारिक रूपमै कार्यान्वयन हुने हो भने नेपालको अपार सम्भावना रहेको जलविद्युत् ऊर्जाले अन्तर्राष्ट्रिय बजार पाउनेछ। ऊर्जाको बजार सुनिश्चित नभएकै कारण नेपालका ठूला तथा बृहत् र आकर्षक जलविद्युत् आयोजनामा प्रत्यक्ष वैदेशिक लगानी भित्रिन सकेको छैन।

क्षेत्रीय तथा उपक्षेत्रीय स्तरका सहकार्यको अवधारणा र संगठन स्थापना हुनु राम्रो हो। लगानी, व्यापार, पूर्वाधार विकासलगायतमा सहकार्यका साथै क्षेत्रीय रूपमा शान्ति, सुरक्षा, समृद्धि र सामूहिक विकासको प्रयास यस्ता संगठनको लक्ष्य हुने गर्छ। तिनको औचित्य त्यतिखेर मात्र साबित हुन्छ जब सदस्य मुलुक साझा हितका लागि वास्तवमै सहकार्य गर्न तत्पर हुन्छन् र सहमति कार्यान्वयनमा जान्छ। यसमा सार्कझैं बिम्स्टेक पनि अछुतो छैन। बिम्स्टेक सदस्य राष्ट्र गरिबी अभाव, राजनीतिक अस्थिरताजस्ता समस्यासँग जुधिरहेका छन्। अर्कोतर्फ ठूला राष्ट्रको राजनीतिक प्रभावका कारण पनि यस संस्थाले गति पाउन सकेको छैन।

वर्तमानमा नेपालले दुवै क्षेत्रीय संगठनको अध्यक्षता गरिरहेको छ। सार्कको अठारौं शिखर सम्मेलन करिब चार वर्षअघि नेपालले आयोजना गर्‍यो। त्यसपछि थप ओझेलमा परेको सार्कको विकल्पका रूपमा बिम्स्टेकलाई लिइएको छ। यो विकल्प नभई पूरक मात्र हो। सार्क र यसको भूगोल नै फरक छ। माउन्टेन इकोनोमी, खुला सामुद्रिक व्यापार र पावर ग्रिडलगायत विषयमा नेपालले जोड दिने बताएको छ। त्यस्तै, नेपालले यसअघिदेखि उठाउँदै आएको बुद्ध सर्किट र त्यसको अन्य पाटोमा पनि छलफल गर्ने छ। निर्णय हुने तर कार्यान्वयनमा नआउने विषय आफैंमा विचारणीय छ। २१ वर्षमा तीनवटा मात्र शिखर सम्मेलन गरेको बिम्स्टेकको बडापत्र (चार्टर) समेत नभएको अनौपचारिक संगठन जस्तो छ। चार वर्षअघिसम्म यसको सचिवालयसमेत थिएन। सचिवालय बंगलादेशको ढाकामा रहेको भए पनि त्यसको संरचना सार्ककै शैलीमा ढाल्न खोजिएको छ। सार्कले गति लिन नसकेको विषय यसमा ध्यान दिन जरुरी छ। बिम्स्टेक क्षेत्रमा २० प्रतिशत बढी जनसंख्या गरिबीको रेखामा रहेकाले तिनको स्तरोन्नतिका लागि समेत प्रस्ताव तयार छन्। शिखर सम्मेलनमा अन्तरदेशीय अपराधको जोखिम, आतंकवाद र विध्वंसको खतरा, चरमपन्थी अतिवाद, हातहतियार र लागुऔषध ओसारपसारलगायत विषयमा गम्भीर छलफल आवश्यक छ। अब एसियाको युग भनिरहँदा त्यसमा चीन र भारतले समझदारीसाथ काम गर्न आवश्यक रहेकाले त्यसतर्फ समेत चासो देखाउनु पर्छ। चीनको विश्वमा प्रभाव बढिरहेको अवस्थालाई नभुली सदस्य राष्ट्रले त्यसमा ध्यान दिन आवश्यक छ। भारत र चीन दुवैले आफ्ना नजिकका साना राष्ट्रसँग 'विन-विन' सहकार्यमा लाग्नुपर्छ भने नेपालले पनि कसैको डर र त्रासमा नपरी साना मुलुकको हितमा भूमिका खेल्न जरुरी छ।

# सार्कको विकल्प नबनोस् बिम्स्टेक

### नेताहरू भेट्ने र नयाँ निर्णय/सम्झौता मात्र थप्ने हो भने बिम्स्टेक पनि थप शिथिल र निष्क्रिय संगठन बन्नेछ



डा. दिनेश भट्टराई




बहुपक्षीय आर्थिक तथा प्राविधिक सहयोगका लागि बंगालको खाडी राष्ट्रहरूको प्रयास (बिम्स्टेक) दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) जत्तिको संगठित र व्यवस्थित हुन सकेको छैन। सार्क उद्देश्यअनुरूप अघि बढ्न सकेको छैन भने बिम्स्टेकको हालत पनि त्यही छ। सार्क आफ्नो धेरै आधार र संरचना तयार गरी जनस्तरमा पुगिसकेको छ। दक्षिण एसियाली मुलुकहरूबीच सहकार्य र समान विकास निम्ति स्थापित सार्कलाई दक्षिण पूर्वी एसियाली संगठन आसियानसँग जोड्न स्थापना भएको बिम्स्टेकको गति आफैंमा स्पष्ट छैन। यही अस्पष्टताको बीचमा सार्कलाई एउटा कुनोमा थन्क्याएर यो क्षेत्रका हस्तीले बिम्स्टेकलाई अघि बढाएका छन्। तर सार्कको विकल्प बिम्स्टेक कुनै कोणबाट पनि हुन सक्दैन।

बिम्स्टेक र सार्कको भूगोल फरक छ। सार्कका पाँच मुलुक सदस्य रहेकाले बिम्स्टेकलाई पूर्व र पश्चिमको सेतु भनिन्छ। थाइल्यान्डको 'वेस्ट लुक' र भारतको 'इस्ट लुक' बाट यसको आरम्भ भएको हो। त्यही कारण पनि सार्कको विकल्प बिम्स्टेक हुनै सक्दैन। नागरिक समाज, उद्योग/व्यापारिक साहित्य, जस्ता 'ट्र्याक टु'मा सार्क अघि बढिसकेको छ। सार्कले आफूलाई क्षेत्रीय सहकार्य संगठनका रूपमा उभ्याइसकेको छ। शीतयुद्धसँगै स्थापित सार्क र बिम्स्टेकको 'डाइमेन्सन' नै फरक छ। सार्कले गति लिन नसकेको अवस्थामा विकल्पका रूपमा बिम्स्टेकलाई अघि बढाउने हो भने दुवै संगठन धराशायी भई मन माझ्ने फोरमको रूपमा विकसित हुनेछ।

सुरक्षा र कूटनीतिका पुस्तक पढ्दा दक्षिण एसियालाई 'अन्तर्राष्ट्रिय आतंकवाद' को केन्द्रका रूपमा व्याख्या गरिएको पाइन्छ। यो आतंकवादबाट सदस्य मुलुक पीडित छन्। नेपालजस्ता मुलुक पनि सिकार नभएका होइनन्। दक्षिण एसियाको समग्र विकास र शान्तिका लागि पाकिस्तानलाई आफ्नो 'बोर्ड' मा नलिई अघि बढ्न सकिँदैन। पाकिस्तानलाई बेवास्ता गरी बिम्स्टेकलाई सार्कको विकल्प बनाएर अघि बढ्ने हो भने त्यो सफल हुन सक्दैन। यसको यथार्थ भूगोल हो। बिम्स्टेकलाई सार्कको विकल्प नभनी यो सम्मेलनलाई सार्क जगाउने अवसरका रूपमा लिनुपर्छ। पाकिस्तानमा भएको निर्वाचन सन्देशको आदान-प्रदान र अन्य सदस्य मुलुकहरूबीच विस्तारै सम्बन्ध सुधारको विषयबाट उत्साहित हुँदै सहकार्यमा अघि बढ्न आवश्यक छ। साझा समस्या, सहकार्य, व्यापार, आतंकवादविरुद्ध सहकार्य, ऊर्जा सहकार्य, मनि लन्ड्री, जनताको सुरक्षा, पर्यावरणको विषयमा भौगोलिक सीमामा सीमित नरहने हुनाले क्षेत्रीय सहयोग अपरिहार्य छ। यस्ता विषयमा कुनै मुलुकलाई अलग्याएर प्रस्तुत गर्ने विषय उठाइएको हो भने त्यसले काम गर्न सक्दैन।

क्षेत्रीय सहयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएकाले यसलाई कछुवा गतिमा नभई खरायो गतिमा एक अर्काको पूरक नमानी अघि बढाउनुपर्छ। यी दुई संगठनलाई पूरक संगठनको दृष्टिले हेर्नुपर्छ विकल्पमा होइन। संयुक्त राष्ट्रसंघको बडापत्रको च्याप्टर ८ आर्टिकल ५२ र ५३ मा क्षेत्रीय व्यवस्थापनअन्तर्गत रहेर। संयुक्त राष्ट्रसंघको उद्देश्यसँग मेल खानेगरी काम गर्ने भनिएको छ। क्षेत्रीय सहकार्य र सहयोगको एक भागको बिल्डिङ ब्लग हो क्षेत्रीय संगठन। यो बलियो भयो भने संयुक्त राष्ट्रसंघ बलियो हुनेछ।

> दुईतिहाइमा कूटनीति चल्दैन, कूटनीति मुलुकको साझा नीतिअनुरूप हुनुपर्छ। बिम्स्टेक भारत र थाइल्यान्डको एक अर्काको मार्केट खोज्ने संगठनभन्दा पनि सहकार्य गर्दै अघि बढ्ने विषयमा नेपालले जोड दिनुपर्छ।

नेपाल यतिबेला दुवै संगठनको अध्यक्ष हो। दुवै संगठनको शिखर सम्मेलनमा नेपालले आफ्नो अध्यक्षता हस्तान्तरण गर्ने छ। सार्कलाई शिखर सम्मेलनमा जोड दिएर मात्र बिम्स्टेक अघि बढाउनुपर्ने विषयमा ध्यान केन्द्रित गर्नुपर्ने थियो, तर नेपाल त्यसमा चुकेको छ। नेपाल दुवै संगठनमा सफल नेतृत्व निर्वाह गरेर निस्कन सक्नुपर्छ। पाकिस्तानमा हुनुपर्ने सार्कको १९ औं शिखर सम्मेलनको कुनै टुंगो लाग्न नसकेको अवस्थामा बिम्स्टेक सम्मेलन अघि बढ्दा धेरैले यसलाई सार्कको विकल्प भने पनि नेपालले यो सन्देश चिरेर अघि बढ्न सक्नुपर्छ।

सार्कका पाँच र आसियानका दुई मुलुक मिलेर यो संगठन अघि बढाउन खोजेका छन्। सार्क सदस्य पाकिस्तान, माल्दिभ्स र अफगानिस्तानबाहेक सबै बिम्स्टेकमा सामेल छन्। बिम्स्टेकको चौथो शिखर सम्मेलन बुधबार आरम्भ भएर बिहीबार सम्पन्न हुँदैछ। यसको प्रक्रियागत बैठक मंगलबारबाट आरम्भ हुनेछ। सन् १९९७ जुलाइमा स्थापना भएको बिम्स्टेकका सदस्य राष्ट्रमा बंगलादेश, भुटान, भारत, म्यान्मार, नेपाल, श्रीलंका र थाइल्यान्ड छन्। यो संगठनको नामले आर्थिक र प्राविधिक सहयोगमा सामूहिक प्रयास गर्ने स्पष्ट छ। स्थापनादेखि चौथौ शिखर सम्मेलन गर्न लागेको यो संगठनबाट सदस्य राष्ट्रहरू खासै लाभान्वित र सहकार्यमा अघि बढ्न सकेको पाइँदैन। भिसा, व्यापार, सहकार्यलगायतका विषयमा झन् टाढा भएको देखिन्छ। यद्यपि यसमा धेरै काम अघि बढ्ने बताइएको छ। तर सदस्य राष्ट्रहरूबीच अविश्वास यसमा पनि उत्तिकै छ। भारतसँग यसको छिमेक सशंकित छ भने बंगलादेश र म्यानमार, नेपाल र भुटान तथा भारत र श्रीलंकाबीच पनि हार्दिकता कायम हुन सकेको छैन।

सन् १९८५ को डिसेम्बरमा स्थापना भएको सार्क तत्कालीन बडापत्रमै सञ्चालित छ। उक्त बडापत्रअनुरूप सहकार्यमा एक हजार बढी प्रतिवद्धता व्यक्त भएको सार्क पनि 'कोमा' मा छ। भूगोल मिलेको सार्कले गति लिन नसकेको अवस्थामा भूगोलबाहिर रहेर सहकार्य गर्न सहज हुँदैन। नेपाल सार्कको केन्द्र मुलुक अर्थात् राजधानी भएकाले सार्कलाई बढी जोड दिँदै यसलाई ब्रिजको रूपमा प्रस्तुत गर्न सक्नुपर्छ। सार्कमा विश्वासको अभाव छ। राजनीतिक इच्छाशक्ति पनि पक्षमा देखिँदैन। जसले बिम्स्टेकलाई जोड गरेको छ। हुन त बिम्स्टेक सदस्य राष्ट्रहरूबीच पनि शंकाउपशंका छन्।

नेपालको परराष्ट्र नीतिको अभिन्न अंगको रूपमा रहेको छ क्षेत्रीय सहयोग। नेपाल त्यसमा बढी अभ्यस्त भएकाले त्यसतर्फ झुकाव स्वाभाविक हो। नेपालले यो मौकामा प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुपर्छ। लामो राजनीतिक अस्थिरता चिर्दै संविधान जारीपछि तीन तहको निर्वाचन सम्पन्न भई बलियो सरकार बनेकाले अब नेपालको उपलब्धिलाई 'मार्केटिङ' गर्न आवश्यक छ। यो सम्मेलनमा अन्तर्राष्ट्रिय र क्षेत्रीय मिडिया हुन्छन्। उनीहरूमार्फत नेपालको उपलब्धिलाई विश्वमा लैजान सक्नुपर्छ। दुईतिहाइमा कूटनीति चल्दैन, कूटनीति मुलुकको साझा नीतिअनुरूप हुनुपर्छ। बिम्स्टेक भारत र थाइल्यान्डको एक अर्काको मार्केट खोज्ने संगठनभन्दा पनि सहकार्य गर्दै अघि बढ्ने विषयमा नेपालले जोड दिनुपर्छ।

बिम्स्टेकको सचिवालय नेतृत्वको संरचना परिवर्तन गर्न राजनीतिक नेतृत्वले ध्यान दिन आवश्यक छ। काम गर्ने भनिएका विषय अघि बढाउन उत्तिकै आवश्यक छ। यसभित्र पनि हिन्दु, इस्लाम, बौद्ध, क्रिश्चियन सबै छन्। तर बौद्धिज्म साझा झैं छ। यसलाई सर्किटको रूपमा अघि बढाउनुपर्छ। तेस्रो शिखर सम्मेलनमा लुम्बिनीलाई शान्तिको फाउन्डेसन मानेर अघि बढाउन तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाले म्यानमारमा प्रस्तुत गरेको विषयलाई ध्यान दिन आवश्यक छ। यसको रिट्रिटलाई नेपालले उपयोग गर्न सक्नुपर्छ। त्यहाँ हुने छलफलमा धेरै विषय अघि बढ्ने हुनाले यसमा आयोजक राष्ट्र बढी नै चनाखो बन्नुपर्छ।

नेताहरू भेट्ने र नयाँ निर्णय/सम्झौता मात्र थप्ने हो भने बिम्स्टेक पनि थप शिथिल र निष्क्रिय संगठन बन्नेछ। यसका सदस्य मुलुक सबैसँग नेपालको व्यापार घाटा नै छ। सहकार्यका लागि आफ्नो आन्तरिक क्षमता बढाउनुपर्छ। यस क्षेत्रमा सन् १९९७ मा प्रजातन्त्रको स्टाटस्को जुन अवस्था थियो अहिले पूरै परिवर्तन भएको छ। सबै मुलुक कुनै न कुनै रूपमा थप प्रजातान्त्रिक हुँदै गएको अवस्थामा सहकार्य असहज छैन। युरोपका राष्ट्रहरू मिलेर युरोपेली संघ (ईयू) स्थापना भएपछि त्यस खालका क्षेत्रीय संगठनबाट भएको प्रगति र प्राप्त बललाई ध्यान दिँदै सार्क स्थापना भयो र त्यसको १२ वर्षपछि बिम्स्टेक बन्यो। खुला सीमा, स्वतन्त्र व्यापार र साझा मुद्राको लक्ष्यसम्बन्धी अवधारणा सार्कको हो भने यसमा व्यापार सहकार्य नै हो।

सार्कका दुई सदस्य राष्ट्र भारत र पाकिस्तानबीच निरन्तर हुने खिचातानीले सार्क शिखर सम्मेलन नियमित हुन नसकेको स्पष्ट छ। जसरी सार्कमा क्षेत्रीय नेताहरू भेट्ने वातावरण बन्ने गरेको छ त्यस्तै वातावरण यसमा पनि बनोस्। जसका लागि बिम्स्टेकले पनि आफ्नो चार्टर बनाएर त्यसअन्तर्गत रहँदै सहकार्य अघि बढाउनुपर्छ। ज्याम्बोरीबाट यस्ता संगठन माथि उठ्नुपर्छ। संगठन नहुनुभन्दा हुनु राम्रो हो, तर एक अर्कामा प्रतिस्पर्धा होइन सहकार्यको भाव संगठनभित्र देखिनुपर्छ। यो क्षेत्रका दुई विशाल मुलुक भारत र चीनलाई ध्यान दिएर नै सार्क र बिम्स्टेक अघि बढ्न सक्छन्।

अन्यथा दुवैको औचित्य रहँदैन। भारत सदस्य छ नै अब कुनै न कुनै रूपमा चीनसँग पनि सहकार्य गर्नुपर्छ। सार्कमा चीन पर्यवेक्षक, त्यो पनि सकेसम्म 'प्लस वान' को भूमिकामा रहन खोजेको छ। तर बिम्स्टेकमा चीन छैन। साँच्चै अब एसियाको युग भनिरहँदा त्यसमा चीन र भारतले समझदारीका साथ काम गर्न आवश्यक छ। उनीहरूले पनि सबैलाई विश्वासमा लिएर यस्ता संगठनलाई अघि बढाउनुपर्छ। चीनको विश्व प्रभाव बढिरहेको अवस्थालाई नबिर्सन सदस्य राष्ट्रले ध्यान दिन जरुरी छ। भारत र चीन दुवैले आफ्ना नजिकका साना राष्ट्रसँग 'विन विन' सहकार्यमा लाग्नुपर्छ। यस्ता विषयमा कसैको मुख नताकी र डर नमानी भूमिका निर्वाह गर्न सकेमा नेपालको हैसियत बढ्नेमात्र नभई विकासको गतिमा पनि साथ पाउने छ।

*– दुई पूर्वप्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार रहिसकेका पूर्वराजदूत भट्टराईसँग अन्नपूर्ण पोस्ट्ले गरेको कुराकानीमा आधारित।*

## पाठक पत्र

### गाईजात्राबारे भ्रम

लिच्छबीकालदेखि नै नेवार जातिले मनाउँदै आएको गाईजात्राका विषयमा विभिन्न सञ्चारमाध्यममा फरक फरक किसिमले व्याख्या भएको पाइन्छ। त्यस दैनिकमा सोमबार प्रकाशित 'गाईजात्राको ऐतिहासिकता' शीर्षकको समाचारमा पनि अन्य मिडियाले जसरी नै काठमाडौं उपत्यकामा मनाइने गाईजात्रा भनेर मात्र लेखिएको देखियो। उक्त ठम्याइले उपत्यकाबाहिर बसोबास गर्ने नेवारप्रति विभेद गरेको छ।

यो अज्ञानताको कमीले हो वा काठमाडौं उपत्यका बाहिरका नेवारले भाषा बुझ्दैनन्, संस्कृति जान्दैनन् भन्ने भ्रम हो ? खासमा नेपालका सबैजसो जिल्लामा नेवार जातिको बसाइ छ। तीमध्ये अधिकांश जिल्लामा अरू जात्राको तुलनामा गाईजात्रा विशेषरूपले मनाउने गरेको पाइन्छ।

पूर्वमा इलाम, भोजपुर, धनकुटा, धरान, चरीकोटदेखि लिएर पश्चिममा गोरखा, तनहुँ, पोखरा, बागलुङ, पाल्पा, गुल्मीलगायतका विभिन्न भूभागमा गाईजात्राका साथै अन्य जात्रा पनि मनाएको देखिन्छ। सायद मिडियाकै यस्तै समाचारको प्रभावले होला राज्यले भने गाईजात्राको दिन काठमाडौं उपत्यकामात्र मात्रै सार्वजनिक बिदा दिने गरेको छ। यो अन्यायपूर्ण छ।

**-बीएन जोशी,** तनहुँ, हालः ललितपुर

### नगरपालिकाको ध्यानाकर्षण

गत साउन ११ गते यस दैनिकमा 'शौचालय रंग्याउनै १० लाख' शीर्षकमा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको छ। बजेट र भुक्तानीको सत्यतथ्य नबुझी अनियमितता भएको भन्दै सामाचार प्रकाशित गरिनु उचित होइन। प्रकाशित समाचारमा पुरातात्विक स्थल तिलौराकोटमा सार्वजनिक शौचालय निर्माणमा वडा कार्यालयले १० लाख बजेट खर्च गरेको, योजनाबिनै बनेको शौचालयमा प्रयोग भएको पाइप तथा धारा खरिदमा अनियमितता भएको तथा सो विषयमा आवाज नउठाउने सर्तमा वडाध्यक्ष प्रकाश गैरेले स्थानीयलाई २० हजार रकम लिई चुप लाग्न भनेको विषय सही नभएको जानकारी गराउँछौं।

सो शौचालय मर्मतसम्भारका सन्दर्भमा नगरसभाको निर्णयअनुसार गत आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमबमोजिम आर्थिक विकास कार्यक्रमतर्फ पर्यटन विकासअन्तर्गतको योजनाको प्राविधिकबाट पेस भएको ५ लाख १४ हजार ३ सय ५८ बराबरको लगत स्टिमेटबमोजिम सेफ्टीट्यांकी निर्माण, कम्बोर्ड, ६ थान युरिनल, २ थान बास बेसिन, च्यानल गेट र रंगरोगनसमेतको कार्य सम्पन्न गरिएको हो। प्राविधिकबाट सो योजनाको अन्तिम मूल्यांकनपश्चान उक्त बिल रकमबाट जनसहभागिताको अंश ४१ हजार ३ सय ५८ कटाई बाँकी रहेको रकम ४ लाख ७३ हजार संलग्न कागजातका आधारमा उपभोक्ता समितिको नाममा भुक्तानी गरिएको जानकारी गराइन्छ। सामाचारमा सम्बन्धित वडाका नागरिकलाई उपभोक्ताका रूपमा विकासकार्यमा सहभागी गराइए पनि समाचार अन्यथा अर्थ लाग्ने गरी प्रकाशित हुनु उचित होइन।

**-किरण सिंह,** नगरप्रमुख,कपिलवस्तु नगरपालिका, तौलिहवा

### जनमतको अपमान

संसदीय संविधानअनुसार दुईतिहाइ बहुमत पाउनेलाई सर्वशक्तिमान मानिन्छ। आफ्नोअनुकूल त्यो पार्टी वा गठबन्धनले ऐनकानुन परिवर्तनदेखि लिएर संवैधानिक व्यवस्थामा संशोधनजस्ता महत्त्वपूर्ण प्रक्रियामा सामेल हुन सक्छन्। उनीहरू एकदम अधिकारसम्पन्न पनि हुन्छन्। दुईतिहाइलाई राजनीतिक स्थिरताको प्रतीकका रूपमा समेत लिने गरिन्छ। तर वर्तमान राजनीतिक परिप्रेक्ष्यमा देखिएको दुईतिहाइको प्रसंग यसभन्दा धेरै फरक छ। जसकारण राजनीतिक स्थिरता आउँछ भन्ने आमजनताले सोच्न पनि सकेका छैनन्।

राष्ट्रमा हरेक सेकेन्डमा महँगी बढ्ने हो कि भन्ने त्रास उत्पन्न भएको छ। पेट्रोलियम पदार्थको कुरा छोडौं, अरू क्षेत्रमा पनि कुन दिन मूल्य बढ्छ भन्ने कुनै ठेगान छैन। यो दुईतिहाइको दम्भ भएन सरकार ? घरकै प्रयोजनका लागि पालिएका कुखुरा, बाख्रा, गोरु, गाई, भैंसीको टाउकोमा पनि कर लाग्ने समाचार आइरहन्छन्।

गाउँपालिका र नगरपालिकामा शुल्क तिर्न नसकेर नागरिकता लिन नपाइने प्रावधान निर्माणमा स्थानीय सरकार व्यतीत छन्। सरकारले सामाजिक फाँसीवाद उद्घोष गरेर के खोजेको हो ? कांग्रेसलाई उपसभामुखको पद खोसेर प्रस्ट संवैधानिक व्यवस्थाको उल्लंघन सरकारबाट भएको छ। यो दुईतिहाइले प्रतिपक्षीलाई यसरी हेप्न मिल्छ र ?

**-ऋतिक यादव,** सिम्रौनगढ- १०, बारा



### गिट्टी, बालुवासिर्जित आतंकको उपचार

चितवन खैरहनी नगरपालिका-३ गोठेश्वरका रवि विकका दुई छोरी १० वर्षीया रिया र १३ वर्षीया करुणाको साथीहरूसँग पौडी खेल्ने क्रममा गत साउन ७ गते गिट्टी झिक्दा बनेको खाल्डोमा डुबेर मृत्यु भयो।

यस्तै घटना तीन वर्षअघि पनि खैरहनीकै कोलदरी खोलामा घटेको थियो। दिलबहादुर खड्काको कक्षा १२ मा अध्ययनरत छोरा सुवोधले उत्खनन् गर्दा छोडेको खाल्डोमा डुबेर ज्यान गुमाएका थिए। यो पहिलो घटनापछि जिम्मेवार पक्षले खाल्डो पुर्ने चलन बसाएको भए घटना दोहोरिने थिए। यस्ता घटनाबाट केही प्रश्न उब्जेका छन्।

पहिलो, यो दुर्घटनाको जिम्मेवार को को हुन् ? तिनलाई कानुनी घेरामा ल्याइयो कि ल्याइएन ?

दोस्रो, ती मृतकका परिवारले उचित क्षतिपूर्ति पाए कि पाएनन् ?

तेस्रो, पत्रिकाको जिम्मेवारी दुर्घटनापछि एकपटक समाचार लेख्ने मात्रै हो कि त्यसको न्यायिक पटाक्षेप नहुञ्जेल पिछा गरेर टुंगोमा पुर्‍याउने होला ? पाठक- श्रोताले त मुद्दा उठान भइसकेपछि टुंगोमा पुगेको थाहा पाउन चाहन्छन्। यो पाठकीय अधिकार पनि हो।

यस्ता दुखद् घटनाको सतही कारण जेजस्तो देखिए पनि, मूल कारण प्राकृतिक सम्पदाको मालिक को हुने, कसले त्यसको व्यवस्थापन गर्ने र क्षति कसको हुने तथा त्यसको क्षतिपूर्ति कसरी गर्नेजस्ता अहं प्रश्न यसमा जोडिएका हुन्छन्। आफ्नो समुदायवरिपरिको वनजंगल उपभोक्तालाई नै जिम्मा दिएपछि हरियाली वृद्धि भएजस्तै गिट्टीबालुवाजस्ता प्राकृतिक संसाधनको स्वामित्व पनि मूलत: सोही स्थानका जनतालाई हस्तान्तरण गर्दा दीर्घकालीन समाधान निस्कन्छ। यसका लागि व्यवस्थापकीय काम चाहिँ स्थानीय तहको सरकारले गर्दा सहज हुन सक्छ।

यसो गरेमा स्थानीय जनताले कुन स्थानबाट कति परिमाणमा ती सामाग्री उत्खनन् गर्ने, कहिले गर्ने, कसरी गर्ने, सोवापत् व्यवसायीले राजस्व कर कति बुझाउनुपर्ने, समुदायले के पाउने, त्यसको पारदर्शिता कसरी कायम गर्ने, जनधनको सुरक्षा प्रबन्ध के हुने, सामाग्री उत्खनन् गरेर बनेको खाल्डाखुल्डी कसरी पुर्ने वा प्राकृतिक स्वरूपमा कसरी फर्काउने जस्ता तमाम प्रश्नको व्यवहारिक समाधान खोज्नेछन्।

यसको लागि मौसम चक्रको विचार गर्दा वर्षात्पछि असोज महिनासम्ममा सम्भावित खोलानालामा झिक्न सकिने स्टक रहेको गिट्टी बालुवाको अध्ययन गराई सोको उत्खनन् गर्नुअघि नै बन्नसक्ने खाडलको (लम्बाइ, चौडाइ र उचाइ खुलेको) आयतन नापजाँच फोटो, त्यसको पूर्वावस्थामा फर्काउन आवश्यक पर्ने माटोको परिमाण, आदि र त्यस स्थानमा हरियाली फर्काउन आवश्यक योजना समेत बनाउनुपर्छ। उत्खनन्बाट प्रत्यक्ष प्रभावित हुने खोलानाला किनारामा बस्ने नागरिकको उपभोक्ता समिति बनाई तिनकै सहभागितामा र तिनलाई नै लाभग्राही बनाई स्थानीय तहको सरकारले नीतिगत र अन्य प्राविधिक सहयोग गरेमा बाँकी समस्या क्रमश: समाधान हुँदै जानेछ। त्यसका लागि स्थानीय तहका जनताको उपभोक्ता समूह बनाएर व्यवस्थापन गर्ने पद्धति नेपालको ग्रामीण भेगमा सफल हुने देखिन्छ।

यसरी पूर्णतया दिगो व्यवस्थापन गरी खनिजको रूपमा गिट्टीढुंगाको उत्खनन् र उपभोग गर्न सकेमा मुलुकको प्रयोजनको लागि मात्र नभई छिमेकी भारतको गंगा मैदानी भेग, बंगलादेश, मालदिभ्स र अरबसम्म समेत निकासी गर्नसकिने स्थायी सम्भावना देखिन्छ।

**–बद्रीप्रसाद खतिवडा,** हेटौंडा

### सडकबत्ती र फोहोरले कसलाई पर्खेको ?

काठमाडौं उपत्यकाभित्रका ट्राफिक लाइट बल्दैनन्। प्रमुख चोकमा राखिएका ट्राफिक लाइट नबल्दा सवारी साधन एकै स्थानमा १५/२० मिनेटसम्म पनि कुर्नुपर्छ। यसले गर्दा पनि जाम बढ्ने गर्छ। ट्राफिक प्रहरीद्वारा हातको इसाराबाट दिने संकेत मानवीय त्रुटि हुने गर्छ। त्यसका कारण धेरै लामो समयसम्म एकातर्फका गाडीलाई मात्र जान दिइने गर्दा अर्कोतर्फकाले धेरैबेरसम्म कुर्नुपर्ने हुन्छ। तर यी ट्राफिक लाइट किन प्रयोग भएका छैनन्, बुझ्न सकिएको छैन। सम्बन्धित महानगरपालिका, सडक विभाग र प्रहरीको ट्राफिक कार्यालयको संयुक्त प्रयासबाट यिनलाई किन सञ्चालन गरिँदैन ? खासगरी सडकको स्तर र फोहोर व्यवस्थापनदेखि सम्पूर्ण कार्यको प्रमुख दायित्व बोकेको महानगरपालिकाबारे जताततै गुनासो सुनिन्छ। तर यति दबाब आउँदा पनि महानगर सक्रिय हुनु त परै जाओस्, सुतेर बसेको देखिन्छ।

अहिले सबैको ध्यान सडकमा गए पनि ट्राफिक लाइटमा कसैको ध्यान पुगेको देखिएन। नत्र किन सहरका प्रमुख सडकमा यी लाइट बालिँदैनन्? यसले पनि सहरको अव्यवस्था दर्शाउँछ। सडक विभागले विभिन्न बहानामा नबनाइ छोडेको प्रमुख सडकमध्ये चाबहिल-बौद्ध हुँदै गोकर्ण जाने बाटो भर्खर बन्न लाग्दैछ। त्यो पनि बिम्स्टेक सम्मेलनमा आउने अतिथिलाई गोकर्ण रिसोर्टमा लैजानुपर्ने भएपछि मात्र बन्ने भएको बुझिन्छ। अचम्म लाग्दो कुरा विदेशी पाहुना आउँदा सडक निर्माणमा कुनै बाधा नहुने तर अरू बेलामा सञ्चारमाध्यमबाट बारम्बार आउने जनगुनासोलाई किन विभिन्न बहाना बनाएर लत्याइन्थ्यो ?

यस्तो प्रवृत्ति शंकाको घेरामा छ। यस्ता निकाय जसले, साधारण अवस्थामा आफ्नो कर्तव्य पालन गर्दैनन्, अनि विदेशी आउँदा मात्र जाँगर चलाउँछन्। सरकारले यस्तो प्रवृत्तिको छानबिन गरी सम्बन्धितलाई कारबाही गरोस्। अन्यथा सरकार र जनता कराउँदै गर्ने तर काम गर्नुपर्ने निकाय कानमा तेल हालेर बस्ने अवस्था आउनेछ। अन्तिम अवस्थामा रातारात गरेर हतारमा काम गर्ने शैलीबाट कसलाई फाइदा पुग्छ, छानबिन हुन आवश्यक छ। सडकसँगसँगै ट्राफिक लाइटको कुरा पनि आउँछन्। यी बत्ती कसको लहडमा बल्ने र निभ्ने गर्छन् ? सम्बन्धित निकायको ध्यान पुगोस्। कुन चाहिँ विदेशी पाहुना आउँदा हाम्रा सडक चोकका बत्ती सधैं बल्ने हुन्छन् ? को आउँदा सहरको फोहोरको स्थायी व्यवस्थापन हुन्छ ? यी फोहोर र बत्तीले न चिनियाँ राष्ट्रपति सी जिनपिङलाई नै पर्खेका हुन् कि!

**– पूर्ण ओली,** चाबहिल, सरस्वतीनगर, काठमाडौं

लेखरचना र प्रतिक्रियाका लागि
article.comment@amn.com.np

# मुलुकी संहितामा दण्ड कठोरता

## राजनीतिक प्रकृतिको अपराधमा कठोर सजाय निर्माण गरेर राज्यले मानव अधिकारको अति आधारभूत विधिशास्त्रीय मर्मलाई नजरअन्दाज गरेको छ



तेजमान श्रेष्ठ

यही भदौ १ गतेदेखि देवानी तथा फौजदारी प्रकृतिका मुद्दा सम्बोधन गर्न बेग्लाबेग्लै संहिता- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ र त्यसलाई कार्यान्वयन गर्न अन्य ऐन/संहिता र सो को नियमवाली समेत कार्यान्वयनमा आइसकेको छ। यी संहिता हेर्दा अहिलेको राज्यसंयन्त्रले फौजदारी कसुरमा दण्डको कठोरतामा वृद्धि गरेर मात्रै समाजमा अमनचयन कायम गर्न सकिन्छ भन्ने मान्यता राखेको देखियो। के दण्डको कठोरतामा वृद्धि मानवअधिकारको दृष्टिले उचित हो?

### संहिताकरणको इतिहास

फ्रान्सको नेपोलियन कोडलाई महत्त्वपूर्ण संहिताकृत दस्ताबेजको रूपमा लिने गरिन्छ। सन् १८०४ को २१ मार्चमा जारी भएको यो संहितालाई इतिहासकार रवर्ट बी हल्टम्यानले संसारभर प्रभाव पार्न सक्ने अति महत्त्वपूर्ण थोरै दस्ताबेजमध्ये एकको रूपमा दाबी गरेका छन्। कानुनी सुधारका लागि युरोपबाहिर पनि प्रभाव पार्न सफल यो कोडलाई पहिलो आधुनिक कोडका रूपमा लिइए पनि विश्वमा यो भन्दा पहिला पनि केही कोड अस्तित्वमा थिए। मूलत: संहिताबद्ध कानुनको अभ्यास गर्ने परम्परा महाद्विपीय कानुनी प्रणाली अर्थात सिभिल ल सिस्टमको भए पनि कमन ल सिस्टममा पनि यसको व्यवस्थित अभ्यास गरिएको पाइन्छ।

नेपालमा संहिताबद्ध कानुन निर्माणको इतिहास कम्तीमा ५३९ वर्ष पुरानो छ। भक्तपुरका तत्कालिन राजा स्थितिराज मल्लले विक्रम संवत १४३६ (सन १३८०) मा 'न्यायविकासिनी वा मानवन्यायशास्त्र' नामको संहिता जारी गरेका थिए (दास २०६५/श्रेष्ठ २०११) जुन नेपोलियन कोड (१८०४) भन्दा ४२४ वर्षअगावै जारी भएको थियो। यो संहिता ईश्वी संवतपछिको सम्भवत: विश्वकै पहिलो संहिता वा कोड हुन सक्छ। तर हामीले यो पक्षलाई उजागर गर्न सकेनौं। यसरी कानुनी र न्यायिक परम्पराको इतिहास लामो र गौरवशाली हुँदाहुँदै पनि हामीले यो इतिहासलाई संसारभर चिनाउन सकेनौं। बरु यसपछिको आफ्नो मौलिकता बोकेको अर्को ऐतिहासिक मुलुकी ऐनलाई पनि हतारमा विस्थापित गरिदियौं। यसको अर्थ न्याय विकासिनीको गौरवलाई मात्र आधार मानेर २०२० सालको मुलुकी ऐनमा परिवर्तन जरुरी थिएन भन्ने होइन। प्रश्न यत्ति हो, विश्व इतिहासकै सम्भवत: मध्यकालको अन्त्यतिर अथवा आधुनिक इतिहासको सुरुको अवधितर्फ जारी भई कार्यान्वयनमा आएको न्याय विकासिनी अथवा नेपाली न्यायिक इतिहासलाई हामीले कति न्याय गर्न सकेका छौं? इतिहास बिर्सेको भए त्यो नियतवस हो वा केवल संयोग मात्रै हो भन्नेबारे प्राज्ञिक छलफल र खोज हुन जरुरी छ।

### समय सापेक्षिकता

साविक मुलुकी ऐनलाई विस्थापन गर्ने गरी निर्माण गरिएका यी संहिता संविधानसभाको रुपान्तरित स्वरूप संघीय संसद्ले निर्माण गरी २०७४ असोज ३० गते जारी गरेको थियो। त्यसैले औपचारिक नेपालको संविधान निर्माण गर्ने सबै जनप्रतिनिधि यसका निर्माता हुन्। इतिहास बेवास्ता गरिए पनि यी संहितामा धेरै विषयमा समयसापेक्ष व्यवस्था गरिएका छन्। उदाहरणका लागि अपराध संहितातर्फ प्रविधिको विकासका कारण जन्मिएको कल बाइपास, साइबरसम्बन्धी अपराध, समाजमा कुरीतिका रूपमा रहिरहेको एसिड प्रहारजस्ता कार्यलाई स्पष्टरूपमा अपराधीकरण गरी दण्डनीय बनाइएको छ भने जाति हत्या (जेनोसाइड) का लागि जन्मकैदको व्यवस्था छ। अनुसन्धानमा सहयोग गर्नेलाई कम सजाय (प्लि बार्गेनिङ) को व्यवस्था, घटनास्थलमा पक्राउ परेकाबाहेक अदालतको आदेशबिना पक्राउ गर्न नपाइनेजस्ता फौजदारी न्यायका सिद्धान्तलाई आत्मसात गरिएको छ। नविनतम व्यवस्था भनेको कसुर ठहर भएपछि सजाय निर्धारण हुने र तीन वर्षभन्दा बढी सजाय वा तीसहजार रुपैयाँ भन्दा बढी जरिबाना हुने कसुरमा छुट्टै सुनुवाइ गर्ने व्यवस्था छ। तर यसरी छुट्टै सुनुवाइ गर्ने व्यवस्थाले न्यायमूर्तिलाई कति जवाफदेही बनाउन सकिन्छ त्यो नितान्त नयाँ अभ्यास हो। देवानी संहितातर्फ विदेशी अदालतको फैसलाको हैसियत के हुने, सम्बन्ध बिच्छेदमा पुरुष महिला दुवैलाई समान हैसियत जस्ता थुप्रै समयसापेक्ष नविन व्यवस्था गरिएको छ।

### सजायको कठोरता र मानव अधिकार

नेपाली समाजमा अपहरणपछि हत्या वा बलात्कारपछि हत्या जस्ता गम्भीर प्रकृतिका अपराधका घटना हुँदा मृत्युदण्डको व्यवस्था हुनुपर्ने आवाज उठ्न थाल्छ। हुन त यस्ता कसुरदारलाई जस्तो सजाय दिए पनि कम हुन्छ। हामीकहाँ यस्तो कानुन तत्काल निर्माण भइहाल्ने अवस्था त छैन, तथापि मृत्युदण्डको वकालत गर्नुभन्दा पहिले यसको नकारात्मक पक्षको पनि समीक्षा हुन जरुरी छ। अपराधको अनुसन्धान र सुनुवाइमा कुनै कारणले त्रुटि भई निरपराधीले सजायस्वरूप कसैले मृत्युदण्ड पाएमा कसरीको त्यसको क्षतिपूर्ति हुन सक्छ? नेपालको दण्ड विधान निर्माणको पछिल्लो अभ्यासले मृत्युदण्डको व्यवस्था नगरे पनि यो मृत्युदण्डको नजिकै पुगिसकेको छ, किनकि यसले २०२० सालको मुलकी ऐनले तोकेको भन्दा थप सजायको व्यवस्था गरेको छ। अर्थात् यसले कठोर सजायलाई नै समाजमा अमनचयन कायमका लागि रामवाण मानेको छ। संसारका थुप्रै मुलुकमा यस्तो कठोर सजाय भए पनि अपराध निर्मूल पार्न सकिएको छैन। बरु विधिको शासन मान्ने मुलुकमा नागरिकको न्यायप्रतिको आस्था अटल छ। दण्ड कठोरता वृद्धि विधायिकी मनसाय थियो या थिएन भनेर भनिहाल्न हतारो हुनेछ किनकि यसका सूत्रधार वास्तवमा विधायक नभएर न्यायमूर्ति हुन्। यो संहिताको निर्माण २०३० को दशकमै सुरु भए पनि यसले झन्डै चारदशकको यात्रा पार गऱ्यो। प्रत्येक नागरिकको श्वासप्रश्वासलाई नियमित गर्ने यो संहिता जारी हुन यति समय लाग्नु त राम्रो हो। तर निर्माणको क्रममा नागरिक सहभागिता र जनचेतनामा उल्लेख्य सहभागिता रहेन।

आजीवन काराबासको सजाय दिएर वा कठोर सजाय

> प्रत्येक नागरिकको श्वासप्रश्वासलाई नियमित गर्ने यो संहिता जारी हुन यति समय लाग्नु त राम्रो हो। तर निर्माणको क्रममा नागरिक सहभागिता र जनचेतनामा उल्लेख्य सहभागिता रहेन।



अपनाउँदैमा अपराधविहीन समाज निर्माण हुन सक्दैन। दण्डको भय भने हुनैपर्छ। तर पनि दण्डात्मक वा सच्याउने प्रकृतिको दण्डको साथसाथै ती अपराध हुने कारणलाई सम्बोधन गर्न सकिएन भने यसले हाम्रो समाजलाई थप अपराधिक बनाउँदै लैजान्छ। यदि सजायमा कठोरता हुँदैमा अपराध न्यूनीकरण हुने यस्तो दण्ड अवलम्बन गर्ने समाजमा अपराध कम हुनुपर्ने हो। अपराध संहिताको दफा ४१ मा सात प्रकारका अपराधमा (क्रूरतापूर्वक ज्यान मारेमा, बन्धक बनाई ज्यान मारेमा, सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा, जातिहत्या (जेनोसाइड) गरेमा वा सो उद्देश्यले कसूर गरेमा र जबर्जस्ती करणी गरी ज्यान मारेमा तथा वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेमा) जन्मकैदको सजाय गरेको छ। यस दफाको कसुरको हकमा कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नु पर्नेछ भन्ने व्यवस्थाले अर्थात कसुरदारले कारागारमा नै मृत्युवरण गर्नुपर्छ भन्ने सो दफाको व्यवस्थाले नेपाली कानुन निर्माण दण्ड प्रधान वन्दै गएको प्रष्ट हुन्छ। सोही संहिताको दफा ४२ मा उल्लिखित अवस्थामा बाहेक जन्मकैदको सजाय गणना गर्दा पच्चीस वर्ष कैद हुने गरी गणना गर्नु भन्ने छ। जसअन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले मानिस, हातहतियार र खरखजाना जम्मा पार्ने, सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्ने कसुर गरेमा वा राष्ट्रपतिउपर आक्रमण गरी ज्यान लिएमा उसलाई जन्मकैद हुने व्यवस्था गरिएको छ (दफा ४९ र ५७)। दफा ४२ को व्यवस्थालाई हेर्दा यसअन्तर्गतका कसुरमा कसुरदारलाई २५ वर्षको काराबास हुनेछ। त्यसैगरी सरकारको विरुद्धमा विद्रोह गर्ने कसुर गरेमा कसुरवालालाई पनि २५ वर्षको काराबास हुने उल्लेख छ। यस दफामा जन्मकैद नभनेर २५ वर्षको काराबास हुनेछ भन्ने उल्लेख छ। मस्यौदाको हिसाबले पनि यसमा एकरुपता देखिएन, एकातिर केही अपराधमा जन्मकैदको अर्थ जीवन रहेसम्म भन्ने छ भने अर्कोतिर अन्य अपराधमा जन्मकैद भन्नाले २५ वर्ष भन्ने छ। सजायमा प्रयुक्त शब्द जन्मकैद नै यस्तो द्विअर्थी हुनु किमार्थ राम्रो होइन। यसले पनि संहिता तयारीको अवस्था हाम्रो मौलिकता र आवश्यकता थियो भनेर विश्वस्त भइहाल्ने अवस्था छैन।

राजनीतिक असहमति प्रकट गर्न विरोध गर्नुलाई पनि गम्भीर प्रकृतिको फौजदारी कसुरको रूपमा लिइएको छ। यसलाई यति कठोर रूपमा प्रस्तुत गर्ने विधायक जो अहिले राजनीतिक दल नेकपा र नेपाली कांग्रेसलगायतका छन्, ती दलले पनि तत्कालिन राज्यसत्ताको विरुद्ध विद्रोह गरेकै हुन्। जोर्डन पाउस्ट (२००६) का अनुसार सन १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्र तथा हतियार उठाउनुपर्ने कारण र आधारको घोषणापत्र १७७५ मा पनि नागरिकले विद्रोह गर्न सक्ने पक्षलाई स्वीकार गरिएको छ। राष्ट्रपति लिंकनले पनि त्यो स्वीकार गरेका थिए। संसारको इतिहासले बताउँछ, राज्य अलोकतान्त्रिक हुँदा वैधानिक विरोध कार्यक्रमबाट लोकतन्त्र स्थापना भएको छैन। तसर्थ नागरिकलाई कानुनी सजायको दण्ड देखाएर आफ्नो अलोकतान्त्रिक चरित्रलाई बलियो बनाउने प्रयासले लोकतन्त्र बलियो हुन सक्दैन। यस संहिताको मस्यौदाकारले मस्यौदा लेखन र पुनर्लेखनको क्रममा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को प्रस्तावना याद गरेकै हुनुपर्छ। उक्त प्रस्तावनाले यदि नागरिकले राज्यको विरुद्ध अन्तिम शस्त्रको रूपमा विद्रोह नगरोस् भन्ने चाहने हो भने कानुनी शासनद्वारा मानव अधिकारको संरक्षण गर्न जरुरी छ। अर्थात आत्मनिर्णयको अधिकार प्रयोग गर्ने कुरा राज्य विखण्डन गर्न पाउनु हो भनी अस्वीकार गरेकै भए पनि नागरिकले राज्यविरुद्ध हतियार पनि उठाउन सक्ने अधिकारलाई उक्त घोषणापत्रले स्वीकारेको छ। तसर्थ नागरिकलाई दण्डको त्रास भन्दा पनि संरक्षणको आश, विश्वास र भरोसा देखाउन जरुरी छ। राजनीतिक प्रकृतिको अपराधमा कठोर सजाय निर्माण गरेर राज्यले मानव अधिकारको अति आधारभूत विधिशास्त्रीय मर्मलाई नजरअन्दाज गरेको छ।

त्यस्तैगरी आजीवन काराबास वा लामो समयको काराबास पनि आधारभूत मौलिक मानव अधिकारको उल्लंघन हो भन्ने विधीशास्त्रीय मान्यता पनि सघन छ। संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिका तत्कालिन अध्यक्ष तथा मानव अधिकारको अध्यापनमा विश्व विख्यात एसेक्स विश्वविद्यालय, बेलायतका तत्कालिन प्राध्यापक सर नाइजेल रोड्लीले यो विषयलाई सघनतासाथ उठाइरहेको अवस्थामा पंक्तिकारले पनि निजसँग पटकपटक सो विषयमा साक्षात्कार गर्ने अवसर पाएको थियो। यसमा मूलत: रोड्लीको तर्क हो, कसैलाई दण्ड दिनु भनेको कुनै व्यक्ति वा समाजको विरुद्ध अपराध गऱ्यो भनेर उसँग बदला लिनका लागि होइन, बरु सो कसुर गरेबापत उसको नागरिक स्वतन्त्रता खोस्नु वा सीमित गर्नु हो। उसलाई प्रायश्चित गर्ने मौका दिनु हो अनि अन्तत: सुध्रने मौका दिनु हो। राज्यले कसुरदारसँग बदलाको भाव राख्ने हैन, समाजलाई नियमन गर्ने मात्र हो। ओ कालान वि टर्की (२०१४) को मुद्दामा युरोपेली मानव अधिकार अदालतका न्यायाधीश पिन्टो दे अल्वुकर्कले निर्दयतापूर्वक गरिने काराबासको सजायलाई दाँतेको भनाइसँग तुलना गर्छन्। दाँतेले कारागारमा आउने जोकोहीलाई पनि सबै आशा भरोसा त्याग्न भन्छन्। दाँतेले न्याय प्रणालीमा प्रश्न उठाएजस्तै उक्त मुद्दामा वहुमत निर्णय भन्दा केही भिन्न मत राख्दै न्यायाधीश अल्वुकर्क भन्छन् कि काराबासको सजाय नर्कको प्रवेशद्वार हुनु हुँदैन।

दाँते र न्यायाधीश अल्वुकर्कले निर्दयतापूर्वक गरिने काराबासको सजायलाई नर्कको प्रवेशद्वार भने जस्तै सजायमा थप कठोरता अपनाउँदैमा समाजमा अमनचयन कायम हुँदैन। यदि यस्तो हुँदो हो त मृत्युदण्ड वा आजीवन काराबासको सजायको व्यवस्था भएको मुलुकमा अहिलेसम्म अपराध त शून्य हुनुपर्ने हो। लोकप्रिय बन्नुभन्दा वरु समाजमा किन अपराध घट्छ भनेर मनोसामाजिक पक्षमा बढी केन्द्रित हुन जरुरी छ, यहींनेर हाम्रो कानुन निर्माण प्रक्रियामा समीक्षा हुन जरुरी छ।




# कृषिमा चुकेको बहस



मनिकर कार्की

केही साताअघि काठमाडौंमा एउटा विमर्श कार्यक्रम भएको थियो। 'नेपालको कृषि विकासका सम्भावना' विषयमा गरिएको समकालीन विमर्श कार्यक्रममा विश्वविद्यालयका कृषि विषयका प्राध्यापक, अनुसन्धानकर्ता तथा बौद्धिक एवं प्राज्ञिक व्यक्तित्वको बाक्लै जमघट थियो। नेपाल वैकल्पिक अध्ययन समाजले आयोजना गरेको उक्त विमर्श कार्यक्रममा कृषिविद् एवं अनुसन्धाताबीच झन्डै तीन घन्टा बौद्धिक बहस चल्यो। तर त्यो बौद्धिक बहसले न किसानका समस्या पहिचान गर्न सक्यो न त नेपालको कृषि विकासको संरचनागत अवरोध नै खुट्याउन सक्यो। विज्ञहरूको तथ्यांकीय प्रस्तुतिउपर केही प्रश्न उठ्यो। कृषिलाई नेपाली अर्थतन्त्रको मेरुदण्डकै रूपमा परिभाषित गरियो र यसको विकासबिना समृद्धि सम्भव नभएको रेडिमेड निश्कर्ष निकालियो।

कृषिसँग जहिले पनि जमिन र आवास जोडिन्छ। भूमिको प्रयोग र आवासको व्यवस्थापन बिना कृषिको आधुनिकीकरण र व्यवसायिकीकरण असम्भव छ। तर केही दशकदेखि यस्तै असम्भव विषयको बहस हामीले गरिआएका छौं। कृषिको भविष्यको चर्चा गर्दा उठ्ने प्रश्न हुन्- किसानका समस्या के हुन्? कृषि बजारको अवस्था कस्तो छ? बजारको निर्माण र सञ्चालन कसरी हुनुपर्छ? बजारले कृषकलाई सहयोग गरेको छ कि शोषण? कृषिमा सरकारको दायित्व के हो? कृषिमा किसानको आकर्षण छ कि छैन? किसानको सुरक्षा र आत्मविश्वास बढाउने उपाय के हो? कसरी नयाँ पुस्तालाई कृषि पेसामा आकर्षित गर्न सकिन्छ? यदि नयाँ पुस्ता कृषिमा नआए के हुन्छ? देशको भौगोलिक अवस्था र हावापानीको विविधताले कृषिमा कस्तो विविधीकरण आवश्यक छ? समथर तराई, मध्य पहाड, उच्च पहाड र हिमाली क्षेत्रको विविध हावापानीमा कृषिको विविधीकरण कस्तो हुनुपर्छ? कृषिमा आवश्यक प्राविधिक ज्ञान, सीप, दक्षता र क्षमता निर्माणको स्रोत के हो? अहिलेसम्म युरोपका समथर मैदान र मध्यम स्तरको सदाबहार हावापानीमा परीक्षण गरिएका बीउबिजन, औजार एवं प्रविधि नै विश्वव्यापी निर्यात भइरहेका छन्। के यी प्रविधि र औजारले सबैलाई उत्तिकै फाइदा पुगेको छ? छैन भने त्यसको विकल्प के हो?

विडम्बना हाम्रो कृषि विमर्श जहिले पनि कृषियोग्य भूमिको आँकडाबाट सुरु हुन्छ र अथाह सम्भावना रहेको निष्कर्षमा पुगेर टुंगिन्छ। बढीमा पारम्परिक शैलीमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण अनि यान्त्रिकीकरणको आवश्यकतासम्म पुग्छ। अनि पुन: एकपटक कृषिलाई अर्थतन्त्रको मेरुदण्ड स्थापित गर्दै मैजारो हुन्छ। के यही शैली, संस्कार र चिन्तनयुक्त विमर्शले कृषिको विकास हुन्छ?

कृषिको विकासका लागि यसलाई स्थानीयकरण गर्नु जरुरी छ। कृषकका खेतबारीलाई परीक्षण केन्द्र होइन, स्थानीय हावापानीअनुकूल बाली फलाउने प्रबन्ध गर्नुपर्छ। त्यस्तै किसानलाई बजारको शोषणबाट बचाउन आवश्यक छ। कृषक एकातिर सरकारी बेवास्ताको सिकार भएका छन् भने अर्कोतिर बजारको शोषणबाट उत्पीडनमा परेका छन्। कृषि विकासका लागि काम गर्न तम्सिएका अनेकन् गैरसरकारी संस्थाका बेतुकका गोष्ठी, छलफल तथा आयातित ज्ञानको चंगुलबाट पनि कृषकलाई बचाउन जरुरी छ।

लेखक सोमत घिमिरे आफ्नो पुस्तक 'जुर्मुराएको बखत'मा लेख्छन् -'आयातित ज्ञानले समाजको वास्तविकतालाई विश्लेषण गर्न सक्दैन। ...पुस्तकबाट मात्रै ज्ञानको संग्रह गरियो र समाजलाई बहिष्करण गरियो भने त्यो ज्ञान एकांकी हुन्छ।' भुईंतहसम्म पुगेर किसानको खेतबारी नियालेर किसानकै समस्या उजागर गर्न रुचि राख्ने घिमिरेले उक्त पुस्तकमा किसानकै समस्यालाई उजागर गरेका छन्। हामीले किसानलाई पहिचान र सम्मान दिन सकेनौं। परिणामत: किसान सधैं हिनताबोध पालेर बाँच्न बाध्य भए। किसानको समावेशिताबारे पर्याप्त बहस नभएको घिमिरेको तर्क छ।

> कृषक र कृषिको उत्थान गर्न तम्सिएका संस्थाले गाउँघरमा किसानलाई आधुनिकताको नाममा भिरालो सुर्काहरूमा ड्याङ बनाएर खेती गर्न सिकाउँछन् अनि अनुदानमा आएको फल नलाग्ने बीउबिजन बाँडिरहेका छन्।

पछिल्लो समय कृषिलाई आधुनिकीकरण र व्यावसायिक बनाउने नाममा व्यवहारिक ज्ञानमा अभ्यस्त किसानलाई राज्य तथा कुनै गैरसरकारी संस्थाबाट पाउने केही सेवासुविधा र सहुलियत प्राप्त गर्नका लागि विभिन्न फर्म्याट र अनुसूचीमा आधारित फाराम भर्नेदेखि परियोजना प्रस्ताव लेखन, विश्लेषण, वित्तीय संभाव्यतालगायतका अनेकन झ्याउलो लगाइदिने गरिएको छ। जसकारण सामान्य किसान त्यो प्रक्रियामै प्रवेश गर्न सकिरहेको छैन। केही सीमित टाठाबाठाले पर्याप्त लाभ लिइरहेका छन्।

गरिब र अविकसित मुलुकमा विकासको ओखती लिएर गैरसरकारी संस्था हिँडेको पनि दसकौं भइसक्यो। तर दसकौंको ज्ञान, सीप र प्रविधि हस्तान्तरणमा तँछाडमछाड गर्दै हिँडेका गैससले पनि समाजलाई माथि उठाउन सकेनन्। किनभने हाम्रो अविकासको समस्या एउटा छ तर, प्रेस्कृप्सन अर्कै वितरण भइरहेको छ। अनि त्यस्तो गलत प्रेस्कृप्सनका कारण झन् समाजका अर्थसामाजिक कोषिका क्यान्सरग्रस्त बन्न पुगेका छन्। विकासका लागि भन्दै गाउँगाउँ कुद्नै गैससले कहिल्यै पनि राज्यको व्यवहार, सामाजिक नीति नियम तथा सामाजिक संरचनालाई विकासको बाधक देख्दैनन्। उनीहरूको नजरमा गाउँले किसानले ज्ञान, प्रविधि र सीप नजानेरै विकास नभएको हो।

त्यस्ता गैससको सहज निश्कर्ष हुन्छ -गाउँघरका मानिस मेहेनत नगरेर, अल्छी भएर, फुर्मास गरेर, बचत गर्न नजानेर दु:खी भएका हुन्। त्यस्ता संघसंस्थाले गाउँले सीपलाई कहिल्यै सीप मान्दैनन्। उनीहरूको जीवन बाँच्ने कलामा कहिल्यै स्वीकार गर्दैनन् किनकि उनीहरूको कलामा तथाकथित आधुनिकता छैन। कृषक र कृषिको उत्थान गर्न तम्सिएका यस्ता संस्थाले गाउँघरमा किसानलाई थप हिनताबोधमा बाँच्न बाध्य पारिरहेका छन्। उनीहरू आधुनिकताको नाममा किसानलाई भिरालो सुर्काहरूमा ड्याङ बनाएर खेती गर्न सिकाउँछन् अनि अनुदानमा आएको फल नलाग्ने बीउबिजन बाँडिरहेका छन्। तिनले कहिल्यै बुझ्दैनन्, भिरालो ठाउँमा ड्याङ बनाएर खेती गर्दा माटो बगेर बाली फस्टाउँदैन। अनि स्थानीय बीउमा हुने वातावरणीय प्रतिकूलता सहने क्षमता अनुदानमा अयातित बीउमा हुँदैन र फल लाग्दैन। उनीहरू समाजको विश्लेषण र सामाजिक संरचना अवरोधको कुरै गर्दैनन्, बरु किसानले सही तरिकाले खेती नगरेकै कारण उत्पादन नभएको सहज निश्कर्ष निकालेर वर्षौंदेखि माटोमा अभ्यस्त किसानको हुर्मत लिन पुग्छन्।

सुर्खेतका एक पशु अधिकृतलाई उद्धृत गर्दै सोमत घिमिरे आफ्नो पुस्तकमा उल्लेख गर्छन् -'कृषिको व्यावसायिक नाराले त झन् साना र मध्यम किसानले फाइदै पाउँदैनन्। अंग्रेजीमा प्रपोजल बनाऊ, पेस गर, अनेक फर्म्याट छन् किसानले भर्ने सक्दैनन्। व्यावसायिक कृषिको नारा त साना र मध्यम किसानमारा नारा हो। यस्ता नाराले साना र मध्यम किसान उत्साहित हुनै सक्दैनन्।' पछिल्लो समयमा कृषिको नाउँमा राज्य तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट पाउने ठूलो स्केलको सहुलियत लिने भुईंफुट्टा वर्गको जन्म भएको छ, जसका लागि कृषि एक फेसन बनेको छ। अनि एकातिर व्यावसायिक कृषिको नाममा सस्तो ब्याजदरमा मनग्गे ऋण लिएर अपचलन गर्ने ट्रेन्ड बढ्दै गएको छ। अर्कोतिर आजीवन खेतीकिसानी गरी माटोमै जीवन बिताउने साना तथा मध्यम किसानलाई भने सधैं खेती गर्ने बेलामा बीउबिजन र मलखादकै चिन्ताले पिरोल्ने गरेको छ। के यही अवस्थालाई कायमै राखेर कृषिको विकास हुन्छ?

कुनै पनि देश प्रगतिपथमा लम्किन उसले आफ्नो राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाअनुसारको आर्थिक नीति, योजना र प्राथमिकता तोकेर काम गरेको हुन्छ। जसरी हरेक व्यक्तिको आफ्नै किसिमको जिउने कला हुन्छ, त्यसैगरी हरेक देशको पनि उन्नतिका लागि आफ्नै पृष्ठभूमि र प्राथमिकता हुन्छन् र हुनुपर्छ। हामीले प्रगतिपथमा लम्किनका लागि हाम्रो अर्थतन्त्रको स्वरूप र आधार हामी आफैंले निर्धारण गर्ने हो। अब हामीले पनि आयातित ज्ञानमा होइन, आफ्नै माटोमा उत्पन्न रैथाने ज्ञान, सीप र कलालाई केन्द्रमा राखेर कृषि अर्थतन्त्रको पुनर्संरचना गर्नुपर्छ। नेपालको भौगोलिक विविधताअनुसारको कृषिको समस्या पनि फरकफरक छन्, ती समस्याको पहिचान र निदान नै कृषिको व्यावसायीकरण र आधुनिकीकरणको पहिलो प्रस्थान विन्दु हुनेछ। सहरबजारमा हुने तथ्यांकमुखी कृषि विमर्शले कहीं पुऱ्याउँदैन।

## संक्षेप

### जिप पल्टिँदा मृत्यु

**बिर्तामोड :** गाडी दुर्घटना हुँदा सोमबार बिहान झापामा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। पूर्व-पश्चिम राजमार्गअन्तर्गत झिलझिलेमा मे.१ज ४५३३ नम्बरको जिप पल्टिँदा उदयपुर घर भएका २९ वर्षीय सन्दीप कार्कीको मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका कार्कीको उपचारका क्रममा बिर्तामोडस्थित बीएन्डसी अस्पतालमा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ। घाइते हुनेमा काँकडभिट्टाका राजु बस्नेत, मेचीनगर-१० बस्ने ज्ञानबहादुर बुढाथोकी, कमल गाउँपालिका-५ का गोपी गजुरेल र काँकडभिट्टाका गोपाल पौडेल छन्।

### लागुऔषधसहित पक्राउ

**विराटनगर :** प्रहरीले मोरङको विराटनगरबाट लागुऔषधसहित आइतबार राति दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुनसरीको इटहरी उपमहानगरपालिका-४ का ३४ वर्षीय अनिलकुमार चौधरी र २७ वर्षीय कल्पना परियार छन्। वडा प्रहरी कार्यालय विराटनगरको टोलीले उनीहरूका साथबाट १ सय २० एम्पुल लुपिजेसिक, १ सय २० एम्पुल डाइजेल्याब र १ सय २० एम्पुल एभिल बरामद गरेको छ।

### पुस्तक सहयोग

**ओखलढुंगा :** ओखलढुंगा रगनीका तेजबहादुर रोक्काले मोलुङ हर्कपुरस्थित जीवन प्रदीप माविको पुस्तकालयलाई ३० हजार मूल्यको पुस्तक सहयोग गरेका छन्। उनले कक्षा ११ र १२ का लागि आवश्यक पाठ्यपुस्तक प्रदान गरेका हुन्। उनले पूर्वविद्यार्थी एवं सहकारी हकहित राष्ट्रिय समाजका अध्यक्ष अर्जुन खतिवडाको संयोजनमा पाठ्यपुस्तक हस्तान्तरण गरेका छन्।

### वडासदस्य पक्राउ

**विराटनगर :** फुटबल खेलाडीमाथि छुरा प्रहार गरेको अभियोगमा मोरङको उर्लाबारी-६ का वडासदस्य ४० वर्षीय सचिन शाक्य पक्राउ परेका छन्। उर्लाबारी-४ बाट शाक्यलाई आइतबार राति ११ बजे पक्राउ गरिएको इलाका प्रहरी उर्लाबारीका प्रहरी निरीक्षक रामप्रसाद तिमल्सिनाले बताए। फुटबलर २७ वर्षीय विशाल तामाङमाथि छुरा प्रहार गरेर शाक्य गत असार ७ गतेदेखि फरार थिए। तामाङ मोरङ-११ मा आबद्ध फुटबलर हुन्। विश्वकप फुटबल हेर्ने क्रममा उत्पन्न विवाद बढ्दै गएपछि उर्लाबारी-५ स्थित एक होटलमा वडासदस्य शाक्यले तामाङमाथि छुरा प्रहार गरेको तिमल्सिनाले बताए। अभियुक्तविरुद्ध जिल्ला अदालत मोरङमा ज्यान मार्ने उद्योगअन्तर्गतको मुद्दा दर्ता गरिएको थियो।

### बलात्कार आरोपी समातिए

**तेह्रथुम :** ४५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा फेदाप गाउँपालिका-१ सिम्लेका २४ वर्षीय रामचन्द्र लिम्बू भनिने अम्बरबहादुर लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ। अभियुक्त लिम्बूले यही भदौ ८ गते घरमा ती महिलालाई बलात्कार गरेको आरोप पीडित पक्षले लगाएको छ। पीडित महिलाले पोक्लाबाङ प्रहरी चौकी र वडा कार्यालयमा उजुरी दिएपछि अभियुक्त पक्राउ परेका हुन्। प्रहरीमा जाहेरी दिएको थाहा पाएपछि फरार भएका अभियुक्त सम्दुबाट पक्राउ परेको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए।

# समावेशी गाईजात्रा



धनकुटा बजारमा निकालिएको गाईजात्रा। ● हरिबहादुर लम्जेल

**सीताराम गुरागाईं** | *ताप्लेजुङ*

**ताप्लेजुङमा नेवारसहित अन्य समुदायको पनि संलग्नतामा गाईजात्रा मनाइएको छ।**

गाईजात्रा र लाखे नाचलाई नेवार समुदायले मनाउने पर्वका रूपमा लिइन्छ। ताप्लेजुङमा भने ठूलो संख्यामा नेवारसहित अन्य समुदायको पनि संलग्नतामा गाईजात्रा मनाइएको छ।

कार्यक्रम नेपाल भाषा तथा सांस्कृतिक समाजले आयोजना गरे पनि सबै समुदाय लाखे नाच र गाईजात्रामा सहभागी हुन्छन्। जिल्ला सदरमुकाम फुङलिङमा सोमबार आयोजित गाईजात्रा पनि यस्तै समावेशी प्रकृतिको देखियो। नेवारसहित लिम्बू, राई, शेर्पा, क्षेत्री, बाहुन र दलितसमेत कार्यक्रममा समावेश थिए।

'अरू जिल्लाभन्दा यहाँ गाईजात्रा मनाउने तरिका फरक छ', समाजका अध्यक्ष निरोज श्रेष्ठले भने, 'पछिल्ला वर्ष नेवार मात्र नभई गैरनेवार पनि हाम्रो कार्यक्रममा सहभागी भएर सहयोग गरिरहनुभएको छ।'

एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा 'ख्याग' निकालेर ताप्लेजुङमा गाईजात्रा मनाइएको हो। समाजको आयोजनामा निकालिएको ख्याग र लाखेनाचसहित फुङलिङ बजार परिक्रमा गरिएको थियो। गत वर्षको गाईजात्रायता मृत्यु भएका हिमाल श्रेष्ठ, काजीबहादुर श्रेष्ठ, नरमाया श्रेष्ठ र वीरबहादुर श्रेष्ठको ख्याग निकालिएको अध्यक्ष श्रेष्ठले सुनाए। समाजसहित किरात याक्थुङ चुम्लुङका कलाकार, गायक सुरज मादेन, माधव प्रधान र सावला मादेनले श्रद्धाञ्जली गीत प्रस्तुत गरेका थिए। गीतमा मृतकको जीवनी समेटिएको कलाकार प्रधानले सुनाए।

रामायणको झल्को दिने गरी प्रत्येक मृतकको स्मरणमा पाँच पाण्डव, गाईको स्वरूपमा पञ्चकन्या निस्किएका थिए। 'पुरुषलाई महिलाको स्वरूप दिइएर पञ्चकन्या बनाउने गरिन्छ', प्रधानले भने, 'यसरी परिक्रमा गर्नाले मृत्यु भएका व्यक्तिले मुक्ति पाउने धार्मिक विश्वास छ।'

लिम्बू बाहुल्य जिल्लामा लाखे नाचसँगै धाननाचसमेत प्रदर्शन गर्दै आपसमा प्रेम साटासाट गरिएको थियो। 'यसरी सबै मिलेर लाखे नाच, गाईजात्रा, धान नाच प्रस्तुत गर्दा यी पर्व कुनै जातिविशेषको नभई सबैको हो भन्ने लागेको छ', लामो समयदेखि रोपाइँ जात्रामा सहभागी बन्ने गरेका तारानाथ सिग्देलले भने, 'यसले जातीय सद्भाव अझ बलियो बनाएको छ।'

ख्यागलाई बजारनजिकै हाङ्देवा खोलामा लगेर सेलाइएको छ। जात्रा सुरु भएको मिति यकिन नभए पनि पुस्तौंदेखि चल्दै आएको समाजका सदस्य शंकर श्रेष्ठले बताए।

### धनकुटामा २२ परिवारले निकाले गाईजात्रा

धनकुटा : दिवंगत आफन्तको सम्झना गर्दै नेवार समुदायले सोमबार धनकुटा सदरमुकाम बजारमा गाईजात्रा निकालेका छन्। एक वर्षभित्र दिवंगत आफन्तको सम्झनामा मान्छेलाई गाईका रूपमा सिँगारी धनकुटा बजार परिक्रमा गराइएको हो।

धनकुटा नगरपालिका-७ श्रीवानीमा भेला भई सुरु भएको र्‍याली मदन चोक, बीच बजार, सिरान बजार, भीमनारायण चोक, माथिल्लो कोप्चे, तल्लो कोप्चे हुँदै टुँडिखेलमा पुगेर टुंगिएको थियो। धनकुटा नगर क्षेत्रका नेवार समुदायका २२ परिवारले गाईजात्रा निकालेको जनाइएको छ।

राजा प्रताप मल्लले शोकमा रहेकी रानीलाई चित्त बुझाउन गाईजात्रा निकाल्ने चलन सुरु भएको इतिहास रहेको स्थानीय मनोजनारायण श्रेष्ठले बताए। यस दिन स्वर्गको द्वार खुल्ने भएकाले गाईमार्फत स्वर्गमा पुग्ने विश्वास रहेको उनको भनाइ छ।

एक वर्षभित्र दिवंगत आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिँगारी बजार परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने चलन छ। यसरी नगर परिक्रमा गर्नाले दिवंगत व्यक्ति गाईको पुच्छर समाएर वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

प्रदेशका महिला सांसदको गुनासो

# 'हात उठाउने र ताली बजाउने जिम्मेवारी'

**कुमार लुइँटेल** | *विराटनगर*



प्रदेशसभातर्फ बढ्न नदिन लिम्बुवान पक्षधर कार्यकर्तालाई रोक्दै सुरक्षाकर्मी। ● कुमार लुइँटेल

प्रदेशसभाका महिला सदस्यले अवसर अभावमा आफूहरूले रचनात्मक भूमिका निर्वाह गर्न नसकेको गुनासो गरेका छन्। विधेयक पारित गर्ने क्रममा सभामुखले मत माग्दा 'समर्थनमा हात उठाउने, ताली बजाउने र त्यसपछि उठेर हिँड्ने कामबाहेक थप जिम्मेवारी नपाएको' उनीहरूको गुनासो छ।

संघीय संसद्की उपसभामुख डा. शिवमाया तुम्बाहाम्फेसँग अनुभव आदानप्रदान गर्न सोमबार आयोजित कार्यक्रममा प्रदेश सांसद मीना राईले प्रदेशसभामा आफूहरू ताली बजाउने भूमिकामा मात्र रहेको बताइन्। सांसद कला घलेले 'हुन्छ' वा 'हुन्न' भन्ने भूमिकामा मात्र महिला सांसद प्रयोग हुनुपरेको दुखेसो सुनाइन्।

नाम र राजधानी नल्याउँदा संघीयताविरोधीले सल्बलाउने अवसर पाएको सांसद राईले बताइन्। भनिन्, 'महत्त्वपूर्ण विषयको निर्णयमा ढिलाइ गर्दा संघीयतामाथि नै टीकाटिप्पणी गर्ने क्रम सुरु हुनु राम्रो होइन।'

सांसद सीता थेबेले प्रदेशको नाम र राजधानी सबै प्रदेशवासीलाई समेट्ने हुनुपर्ने बताइन्। सांसद उमिता विश्वकर्माले महिला, आदिवासी जनजाति र अल्पसंख्यकको कानुन ल्याउन ढिलाइ भएको बताइन्। सांसद होमकुमारी साँवाले सरकारमा महिला सहभागिता नहुनु दुःखद् भएको बताइन्। भनिन्, 'अहिलेसम्म सरकारले पूर्णता पाएको छैन। त्यसमा महिला सहाभागिता शून्य छ।' सरकारमा महिला सहभागिता अनिवार्य भए पनि अहिलेसम्म चासो लिएको नपाएको उनको भनाइ थियो।

सांसद बसन्तीदेवी यादवले महिला हिंसाका घटना बढे पनि प्रदेश सरकारबाट आसलाग्दो काम हुन नसकेको टिप्पणी गरिन्। भनिन्, 'हिंसाका यति धेरै घटना भएका छन् तर सरकारबाट देखिने गरी खासै काम भएको छैन।' महिला हिंसासम्बन्धी घटना बढ्नु चिन्ताको विषय भएको उनको भनाइ थियो।

सांसद कृष्णकुमारी राईले महँगी बढे पनि यसलाई नियन्त्रण गर्न र जनतालाई राहत पुग्ने काममा प्रदेश सरकारले खासै काम गर्न नसकेको टिप्पणी गरिन्। भनिन्, 'प्रदेश सरकार सबैभन्दा नजिकको सरकार भन्ने जनताको बुझाइ छ।'

सांसद राधा थापाले महिलामैत्री कानुन बन्नुपर्नेमा जोड दिइन्। त्यस्तै, सावित्रा रेग्मी र यशोदा अधिकारीले बलात्कारका घटना बढ्नु चिन्ताको विषय भएको उल्लेख गर्दै घटनामा संलग्न दोषीलाई कडा कारबाही हुनुपर्ने बताए। छलफलमा नेकपा, कांग्रेस, राप्रपालगायत दलका २३ महिला सांसद सहभागी थिए।

उपसभामुख तुम्बाहाम्फेले कानुन निर्माणमा सबैको भूमिका उत्तिकै हुने उल्लेख गर्दै महिला सांसद कुनै हिसाबले पनि कमजोर नभएको बताइन्। महिला सांसदको भूमिका प्रभावकारी बनाउन जरुरी रहेको उनको भनाइ थियो। विभिन्न समितिमा पनि महिला सहभागिता ३३ प्रतिशत रहने संघीय संसद्को नियमावलीमा व्यवस्था भएको उदाहरण दिँदै उनले यहाँ पनि ध्यान दिन सुझाव दिइन्।

### प्रदेशको नाम माग्दै धर्ना

प्रदेशका मन्त्रीले अनौपचारिक रूपमा प्रस्ताव गरेको प्रदेशको नामप्रति लिम्बुवान पक्षधर दलले असन्तुष्टि जनाएको छ। केही मन्त्रीले प्रदेश १ को नाम सगरमाथा वा कोसी हुने बताएका थिए। यी नाम मान्य नहुने जनाउँदै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले विराटनगरस्थित प्रदेशसभा भवन अगाडि धर्ना सुरु गरेको छ। अरुण नदीपूर्व नौ जिल्ला लिम्बुवान हुनुपर्ने माग गर्दै आएको मञ्चका कार्यकर्ताले लिम्बुवान-किरात-खम्बुवान नाम राख्न प्रदेश सरकारको ध्यानाकर्षण गराए।

मञ्चका अध्यक्ष कुमार लिङ्देनले जातीय पहिचान नामेट हुने गरी प्रदेशको नामकरण गर्ने प्रयास भए मान्य नहुने चेतावनी दिए। 'हिजो संघीयताकै विरोध गर्नेहरू आज आफूलाई सबैभन्दा ठूलो राष्ट्रवादी भन्दै हिँडेका छन्', उनले भने, 'उनीहरूसँग धेरै आस गर्न सकिँदैन। लिम्बुवान-किरात-खम्बुवान नाम नराखे हाम्रो आन्दोलनको शृखंला झन् सशक्त हुनेछ।' सुझबुझपूर्ण निर्णय लिन मुख्यमन्त्री शेरधन राईको ध्यानाकर्षण गराउँदै उनले सबै जातजातिको चित्त बुझ्ने गरी प्रदेशको नाम राख्न सुझाव दिए।

प्रदेशसभामा मञ्चकी सांसद विष्णुमाया तुम्बाहाम्फेले लिम्बुवान-किरात-खम्बुवान नामको विकल्प नभएको जिकिर गरिन्। भनिन्, 'कोसी वा सगरमाथा नाम राखेर यहाँका जातजातिको पहिचान खुल्दैन।'

### प्रदेशसभा आसपास कडा सुरक्षा

लिम्बुवान पक्षधरको प्रदर्शन र धर्नालाई ध्यान दिँदै सोमबार प्रदेशसभा भवनवरपर सुरक्षा व्यवस्था कडा पारियो। ठूलो संख्यामा प्रहरी र सशस्त्र परिचालन गरी सुरक्षा व्यवस्था कडा पारिएको हो।

प्रदेश १ प्रहरी प्रमुख डीआईजी केदार रिजालले प्रदेशसभा वरपरको स्थितिलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएर सुरक्षा स्थिति मजबुत बनाएको जानकारी दिए। उनका अनुसार प्रदेशसभा भवनबाट पूर्वतर्फ देवकोटा चोक र पश्चिमतर्फ अस्पताल चोकसम्मको ३ सय मिटर क्षेत्रलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएको हो। धर्ना दिनका लागि झापा, मोरङ र सुनसरीबाट लिम्बुवान पक्षधर नेता तथा कार्यकर्ता विराटनगर आएका थिए। नाराजुलुस गर्दै प्रदेशसभातर्फ अघि बढेका उनीहरूलाई प्रहरीले विराटनगरको अस्पताल चोकमा रोकेको थियो। प्रहरीले अघि बढ्न नदिएपछि उनीहरूले प्रदेशसभाको मूल गेटबाट लगभग २ सय मिटर पश्चिम अस्पताल चोकनजिकै धर्ना दिएका थिए।



मेची राजमार्गअन्तर्गत इलामको हर्कटेमा दुर्घटनाग्रस्त क्षेत्र जनाउन राखिएको मोटरसाइकल संकेत। ● रविन भट्टराई

# अर्ग्यानिक चिया बगानमा कामदार अभाव

**तोयानाथ भट्टराई** | *इलाम*

अर्ग्यानिक चिया उत्पादनमा लागेका किसान र सहकारीले मजदुर अभाव झेल्न थालेका छन्। तेस्रो मुलुकमा अर्ग्यानिक चियाको माग बढेसँगै त्यसअनुसार उत्पादनमा लागेका किसान कामदार नपाएर समस्या परेका हुन्।

चिया टिप्ने कामदार अभावमा बगानै बेच्नुपर्ने अवस्था आएको सुन्दरपानी चिया उत्पादक सहकारीका सहव्यवस्थापक सोनाम योल्मूको भनाइ छ। यो सहकारीमा आबद्ध ७४ जना किसानले उत्पादन गर्ने अर्ग्यानकि चिया गोर्खा टी-स्टेटमा ११ वर्षदेखि बिक्री गरिँदै आएको छ। प्रतिकिलो ४० रुपैयाँ दिँदा पनि मजदुर पाउन छाडेको योल्मूले सुनाए।

'ए' ग्रेडको हरियो पत्तीको मूल्य प्रतिकिलो ९०, 'बी' ग्रेडको ६५ र 'सी' ग्रेडको ४३ रुपैयाँसम्म पाउने गरेका छन्। 'ए' ग्रेडको चिया बिक्री गर्दा मात्र किसानका हातमा मजदुर खर्च काटेर ५० रुपैयाँ पर्ने गरेको छ। कारखानाले दुई पात एक सुइरो र ८० प्रतिशतभन्दा बढी मुना भएको एकै साइजको चियालाई 'ए' ग्रेडमा राखेको छ। दुई पात एक सुइरो र ६० देखि ८० प्रतिशत एकै साइजको पत्तीलाई 'बी' र २० देखि ६० प्रतिशतसम्म दुई पात एक सुइरोको चियालाई 'सी' ग्रेडमा राखिएको छ।

इलामको पूर्वी क्षेत्रमा तीन सहकारी र गोर्खा टी स्टेटले अर्ग्यानिक चिया उत्पादन गर्दै आएका छन्। रोङ गाउँपालिकाको इको चिया उत्पादक सहकारीका १ सय १५ र सूर्योदय-३ को बौद्धधाम चिया उत्पादक सहकारीका २५ कृषकले अर्ग्यानिक चिया उत्पादन गर्दै आएका छन्।

'उत्पादनका हिसाबले कम लागतमा राम्रो आयआर्जन गर्न सकिन्छ', योल्मूले भने। उनको अनुभवमा यस्तो खेती गर्दा रासायनिक विषादीसँगको रात-दिनको संसर्गबाट पनि मुक्ति मिल्छ। तर, वैदेशिक रोजगारीको चक्करले गर्दा मजदुर अभाव भएको उनको भनाइ छ। एक जना मजदुरले आठ घण्टामा औसत सात किलो चिया टिप्ने गरेको किसान बताउँछन्। अहिले मजदुरले आठ घण्टा काम गर्दा कम्तीमा ३ सय रुपैयाँ कमाइ गर्छन्।



सूर्योदय नगरपालिका-९ स्थित अर्ग्यानिक चिया बगान अनुगमन गरिँदै। ● तोयानाथ भट्टराई


अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश नेपाल
स्थापना:-२०७३

**बोलपत्र प्रस्ताब स्वीकृतिका लागि आशयपत्रको सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७५/०५/१२

प्रस्तुत बिषयमा यस कार्यालयको प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका सवारी साधन खरिदका लागि पेश हुन आएका प्रस्तावहरु मध्ये तपसिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ का दफा २७ को उपदफा (२) प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कुनै पनि प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ बमोजिम स्वीकृत गरिनेछ ।

| विवरण | ठेक्का नं. | थान | प्रस्तावदाताको नाम | कबोल अंक रु.. (भ्याट सहित ) |
|---|---|---|---|---|
| डवल क्याप पिकअप खरीद | ०१/०७५।०७६ | १ | श्री G.O. Automobioles pvt. Ltd. थापाथली, काठमान्डौ | रु. ६८,९५,०००।- (अक्षरेपी अठ्सट्ठी लाख पन्चानब्बे हजार मात्र ) |
| ह्याज ब्याक कार खरीद | ०२/०७५।०७६ | १ | श्री Pioneer MotoCorp Pvt. Ltd. काठमान्डौ | रु. २३,४४,०००।- (अक्षरेपी तेइस लाख चौवालिस हजार मात्र) |

प्रमुख प्रशासकीय अधिकृत


### हत्या घटनापछि गाउँमा त्रास

**ओखलढुंगा :** मोलुङ हर्कपुरमा एक युवाको हत्या भएपछि स्थानीय त्रसित बनेका छन्। हत्याको घटनापछि स्थानीय त्रसित भएको वडाध्यक्ष राम कार्कीले जानकारी दिए। भने, 'हत्याको घटनापछि एक्ला-एक्लै हिँड्न स्थानीय डराउन थालेका छन्।' नयाँ मान्छे गाउँमा आएर सोधखोज गरेको भोलिपल्ट २७ वर्षीय सन्तोष कार्कीको यही भदौ ५ गते छुरी प्रहार गरेर हत्या भएको थियो। घर र गोठमा एक्लै बस्न र हिँडडुल गर्न छाडेको स्थानीयको भनाइ छ। त्रासकै कारण एक्लै बस्न सक्ने अवस्था नरहेको स्थानीय कविता खतिवडाले सुनाइइन्। प्रहरीले घटनामा संलग्न दोषीलाई एक-दुई दिनभित्र पक्राउ गर्ने जनाएको छ।

# पुल नबनाउने ठेकेदारप्रति आक्रोश



१० वर्षीया उषमा पटेलको डुंगा दुर्घटनामा ज्यान गएपछि शोकाकुल उनकी आमा सीतादेवी पटेल र आफन्तजन। ● फणि महत

**फणि महत** | *गौर*

डुंगा दुर्घटना भएपछि रौतहटवासी लालबकैया नदीमा पुल अलपत्र पार्ने ठेकेदारविरुद्ध आक्रोशित भएका छन्।

ठेकेदार पप्पु कन्स्ट्रक्सनले समयमा पुल नबनाउँदा गौर नगरपालिकाको टिकुलिया घाटस्थित नदीमा डुंगा दुर्घटना भई ज्यानसमेत गएको स्थानीयको भनाइ छ। घटनापछि राहत र क्षतिपूर्तिको कुरा गर्नुभन्दा पनि घटना नै हुन नदिनेतर्फ ध्यान दिनुपर्ने माग उनीहरूले गरे।

ठेकेदार पप्पु कन्स्ट्रक्सनको विरोध गर्दै सोमबार गौरमा नेकपाको अगुवाइमा प्रदर्शन भएको छ। पीडित परिवारलाई नेपाल सरकारबाट उचित राहत र ठेकेदारलाई हदैसम्मको कारबाही माग गर्दै नेकपाले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

बागमती र लालबकैया नदीमा जीर्ण डुंगा प्रयोग हुँदै आएको, तालिम नलिएका चालकले डुंगा चलाएको, डुंगा सञ्चालन गर्दा आउन सक्ने जोखिमका लागि सुरक्षा व्यवस्था नगरेको, डुंगाको अवस्थाबारे स्थानीय तह र स्थानीय प्रशासनले अनुगमन नगरेकाले गम्भीर बन्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइएको नेकपाका नेता शम्भु साहले सुनाए।

रौतहटका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले जिल्लामा सञ्चालित डुंगाको अनुगमन गर्ने र पुल बनाउँदै गरेको ठेकेदार कम्पनीका विषयमा बुझ्ने जवाफ दिए। पप्पु कन्स्ट्रक्सनले २०७४ साल असार २५ गतेभित्र पुल निर्माण गर्ने सम्झौता गरेको भए पनि अहिलेसम्म पिलर मात्र बनाइएको छ। पुल निर्माणका लागि २०७१ साल असार २६ गते सम्झौता भएको थियो। निर्माणाधीन पुलको पिलरमा शनिबार साँझ डुंगा ठोक्किँदा १० जनाभन्दा बढी घाइते तथा केहीको ज्यानसमेत गएपछि ठेकेदारको विरोध भएको हो।

### मुख्यमन्त्रीले गरे निरीक्षण

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले सोमबार डुंगा दुर्घटना भएको स्थल तथा अलपत्र पुलको निरीक्षण गरेका छन्। मुख्यमन्त्री राउतले डुंगा दुर्घटनामा ज्यान गुमाएकाका आफन्तसँग भेटसमेत गरे। पीडित परिवारसँग उनले पुल निर्माणमा ढिलासुस्तीबारे प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाए। प्रदेश सरकारसँग कुनै अधिकार नभएकाले केन्द्र सरकारलाई यसबारे जानकारी गराउने उनले सुनाए।

उनले दुर्घटनामा ज्यान गुमाएकाका परिवारलाई जनही २ लाख रुपैयाँका दरले राहत तथा २५ हजार किरिया खर्च उपलब्ध गराउने प्रतिबद्धतासमेत व्यक्त गरे। उनले घाइतेको उपचार नि:शुल्क गराउन स्थानीय प्रशासनलाई निर्देशन दिए। जिल्ला प्रशासन कार्यालयले मृतकका प्रतिपरिवारलाई १ लाखका दरले रकम उपलब्ध गराएको सीडीओ रिजालले बताए। गौर नगरपालिकाले १ लाख १५ हजार रुपैयाँका दरले पीडित परिवारलाई सहयोग गर्ने निर्णय गरेको मेयर अजय गुप्ताले बताए।

### थप एकको शव फेला

गौर नगरपालिका-४ टिकुलिया घाटस्थित लालबकैया नदीमा शनिबार डुंगा पल्टिएर हराएकामध्ये थप एक जनाको शव फेला परेको छ। यसअघि तीन जनाको शव भेटिएको थियो। दुर्घटना भएको राति २४ जना सम्पर्कमा आए पनि पाँच जना बेपत्ता थिए। चार जनाको शव भारतीय भूमिमा फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। सोमबार बिहान गौर-४ का १९ वर्षीय ओमप्रकाश चन्द्रवंशीको शव भेटिएको हो। गौर-४ की ४५ वर्षीया इन्दुदेवी पटेल बेपत्ता रहेको सीडीओ रिजालले बताए। शनिबार साँझ इशनाथ नगरपालिकाको बन्जाराहाबाट टिकुलिया आउँदै गरेको डुंगा दुर्घटना भएको थियो।

## राखी बाँध्ने सपना अधुरै

**सिरहा** (अन्नपूर्ण) : गोलबजार-४ की रोशनी राउतले रक्षाबन्धनका लागि अघिल्लै दिन राखी किनेर ल्याइन्। तर, शिवालयमा चढाउनका लागि जल लिन कमला नदी गएका उनका दाइ राहुल घर फर्किएनन्। नुहाउने क्रममा नदीमा बेपत्ता भएका उनी सोमबार मृत अवस्थामा फेला परेका छन्।

दाइ राहुलको मृत्यु भएपछि बिलौना गर्दै रोशनीले भनिन्, 'दाइको हातमा राखी बाँध्ने सपना अधुरै रह्यो।' दाइ बितेका कारण उनले भाइलाई पनि राखी बाँध्न पाइनन्।

एकै कक्षामा पढ्ने साथीहरूसँग जल लिन उनी कर्जन्हा नगरपालिका-१ बन्दीपुरस्थित कमला नदी पुगेका थिए। नुहाउने क्रममा उनीसँगै मन्जे महरा र कृष्णकुमार महतो बेपत्ता भएका थिए। महतोको शव आइतबार पूर्व-पश्चिम राजमार्गमा पर्ने कमला पुलनजिकै भेटिएको थियो। सोमबार राउत कर्जन्हा-७ र महरा भारतीय बजार जयनगरमा मृत फेला परेको सिरहा प्रहरी प्रमुख एसपी जीवनकुमार श्रेष्ठले जानकारी दिए।

राहुल पढ्ने स्कुलमै उनका भाइ अमर कक्षा २ र बहिनी रोशनी कक्षा ५ मा पढ्दै छन्। उनीहरूका बुवा सुनील केही महिनाअघि वैदेशिक रोजगारबाट फर्किएका थिए। छोरा मृत्युको खबर सुनेर बेबी राउत छिन-छिनमा मूर्च्छा पर्ने गर्छिन्। 'छोरालाई धेरै सम्झाएँ, मेरो कुरा सुनिदिएन', उनले भनिन्, 'कुरा सुनेको भए छोरा सामुन्नेमा हुन्थे। रक्षाबन्धनमा बहिनीबाट हातमा राखी पनि बाँध्थ्यो।'

**डुंगा दुर्घटना**


# युवतीको सामूहिक बलात्कार

**मनोहर पोखरेल** | *राजविराज*

रक्षाबन्धनको अवसरमा लागेको मेला गएकी एक युवती ६ जनाबाट बलात्कृत भएकी छन्।

घटनाक्रमअनुसार दाजुभाइलाई रक्षाबन्धन बाँधिदिएर सप्तरीकी २० वर्षीया युवती साथीसंगीसँग मेला हेर्न अर्नाहा गएकी थिइन्। आइतबार दिउँसो ४ बजे चारवटा साइकलमा मेला पुगेका आठ जना उनीहरू झरी परेपछि तितरवितर भए। अबेलासम्म झरी नरोकिएपछि मेला आएकाहरू फर्किन थाले। ती युवती पनि साथी कमलेशको साइकल पछाडि बसेर घरतर्फ हिँडिन्।

कठौनानजिक पुगेपछि मादक पदार्थले ८-१० जनाले साइकल रोकेर युवतीलाई जिस्क्याउन थाले। ती युवतीका साथीभाइ भने अघि बढिसकेका थिए। कमलेशका साथीले प्रतिवाद गरेपछि उनलाई उक्त समूहले कुटपिट गरेर साइकल र मोबाइल खोसेको जनाइएको छ।



कुटाइबाट घाइते पीडितका साथी

'युवतीलाई ६ जनाले फूलबारीतर्फ लैजान लागेपछि सबैको खुट्टा ढोगेर छाडिदिन अनुनयविनय गरें', कमलेशले भने, 'उनीहरूले मलाई पुनः कुटपिट गर्दै नियन्त्रणमा राखे। त्यसपछि उनलाई फूलबारीतर्फ लगेर सामूहिक बलात्कार गरे।'

> मेलाबाट फर्किंदै गरेकी युवतीलाई साथीबाट खोसेर ६ जनाले बलात्कार गरेका छन्।

उनका अनुसार होहल्ला भएपछि अभियुक्तका आफन्त कोही मोटरसाइकल त कोही गाडीमा आए। केहीले अभियुक्त सबैलाई नभए पनि एक जनालाई नियन्त्रणमा लिई प्रहरीमा बुझाउनुपर्ने बताए। तर, अभियुक्तका आफन्तको संख्या बढ्दै गएपछि अपराधीलाई उम्काएको उनले सुनाए।

उनले राति साढे १ बजे प्रहरी चौकी कठौना पुगेको बताए। 'प्रहरीमा गुहार मागे पनि कसैले सुनेनन्', उनले भने, 'प्रहरी चौकीछेउ घर भएका एक जना उठेर सबै जानकारी लिँदा पनि कठौना चौकीका प्रहरी नउठेपछि इलाका प्रहरी कार्यालय कल्याणपुरतर्फ लाग्यौं।'

उनले जिल्ला प्रहरी कार्यालयमा पनि फोन गरेर घटना सुनाएको बताए। 'मोटरसाइकलबाट कल्याणपुरतर्फ जाँदै गर्दा गस्तीमा निस्किएको प्रहरी टोलीसँग मिलन चोकमा भेट भयो', उनले भने, 'घटनाबारे सबै वृत्तान्त सुनायौं।'

उनका अनुसार रातको अढाई बजे प्रहरी टोली घटनास्थलतर्फ लागे पनि अभियुक्तले स्थान परिवर्तन गरिसकेकाले युवती भेटिएनन्। सोमबार बिहान ५ बजे उज्यालो हुन लागेपछि बलात्कारीले छाडेको पीडितले बताइन्।

खोजीका क्रममा प्रहरीले सोमबार बिहान दुई जना र दिउँसो थप दुई जना अभियुक्तलाई पक्राउ गरेको छ। एसपी राजेन्द्र विष्टले पक्राउ परेका दुई जना घटनामा प्रत्यक्ष र दुई जना कुटपिटमा संलग्न रहेको पाइएको जानकारी दिए।


**मिथिला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ढल्केवर, धनुषा**
**प्रदेश नं. २, नेपाल**

**मोटर साइकल र स्कुटर सवारी साधन खरिद सम्बन्धमा**

**प्रथम पटक प्रकाशित : २०७५।०५।१२**

आ.व. २०७५।७६ मा यस कार्यालयमा आवश्यक सवारी साधन आपूर्ती सम्बन्धि वोलपत्रपत्रका माध्यमबाट खरिद गरी आपूर्ती गर्नु पर्ने भएकोले निम्न शर्तको अधिनमा रहि उक्त सामान सप्लाई गर्न ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी बिक्रेता तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको वोलपत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**शर्तहरुः**

१. वोलपत्रपत्र सम्बन्धी कागजात यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समय भित्र तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिने छ।

२. इच्छुक फर्म, कम्पनी वा संस्थाले वोलपत्रपत्र खरिद गर्दा र वोलपत्रपत्र पेश गर्दा वोलपत्र फारम साथ आ.व. २०७५।०७६ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा मु.अ. कर प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र आ.व. २०७४।७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपराइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ।

३. वोलपत्रपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे सम्ममा शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि वोलपत्रपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्वारा वोलपत्रपत्र तोकिएको कार्यालयमा दर्ता गराउन सकिने छ। दर्ता हुन आएको वोलपत्रपत्र फारम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ।

४ दर्ता भएका वोलपत्रपत्र फारामहरु ३१औं दिनको २ बजे वोलपत्रपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। वोलपत्रपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्रपत्र खोल्न बाधा पर्ने छैन।

५ वोलपत्रपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको भोली पल्ट सोही समयमा दर्ता गर्ने र खोलिने कार्य हुनेछ।

६ वोलपत्रपत्र साथ सूचनामा उल्लेखित जमानत बापतको रकम मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ढल्केवर, धनुषाको राष्ट्रिय बाणिज्य बैंक, भानुचोक, जनकपुरमा रहेको धरौटी खाता नं. १२२०३०३००७१०३ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको वोलपत्रपत्र पेश गर्ने अन्तिम मितिबाट वोलपत्रपत्रको लागि १२० दिन सम्म म्याद भएको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ।

७ वोलपत्रपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा बोलकबोल अंकको ५ प्रतिशतले हुन आउने रकम तोकिएको बैकमा जम्मा गरेको सक्कल बैंक भौचर वा सो वरावरको १ (एक) वर्ष सम्म म्यााद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य वैकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ।

८ वोलपत्रपत्रमा दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ। दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप नभएको, कार्यालयबाट बिक्रि भएको फाराम भरी नआएको दरभाउपत्र फाराम उपर कुनै कारवाही हुने छैन।

९ वोलपत्रपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा सम्बन्धित पेशामा व्यवसायको कसुरमा आफुले कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा वोलपत्रपत्र सम्बन्धि कागजात साथ पेश गर्नु पर्नेछ। घोषणापत्र संलग्न नभएको वोलपत्रपत्र उपर कुनै कारवाही हुने छैन।

१० वोलपत्रपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दररेट पेश गर्नु पर्नेछ। बोलपत्रदाताले कबोल गरेको जम्मा अंक यस कार्यालयको इष्टिमेट अंक भन्दा कम हुनु पर्नेछ।

११ यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य आवश्यक विवरणहरु वोलपत्रपत्र फाराम साथ उपलब्ध गराइने छ।

१२ प्रचलित नियमानुसार रित नपुगेको, म्याद नाघि आएको र शर्त राखिएको वोलपत्रपत्र उपर कुनै कारवाही हुने छैन।

१३ एक फर्मको नाममा खरिद गरिएको वोलपत्रपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१४ वोलपत्रपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१५ वोलपत्रपत्र फाराममा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

१६ कार्यालय सम्म उल्लेखित सामानहरु आपूर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरु वोलपत्रपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ।

१७. आधिकारिक कम्पनी वा मान्यता प्राप्त विक्रेताले मोटरसाईकल तथा स्कुटरको गुणस्तर Council दर्ता मेकानिकल ईन्जिनियबाट प्रमाणित हुनुपर्ने र सोको सम्पूर्ण खर्च आपूर्तीकर्ताले नै व्यहोर्नु पर्नेछ।

१८ अन्य थप कुरा बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

१९ वोलपत्रदाताले सम्झौता गरेको ७ (सात) दिन भित्र सम्बन्धित ठाउमा सामग्री सप्लाई गरी सक्नुपर्ने छ।

२० वोलपत्रपत्र फाराममा र सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ।

२१. वोलपत्र स्वीकृत हुने आधिकारीक विक्रेताले न.पा. को नाममा सवारी साधन नामसारी, विमा, र चालु आ.व.को सवै राजस्व कर चुक्ता गरेपछि मात्र भुक्तानी दिईने छ।

२२. मान्यता प्राप्त कम्पनी स्वयम वा आधिकारी विक्रेताले मात्र वोलपत्र दर्ता गर्न पाउने छ।

**मोटर साइकल र स्कुटर खरिदको विवरण**

| सि. नं. | खरिदको प्याकेज | संख्या | ल.ई. अंक (कन्टिनजेन्सी र मु.अ.क.वाहेक) | खरिदको माध्यम | फाराम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल (वोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ११ थान मोटरसाइकल | प्रति ईकाइ २,७५,०००।०० | वोलपत्र | रु ३,०००।०० | कवोल अंकको ५ प्रतिशत | मोडल २०१८ |
| २ | स्कुटर (वोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | २ थान स्कुटर | प्रति ईकाइ २,०५,०००।०० | वोलपत्र | रु ३,०००।०० | कवोल अंकको ५ प्रतिशत | मोडल २०१८ |

**नोट :- खरिदको प्याकेज मोटर साईकल र स्कुटरको संगै वा छुट्टाछुट्टै पेश गर्न सकिने छ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**मिथिला नगरपालिका**


## बाढीको त्रास

**मलंगवा** : लखनदेही नदीको बाढीले गत वर्ष सर्लाही कौडेना-७ शिवनगरमा धनसम्पत्तिको क्षति पुर्‍यायो। यो वर्ष पनि स्थानीयवासीमा बाढीको त्रास कायम छ।

गत वर्ष धनसम्पत्ति गुमाएका स्थानीयलाई यो वर्ष पनि बाढी आएर गाउँलाई बर्बाद बनाउने डरले सताइरहेको हो। वर्षायाम लागेदेखि नै बाढीको त्रासले गर्दा स्थानीयलाई रातमा राम्ररी निद्रा लागेको छैन। फुसको घर रहेको नदी किनारको बस्तीमा बाढी पस्दा गत वर्ष निकै क्षति भएको स्थानीयको भनाइ छ।

गाउँबाट बाहिरिने सडक वर्षाका कारण अवरुद्ध बनेको छ। बाढी आउँदा भाग्ने बाटो पनि छैन। उत्तर र पूर्वतर्फ नदी नै छ। दक्षिणतिर खेतै खेत छ। पश्चिमतिरको एक मात्र बाटो झरीका कारण बिग्रिँदा समस्या बढेको स्थानीयको गुनासो छ। वर्षा लागेदेखि चिन्ता बढेको स्थानीय रजी अहमदको भनाइ छ। 'नदीमा बाँध बाँधिएको छ तर कमजोर र कम उचाइको भएकाले बाढी आयो भने यसले थेग्दैन', उनले भने। गत वर्षको घटनाले अहिले झस्काउने गरेको हरिरा बेगम नुरीले बताइन्। 'वर्षाले गर्दा बाटो बिग्रिएको छ। कोही बिरामी भए गाउँमा एम्बुलेन्सम ल्याउने बाटो पनि छैन', उनले भनिन्।

# घडेरी नपाएपछि हारगुहार

**राजकरण महतो** | *बर्दिबास*

जग्गाधनीले रकम लिए पनि घडेरी पास नगरिदिएपछि महोत्तरीको भंगहा-५ का श्रीकिसुन मुसहर न्याय माग्दै भौतारिरहेका छन्।

बल्लतल्ल जोडेको एक कट्ठा घडेरी पनि जग्गाधनीले रकम लिएर पास नगरेपछि सात वर्षदेखि न्यायको खोजीमा रहेको उनले सुनाए। जिल्ला अदालतका खरिदार राजकरण साहसँग उनले २०६८ साल जेठ २८ गते १ लाख ५० हजार रुपैयाँमा घडेरी खरिद गरेका थिए। पछि जग्गा रजिस्ट्रेसन पास गरिदिने भन्दै साहले मुसहरलाई कपाली कागज गरिदिएको जनाइएको छ।

उनी जग्गा पास गराइदिन सरकारी निकायमा कपाली कागज लिएर भौतारिरहेका छन्। जग्गा पास गरिदिन आग्रह गर्दा जग्गाधनी साहले 'घर उखेलेर भगाइदिने' धम्की दिने गरेको पीडितको भनाइ छ। 'जग्गा पास गरिदिनु न मालिक' भन्दा उल्टै साहले दुईपटक प्रहरी लगाएर अनाहकमा दु:ख दिइसकेको उनले सुनाए।

उनका अनुसार डेढ लाखमा खरिद गरेको जग्गा रेलवेनजिकै परेपछि अहिले ३० लाखदेखि ३५ लाखमा बिक्री भइरहेको छ। यही कारण जग्गाधनीले जग्गा पास गर्न नमानिरहेको उनको दुखेसो छ।



कपाली कागज देखाउँदै श्रीकिसुन मुसहर। ● राजकरण महतो

भंगहा नगरपालिकाको न्यायिक समितिमा जेठमा यसबारे उजुरी दिए पनि सुनुवाइ नभएको उनले सुनाए। भंगहा-५ का वडाध्यक्ष शिवकुमार महतोले चाँडै पीडितको समस्या समाधान गरिने बताए।

जग्गाधनी साहले भने 'अदालतमा मुद्दा दिएर जग्गा लिओस्' भन्दै फोन सम्पर्क टुटाए। आफूले जोडेको जग्गा बिक्री गरेर पनि मुद्दा लड्न नपुग्ने पीडितको भनाइ छ। जिल्ला अदालतका निमित्त स्रेस्तेदार महेन्द्र झाले खरिदार साहलाई सोधपुछ गरेर जग्गा पास गराउन पहल गरिने बताए।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले पुस्तौंदेखि जग्गाविहीन मुसहरजस्तो समुदायले कमाएर जग्गा किन्नु ठूलो उपलब्धि भएको बताए। 'जग्गा पास गराउन पहल गर्छु', उनले भने, 'पीडितलाई चाँडै न्याय मिल्नेछट।'

## संक्षेप

### भाइमाथी चक्कु प्रहार

**गोरखा :** चुमनुब्री गाउँपालिका-६ रेञ्जोममा दाइले आफ्नै भाइलाई चक्कु प्रहार गरेका छन्। आपसी झगडामा चुम्चेतको घो भन्ने ठाउँका पासाङ दोर्जे लामाले भाइ रेञ्जोमका लोप्साङ लामालाई चक्कु हानेको वडा अध्यक्ष लोप्साङ लामाले जानकारी दिए। सोमबार बिहान चक्कु प्रहार गरेको उनले बताए। घाइते लोप्साङको अबस्था गम्भीर छ। उनलाई चुम्चेत स्वास्थ्यचौकीका अहेब तथा अनमिले सामान्य उपचार गरेका छन्। 'यहाँ निको हुदैन। थप उपचार गर्न लैजानू भनेका छन्', वडा अध्यक्ष लोप्साङ लामाले भने, 'घाइतेलाई काठमाडौं लैजान दिनभर हेलिकोप्टर खोजें, तर पाउन सकिनँ।' घटनास्थलमा प्रहरी पुगिसकेको एसपी विमल बस्नेतले जानकारी दिएका छन्। चक्कु हान्ने फरार रहेको उनले बताए।

### २ महिनामै सरुवा

**पोखरा :** गण्डकी प्रदेशका प्रमुख सचिव नारायणप्रसाद बिडारीलाई संघीय सरकारले प्रदेश सरकारसँग समन्वय नगरी सोमबार सरुवा गरेको छ। बिडारी सरुवा भई आएको २ महिना नपुग्दै प्रदेश ७ सरुवा भएका छन्। उनको ठाउँमा प्रदेश ७ का प्रमुख सचिव लक्ष्मीराम शर्मा आउने बताइएको छ। बिडारी असार ३ गते गण्डकीमा हाजिर भएका थिए। त्यसअघि लक्ष्मण अर्याल यहाँका प्रमुख सचिव थिए। बिडारीको अपर्झट आएको सरुवापत्रबाट उनी र प्रदेश सरकार अचम्मित बनेको छ।

### दिवंगतको सम्झनामा ख्याग

**दमौली :** तनहुँका नेवार समुदायले दमौलीमा गाईजात्रा पर्व मनाएका छन्। एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा बजारका विभिन्न नेवार गुठीले ख्याग निकालेर गाईजात्रा मनाएका हुन्। बन्दीपुर भीमसेन धर्म गुठी तथा तनहुँसुर भीमसेन धर्मगुठीको आयोजनामा फरक फरक ख्याग निकालेर दमौली परिक्रमा गरिएको थियो। ख्याग र लाखेनाचसहित विभिन्न भागको परिक्रमा गरिएको थियो। नेवार समुदायको बाहुल्य रहेको बजारमा हरेक वर्ष धेरै घरबाट ख्याग निकाल्ने गरिएको छ। ख्यागको परिक्रमा गर्नाले मृत्यु भएका व्यक्तिले मुक्ति पाउने जनविश्वास छ।

# खुल्दै नयाँ सरकारी कार्यालय




भु तथा जलाधार व्यवस्थापन कार्यालयको उद्घाटन गर्दै उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री विकास लम्साल। ● अन्नपूर्ण

**माया अधिकारी** | *कुश्मा*

साउन १ गतेदेखि पुराना सरकारी कार्यालय खारेज गरेको गण्डकी प्रदेशमा धमाधम नयाँ कार्यालय स्थापना हुन थालेको छ। प्रदेश सरकार मातहत रहनेगरी पर्वतमा आइतवार र सोमवार गरी दुईवटा कार्यालय स्थापना गरिएका छन्।

साविक जिल्ला कृषि विकास कार्यालयको भवनमा पर्वत र बागलुङ जिल्ला हेर्नेगरी 'कृषि ज्ञान केन्द्र' स्थापना भएको छ भने साविक भु-संरक्षण कार्यालयको स्थानमा पाँच जिल्ला हेर्ने गरी भु तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गरिएको छ।

भु तथा जलाधार व्यवस्थापन कार्यालयले पर्वतलगायत साविक धौलागिरिका चार जिल्ला र साविक गण्डकी अञ्चलको स्याङ्जा जिल्ला हेर्नेगरी कार्यालय स्थापना भएको हो। कृषि ज्ञान केन्द्रको गण्डकी प्रदेश सरकारका भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले उद्घाटन गरे भने भु तथा जलाधार व्यवस्थापन कार्यालयको सोमवार उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री विकास लम्सालले उद्घाटन गरेका छन्।

कार्यालय उद्घाटन गर्दै मन्त्री लम्सालले संघीयताको अभ्याससँगै नयाँ संरचना र नयाँ पद्धतिवाट नागरिकलाई सेवा प्रवाह गर्ने उद्देश्यले पर्वतमा कार्यालय स्थापना गरिएको बताए। पर्वतमा कार्यालय राखेपछि सबै हिसावले काम गर्न सजिलो हुने र पाँचवटै जिल्लाको मध्यविन्दुमा पर्ने भएकाले सेवाग्राहीलाई सहज हुने उनले बताए।

विगतमा भु संरषण कार्यालयले गर्ने योजनाभन्दा ठुला र धेरै लाभान्वित हुने खालका योजना कार्यालयले संचालन गर्ने उनको भनाइ छ । लम्सालले गण्डकी प्रदेश बढि पहाडी र कमजोर भुबनोट रहेको बताउँदै पाँचवटै जिल्लामा समान रुपमा सेवा प्रवाह गर्न पनि उनले आग्रह गरे।

अहिले उक्त कार्यालयमा १६ जनाको दरबन्दी छ। यस कार्यालयले कुवा पोखरी संरक्षण, सहरी खानेपानीका जलाधार क्षेत्र संरक्षण, संवेदनशिल जलाधार क्षेत्र संरक्षण, भुसंरक्षण प्रदर्शनीस्थल निर्माण, नदी उकास जग्गा पुर्नस्थापना, सडकसँग भुसंरक्षण कार्यक्रम गर्ने मन्त्रालयका सचिब बुद्धिसागर पौडेलले जानकारी दिए। यसगरी कृषि ज्ञान केन्द्रको उद्घाटन गर्दै भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले गण्डकी प्रदेशभित्र ६ वटा कृषि ज्ञान केन्द्र तथा ७ वटा पशु अस्पताल तथा बिज्ञ केन्द्र स्थापना गरि कृषि र पशुसेवालाई कृषकका बिचमा सहज पहुँचको ब्यबस्था गरेको बताए।

कृषि बजेट स्थानिय तहमा गए पनि सोही अनुसार प्राबिधीक जनशक्ति जान नसक्दा प्रतिफल नआएको मन्त्री थापाले बताए। 'यस्ता कार्यालय प्रदेश सरकारका आधिकारीक कार्यालय भएपनि केन्द्र सरकार र स्थानिय तहको समेत संयोजन गरि ब्यबसायिक कृषि र पशुपालन बढाउन मद्दत पुग्ने बिश्वास लिएका छौं', मन्त्री थापाले भने।

# प्रदेश सरकारले दिएन 'बिजनेस'

**केशवशरण लामिछाने** | *पोखरा*

प्रदेश सरकारले विजनेश दिन नसक्दा साउन ३१ गते बसेपछि सोमबारका लागि डाकिएको गण्डकी प्रदेशको प्रदेश सभा बैठक सूचना टाँसेर स्थगित गरिएको छ। लामो 'ग्याप'पछि डाकिएको बैठक फेरि त्यही कारण स्थगित भएको हो।

संसदलाई बिजनेस दिने गरी प्रदेश सभाको विधायन समितिमा विधेयकको छलफल यसबीच चलिरहेको थियो। सोमबार पनि समितिको बैठक थियो। तर छलफलमा विधेयक समितिले टुंगो लगाउन नसक्दा प्रदेश सभाले बिजनेस नपाएको हो।

बिजनेस नभएकैले सूचना टाँस गरी बैठक स्थगित भएको प्रदेश सभा सचिवालयका सचिव शम्भु खड्काले जनाए। सोमबार दिउँसो १ बजेका लागि बैठक डाकिएको थियो। त्यसको १ घन्टाअघि सूचना टाँस गरी स्थगन गरिएको थियो।

विधायन समितिमा प्रदेश सभा सचिवालय व्यवस्थापन कार्यविधि र प्रदेशका केही कानुन संशोधन गर्न बनेको विधेयक छलफलमा छन्। कार्यविधिमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका प्रमुख सचेतक मणिभद्र शर्माले संशोधन हालेका छन्। विधायन समिति सदस्यसमेत रहेका उनी समितिको सोमबारको बैठकमा आएनन्। प्रदेश सभा व्यवस्थापनका सम्पूर्ण अधिकार सचिवमा निहीत रहने प्रावधान विरुद्ध शर्माले संशोधन हालेका हुन्। उनले राजनीतिक दलको पनि प्रतिनिधित्व होस् र सन्तुलन कायम होस् भनेर संशोधन हालेको बताए।

> बिजनेस नभएकाले सूचना टाँस गरी प्रदेश सभा बैठक स्थगित भएको हो।

प्रदेश नियमावली अन्तर्गत गठित समितिलाई पनि ख्याल नगर्ने गरी विधेयक ल्याइएको उनले सुनाए। सोमबारको बैठकमा भने व्यक्तिगत कारण उपस्थित हुन नसकेको बताए। समितिमा आफ्नो दलबाट प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षी नेता कृष्णचन्द्र नेपाली पोखरेल र सांसद विष्णु लामिछाने पनि बैठकमा उपस्थित हुन सकेनन्। पोखरेल पोखराबाहिर रहेको र लामिछाने बिरामी भएको शर्माले जानकारी दिए।

संशोधन हालेका सांसद उपस्थित हुन नसकेको हुँदा बैठकमा एकल ढंगबाट निर्णय नगरिएको विधायन समितिका संयोजक सांसद मोहन रेग्मीले जानकारी दिए। 'उहाँहरू आउन सक्नुभएन', उनले भने, 'उहाँहरूसँग छलफल गरेरै जाने भनेर हामीमात्रैले निर्णय लिएनौं।' रेग्मीले आउँदो १८ गतेभित्र छलफलको क्रमका दुवै विधेयक टुंगो लगाउन जानकारी दिए। उनले प्रदेश सभा सचिवालय व्यवस्थापनमा सभामुख, उपसभामुख र सचिव हुने व्यवस्था केन्द्रमा रहेको र सोही अनुसार यहाँ विधेयक बनेको पनि सुनाए। 'कांग्रेसका साथीहरूले संशोधन हालेर माग गर्नुभएजस्तो दलीय प्रतिनिधित्वको व्यवस्था हुँदोरहेनछ', उनले भने।

प्रदेश सचिवालय व्यवस्थापन विधेयकमा प्रदेश सचिवको तलब, सुविधा लगायत अर्थसँग सम्बन्धित विषय पनि छन्। तिनमा पनि कांग्रेस सांसदको भिन्न मत छ। विधायन समिति संयोजक तथा सत्तारुढ दलका सांसद रेग्मी अर्थसम्बन्धी विषय भएको हुँदा अर्थमन्त्रीसँग सल्लाह गरेर अघि बढ्नुपर्ने भएको बताउँछन्।

केही प्रदेश कानुन संशोधन गर्न बनेको विधेयकमा चाहिँ पहिले प्रदेश नम्बर ४ लेखिएका ऐनमा गण्डकी प्रदेश उल्लेख गर्ने कुरा छ। प्रदेश सरकारले संसदमा पठाउन सैद्धान्तिक स्वीकृति दिएको विधेयक जम्मा एउटा छ।

प्रशासनिक कार्यविधि नियमित गर्न बनेको विधेयक भने संसदमा दर्ता भएको छैन। सरकारबाट दर्ता विधेयक ७२ घन्टापछिमात्रै संसदमा प्रवेश पाउँछ। गण्डकी प्रदेश सभाले अहिलेसम्म १८ कानुन बनाइसकेको छ।

# २ कर्मचारी निलम्बित

**पोखरा :** अनधिकृत रुपमा कम्प्युटर चलाएर परीक्षा शाखाबाट डाटा चोरी गरेको आरोपमा पोखरा विश्वविद्यालयले अधिकृत अमृत थापा र कार्यालय सहायक जीवन फुयाललाई सोमबार निलम्बन गरेको छ। भदौ ५ गते राति परीक्षा नियन्त्रण कार्यालयभित्र पसी उनीहरूले कम्प्युटर ह्याक गरेको जाहेरी विश्वविद्यालयले प्रदेश प्रहरीलाई दिइसकेको छ।

अनुसन्धान चलिरहेको हुँदा आरोप लागेका कर्मचारीलाई निलम्बन गरेको विश्वविद्यालयका रजिस्ट्रार गोविन्द्र शर्माले जानकारी दिए। निलम्बित दुवै कर्मचारी फरार छन्। यसअघि कास्की प्रहरीले एक कर्मचारीलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिसकेको छ।

गार्डसँग फर्निचर नापजाँच गर्नुछ भन्दै ढोका खोल्न लगाएर ती कर्मचारी परीक्षा नियन्त्रण कार्यालयको इन्जिनियरिङ शाखाका गोप्य कक्ष पसेका थिए। भोलिपल्ट हेर्दा कम्प्युटरको पासवर्ड ह्याक भएको भेटिएको थियो। दसौं हजार विद्यार्थीका मार्कसिट, अहिलेसम्मका परीक्षाका नतिजा र आउँदो परीक्षाका प्रश्नपत्र उक्त कम्प्युटरमा थिए।

पासवर्ड ह्याक भएका कम्प्युटर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान गरिरहेको छ। उनीहरूबाट ४ कम्प्युटर ह्याक भएका हुन्। विश्वविद्यालयले कम्प्युटरको पासवर्ड ह्याक भए पनि विद्यार्थीका डाटाको ब्याकअप अन्त रहेको जनाएको छ। रजिस्ट्रार शर्माले आउँदा दिनमा कसैले यस्तो बदमासीको हिम्मत नगरोस् र दोषीमाथि कारबाही होस् भनेर प्रहरीमा जाहेरी गरेको बताए।

# मालपोतमा अनलाइन सेवा

**अन्नपूर्ण** | *स्याङ्जा*

जग्गा खरिदका लागि मालपोत कार्यालय स्याङ्जा आएकी शोभादेवी शर्माले लिखित तयार पारेपछि सर्भिस डेक्समा बसेर आफ्नो फोटो खिचाइन्। 'फिन्गर प्रिन्ट' मेसिनमा बुढी औंला दबाएर ल्याप्चे लगाइन् अनि 'सिग्नेचर प्याड'मा हात राखेपछि पहिलो चरणको काम सकिन्।

त्यसपछि उनी कित्ता काँट तथा लिखत रुजुका लागि सहायक मालपोत अधिकृत (जेआरयू)सँग पुगिन्। आफ्ना लिखत भिडाइन्। उनका लिखत सही प्रमाणित भएपछि मालपोत कार्यालय प्रमुखले अरु काम अघि बढाए। भर्खर अनलाइनमार्फत सेवा प्रवाह सुरु गरेको मालपोत कार्यालयले यसैगरी केही दिनदेखि नियमित रुपमा आफ्नो काम अघि बढाएको छ।

कार्यालयले यही भदौ ७ गतेदेखि अनलाइन सेवा प्रदान गर्दै आएको छ। भू–अभिलेख सूचना व्यवस्थापन प्रणाली अन्तर्गत मालपोत कार्यालयले आधुनिक प्रविधि सञ्चालनमा ल्याएको जनाएको छ। कार्यालयमा बढ्दो नकरात्मक जनगुनासोलाई नियन्त्रण गर्ने उद्देश्यले अनलाइनमार्फत सेवा प्रदान गर्न आवश्यक रहेको मालपोत कार्यालय स्याङ्जाले जनाएको छ।

कार्यालय प्रमुख दिनेश अधिकारीले भने, 'स्रेस्ता सुरक्षित, स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म स्रेस्ता रहने, दोहोरो स्रेस्तासम्बन्धी विवाद नरहने, बिचौलियाको प्रभाव शून्य हुने, मोबाइल एप्समार्फत घरमै बसेर आफ्ना जग्गाको अवस्थाबारे जानकारी पाउन सकिन्छ।'



अनलाइनमार्फत सेवा लिँदै सेवाग्राही। ● भवानी अधिकारी

> स्याङ्जा मालपोत कार्यालयले भदौ ७ गतेदेखि अनलाइन सेवा प्रदान गर्न थालेको हो।

मालपोत शाखाका १ सय ३१ मध्ये २९ औ शाखाको रुपमा रहेको स्याङ्जामा अनलाईनमार्फत सेवा दिन लागिएको हो। अहिले कार्यालयले हस्त लिखतसहित अनलाइन स्रेस्ता राख्ने गरेको छ। यसअघि जग्गाधनीको फोटो कागजमा मात्र सीमित हुन्थ्यो भने अब अनलाइनमै देखिने भएको छ। 'अब नक्कली जग्गा किनबेचको प्रयास गर्न कसैले सक्दैन', कम्प्युटर अपरेटर भोजराज गौडेलले भने, 'मालपोतको सफ्टवेयरले सेवा दस्तुर पनि तोकिदिने हुँदा अनावश्यक सेवा शुल्क पनि लिन मिल्दैन।'

अनलाइन सेवा समय सापेक्ष हुने र अनलाइन सेवा सुचारु भएका सबै मालपोत कार्यालयबाट सजिलै हेर्न सकिने भएकाले छलछाम हुन सक्दैन। लेखापढी गर्नेको पनि फोटोसहित विवरण उल्लेख गरिने र साक्षी बस्नेका लागि नागरिकताको फोटोकपी अनिवार्य भएको छ।

स्याङ्जामा स्थापित मालपोत कार्यालयले साविकका ३१ गाविससहित हालका पुतलीबजार नगरपालिका, फेदिखोला, आँधीखोला, अर्जुनचौपारी गाउँपालिकासहित भीरकोट नगरपालिका, बिरुवा र हरिनास गाउँपालिकाका केही वडा हेर्ने गरेको छ। तीबाहेक अन्य सबै गाउँ तथा नगरपालिकालाई भने वालिङ शाखाले हेर्ने गर्छ।

स्याङ्जा शाखा अन्तर्गत ७ लाख ३९ हजार ६ सय ६६ रोपनी ५ आना २ पैसा १ दाम खेत र ९ लाख ४१ हजार ६ सय ४० रोपनी १५ आना २ पैसा २ दाम पाखोबारी रहेको मालपोत कार्यालयका नायब सुब्बा दुर्गाप्रसाद पौडेलले जानकारी दिए। ७ लाख २७ हजार ३२ कित्ता स्रेस्ता कम्प्युटरमा ल्याए पश्चात विभागले अनलाइन सुरुवात गरेको जनाएको छ।

कार्यालयले अंशबन्डा, अंश भरपाई, छोडपत्र, दर्ताफारी, रोक्का, फुकुवा, दाखिला खारेज, नामसारी संशोधन, राजीनामाजस्ता सेवा प्रदान गर्दै आएको छ। यसैगरी, ४ दिनदेखि सुरु अनलाइन सेवामार्फत अंशबन्डा राजीनामामा ३ वटा, फुकुवामा ११ वटा र रोक्का सम्बन्धी १० वटा लिखत पारित भएका अर्का कम्प्युटर अपरेटर जगत ढकालले बताए।

### बालिका भेटिइन्

**दमौली :** दमौलीबाट हराएकी बालमन्दिर माविकी छात्रा पोखरामा भेटिएकी छन्। बालमन्दिर मावि कक्षा ४ मा अध्ययनरत व्यास ४ सिमलटारकी १२ वर्षिया सिर्जना थापा गत बिहीबारबाट सम्पर्कविहीन थिइन्।

विद्यालय सकेपछि साथीको घरमा गएकी थापा त्यसयता सम्पर्कमा नआएपछि अभिभावकले खोजी गरिदिन प्रहरीमा निवेदन दिएका थिए।

विद्यालयकी प्राधानाध्यापक लक्ष्मी मल्लले बालिका विद्यालयमा नआएपछि खोजी गर्दा पोखराको एक होटलमा भेटिएको खबर पाएको बताइन्।

यसअघि दमौलीमा काम खोज्न भन्दै सम्पर्क गरेकी महर्षि वेदव्यास माविकी शिक्षिका कमला काफ्लेसँगको सम्पर्कका आधारमा उनी पोखराको एक होटलमा काम खोज्दै गएको सूचना आएको मल्लले बताइन्।

बालिकाले यसअघि अभिभावकले कुटपिट गरेकाले घर छाडेको काफ्लेसँग बताएकी थिइन्। तर अभिभावकले भने पिटेको अस्वीकार गरेका छन्।

**Invitation for Bids**

**हलेसी तुवाचुङ नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**दुर्छिम, खोटाङ**
**सवारी साधन आपुर्ति सम्बन्धी म्याद थपको सूचना**
**मिति: (२०७५/०५/१२ गते)**

यस कार्यालयबाट मिति २०७४।०४।१४ मा अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित गरिएको सवारी साधन आपुर्ति सम्बन्धि सूचनाको बोलपत्र खरिद गर्ने म्याद २०७५।०५।१२ गते सम्म भएको मा हाल सम्म कुनै पनि बोलपत्र दर्ता हुन नआएकोले म्याद थप गर्नु पर्ने भएकोले मिति २०७५।०५।१३ देखी २०७५।०५।२७ गते सम्म बोलपत्र खरिद गर्ने म्याद थपिएको छ । साथै उक्त अबधि सम्ममा बिक्रि भएका बोलपत्रहरु मिति २०७५।०५।२८ गते दिनको १२:०० बजे सम्म दर्ता गरि सोहि दिनको २:०० बजे खोलिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पाँचखाल , काभ्रेपलान्चोक
३ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०५/१२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, प्रदेश सरकार , आर्थिक मामिला तथा योजना मन्त्रालय , प्रदेश नं. ३ , हेटौडा , मकवानपुर को मिति २०७५/०४/२२ को च नं. ६४ पत्र संख्या २०७५/०७६, पाँचखाल नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलान्चोकको "काभ्रेपलान्चोक जिल्लाको सुनकोशी नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खननको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE)" को अधीनमा रही यस पाँचखाल नगरपालिका वडा नं १३, सुनकोशी नदी किनार (साबिक कोशिदेखा गा बि स वडा नं २ को बरको रुखबाट तल) को बालुवा संकलन एवं बिक्री गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) मा उल्लेखित परिमाणभन्दा बढी उत्खनन नहुने गरी बालुवा संकलन एवं बिक्री कर संकलनको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छारित नपुगी या म्याद नाघी आएका शिलबन्दि बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | संकलनरबिक्रि गर्न पाउने अधिकतम परिमाण (वार्षिक) (घ.फि.) | आ.व. २०७५र०७६ का लागि कायम न्यूनतम अंक (रु) (मु अ कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु) | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | PMIR/01/2075/076 | सुनकोशी नदी किनार (साबिक कोशिदेखा गा बि स वडा नं २ को बरको रुखबाट तल) को बालुवा संकलन एवं बिक्री | २५,२२,५२० | २,२७,०२,६८०/- | ५०००/- | ११,३६,०००/- |

# किशोरी र बालक मृत भेटिए

**अन्नपूर्ण** | *पोखरा*

पोखरा लामाचौरकी १३ वर्षीया पुष्पा केसी मृत भेटिएको ४ दिन नबित्दै सोमबार पोखराको फेवातालमा अर्की किशोरी १८ वर्षीया सुष्मिता लामिछाने र पोखराको लेखनाथमा ४ वर्षे बालक अजीत गुरुङ मृत अवस्थामा भेटिएका छन्। पोखरा पुम्दीकोदी घर भएकी लामिछाने छोरेपाटन उच्चमाविमा १० कक्षामा अध्ययनरत थिइन्।

आइतबार दिउँसो ५ बजे घरबाट निस्केकी सुष्मिताको झोला र चप्पल सोमबार बिहान ड्यामसाइड पार्कमा देखिएपछि नेपाल प्रहरीको उद्धार टोलीले फेवातालमा खोजी गर्दा १० मिटर तल तालमा मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक रवीन्द्रमान गुरुङले जानकारी दिए।

सुष्मिता आइतबार बेलुका साढे १० बजेसम्म परिवारसँग सम्पर्कमा रहेको आफन्तले बताएका छन्। 'साथीको घरमा छु भनेपछि ढुक्क हुँदा यस्तो अवस्था देख्नुपर्‍यो', सुष्मिताका महिला हजुरबा विष्णुप्रसाद लामिछानेले भने।

त्यसैगरी पोखराको लेखनाथमा सोमबार दिउँसो पोखरा २६ घैटेखोर बस्ने ४ वर्षीय बालक अजीत गुरुङ मृत अवस्थामा फेला परेको कास्की प्रहरीले बताएको छ। मृत अवस्थमा भेट्नुभन्दा २ घन्टादेखि हराएका बालकको शव नालीको पानीमा डुबेको अवस्थामा भेटिएको कास्की प्रहरीले बताएको छ।




दोषीलाई कारवाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय कास्कीम धर्नामा बसेका लामाचौर र बाटुलेचौरका स्थानीय। ● कृष्णमणि बराल

पोखरा लामाचौरका स्थानीयले सोमबार जिल्ला प्रहरी कार्यालयमा धर्ना दिएर पुष्पा केसीका हत्याराको खोजी गरी कडा कारबाहीको माग गरेका छन्। हत्यामा संलग्नलाई कडा कारवाही गर्न लामाचौर र बाटुलेचौरका स्थानीयले माग गरेका हुन्। किशोरी एक पछि अर्को मृत अवस्थामा भेटिएपछि कास्की प्रहरीलाई हत्यारा पत्तालगाउन चुनौती थपिएको छ।

## दुई राष्ट्रपतिको लुम्बिनी भ्रमण

# सुरक्षा व्यवस्था कडा



पर्यटकीय क्षेत्र लुम्बिनीस्थित मायादेवी मन्दिर। ● अन्नपूर्ण फाइल

**सलमान खान** | *भैरहवा*

काठमाडौंमा हुने दुई दिने बिम्स्टेक सम्मेलनमा भाग लिन आउन लागेका श्रीलंका र म्यानमारका राष्ट्रपतिलाई लुम्बिनी भ्रमणमा भीभीआईपी सुरक्षा दिइने भएको छ। जिल्ला प्रशाषन कार्यालय रुपन्देहीले दुई राष्ट्रपतिको सुरक्षा चुनौती विश्लेषण गर्दै भीभीआईपी सुरक्षाका साथ लुम्बिनी भ्रमण गराउने भएको हो। भ्रमणका क्रममा चारै सुरक्षा निकायका करिव एक हजार दुई सय सुरक्षाकर्मी लुम्बिनीमा परिचालन गरिने भएको छ।

सुरक्षा निकाले विप्लव माओवादी, सिके राउत समूह र सशस्त्र समूहबाट सुरक्षा चुनौती रहेको विश्लेषण गरेको छ। खुला सिमाना भएकाले राष्ट्रपतिको सुरक्षाका लागि सशस्त्र समूहलाई पनि चुनौतिका रुपमा हेरिएको सुरक्ष ाअधिकारीले बताएका छन्। यद्यपि पछिल्लो समय लुम्बिनी क्षेत्रमा त्यस्तो गतिविधि देखिएको छैन।

बिम्स्टेक सम्मेलन सुरु नहुँदै भदौ १३ गते म्यानमारका राष्ट्रपति र सम्मेलनपछि भदौ १६ गते श्रीलंकाका राष्ट्रपति लुम्बिनी आउँदैछन्। तमिल र रोहिंग्याको गतिविधि लुम्बिनीमा नदेखिए पनि त्यसलाई निगरानीमा राखिएको सुरक्षा निकायले जनाएको छ। राष्ट्रपति आउने भएपछि लुम्बिनीमा सुरक्षाकर्मीको वाक्लो उपस्थिति देखिन थालेको छ। सुरक्षाकर्मीले लुम्बिनी आसपास एवं सीमा क्षेत्रमा समेत निगरानी बढाएका छन्।

### यस्तो छ कार्यक्रम

दुवै देशका राष्ट्रपति फरक फरक मितिमा आउने भए पनि आएखि नफर्केसम्म सुरक्षा व्यवस्था उच्च सतर्कतामा राखिने भएको छ। सम्मेलन सुरु हुनुअघि लुम्बिनी भ्रमणमा आउने म्यानमारका राष्ट्रपति काठमाडौंबाट भैरहवा विमानस्थलमा अवतरण गरेपछि हेलिकोप्टरबाट लुम्बिनी जाने कार्यक्रम छ। टोलीका अन्य सदस्य भने सडकबाटै लुम्बिनी पुग्नेछन्। उनी लुम्बिनी पुगेपछि मायादेवी मन्दिर अवलोकन र पुजा गर्ने छन्।

मन्दिर परिसरमा उनलाई लुम्बिनीबारे जानकारी गराउने कार्यक्रम छ। त्यसपछि ध्यानकेन्द्रमा गएर पुजा गर्ने र केही समय ध्यान गर्ने कार्यक्रम तय गरिएको लुम्बिनी विकास कोषका सूचना अधिकृत हरिध्वज राईले जानकारी दिए। श्रीलंकाका राष्ट्रपति पनि सोही अनुसार काठमाडौंबाट भैरहवा विमानस्थल हुँदै हेलिकोप्टरमा लुम्बिनी पुग्ने छन्।

मायादेवी मन्दिर अवलोकनपछि पूजाआजा र लुम्बिनीबारे जानकारीपछि उनले श्रीलंकाले निर्माण गरेको गुम्बा, गेस्ट हाउस अवलोकन गर्ने छन्। त्यसपछि त्यहाँ वृक्षारोपण गर्ने कार्यक्रम समेत रहेको सूचना अधिकृत राईले बताए। लुम्बिनीमा दुवै राष्ट्रपतिको कार्यक्रम केही घण्टाको मात्र हुनेछ। दुई मित्र राष्ट्रका राष्ट्रपतिको भ्रमणका बेला सुरक्षा व्यवस्था धकडा पारिएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले बताए।

दुई राष्ट्रपतिको सुरक्षाका लागि पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी, तेस्रो घेरामा नेपाल सेनाले सुरक्षा दिनेछ। त्यसैगरी राष्ट्रिय अनुसन्धान विभागलाई पनि गोप्य रुपमा परिचालन गरिने बताइएको छ। भ्रमणका कारण भदौ १३ र १६ गते केही समयका लागि सर्वसाधरण, श्रद्धालु भक्तजन, पर्यटकलाई लुम्बिनी विकास कोष क्षेत्रमा प्रवेशमा रोक लगाइने भएको छ।

### खाल्डाखुल्डी पुर्न निर्देशन

राष्ट्रपति भैरहवाबाट हेलिकोप्टरबाट लुम्बिनी जाने कार्यक्रम भए पनि टोलीका अन्य पाहुना सडकमार्फत लुम्बिनी जाने भएकाले सडकका खाल्डाखुल्डी तत्काल पुर्न निर्देशन दिइएको प्रजिअ रानाले बताए। सवारी आवगमनमा सहजताका लागि सडकमा भएका खाल्डाखुल्डी तत्काल पुर्न सडक डिभिजन, भैरहवा तौलिहवा सडकखण्ड आयोजना र लुम्बिनी सांस्कृतिक नगरपालिकालाई निर्देशन दिइएको उनले बताए।

# नमुना पुल निर्माण अलपत्र

**कृष्ण पोखरेल** | *तानसेन*

रुरु क्षेत्र धाम रिडिमा गुल्मी, पाल्पा र स्याङ्जा जिल्ला जोड्ने तिनमुखे पुल निर्माण अलपत्र छ। ०७४ असार महिनामै पुल निर्माण पुरा भई सर्वसाधारणका लागि आवत जावत गर्न खुला गर्ने गरी निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको थियो। ठेक्का सम्झौता सकिएको एक बर्ष बित्दा पनि पुल बन्ने छनक देखिएको छैन।

तीन मुखेपुलको अहिलेसम्म मुख्य पिलरको केही भागमात्र निर्माण गरी अलपत्र छाडिएको छ। हिन्दुहरूको चार धामको रुपमा परिचित रुरु क्षेत्र रुरु धाममा पाल्पा, गुल्मी र स्याङ्जा जिल्ला जोड्ने तिनमुखे पुल शिलन्यास भएको ४ बर्ष २ महिना पुरा हुँदासम्म पुल निर्माणले गति लिन सकेको छैन।

तत्कालीन मुख्यसचिव लिलामणी पौडेल र गुल्मी जिल्लाका पूर्वसांसद चन्द्र भण्डारीले शिलन्यास गरेको तिनमुखे पुल ४ बर्षको अवधीमा २० प्रतिशत मात्र काम भएको छ।

कालीगण्डकी र रिडि खोलाको संगमस्थल रुरु क्षेत्रमा तिन जिल्ला जोड्ने नेपालकै नमुना झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो। नयाँ बाटो, रुविना मना जेवी निर्माण कम्पनी तनहुँले ०७४ अषाढ ९ गते सम्पन्न गर्ने गरी ०७१ साल अषाढमा १० गते सम्झौता गरेका थिए। ९ करोड ८८ लाख २६ हजार रुपैयामा पुल सक्ने सम्झौता भएको थियो।

रुरु क्षेत्र धाममा आउने भक्तजन, तिर्थालुले जुनसुकै समयमा पुलबाट तिन वटै जिल्लाका विभिन्न धार्मिक तिर्थ स्थलको अवलोकन गर्न सक्ने र धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यले पुल निर्माण थालिएको हो। स्थानीय विकास मन्त्रालयको सस्पेन्सन बृज डिभिजन कार्यक्रम अर्न्तगत तीनमुखे पुललाई नेपालमै नमुना पुलको रुपमा लिइएको छ।

पाल्पा, गुल्मी र स्याङ्जा तिन तिरबाट जोडिने १७७.४ मिटर लम्वाईको झोलुङ्गे पुल निर्माण गर्ने र मध्य मागमा तिनवटै पुल जोड्ने ४२ मिटर अग्लो खम्वा राखि पुल निर्माण गर्ने डिजाईन बनाइएको छ। तर पुल निर्माण नहुँदा स्थानीयलाई बर्षातको समयमा आवत जावत गर्न कठिनाई भएको छ। 'पुल शिलन्यास हुँदा खुसिको सिमा रहेन तर ४ बर्ष बित्दा पनि पुल निर्माणले गति लिन सकेको छैन। यसले पुल नै नबन्ने हो कि भन्ने चिन्ता भएको छ', तानसेन नगरपालिका १४ का पर्शुराम भट्टराईले भने। पुल निर्माण बारे पटक पटक ठेकेदारलाई झक्झकाउने काम भएको पनि उनले बताए।

पुल निर्माणमा कुनै पनि निकायले चासो नदिएको स्थानीयको आरोप छ । निर्माण कम्पनीले तोकिएको समयम काम पुरा नगरेपछि पुल निर्माण विभागले ताकेता गरेको जनाएको छ। 'पटक पटक सार्वजनिक सुचना निकालेर, विभागमै बोलाएर निर्माण कम्पनीका जिम्मेवार व्यक्तिलाई पुल निर्माणको लागी ताकेता गरेका छौं', पुल निर्माणका डिभिजन प्रमुख दिनेश शर्माले बताए।

तिनमुखे पुलको मुख्य पिलर जमिनबाट १६ मिटर तल धसाएर पिलर निर्माण भएको र अव बाहिर भाग निर्माणको काम बाँकी रहेको डिभिजन प्रमुख शर्माले बताए।

## नेपालगन्जमा निःशुल्क पार्किङ

**नेपालगन्ज :** नेपालगन्ज उपमहानगरमा पार्किङ निःशुल्क भएको छ। नगरका ५० ठाउँमा पार्किङको व्यवस्था गरी शुल्क उठाउनेबारे निजी क्षेत्रलाई ठेक्का दिने प्रक्रिया अघि बढेको थियो। साँघुरो सडकमा पार्किङ क्षेत्र बनाएर शुल्क लिन खोजेको खबरविरुद्ध जनस्तरबाट विरोध भएपछि उपमहानगर पछि हटेको हो।

सोमबार बसेको उपमहानगर कार्यपालिकाको बैठकले 'सडकमा पार्किङ गरेवापत नेपालगञ्ज उपमहानगरले शुल्क नलिने निर्णय गरेको हो। सबै खाले यातायातका साधान पार्किङसहितको पार्किङस्थलमै व्यवस्थापन गर्ने गरी जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई जिम्मेवारी दिइएको उपमहानगरको प्रवक्ता एवं वडा नं. १ का अध्यक्ष प्रमोद रिजालले जानकारी दिए।

'सडकको नाला छाडेर निश्चित सडक क्षेत्र पार्किङ्गका लागि ब्यवस्था गरिएको छ। नगरका १९ ठाउँमा कार, जीप र २८ ठाउँमा मोटरसाइकलका लागि पार्किङ्ग क्षेत्र छुट्याइएको छ', रिजालले भने।


पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल , काभ्रेपलान्चोक
३ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०५/१२

पाँचखाल नगरपालिकाको आर्थिक ऐन - २०७५ को अधीनमा रही, यस नगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुमा, पाँचखाल नगरपालिकाको आर्थिक ऐन मा तोकिएका दरमा, सडक मर्मत सम्भार/उपयोग शुल्क संकलनको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. २०७५/०७६ का लागि कायम न्यूनतम अंक (रु)(मु अ कर बाहेक) | बोलपत्र फारम दस्तुर (रु) | धरौटीर जमानत रकम |
|---|---|---|---|---|---|
| १ | PMIR/03/2075/076 | सडक मर्मत सम्भारर उपयोग शुल्क संकलन | १५,००,०००/- | १०००/- | ७५,०००/- |



मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

**Back Hoe Loader खरिद गर्ने सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति : २०७५/०५/१२)

यस कार्यालयको लागि आवश्यक Back Hoe Loader थान-१(एक) सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा १(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौंथो संशोधन, २०७३) को नियम ३१(ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम खरिद गर्ने निर्णय भएकोले इच्छुक इजाजतप्राप्त उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख (१) अनुसार देहाय बमोजिमको साधनको आधिकारिक स्पेसिफिकेसन, मूल्य र सुविधासहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात)औं दिनको कार्यालय समयभित्र यस मेरिङदेन गाउँ कार्यपालिकाको कार्यालय, सान्थाक्रा, ताप्लेजुङमा सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संक्षिप्त विवरण**

| S.N | Criteria | Required Specification |
|---|---|---|
| 1 | General | All-wheel drive, rigid frame back hoe loader with steel cab, suitable for operation under rough working conditions, and adverse climate condition at operating altitude of 200 m and ambient temperature varying from -5 degree Celsius to 50 degree Celsius. |
| 2 | Capacity | 1. **Operating weight not less than 800KG.**<br>2. Loader: General purpose bucket with (6 in 1) bolt on teeth of SAE rated capacity nominally heaped approx. 1 cu.m with shovel break out force not less than 6600 kgf.<br>• **Dump height: ≥2900mm**<br>• **Load over height: ≥2900mm**<br>• **Pin height : ≥ 3600mm**<br>3. Back hoe bucket with bolt on teeth of SEA rated capacity approx.0.3 with tear out force 5650 kgf and following working ranges:<br>• **Minimum working height: ≥6000mm**<br>• **Minimum digging depth: ≥5000mm**<br>• **Minimum digging reach : ≥6900mm**<br>• **Minimum lifting capacity: ≥1480 Kgs**<br>• **Minimum bucket tear out force: ≥5680kgf**<br>Out triggers with controls from cabin shall be provided. |
| 3 | Engine | Water cooled diesel Engine, developing SAE rated Gross **HP not less than 92HP with minimum 400NM Torque (**engine fully equipped with accessories) at governed RPM for efficient full load operation. Back hoe shall be equipped with heavy duty radiator, cold starting device, direct electric starting system, heavy duty battery, heavy duty air cleaner, heavy duty fuel filter, with water trap and drainage in fuel line and drain tap in fuel tank. |
| 4 | Transmission | **Torque converter with four speed power shift type** of synchroshuttle transmission |
| 5 | Axles | Four wheel drive with fixed rear axle and at least 15 degree oscillating front axles. |
| 6 | Brakes | Hydraulically actuated, wet multiple disc/caliper disc type service brake and separate paring brake. |
| 7 | Hydraulics | Suitable hydraulic pumps flow not less than **117 LPM** and system pressure **PSI(bar) not less than 3300(225)** smooth operation of all attachments smoothly. |
| 8 | Essential Accessories | Road light, work light and fog light, cabin light and service hour meter. |
| 9 | Tools | A set of tools as required for general maintenance shall be supplied with in a lockable tool box for each unit with **operation and maintenance manual in English.** |
| 10 | Warranty | Manufacturer shall provide a **minimum of one year warranty after acceptance.** |
| 11 | Delivery Location | Meringden Rural Municipality, Office of the Rural Municipal Executives, Santhakra, Taplejung Province no.1 Nepal. |

संक्षिप्त विवरणमा उल्लेख नभएका विषयहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ र यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्ने कार्यविधि,२०७४ र स्वीकृत स्पेसिफिकेसन तथा लागत इस्टिमेट बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


## संक्षेप

### रोकिएन अवैध कुखुरा आयात

**नेपालगन्ज :** सीमावर्ती क्षेत्रबाट नियमित ब्रोइलर कुखुरा र चल्ला अवैध रुपमा आउने क्रम रोकिएको छैन। साउन र भदौमा मात्र झन्डै साढे चार लाख रुपैयाँ जरिवानावापतको राजस्व पशु क्वारेन्टाइन चेक पोष्ट कार्यालय बाँकेले असुल गरेको छ। क्वारेन्टाइनका अनुसार गत साउनमा मात्र १ हजार दुई सय ९२ कुखुरा र चार हजार दुई सय ६० ब्रोइलर कुखुराका चल्ला नियन्त्रणमा लिइ नष्ट गरेको थियो। कुखुरा एवं चल्ला अवैध रुपमा ओसार पसारमा संलग्न २६ जनाबाट दुई लाख ७६ हजार रुपैयाँ जरिवाना गरिएको कार्यालयका सूचना अधिकारी तिलक आचार्यले जानकारी दिए।

### करणी गरेको भन्दै उजुरी

**लिबाङ :** रोल्पामा एक पुरुषले आफ्नो पत्नीलाई छिमेकी पुरुषले करणी गरेको भन्दै प्रहरीमा उजुरी दिएका छन्। माडीगाउँपालिका-१ घर्तीगाउँका नाम नखुलाईएका पतिले आफ्नो ५३ वर्षीय पत्नीलाई ४८ वर्षीय बिरबल बुढामगरले करणी गरेको आरोपसहित इलाका प्रहरी कार्यालय घर्तीगाउँमा उजुरी दिएका हुन्। इलाका प्रहरी कार्यालय घर्तीगाउँका प्रहरी निरिक्षक राजकुमार पहाडीका अनुसार उजुरी आएपछि आरोपित बुढामगरलाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा ल्याएको छ। अदालतबाट १५ दिनको म्याद थप भई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी निरिक्षक सुदर्शन पन्थीले जानकारी दिए। जाहेरीमा पत्नीलाई छिमेकी बुढामगरले आफ्नै पसलमा लगि करणी गरेको उल्लेख गरेका छन्। भदौ ७ गते दिउँसो साढे चार बजे पत्नीमाथि करणी भएको थाहा पाएर आफुले उजुरी दिएको उनले दावी गरेका छन्।

# रोकिएन बालविवाह

**शंकरप्रसाद खनाल** | *बाँके*

डुडुवा गाउँपालिका-१ होलियाकी साढे १४ वर्षकी पूजा यादवको भर्खरै बिहे भयो। उनले बिहे गर्दासम्म नेपालको कानुनमा बिहे गर्न महिलाको उमेर १८ र पुरुषको उमेर २० वर्ष थियो।

भारतको श्रावस्ती जिल्लाको जमुनाहाका आफूभन्दा एक वर्ष जेठा केटासँग उनको बिहे भयो। जबकि उनका जेठा दाजु मयंकर, माइला रामकरण र कान्छा कैलाश सबैले २० वर्षपछि मात्र बिहे गरेका थिए।

सुरुमा साढे १४ वर्ष भनेकी उनले उमेर बढाएर १८ भएको दाबी गरिन्। संवाददाताले 'बिहे गर्ने उमेर कति हो ?' भनेर सोध्दा उनले १८ भएको बताइन्। त्योभन्दा कम उमेरमा विवाह गर्दा के हुन्छ ? भन्ने जिज्ञासामा उनले 'पुलिसले पक्रेर लान्छ', भनिन्।

पूजाका छिमेकी राजेन्द्र यादव पनि १८ वर्षको उमेरमा बिहे गरेर २४ वर्षमै तीन छोराका बाबु बनिसकेका छन्। जबकि १८ वर्षमा उनले बिहे गर्नु पनि कानुनविपरीत हो। राजेन्द्रको जेठो छोरा ५ वर्षको भइसकेका छन्। भन्छन्, 'हाम्रो जातमा सानैमा बिहे गर्ने चलन छ। अहिले १८ वर्षमा बिहे गर्छन्। केटीको उमेर अझै कम हुन्छ।'

डुडुवा-२ कन्धैपूर्वाका ६३ वर्षका सुन्दर धोबी भन्छन्, 'पहिले-पहिले त ७/८ वर्षमै केटीको बिहे हुन्थ्यो। अहिले १८ वर्ष कम उमेरमा बिहे गरे जेल हाल्छन् भन्ने सुनेको छु।'

जिल्लाका मधेसी समुदाय त्यसमा पनि अशिक्षित र पछाडि पारिएको समुदायमा अझै पनि बालविवाह कायमै छ। किन त ? '२० वर्षसम्म कसले घरमा छोरी रोकेर राख्न सक्छ ?' कन्धैपूर्वाका बयान चमारले भने, 'जो रोक्न सक्छ, रोकोस्। नत्र भने जान्छन्।'

बढेकी छोरीको समयमै बिहे नगर्ने हो भने जात नमिल्ने केटासँग प्रेम विवाह गर्छन् र समाजमा इज्जत जाने अभिभावकमा डर छ। बयान चमारको चिन्ता पनि त्यही हो। उनले त्यसो भनिरहँदा सडक किनारमा भेला भएका अरू स्थानीय उनलाई कानुनको कुरा सिकाइरहेका थिए, '१८ वर्षभन्दा कम उमेरमा बिहे गर्न मिल्दैन भन्ने तिमीलाई थाहा छैन।'

> बढेकी छोरीको समयमै बिहे नगर्ने हो भने जात नमिल्ने केटासँग प्रेम विवाह गर्छन् र समाजमा इज्जत जान्छ भन्ने अभिभावकमा डर छ।

संवाददाताले बिहे गर्ने उमेर सोध्दा उनीहरूले महिला र पुरुष दुवैको १८ वर्ष मात्र रहेको बताए। सबैलाई विगतको कानुनमा पनि पुरुषको बिहे गर्ने उमेर २० भन्ने थाहै थिएन। १८ भन्दा कम उमेरमा बिहे गर्दा प्रहरीले पक्राउ गर्ने र जेल जानुपर्ने डर सबैमा थियो। सँगै बसेका राम जवान धोबीले कम उमेरमा बिहे गर्न खोज्दा एउटाको बिहे रोकिएको अनुभव सुनाए।

डुडुवा गाउँपालिका-२ का वडाध्यक्ष राजेन्द्रप्रसाद कैराती गाउँघरमा बालविवाह हुने गरेको बताउँछन्। बेतहनीस्थित वडा कार्यालयबाहिर भेटिएका कैरातीले भने, 'सानो उमेरमा बिहे गर्नुहुन्न भन्ने धेरैलाई थाहा छ, तैपनि अझै १० प्रतिशत लुकी चोरी बालविवाह भइरहेको छ।'

उनका अनुसार तराई मधेसी समुदायका लोनिया, गोडियाका साथै दलितको सूचीमा रहेका धोबी, चमार, कटिक, पासी, कोरी समुदायमा बालविवाह कायमै छ। बालविवाह कायमै रहनुको कारण उनी अशिक्षा र जनचेतना अभाव ठान्छन्।

जिल्ला समन्वय समिति बाँकेका अनुसार जिल्लामा ६५ प्रतिशत मात्र साक्षरता छ। महिलाको साक्षरता भने ५९ प्रतिशत छ। भन्छन्, 'छोरीलाई २० वर्षसम्म रोकेर राख्नै गाह्रो हुन्छ। अहिलेको कानुन कार्यान्वयन हुने हो भने प्रेम विवाहको दर बढ्ने देखिन्छ।'

जिल्ला बाल क्लब सञ्जाल बाँकेले प्रहरीको सहयोगमा बालविवाह हुँदै गर्दा र १८ वर्षमुनिको बालविवाह रोकेको छ। जिल्लाका विभिन्न स्थानीय तहमा करिब ३ सय बाल क्लब बालविवाहविरुद्धको अभियानमा सक्रिय छन्।

क्लबकी जिल्ला अध्यक्ष मेनका रावत साउनमा मात्र आधा दर्जन बालविवाह रोकेको बताउँछिन्। जसमा नेपालगन्जका मात्र ५ वटा थिए।

उनले भनिन्, 'क्लबले प्रहरीको सहयोगमा बालविवाह रोक्नुका साथै जनचेतना जगाउने सडक नाटक, पर्चा पम्प्लेट वितरण पनि गरिरहेको छ।' जिल्ला प्रहरी कार्यालय बाँकेको महिला तथा बाल सेवा केन्द्रकी प्रसनी श्यामकुमारी मगरका अनुसार जिल्लाभरि गत वर्ष २० वटा बालविवाह रोकिएका थिए।

क्लबको पूर्वअध्यक्ष श्वेता गुरुङका अनुसार गत वर्ष मात्र १७ वटा बालविवाह विभिन्न बाल क्लबले प्रहरी सहयोगमा रोकेका थिए। 'जिल्लामा बालविवाहको अवस्था भयाभह छ। फागुन र माघमा बढी बालविवाह हुन्छन्', गुरुङले अनुभव सुनाइन्, 'नेपालमा बिहे गर्न मिल्दैन भनेपछि प्रहरीलाई छलेर भारत गएर पनि बिहे गर्छन्। कतिले उमेर ढाँटेर पनि बिहे गरेको पाइएको छ।'

मुलुकी ऐन विस्थापित गरी जारी गरिएको नयाँ कानुनी संहिता र त्यससम्बन्धी कार्यविधिमा कम उमेरका केटाकेटीको विवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाका साथै विवाह पनि स्वतः बदर हुने व्यवस्था छ।

# कालिकोटको मोल्फामा भीषण पहिरो

## एक सय ७ घर उच्च जोखिममा



कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिकाको मोल्फामा खसेको पहिरो। ● बिस्नप्रसाद न्यौपाने

**बिस्नप्रसाद न्यौपाने** | *कालिकोट*

जिल्लाको खाँडाचक्र नगरपालिका-५ मोल्फामा भीषण पहिरो जाँदा स्थानीयका १ सय ७ घर जोखिममा परेका छन्। एक महिनादेखि आएको अविरल वर्षासँगै मोल्फामा आएको पहिरोले घोडेना र मोफा बजारका गरी एक सय ७ घर उच्च जोखिममा परेका हुन्। सोमबार बिहान करिब २ बजेतिर आएको पहिरोले स्थानीय सबैलाई त्रसित बनाएर गाउँ छाड्नुका साथै बिचल्ली बनाएको छ।

खाँडाचक्र नगरपालिका- ६ का वडाध्यक्ष जगदीश शाहीले घोडेना गाउँको छेउबाट खसेको पहिरोले कर्णाली राजमार्गसँग जोडिएको मौल्फा बजारका ५१ घर र घोडेनाका ५६ घर उच्च जोखिममा परेको बताए। उनले घोडेनाको छेउमा गएको पहिरोले स्थानीय पदमबहादुर शाहीको पूरै घर भासिदिएकाले उनीहरूको बिचल्ली भएको बताए। उनका अनुसार घोडेनाको गाउँको तलतिरबाट निरन्तर पहिरो खस्दा पूरै गाउँ जोखिममा परेको हो। उनले त्यसै पहिरोका कारण कर्णाली राजमार्गसँग जोडिएको मोल्फा बजारवासीको पनि भागाभाग भएको बताए। उनले भने, 'घोडेना गाउँको तलतिरको भाग पूरै भासिएको छ। स्थानीय पदमबहादुर शाहीको घर त पहिरोमा बगेको छ।' उनले पानीको मुहानसहितको पहिरोले माथि घोडेना र तल मोल्फाको बजार नै जोखिममा परेकाले स्थानीय गाउँ छाड्न बाध्य भएको बताए।

> अविरल वर्षासँगै मोल्फामा आएको पहिरोले घोडेना र मोफा बजारका एक सय ७ घर उच्च जोखिममा परेका हुन्।

स्थानीय कमल चौलागाईंले ०६५ सालमा त्यसै ठाउँमा आएको पहिरोले ६ घर बगाएको जानकारी दिँदै पुन: त्यसै पहिरो दोहोरिएको बताए। उनले त्यतिबेला पहिरो आउँदा रोकथामका लागि कतिपय ठाउँमा ग्याबिन लगाएर घर निर्माण गरिए पनि अहिले पूरै गाउँ भासिने अवस्था आएको बताए। उनले भने, १० वर्षअघि ठूलै पहिरो आएको थियो। त्यसपछि कुनै वर्ष आएन। सोमबार बिहान करिब दुई बजेतिर एक्कासि पहिरो आयो।' उनले यस वर्ष पहिरो निरन्तर बग्दै गाउँसम्म आएकाले निकै जोखिम बढेको बताए। उनले भने, न वर्षा रोकिएको छ न पहिरो।'

कालिकोट प्रदेशसभा ख बाट निर्वाचित सांसद कुर्मराज शाही, प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की, जिल्ला प्रहरी प्रमुख डीएसपी विनोद शर्मा, नेपाल रेडक्रस सोसाइटी कालिकोटका सभापति बलप्रसाद संज्याललगायतको टोलीले पहिरो प्रभावित क्षेत्रको अनुगमन गरेको छ। प्रमुख जिल्ला अधिकारी कार्कीले पहिरोको निरीक्षण गरेपछि जोखिममा रहेका सबै स्थानीयलाई नजिकै रहेको विद्यालयमा सार्न लगाइएको बताए। उनले पानीको मुहानसहित पहिरो बगिरहेकाले पानीको मुहानलाई पहिरोमा बग्न नदिन ७ सय मिटर पाइपसमेत पठाइएको बताए। उनले भने, 'ठाउँहरू निकै जोखिममा छन्। सुरक्षित ठाउँमा सार्न वडाध्यक्षसहित प्रहरीको टोली पहिरो स्थलमै रहेको छ। जिल्लाबाट केही लत्ताकपडा र पाल पठाउने तयारी गरिएको छ।'

पहिरोका कारण कर्णालीमार्ग पनि अवरुद्ध भएको छ। जिल्लाको खाँडाचक्र नगरपालिकाको मोल्फा, पिलीलगायत ठाउँमा ठूलो पहिरो खसेका कारण कर्णाली राजमार्ग ठप्प भएको छ। जिल्ला प्रहरी प्रमुख डीएसपी शर्माले पहिरो पन्छाउन डोजर लगाइए पनि धेरै ठाउँमा पहिरो खसेकाले भोलिसम्ममा राजमार्ग सञ्चालनमा आउने सम्भावना रहेको बताए। पहिरोका कारण बाइकसमेत छिर्न नसक्ने भएपछि मुगु, जुम्लादेखि सुर्खेत नेपालगन्ज र नेपालगन्ज-सुर्खेतदेखि कालिकोट, जुम्ला मुगुका लागि छुटेका सवारीसाधन र यात्रु बीच बाटोमै अलपत्र परेका छन्।

# बम दिदीबहिनीको बयान सुरु

**विष्णुप्रसाद देवकोटा** | *महेन्द्रनगर*

बलात्कारपछि हत्या गरिएकी बालिका निर्मला पन्तको हत्या घटनाको अनुसन्धानका लागि पक्राउ परेका बम दिदीबहिनीको बयान सुरु भएको छ।

शंकाको घेरामा रहेका बम दिदीबहिनीलाई प्रहरीले जिल्ला अदालतबाट म्याद थप गरेपछि बयान सुरु गरेको हो। उनीहरूको बयानसँगै घटनाको थप अनुसन्धानसमेत अघि बढेको कञ्चनपुर प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयले बम दिदीबहिनी रोशनी र अनितालाई सोमबार अदालतमा हाजिर गराएर थुनामा राखेर अनुसन्धान गर्न म्याद थपेको हो।

'हामीले अदालतबाट म्याद थप गरिसकेका छौं' प्रहरी प्रवक्ता डीएसपी कृष्ण ओझाले भने, 'म्याद थपसँगै उनीहरूको बयान लिने कामसमेत सुरु भएको छ।' उनले निर्मला पन्त हत्याकाण्डको अनुसन्धान तीव्र रूपमा अघि बढेको बताए। प्रहरीले अदालतबाट म्याद थप गरेपछि अब थुनामा राखेर अनुसन्धान गर्न सहज भएको छ।

जिल्ला अदालत कञ्चनपुरका स्रेस्तेदार हरिकृष्ण अवस्थीले निर्मला पन्तको हत्या घटनाको अनुसन्धानका लागि पक्राउ परेका बम दिदीबहिनीलाई थुनामा राखेर थप अनुसन्धान गर्न ६ दिन म्याद थपिएको बताए। उनले प्रहरीले पक्राउ गरेको दिनदेखि लागू हुने गरी ६ दिन म्याद थपिएको बताए। प्रहरीले बम दिदीबहिनीलाई भदौ ८ गते शुक्रबार पक्राउ पुर्जी दिएर हिरासतमा राखेको थियो।

### सोमबार म्याद थपका लागि

प्रहरीले दिउँसो १ बजे बम दिदीबहिनीलाई अदालतमा उपस्थित गराएको हो। जिल्ला न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ। म्याद थपका लागि अदालतमा उपस्थित गराइएका बम दिदीबहिनीलाई सामान्य सोधपुक्ष गरिएको थियो। उनीहरूलाई म्याद थपका क्रममा घटनाबारे कुनै कुरा सोधिएको थिएन।

यसअघि प्रहरीले दिलीपसिंह विष्टलाई थुनामा राख्न अदालतबाट १० दिन म्याद थप गरेको थियो। अब प्रहरीले आरोपी दिलीपसिंह विष्ट र बम दिदीबहिनीलाई १४ गते अदालतमा उपस्थित गराउनेछ। विष्ट र बम दिदीबहिनीलाई एकैसाथ अदालतमा उपस्थित गराउन ६ दिन म्याद थपेको हो। कञ्चनपुर घटनामा निलम्बनमा परेका एसपीका छोरा र मेयरका भतिजा अनुसन्धानमा तानिएको भनी आएका समाचारका विषयमा भने प्रहरीले बम दिदीबहिनीबाहेक अरू कोही पनि अहिलेसम्म अनुसन्धानका लागि पक्राउ नपरेको जनाएको छ।

कञ्चनपुरका एसपी कुबेर कडायतले घटनाको अनुसन्धान क्रममा अहिलेसम्म बम दिदीबहिनी मात्रै पक्राउ परेको र उनीहरूको समेत म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको बताए। सामाजिक सञ्जाललगायत कतिपय सञ्चार माध्यममा समेत एसपीका छोरा र मेयरका भतिजा अनुसन्धानमा तानिएको खबर बाहिर आएको थियो।

**निर्मला हत्या प्रकरण**

> बम दिदीबहिनीलाई अदालतबाट म्याद थप गरेपछि बयान सुरु गरेको हो।

### घटनासम्बद्धसँग भेटघाट

सरकारले निर्मला हत्या प्रकरणसम्बन्धनमा छानबिन गर्न गठन गरेको उच्चस्तरीय छानबिन समितिले घटनासँग जोडिएका पक्षसँग भेटघाट जारी राखेको छ।

सोमबार समितिले प्रहरीले अभियोग लगाएका दिलीपसिंह विष्टका परिवारसित भेट गरेको छ। समितिसमक्ष परिवारका सदस्यहरूले दिलीपलाई जबर्जस्ती अपराधी बनाएर फसाउन खोजिएको बताएका छन्। उनीहरूले विष्टको परिवारसित घटनाबारे सोधपुक्ष गरेको छ। यस्तै, समितिले जिल्ला कारागार क्षेत्रको समेत निरीक्षण गरी त्यहाँको बारेमा समेत जानकारी लिएको छ।

प्रहरीले आरोपित बनाएका विष्ट कारागारबाट रिहा भएपछि पनि त्यहाँ आउने जाने गरेको भन्ने घटनाको विषयवस्तुसँग जोडेको थियो। त्यसैको आधारमा समिति कारागार पुगेर जानकारी लिएको हो।

'हामीले घटनासँग जोडिएका विभिन्न क्षेत्रबारे सोमबार (आज) पनि बुझ्ने काम गरेका छौं', समितिका संयोजक हरिप्रसाद मैनालीले भने, 'अनुसन्धानकै क्रममा छौं, अहिले नै बताउन मिल्ने केही छैन।'

समितिले शंकाको घेरामा रहेका बम दिदीबहिनीलाई समेत भेटेर घटनाबारे सोधेको छ। प्रहरीले अदालतबाट म्याद थप गरेर ल्याएपछि समितिले उनीहरूसँग सोधपुक्ष गरेको हो। यसअघि आइतबार निर्मलाको शव भेटिएको उखुबारी क्षेत्रको स्थलगत अनुगमन गरेको थियो भने निर्मला पन्तको घर, साथी रोशनी बमको घरको समेत निरीक्षण गरेको थियो।

कञ्चनपुरको भीमदत्त नगरपालिका-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको अवस्थामा गत महिना साउन ११ गते शव फेला परेको थियो। प्रहरीले बलात्कारपछि हत्या गरिएको घटनामा लापरवाही गरेको भन्दै महेन्द्रनगरमा आन्दोलन चर्किएपछि तत्कालीन सुरक्षा निकायका प्रमुख परिवर्तन गरिएसँगै जिल्लामा खटाइएको प्रहरीको नयाँ नेतृत्वले प्रारम्भिक रुपमै अनुसन्धानलाई पुन: सुरु गरेको हो।

घटनाको अनुसन्धान गर्न खटिएको केन्द्रीय अनुसन्धान ब्युरोको टोली भने फर्किसकेको छ। साउन ११ गते बलात्कारपछि हत्या गरिएको अवस्थामा निर्मलाको शव भेटिएपछि घटनाको अनुसन्धान गर्न सीआईबीको टोली साउन १३ गते महेन्द्रनगर पुगेको थियो।

जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा अनुसन्धानमा खटिएको सीआईबीको टोली र प्रहरीले घटना भएको २६ औं दिनमा बालिकाको बलात्कारपछि हत्यामा संलग्न रहेको आरोपमा एक मानसिक सन्तुलन ठीक नभएका ४१ वर्षीय दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो।

### कर्फ्यु खुकुलो बन्दै

स्थानीय प्रशासनले लगाएको कर्फ्यु खुकुलो बन्दै गएपछि महेन्द्रनगरको अवस्था सामान्य बन्दै गएको छ। लगातार बन्द रहेको बजार व्यवसाय सोमबार दिनभर खुला रहे भने यातायात सेवासमेत सुचारु रह्यो। मंगलबारदेखि तनावग्रस्त हुन पुगेको सदरमुकाम महेन्द्रनगरको अवस्था सोमबारदेखि सामान्य बनेको हो।

सोमबार बजार व्यवसाय खुलेपछि दिनभर सर्वसाधारणको भीड बढेको थियो। बैंक, वित्तीय संस्थामा समेत सेवाग्राहीको भीड बढेको थियो। सोमबार बिहान ५ बजेदेखि १२ बजेसम्म कर्फ्यु हटाएको प्रशासनले बेलुका ६ बजेसम्मै कर्फ्यु हटाएको हो।

यद्यपि, सोमबार बेलुका ६ बजेदेखि मंगलबार बिहान ५ बजेसम्मका लागि भने कर्फ्यु कायमै राखेको छ। सहायक प्रमुख जिल्ला अधिकारी शंकर विष्टले कर्फ्यु खुकुलो बनाउँदै लगिएको बताए।

## संक्षेप

### यौन दुर्व्यवहार गर्ने प्रहरी पक्राउ

**कालिकोट :** जिल्लाको खाँडाचक्र नगरपालिका-१० निवासी २८ वर्षीय धनराज शाही १६ वर्षीया किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका छन्। घटनामा संलग्न अर्का आरोपित जिल्लाको शुभकालिका गाउँपालिका-६ निवासी २४ वर्षीय हेमराज शाही फरार रहेको जिल्ला प्रहरी कार्यालय कालिकोटले जनाएको छ।

### विद्यार्थी अभावमा क्याम्पस बन्द

**बैतडी :** ग्रामीण भेगका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच पुर्‍याउन स्थापित क्याम्पस विद्यार्थी अभावमा बन्द भएका छन्। जिल्लाको सुर्नया गाउँपालिकास्थित रौलाकेदार र शंकर बहुमुखी क्याम्पस विद्यार्थी अभावमा बन्द भएका हुन्। विद्यार्थी अभावमा क्याम्पस बन्द गर्नुपरेको रौलाकेदार बहुमुखी क्याम्पसप्रमुख उद्धव विष्टले बताए।

### प्रहरीद्वारा घर पुनर्निर्माण

**कालिकोट :** जिल्लाको सदरमुकाम मान्म बजारको फोहोर डोकोमा बोक्दै आएका धनसिंह पाण्डेको चुहिने घर प्रहरीले पुनर्निर्माण गरिदिएको छ। खाँडाचक्र नगरपालिका-१ निवासी पोण्डेको घर पुनर्निर्माण गरिदिएपछि उनलाई ठूलै राहत भएको छ। जिल्ला प्रहरी प्रमुख डीएसपी विनोद शर्माले नागरिकको हरेक समस्यामा प्रहरीले सहयोग गर्ने लक्ष्यअनुसार पाण्डेको उक्त चुहिने घर पुनर्निर्माण गरिदिएको बताए।

# पक्राउ विरोधमा प्रदर्शन

**बिस्नप्रसाद न्यौपाने** | *कालिकोट*

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डलाई पक्राउ गरेको विरोधमा उनको गृहजिल्ला कालिकोटको माल्कोटमा विरोध प्रदर्शन भएको छ।

सरकारले झुटो मुद्दा लगाएर नेकपाका पार्टी प्रवक्ता प्रकाण्डलाई बाराम्बार पक्राउ गरेको भन्दै नेकपा कालिकोटका नेता-कार्यकर्ताले विरोध प्रदर्शन गरेका हुन्।

कालिकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-६ माल्कोटमा जन्मिएका नेपाल कम्युनिस्ट पार्टीका स्थायी कमिटी सदस्य तथा पार्टी प्रवक्त खड्गबहादुर विश्वकर्मालाई झुटा मुद्दा लगाएर सरकारले पक्राउ गरी अन्याय गरेको भन्दै नेकपाका नेता तथा कार्यकर्ता र स्थानीय नागरिक प्रदर्शनमा उत्रिएका छन्। नेकपाका केन्द्रीय पार्टी पोलिट ब्युरो सदस्य तथा कर्णाली ब्युरो इन्चार्ज एटम बिसीको नेतृत्वमा कर्णाली ब्युरो सदस्य कर्णबहादुर भण्डारी बिराड, जिल्ला सेक्रेटरी मनीलाल ऐडी रणदीपलगायत नेता-कार्यकर्ताले प्लेकार्डसहित विरोध प्रदर्शन गरेका छन्।

विरोध प्रदर्शनपछि माल्कोटमा आयोजित कोणसभा कार्यक्रममा नेकपाका कर्णाली ब्युरो इन्चार्ज एटम बिसीले राज्यले पार्टी प्रवक्ता प्रकाण्डलाई बारम्बार पक्राउ गरेर मुलुकलाई द्वन्द्वमा फसाउन खोजेको आरोप लगाउँदै प्रकाण्डलाई तत्काल स-सम्मान रिहा नगरे कडा प्रतिवाद गर्ने बताए।

उनले अहिले गरेका संघर्षका कार्यक्रमलाई व्यवस्था गरी सरकारले प्रकाण्डलाई रिहा नगरे जनताको भेलले खोसेर ल्याउने चेतावनी पनि दिए। उनले भने, 'हामी क्रान्ति गरिरहेका छौं। युद्ध गर्ने सोचमा छैनौं। तर, राज्यले युद्ध गर्न बाध्य पार्दै छ।' उनले कालिकोट नेकपाको किल्ला रहेको बताउँदै कालिकोटबाटै अर्को क्रान्ति सुरु हुने दाबी गरेका छन्।

केही समययता नेकपा कालिकोटले आन्दोलनका कार्यक्रम गाउँ केन्द्रित बनाएको छ। साउन २९ गते नेकपाले आह्वान गरेको नेपाल बन्दको दिन कर्णाली राजमार्गको कालेखोला र जिल्ला मालपोत कार्यालयको हाताभित्रै प्रेसर कुकर बम विस्फोट गराएपछि जिल्ला प्रहरी कार्यालय कालिकोटले नेकपाका केन्द्रीय स्तरका नेतादेखि जिल्ला तहका नेताविरुद्ध मुद्दा दर्ता गरेपछि नेकपाले गाउँ केन्द्रित आन्दोलन सुरु गरेको हो।

जिल्ला अदालत कालिकोटले नेकपाका महासचिव नेत्रविक्रम चन्दसहित केन्द्रीय स्तरका नेता तथा जिल्लास्तरका नेतालाई पक्राउ गर्न पक्राउ पुर्जी जारी गरेको छ।

# स्मार्ट सिटी बन्दै दुल्लु

**दैलेख** (अन्नपूर्ण) : जिल्लाको दुल्लु नगरपालिकामा स्मार्ट सिटी निर्माण गरिने भएको छ। सहरी विकास तथा भवन निर्माण विभागको नयाँ सहर आयोजनाअन्तर्गत दुल्लुलाई स्मार्ट सिटीका रूपमा निर्माण गर्न लागिएको दुल्लु नगरपालिकाले जनाएको छ।

दुल्लुमा स्मार्ट सिटी निर्माण गर्न शुक्रबार दोस्रो पटक परामर्शदातासहित रणनीतिक छलफल पनि गरिएको छ। छलफलमा नयाँ सहर आयोजनाका निर्देशक पराग कायस्थले यसअघि निजगढ, लुम्बिनी र पालुङ्टारमा स्मार्ट सिटीको पहिलो चरणको कार्यक्रम सञ्चालन गरेको र दोस्रो चरणअन्तर्गत सरकारले पूर्वाधार विकासका लागि केही रकम छुट्ट्याएकाले यसै आर्थिक वर्षदेखि दुल्लुमा स्मार्ट सिटीको काम सुरु हुने जानकारी दिए।

उनले यस कार्यका लागि अध्ययन क्रममा खटिएका प्राविधिकसहितको टोलीलाई पूर्णरूपमा सहयोग गर्न दुल्लु नगरपालिकाका जनप्रतिनिधि र स्थानीय राजनीतिक दललाई आग्रह गरे।

उनका अनुसार सरकारले नेपालका १० वटा सहरमध्ये दुल्लु नगरपालिकामा पनि स्मार्ट सिटी निर्माण गर्ने प्रावधानअनुरूप काम थालनी गर्न लागिएको हो।

# समय नहुँदै स्याउ बेच्न सुरु

**जुम्ला** (अन्नपूर्ण) : जिल्ला कृषि विकास कार्यालयले सामान्यतया भदौ दोस्रो सातापछि मात्र कृषकलाई परिपक्व भएको स्याउ टिप्न निर्देशन दिए पनि जुम्ली कृषक र व्यापारीले भने निर्देशन अटेर गर्दै साउन अन्तिमबाटै स्याउ टिपेर खरिद, बिक्री गर्न थालेका छन्।

भदौ दोस्रो सातापहिले नै टिपेको स्याउ गुणस्तर नहुने भएकाले स्याउ नटिप्न दिएको निर्देशन अटेर गर्दै कृषकले स्याउ बेच्न थालेका हुन्। भदौ दोस्रो सातापछि स्याउको ब्रिक्स अथवा गुलियोपना १२ देखि १४ डिग्री पुग्ने र त्यसपछि टिपेको स्याउ गुणस्तर हुने कृषिविद् धनप्रसाद देवकोटाले बताए।

# ६ वर्षपछि सीमा बैठक

**सुन्दरसिंह धामी** | *दार्चुला*



तिब्बतमा नेपाल-चीन सीमा बैठकमा सहभागी दुई देशका अधिकारी। ● अन्नपूर्ण

नेपाल-चीन सीमा बैठक ६ वर्षपछि बसेको छ। ०६८ सालमा बसेको नेपाल-चीन सीमा बैठकमा दार्चुलाका नेपाली अधिकारी र तिब्बतस्थित सीमा कार्यालयका अधिकारीबीच भेटवार्ता भएको थियो। ०६८ सालमा भएको नेपाल-चीनबीच बैठकपछि हालसम्म सम्पर्क भएको रेकर्ड जिल्ला प्रशासनमा नरहेको दार्चुलाका प्रमुख जिल्ला अधिकारी खुमकान्त आचार्यले बताए।

त्रिदेशीय सीमाक्षेत्रमा अवस्थित दार्चुलाका अधिकारी र तिब्बतका अधिकारीबीच सम्पर्कसमेत नभएको अवस्थामा सोमबार दार्चुलाका अधिकारी र तिब्बत सीमा कार्यालयका अधिकारीबीच बैठक हुने प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिए। विभिन्न मितिमा नेपाल-भारत सीमा बैठक भए पनि उत्तरी छिमेकीसँग भने ६ वर्षयता बैठक बस्नै सकेको थिएन।

नेपाल-चीन द्विपक्षीय सीमा बैठकमा दार्चुलाबाट सहायक प्रमुख जिल्ला अधिकारी शिवराज जोशी, सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्मका डीएसपी भीमबहादुर चन्द, जिल्ला प्रहरी कार्यालयका डीएससी नवराज अधिकारी, तिंकर प्रहरी चौकीका प्रहरी नायब निरीक्षक धनबहादुर कठायतसहितको ४ सदस्यीय नेपाली टोली बैठकका लागि बिहीबार हिँडेको हो।

यस्तै, दार्चुला, बझाङ र हुम्लालाई बैठकमा बोलाइए पनि बझाङबाट भने सहभागी नभएको स्रोतले जनाएको छ। लामो समयपछि हुने नेपाल-चीन सीमा बैठकमा सम्पर्क स्थापित गर्न र सीमा क्षेत्रका गतिविधिबारे र बैठकमा सीमा सुरक्षा, समन्वय तथा सहाकार्यमा छलफल भएको छ।

बैठकबाट त्रिदेशीय सीमाक्षेत्रमा हुने आपराधिक गतिविधि न्यूनीकरण तथा सीमा क्षेत्रमा हुने अन्य समस्यासमेत समाधानको उपाय खोजिने अपेक्षा नेपाली नागरिकले गरेको भए पनि दार्चुलावासीलाई भने हर्ष न विस्मात भएको छ।

> बैठकमा सीमा सुरक्षा, समन्वय तथा सहाकार्यमा छलफल भएको छ।

### सीमावासीलाई सास्ती

दार्चुलासित जोडिएका सीमानाकामा दार्चुलावासीलाई निकै सास्ती हुने गरेको छ। जिल्ला प्रशासन कार्यालय दार्चुलाले ३० किलोमिटर ताक्लाकोटसम्मको मात्रै पास दिने गरेको छ। दार्चुलावासीको र स्थानीय जनप्रतिनिधिको माग भने ताक्लाकोट मात्र नभई मानसरोवरसम्म जान दिए हुन्थ्यो भनेर सबै क्षेत्रबाट दबाब आएपछि त्यो कुरा चिनियाँ समक्ष पुर्‍याएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

नेपाल-चीन द्विपक्षीय सीमा बैठकमा दुई देशका सीमावर्ती सुरक्षा निकायबीच पारस्परिक सूचना आदानप्रदान गर्ने छलफल भएको छ। संगठित अपराध नियन्त्रण, बहुराष्ट्रिय अपराध, लागुऔषध मानव बेचबिखनलगायत अपराध नियन्त्रण साथै दार्चुलावासीलाई मानसरोवर तथा कैलाश पर्वतसम्मको तीर्थयात्राका लागि चिनियाँ तर्फबाट सहभागी प्रतिनिधि मण्डलका प्रमुखलाई आग्रह गरिएको थियो। त्यसैगरी, दार्चुलाबाट ताक्लाकोटसम्म पास लिएका दार्चुलावासीलाई मौसम प्रतिकूल भएको अवस्थामा हुम्लाको हिल्सा नाकाबाट समेत आवतजावत दिन चिनियाँतर्फबाट सहभागी प्रतिनिधिमण्डलका प्रमुखलाई आग्रह गरियो।

### नेपालको उपस्थिति कमजोर

त्रिदेशीय सीमा क्षेत्रमा नेपालका तर्फबाट राज्यको उपस्थिति कमजोर छ। सीमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म जिल्ला सदरमुका खलंगामा रहे पनि त्रिदेशीय सीमा क्षेत्रमा भने राज्यको उपस्थिति न्यून छ।

नेपाल-भारत-चीनको त्रिदेशीय सीमा क्षेत्रमा नेपालका तर्फबाट ६ महिना प्रहरी मात्रै राज्यको उपस्थिति हुने गरेको छ। ६ महिना नेपाल प्रहरी तिंकरमा चौकीमा बस्ने गरेको छ। त्यसपछिको ६ महिना राप्लाको दुम्लिङ झर्दा त्रिदेशीय सीमा क्षेत्र उपस्थिति शून्य हुन्छ।

# म्यान्माली सेनापतिमाथि नरसंहारको मुद्दा चलाउन माग

**एजेन्सी** | *जेनेभा*

संयुक्तराष्ट्र संघका अनुसन्धाताले म्यान्माका रोहिंज्या अल्पसंख्यकको जातीय नरसंहारमा म्यान्माका सेनाप्रमुख र पाँचजना उच्च सैनिक कमान्डर दोषी देखिएकाले उनीहरूमाथि मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालेका छन्।

उनीहरूले सोमबार प्रकाशन गरेको प्रतिवेदनमा म्यान्माको यस घटनाको स्वतन्त्र अन्तर्राष्ट्रिय छानबिन गर्नुपर्ने पनि जनाएका छन्। म्यान्माले गतवर्ष अगस्तमा रखाइन राज्यमा गरेको निर्मम दमनबाट जोगिन करिब ७ लाख रोहिंज्या समुदाय भागेर बंगलादेशमा आश्रय लिन पुगेका थिए। म्यान्माको सेनाले रोहिंज्या पृथकतावादीको खोजीका नाममा उनीहरूका घरमा अन्धाधुन्ध आगजनी, हत्या र बलात्कार गरेको आरोप छ।

म्यान्माले जातीय सफायाको आरोपको खण्डन गर्दै रोहिंज्या विद्रोहीका आक्रमणको जवाफ मात्र दिएको बताउँदै आएको छ। यद्यपि सोमबार जारी पछिल्लो प्रतिवेदनमा 'म्यान्माका सेनाप्रमुख मीन आङ हाइङ समेतका उच्च सैनिक नेतृत्वमाथि छानबिन गर्नुपर्ने र जातीय सफायाको मुद्दा चलाउनुपर्ने' उल्लेख छ।

प्रतिवेदनमा सेनामाथि रखाइन, काचीन र शान राज्यमा मानवताविरुद्धको अपराध र युद्ध अपराधको मुद्दा चलाउनुपर्ने उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'सेनाले सुरक्षा चुनौतीको यथार्थपरक परिस्थिति निर्माण नहुँदै जथाभावी आफ्ना नागरिकमाथि जाइलागेको देखिएको छ।'

मार्च २०१७ मा राष्ट्रसंघीय मानव अधिकार परिषद्ले गठन गरेको राष्ट्रसंघीय मिसनले प्रतिवेदनमा भनेको छ, 'म्यान्माली सेनाको कमान्डका उच्च सैनिक अधिकारीहरूमाथिको अनुसन्धान र अभियोजन लगाउन पर्याप्त सूचना हामीले पाएका छौं। रखाइन राज्यमा भएका सैनिकका अपराध जातीय नरसंहारको प्रकृति, गम्भीरता र क्षेत्रलाई आकर्षित गर्ने किसिमका छन् र तिनीहरू तथ्यपूर्ण छन्।'

प्रतिवेदनमा नोबेल पुरस्कार विजयी म्यान्माकी लोकप्रिय नेतृ आङ सान सूचीको पनि आलोचना गरिएको छ। नेतृ सूचीले रोहिंज्या समुदायमाथिको कारबाही रोक्न सरकार प्रमुखको महत्वपूर्ण जिम्मेवारीमा रहे पनि केही काम गर्न नसकेको प्रतिवेदनमा भनिएको छ। राष्ट्रसंघीय अनुसन्धाताहरूलाई म्यान्मा प्रवेशमा रोक लगाइएको थियो तर अनुसन्धाताहरूले ८५७ जना पीडित र प्रत्यक्षदर्शीसँग अन्तर्वार्ता लिएका थिए। उनीहरूले भूउपग्रहीय तस्बीर र आधिकारिक कागजात, अन्य तस्बीर र भिडियोका आधारमा निष्कर्ष निकालेका हुन्।

प्रतिवेदकहरूले म्यान्मा सेनाले रखाइन राज्यका कम्तीमा १० वटा गाउँमा महिला र बालिकाहरूको सामूहिक बलात्कार गरेको जनाएका छन्। 'यी घटनाक्रमको अध्ययनले बलात्कार र यौनहिंसाको सहायताबाट आममानिसलाई तर्साउने, आतंकित बनाउने वा सजाय दिने नियत प्रष्ट देखिन्छ', सेनाले फेसबुक समेत प्रयोग गरी रोहिंज्याविरुद्ध घृणा फैल्याएको प्रतिवेदनमा उल्लेख छ।



**म्यान्मामा भएका अत्याचारबारे राष्ट्रसंघमा प्रतिवेदन बुझाउँदै मार्जुकी दारुसमान।** ● एपी

### पत्रकारको फैसला स्थगित

**यांगुन** : रोहिंज्या नरसंहारसम्बन्धी समाचार संकलन गर्ने रोयटर्स समाचार संस्थासँग आबद्ध दुई पत्रकारमाथि लागेको गोपनीयता कानुन उल्लंघनको आरोपसम्बन्धी मुद्दाको फैसला एक साताका लागि स्थगित भएको छ। राज्यको गोपनीयता कानुन उल्लंघनको मुद्दा खेपिरहेका दुबै पत्रकारको फैसला त्यहाँको एक अदालतले सोमबार सुनाउने पूर्व निर्धारित तालिका थियो।

गत डिसेम्बरदेखि नै रोयटर्सका पत्रकारहरू ३२ वर्षीय वा लोन र २८ वर्षीय क्या सो ओउ म्यान्मामा इन्सेन जेलमा थुनामा छन्। यी दुबै पत्रकारले सेप्टेम्बर २०१७ मा द्वन्द्व प्रभावित रखाइन राज्यमा मारिएका १० जना रोहिंज्या मुस्लिमका बारेमा अनुसन्धान गरिरहेका थिए।

रखाइन राज्यमा सैनिक कारबाहीसम्बन्धी गोप्य सामग्री राखेको आरोप उनीहरूमाथि लगाइयो। दुबै पत्रकारमाथि औपनिवेशिककालीन राज्य गोपनीयता कानुन उल्लंघनको आरोप लागेको छ। यस्तो दस्तावेज राखिए १४ वर्षको जेल सजाय हुन सक्छ।

आदेशको पर्खाइमा कूटनीतिक व्यक्ति, सञ्चारकर्मी र शुभेच्छुकहरूको अदालतमा ठूलो भीड लागेको थियो। जिल्ला न्यायाधीश खिन माउङ माउङले संक्षिप्त सुनुवाइ गर्दै मुख्य न्यायाधीश बिरामी भएकाले सेप्टेम्बर ३ मा मात्र आदेश सुनाइने जानकारी दिएका थिए।

अदालतबाट बाहिर निस्कने क्रममा पत्रकार वा लोनले फैसला जेसुकै भए पनि आफूहरू भयभीत नभएको प्रतिक्रिया दिए। 'हामी सत्य रहेको हामीलाई विश्वास छ र हामीले केही गल्ती गरेकै छनौं', उनले भने।

# पोपविरुद्ध आयरल्यान्डमा प्रदर्शन




**पोप फ्रान्सिसविरुद्ध प्रदर्शन गर्दै आइरिस।** ● रासस/एपी

**एजेन्सी** | *डब्लिन*

क्याथोलिक चर्चमा यौन शोषण भएको भन्दै आयरल्यान्डमा हजारौंले पोप फ्रान्सिससामु चर्च र पादरीलाई कारबाहीको माग गरी प्रदर्शन गरेका छन्। भ्याटिकनको पहेँलो र सेतो रंगको झण्डा लिएर उनीहरूले विशाल प्रदर्शन गरेका हुन्।

प्रदर्शनका क्रममा उनीहरूले 'नोप टु द पोप' लेखेका ब्यानर पनि बोकेका थिए। क्रिस्चियन धर्मावलम्बीको पवित्रस्थल भ्याटिकनले धर्म र राज्यबीच फरक नदेखेको र गर्भपतनलाई मान्यता नदिएको भन्दै आक्रोश व्यक्त गरेका थिए।

ननको पोशाक लगाएकी लिसा बार्सियनले भनिन्, 'मलाई लाग्छ, पोपले घुँडा टेकेर बसी आयरल्यान्डका जनतासँग माफी माग्नुपर्छ।' प्रदर्शनकारीले पीडितका नाममा प्रार्थना नभई पोपले काम गर्नुपर्ने माग गरेका थिए। उनीहरूले 'पोप फ्रान्सिसले आफ्नो अवसर गुमाए', 'धर्म सही हुन्छ, बलात्कार हुँदैन' जस्ता नारा लगाएका थिए। रेजिडेन्शियल इन्स्टिच्यूशन सरभाइभर्स नेटवर्ककी संस्थापक विलियम ग्यारीले रुँदै भीडलाई सम्बोधन गरेकी थिइन्। उनले आफूलाई बाल्यकालमा यौनशोषण गरेको खुलासा गरेकी थिइन्। ५३ वर्षीया विलियमले भनिन्, 'यो सबै बन्द बन्द कोठामा भएको थियो।'

पोपले आयरल्यान्डका चर्चमा भएको बाल यौनशोषण बारे शनिवार चिन्ता व्यक्त गरेका थिए। केही समयपूर्व आयरल्यान्डका चर्चमा वर्षौंसम्म बाल यौनशोषणका घटना सार्वजनिक भएका थिए। यसको विश्वभर आलोचना भएपछि पोपले आफू चिन्तित भएको बताएका थिए। यी घटना सार्वजनिक भएसँगै पोपलाई असहज भएको छ। उनी आइरिस सरकारले गरेको एक कार्यक्रममा पनि सहभागी भए।

पोप सहभागी कार्यक्रममा पादरीले यौनशोषणमा परेका व्यक्तिले आक्रोश व्यक्त गर्दै विरोध गरेका थिए। पोपले उक्त कार्यक्रममा चर्च र आफू पनि लज्जित भएको बताएका थिए। यस्ता घटना रोक्न आफूले प्रयास गर्ने बताएका थिए। चर्चमा वर्षौंसम्म यौन शोषणका घटना सार्वजनिक हुनथालेपछि चर्च र पादरीको नैतिकतामाथि विश्वासमा कमी आएको छ।

# अमेरिकाविरुद्ध इरानी उजुरी

**द हेग** (एएफपी) : अमेरिकाले इरानविरुद्ध लगाएको प्रतिबन्ध पक्षपातपूर्ण रहेको भन्दै राष्ट्रसंघको उच्च अदालतमा इरानले गरेको उजुरीमाथि सुनुवाइ शुरु भएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तीन साताअघि इरानमाथि एकपक्षीय कडा प्रतिबन्ध घोषणा गरेका थिए। सन् २०१५ को बहुपक्षीय आणविक सम्झौताबाट अमेरिका अलग भएको घोषणा गरी ट्रम्पले इरानमाथि नयाँ प्रतिबन्ध लगाएका हुन्। यी प्रतिबन्ध नोभेम्बरको शुरुदेखि लागू हुँदै छन्।

ती प्रतिबन्धले इरानी तेल र ऊर्जा क्षेत्रलाई लक्षित गरेको छ। तेहरानले जुलाईमै अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा दर्ता गरेको थियो। इरानले हेगमा रहेको ट्रिबुनल समक्ष अमेरिकी प्रतिबन्ध तत्काल हटाउन माग गरेको छ। इरानको भनाइ छ, 'प्रतिबन्धले इरानमाथि ठूलो पक्षपात गरेको छ।'

> अमेरिकाले आफूविरुद्ध दोस्रोपटक नाकाबन्दी लगाउने भएपछि इरान अदालतमा।

तेहरानले अमेरिकासँग यस्तो प्रतिबन्धात्मक कारबाही गर्ने कुनै अधिकार नरहेको भन्दै हानि भए त्यसको क्षतिपूर्ति अमेरिकाले तिर्नुपर्ने जनाएको छ। इरानले आणविक महत्वाकांक्षालाई सीमित गर्ने गरी सन् २०१५ मा भएको ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरेसँगै इरानमाथिका कतिपय प्रतिबन्ध फुकुवा भएका थिए। राष्ट्र-राष्ट्रबीचका विवाद सुल्झाउन सन् १९४६ मा स्थापना भएको आईसीजेले अन्तरिम फैसला सुनाउन केही महिना लगाउने देखिन्छ।

ट्रम्पले अमेरिकी हितमा नभएको 'एकपक्षीय सम्झौता' भन्दै आफूलाई मान्य नहुने भन्दै सम्झौताबाट अलग्गिएको घोषणा गरेका थिए। सन् २०१५ को यो सम्झौतामा राष्ट्रसंघका पाँच स्थायी सदस्य राष्ट्रहरूसहित जर्मनीले हस्ताक्षर गरेका थिए।

अमेरिकाले सम्झौताबाट फिर्ता हुने निर्णय गरे पनि सम्झौताका अन्य हस्ताक्षरकर्ता मुलुकले यसलाई बचाउने प्रतिबद्धता गरिरहेका छन्। अमेरिकाले इरानमा सक्रिय बहुराष्ट्रिय कम्पनीलाई फिर्ता हुन दबाव दिइरहेको छ। यसबाट उत्पन्न अन्यौलले इरानी मुद्रामा व्यापक गिरावट आएको छ।

यसैबीच अमेरिकाले अन्तर्राष्ट्रिय अदालतमा चुनौतीको 'प्रतिवाद' गर्ने बताएको छ। अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले भने, 'इरानले अदालतमा न्यायका लागि दिएको चुनौती सामना गर्न तयार छौं।'

# व्यापार वार्ता सहमति नजिक

**एजेन्सी** | *वासिङ्टन*

उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा)लाई अद्यावधिक गर्नेसम्बन्धी अमेरिका र मेक्सिकोका मध्यस्थकर्ताको वार्ता सोमबार पुन: आरम्भ गरेका छन्। वासिङ्टनमा दुबै पक्षबीच साताभर चलेको अनौपचारिक वार्तामा व्यापार र लगानीका विषयमा व्यापक छलफल भएको र दुवै पक्ष सहमति नजिक पुगेको बताइएको छ।

आइतबारको वार्तामा अमेरिकी व्यापार प्रतिनिधि रोबर्ट लाइटिजर र राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुश्नर सहभागी थिए। मेक्सिकोका अर्थसचिव इल्देफोन्सो गुआहार्दोले वार्ता सोमबार बिहानै शुरु भएको बताएका छन्।

वार्तामा द्विपक्षीय विषयमा सहमति जुटाउने तथा नाफ्टाको तेस्रो साझेदार मुलुक क्यानडासँग छलफल गरी नयाँ

**अमेरिका - मेक्सिको बैठक**



सम्झौतामा हस्ताक्षर गरिनेछ। सचिव गुआहार्दो र मेक्सिकोका विदेशमन्त्री लुइस भिदेगारेले दुई देशबीचका मुख्य व्यापारिक समस्या सुल्झाउन एक महिनादेखि अमेरिकी व्यापार प्रतिनिधिसँग वार्ता गर्न पटकपटक वासिङ्टन भ्रमण गरेका छन्।

उनीहरू अगस्तअघि सवारी साधनको बजार समेतका विषयमा ठोस निष्कर्षमा पुग्ने प्रयास गरिरहेका छन्। मेक्सिकोमा जुलाई १ मा भएको राष्ट्रपतीय चुनावले पनि मे महिनाका लागि तोकिएको वार्तामा असर परेको थियो। अमेरिका, क्यानडा र मेक्सिको सम्मिलित नाफ्टाका बारेमा राष्ट्रपति ट्रम्पले निरन्तर आलोचना गर्दै आएका छन्। अमेरिकाका लागि 'घातक' रहेको भन्दै ट्रम्पले सम्झौतामा आवश्यक संशोधन नभए नाफ्टाबाट अलग्गिने चेतावनी दिने गरेका छन्।

अमेरिका-मेक्सिको बीचको सवारी साधन उद्योगसम्बन्धी नियममा के कस्तो सहमति हुन्छ भनी पर्खेर बसेको क्यानडालाई पनि वार्तामा आमन्त्रण गर्ने योजना छ। वार्ताकारहरू राष्ट्रपति एनरिक पेना नीतोले डिसेम्बर १ मा सत्ता छाड्नुपूर्व सम्झौतामा पुग्न प्रयासरत छन्।

मेक्सिकोको राष्ट्रपतिमा आन्द्रेस म्यानुअल लोपेज ओब्रादोर निर्वाचित भइसकेका छन् र उनले डिसेम्बर १ तारिखदेखि सत्ता सम्हाल्नेछन्। नयाँ सम्झौतालाई कार्यरूप दिन अमेरिकी संसद् कंग्रेसलाई ९० दिनको अग्रिम समय दिनुपर्छ।

# 'ईयू सुरक्षामा परिवर्तन'

**पेरिस** (एजेन्सी) : यूरोपेली संघ (ईयू) अमेरिकी शक्तिमा आश्रित हुन रोकिनुपर्ने बताउँदै सोमबार फ्रान्सेली राष्ट्रपति एमानुएल म्याक्रौँले आफूले ईयूको सुरक्षा संरचनालाई प्रोत्साहित गर्ने नयाँ प्रस्ताव राख्ने बताएका छन्।

उनले भने, 'यूरोपले अब सुरक्षाको विषयमा अमेरिकामाथि विश्वास गर्न सक्दैन। यूरोपको सुरक्षाको प्रत्याभुत गराउने कुरा हामीमा निहित कुरा हो।'

भावी कार्ययोजना छलफल गर्न बसेको २५० कूटनीतिज्ञ, सांसद तथा अन्तर्राष्ट्रिय विषयका जानकार रहेको कार्यक्रमलाई माक्रौँले सम्बोधन गरेका थिए। उनले यस्तो प्रस्ताव आगामी केही महिनामा सार्वजनिक गरिने स्पष्ट पारेका छन्।

रूससहित ईयू सदस्य राष्ट्रसँग सुरक्षाको सविस्तार समीक्षा गर्नु अत्यावश्यक भएको माक्रौँको कथन छ।


अन्नपूर्ण मिडिया नेटवर्क | **अन्नपूर्ण** पोस्ट

## वर्गीकृत डिस्प्ले

**विज्ञापनको लागि फोन नं.: ०१-४४६९७४१**
**Email: marketing.3ni@gmail.com**

**मोटरसाइकल हरायो**

**हराएको मिति:** २०७५/५/९ गते
**हराएको स्थान :** पुल्चोक, ललितपुर
तपशिल बमोजिम मेरो निम्न व्यहोरा भएको बा९१प ९९३७ नम्बरको कालो पल्सर १८० सीसीको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
**नाम: सुमित प्रधान**
**च्यासिस नं.:** MD2A12DY1HCE 50745
**इन्जिन नं.:** DJYCHE 12879
**ठेगाना: इटहरी-१, सुनसरी**
**सम्पर्क: ९८०४०२१३११**

**चाहियो**

**अफिसलाई कर्मचारी बनस्थली 9851054967, 9813814354**

भक्तपुरमा सामानहरु उत्पादन प्याकिङ्ग गर्नेमा पढेनपढेका महिलापुरुषहरु १८५००/- ९७४११४८०५३, ९८१३८६६६५९

मार्केटिङ्गको लागी ७कर्मचारी 9813545367, 9843015411

**चलचित्र, टेलिसिरियल, म्यूजिकभिडियोमा नवनायक, नवनायिका, अन्यकलाकारहरु चाहियो 9841952269, 9813996479**

कपाल काट्ने मान्छे चाहियो 25000/- 9807184754

**थकाली किचनमा अनुभवी वेटर चाहियो ९८४३७६६५६९**

**सामाखुसीचोक अफिसमा कर्मचारीहरु 9886217344, 9818258029**

कस्मेटिकमा खानबस्नसहित 15,000/- 9841692640, 9803274227

बाफल अफिसलाई कर्मचारी चाहियो ९८५१०५४९५८, ९८०३६०९८४३

कोटेश्वरमा सामानहरु उत्पादन/ प्याकिङगर्नेमा महिलापुरुषहरु १८,५००/- ९८१३३४५२२८, ०१६९१३२२१

**निर्माण/सफाइ**

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैंकी मेसिनबाट ९८४१६५९९६४ राजनप्रसाद

ढलट्वाईलेट मंगाल जामखोल्ने मर्मतगरिन्छ ९८५१०१९८८९

ढलट्वाईलेट सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३५६२५५

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

**मर्मत**

TV मर्मत होम सर्भिस ९८५१०८९९२८

**घर-जग्गा**

टोखा काठमाडौंमा घडेरीहरु ८,००,०००-१५,००,००० पनौतीमा रोपनीको १५,००,००० सम्मको चाहिएमा ९८६२४०२७४९, ९८०३८३४२६१, ९८६०१३५७०९

दरबारमार्गमा २-८-०-० जग्गाबिक्रीमा ९८५१०५०३०५

बाँके कोहलपुर नगरपालिकाको मेनबजारमा ३ कठ्ठामा १७ धुर जग्गा सहित ३ तल्ले घर, कोहलपुर नगरपालिका चप्पगौडीमा रहेको १ कठ्ठा घडेरी तुबिक्रीमा सम्पर्क: 9861925545

**बिक्रीमा**

फार्मेसी पोलिक्लिनिक डेन्टल बिक्रीमा ९८१८५८२३९३

**सम्पर्क**

व्यवसायीज्ञान, दृढईच्छाशक्ति, सकरात्मकसोंच भएरपनि उचितजनशक्ति र लगानीको अभावभए आउनुहोस साझेदारीमार्फत व्यवशायगरौं 9818803001

**प्रत्येक दिन प्रकाशित हुने वर्गीकृत विज्ञापन दररेट निम्नबमोजिम कायम गरिएको छ ।**

वर्गीकृत डिस्प्ले श्यामश्वेत (१X५) रू. १५००/-* मात्र
वर्गीकृत डिस्प्ले रंगीन (१X५) रू. २०००/-* मात्र
वर्गीकृत डिस्प्ले श्यामश्वेत (१X१०, २X५) रू. २०००/-* मात्र
वर्गीकृत डिस्प्ले रंगीन (१X१०, २X५) रू. ३०००/-* मात्र
वर्गीकृत विज्ञापन रू. २०/- (कम्तीमा ५ शब्द बढीमा ३० शब्द)
वर्गीकृत विज्ञापन बोल्ड (☞☑✱☎) रू. २५/-
*मू.अ.क. बाहेक

विस्तृत जानकारीको लागि:

**Annapurna Media Network**
Corporate Tower, Tinkune, Kathmandu, Nepal
Tel: +977-1-4482305/4481207

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु**

**काठमाडौं:**
गोर्खा न्युज एण्ड स्टेशनरी, सोह्रखुट्टे, नयाँबाजार : ४३५५७६०
सुविधा डट कम, बनस्थली, बालाजु : ९८४१७११५१२
गेटवे सञ्चार सेवा, सिनामंगल : ९८५१०५३०७८
क्वीक, कम्युनिकेशन प्रा.लि. बालाजु : ४३८३४५२
न्यु कविना बुक्स एण्ड स्टेशनरी, कोटेश्वर : ४६००१६७
न्यु बाबा स्टेशनरी एण्ड सेक्रेटरीयल, मैतिदेवी : ४४४४०१९
पशुपति विज्ञापन सेवा, सोह्रखुट्टे : ९८६६४३०१५५, ९८१३६३५६०९
पिस नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि. ठमेलचोक : ४४१७६८८
पशुपति कम्युनिकेशन, गोंगबुचोक : ४३६६११२
ओम साई मल्टिमिडिया क्रियशन बागबाजार : ९८५१०७८१३२
भ्याली कम्युनिकेशन सर्भिस, महाराजगंज : ४३७२३३०
ग्लोबल बुक्स एण्ड स्टेशनरी, मीनभवन : ४१०७१२८
मिडिया एडोब, उत्तरढोका, लाजिम्पाट : ४००१०२५
युनिटेक आइटी सोलुसन, जोरपाटी : ९८४१३१५४४१
आर्क मिडिया सर्भिस प्रा.लि., न्युरोड : ४२४५२४५, ९८५११२८२२८
लोटस कम्युनिकेशन, गोंगबुचोक : ४३६४७५१
इडुपार्क स्टेशनरी सप्लायर्स, सामाखुसी : ९८४१७९३६३३
सत्य साइबाबा स्टेशनरी, त्रिपुरेश्वर : ४२१८०५३
सुन्धारा टेलिकम (पिसिओ), सुन्धारा : ४२२०१८२
सुस्मीता क्लासिफाइड, नयाँ बानेश्वर : ४१०४२३७
एम एस सेढाइ बुक्स एण्ड स्टेशनरी, सुन्धारा : ४३५६४७५
वीडलिंक मिडिया प्रा. लि. पुरानोबानेश्वर :४४९२३०९, ९८४९९६०६१४
मल: स्टेशनरी एण्ड जनरल स्टोर, गठ्ठाघर: ६६८११९, ९८४१६०४९४९
मिडिया सम्बत प्रा.लि., कोटेश्वर-३५ : ९८५११६२०६६, ४६०१०९५

**ललितपुर:**
न्यु टिन्स् बुक्स एण्ड स्टेशनरी, सातदोवाटो : ५५५३६६३
न्यू लालित्य प्रिन्टर्स, लगनखेल : ५५४३५८२
निसु कलेक्सन एण्ड स्टेशनर्स, ग्वार्को : ५२०१२०८
माउण्टेन एयर एक्सपोर्ट, कुमारीपाटी : ५५३३७६६,९८४९६६१४६५
साइबरजोन, पाटन : ५५२७०३३
सेभन २४, जावलाखेल : ५५३५९२४
हिमाल बुक्स एण्ड स्टेशनरी, कुमारीपाटी : ५५५०२७६

**भक्तपुर:**
अदिती विज्ञापनसेवा, कौशलटार ६६३५१६१, ९८५११२२३८१


**कितिपुर**
किपु बुक प्वाईन्ट : ४३३१७७५, ९८४१२३६९२६

**पोखरा नयाबजार:** सफल मिडिया हाउस ०६१-५३८९१३

**चितवन :** आदर्श मिडिया प्रा.लि. नारायणगढ ९८४५१९९३६१

**विरगंञ्ज :** अमृत बुक्स एण्ड स्टेशनरी, त्रिमूर्ति चोक ०५१-५२४६३८

**जनकपुर :** एस एम स्पोर्टस्, भानुचोक ०४१-५२६८३९



### अल्ट्रा रनमा तेस्रो भइन् मीरा

नेपाली अल्ट्रा धाविका मीरा राईले इटालीमा सोमबार भएको स्काई रनर वल्ड सिरिजमा तेस्रो स्थान हात पारेकी छन्। टोरफियो किमा रेसको निर्धारित ५२ किलोमिटर मीराले सात घन्टा ४१ मिनट ४६ सेकेन्डमा पूरा गरिन्। बेलायतकी हिलारी जेराडी पहिलो भइन्।

# खेलकुद

### बेसिक्टास पुगे लोरिस

लिभरपुलबाट व्यावसायिक फुटबल खेल्दै आएका जर्मनीका गोलरक्षक लोरिस करिउस लोनमा टर्किस क्लब बेसिक्टास गएका छन्। २५ वर्षीय बेसिक्टासले लोरिसलाई दुई वर्षका लागि लोनमा लिएको हो।



# कराँते र बक्सिङ पनि पदकविहीन

**रोशन राउत** | *जकार्ता (इन्डोनेसिया)*

एसियाली खेलकुदको १८औं संस्करणमा एकपछि अर्को निराशाजनक नतिजा हात पार्दै आएको नेपाली टोली आशा गरिएका थप दुई खेल कराँते र बक्सिङमा पनि पदकविहीन बन्ने निश्चित भएको छ। प्रतियोगिताको १०औं दिन सोमबार कराँते र बक्सिङका सबै स्पर्धा समाप्त हुँदा नेपाली खेलाडीले एउटा पनि पदक हात पार्न सकेनन्।

कराँतेको अन्तिम दिन सोमबार अनुभवी खेलाडी अनु अधिकारीले उत्कृष्ट प्रदर्शन गर्दै पदकको आशा जगाए पनि कांस्यका लागि भएको भिडन्तमा उनी जापानी प्रतिद्वन्द्वीसँग पराजित हुन पुगिन्। नेपालका लागि कराँतेको यो अन्तिम स्पर्धा थियो।

कुमुतेतर्फ महिलाको ५० केजीभन्दा मुनिको तौलसमूहमा अनुले आफ्नो पहिलो खेलमा मकाउकी सुङ ई चिङलाई ५-१ अंकले हराएकी थिइन्। दक्षिण एसियाली खेलकुदकी पदकधारी अनु क्वार्टरफाइनल भिडन्तमा भने ताइपेईकी गु साइसुङसँग २-७ अंकले पराजित हुन पुगिन्।

त्यसपछि अनुलाई हराउने खेलाडी गु साइसुङ प्रतियोगिताको फाइनलमा पुगेकीले अनुले कांस्य पदकका लागि अगाडि बढ्न अर्को भिडन्तको अवसर पाइन्। उक्त भिडन्तमा अनुले लाओसकी खेलाडी सिरिभिमोन सिरिमुंखोनलाई ३-१ अंकले पराजित गर्दै आफूलाई कांस्य पदकको दाबेदारका रूपमा उभ्याइन्।

तर, कांस्य पदकका लागि उनको प्रतिद्वन्द्वी जापानी खेलाडी परिन्। बलियो जापानी प्रतिद्वन्द्वी मियाहारा मिहोविरुद्धको उक्त खेलमा अनु ९-० ले पराजित हुन पुगिन्। यसरी सफलताको अत्यन्तै नजिक पुगेर पनि नेपाल जारी एसियाडमा पहिलो पदक हात पार्नबाट चुक्यो।

क्वार्टरफाइनलमा अनुलाई हराउने ताइपेईकी खेलाडी गु साइसुङले नै उक्त स्पर्धाको उपाधि पनि जितिन्। जारी एसियाडमा अनुबाहेक कुनै पनि नेपाली खेलाडीले दुईवटा खेल जित्न सकेका छैनन्।

त्यसअघि सोमबार नै पुरुषतर्फको ८४ केजीभन्दा मुनिको तौलसमूहमा नेपालका खेलाडी दिवश श्रेष्ठ आफ्नो पहिलो भिडन्तमै पराजित भएका थिए। बाई पाएर सीधै दोस्रो चरणमा पुगेका दिवसलाई इरानका जाबिल्लाह पुर्साबले ८-० अंकले पराजित गरेका थिए। नेपाली कराँतेले जारी एसियाडको आठवटा स्पर्धामा भाग लिएको थियो। यसैगरी सोमबार नै बक्सिङमा पनि नेपालको स्पर्धा सकिएको छ। पुरुष मिड्लवेट ७५ केजी तौलसमूहको भिडन्तमा नेपाली खेलाडी दीपक श्रेष्ठ प्रारम्भिक चरणमै पराजित भए। दीपकलाई कान चिवेईले पहिलो खेलमै ५-० ले पराजित गरे।

प्याराग्लाइडिङमा भने नेपालले सोमबार पनि पदक जित्ने सम्भावना कायमै राखेको छ। पुरुष टिम क्रसकन्ट्री स्पर्धाको तेस्रो चरणको खेल सकिँदासम्म नेपाल चौथो स्थानमा छ। अघिल्लो दिन नेपाली टोली तेस्रो स्थानमा थियो।

उक्त स्पर्धामा १० टोली सहभागी छन्। नेपाली टोलीमा विमल अधिकारी, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल थापा छन्। पुरुषतर्फ इन्डोनेसिया पहिलो, जापान दोस्रो र दक्षिण कोरिया तेस्रो स्थानमा आसीन छन्।

सोही स्पर्धाको महिलातर्फ भने तेस्रो चरणको खेल सकिँदासम्म नेपाल छैटौं स्थानमा आसीन छ। अघिल्लो दिन नेपाली टोली पाँचौं स्थानमा थियो।

महिलातर्फ पनि १० टोली सहभागी छन्। नेपाली महिला टोलीमा प्रतिभा भुजेल, तृषा तामाङ र सबिता तामाङ सहभागी छन्। महिलातर्फ जापान पहिलो, दक्षिण कोरिया दोस्रो, इन्डोनेसिया तेस्रो, थाइल्यान्ड चौथो र मलेसिया पाँचौं स्थानमा छन्।

यसैगरी स्क्वासको पुरुष टिम स्पर्धामा पनि नेपाल पराजित भयो। समूह 'ए'बाट प्रतिस्पर्धा गरिरहेको नेपाललाई दक्षिण कोरियाले ३-० ले हरायो। पहिलो खेलमा नेपालका अमृत थापामगर दक्षिण कोरियाका को योङ्जोसँग ११-२, ११-१, ११-४ अंकले पराजित भए।

सोही स्पर्धाको दोस्रो खेलमा दक्षिण कोरियाका ली सेउङ्तेकले नेपालका राजेन्द्र शाक्यलाई ११-०, ११-५, ११-५ अंकले पराजित गरे। तेस्रो खेलमा पनि कोरियाली खेलाडी ली से ह्युङले नेपालका अरहान्तकेशर सिंहलाई ११-४, ११-३, ११-४ अंकले हराए।

यसैगरी टेबुलटेनिसको सोमबार भएका चारमध्ये एक खेलमा नेपाल विजयी भयो भने तीन खेलमा पराजय बेहोर्‍यो। महिला टिम स्पर्धाको आफ्नो पहिलो खेलमा नेपाली टोली हङकङसँग ३-० ले पराजित भयो। नेपालकी नविता श्रेष्ठलाई हङकङकी ली चिङ वाङले ११-७, ११-३, ११-८ अंकले पराजित गरिन्।

अर्को खेलमा हङकङकी निङविङ नामले नेपालकी स्वेच्छा नेम्बाङलाई ११-४, ११-२, ११-४ अंकले हराइन्। तेस्रो खेलमा पनि हङकङकी सु विई यामले नेपालकी रविना महर्जनलाई ११-६, ११-१, ११-१ अंकले पराजित गरिन्।

महिला टिम स्पर्धाकै अर्को खेलमा भियतनामले नेपाललाई ३-० ले हरायो। पुरुष टिम स्पर्धामा भने नेपालले आफ्नो दोस्रो खेलमा लाओसमाथि ३-१ सेटको जित हासिल गर्‍यो। त्यसअघि आफ्नो पहिलो खेलमा नेपाली टोली उत्तर कोरियासँग ०-३ ले पराजित भएको थियो।

यसैगरी एथलेटिक्सको महिला आठ सय मिटर दौडमा नेपालकी सरस्वती भट्टराई हिट चरणबाटै बाहिरिइन्। हिट तीनबाट प्रतिस्पर्धा गरेकी सरस्वती आफ्नो हिटमा सहभागी सात खेलाडीमध्ये छैटौं स्थानमा आइन्। निर्धारित दूरी पूरा गर्न सरस्वतीले दुई मिनेट १२.८५ सेकेन्ड समय खर्चिएकी थिइन्। माल्दिभ्सकी खेलाडीले सरस्वतीभन्दा पछाडि दौड पूरा गरिन्। सन् २०१७ मा भारतको भुवनेश्वरमा भएको एसियन एथलेटिक्स च्याम्पियनसिपमा सरस्वतीले यही दूरी पूरा गर्न दुई मिनेट १३.९९ सेकेन्ड समय खर्चिएकी थिइन्।

यसैगरी सेपाकताक्रोमा सोमबार नेपाली खेलाडी पराजित भए। पुरुष रेगु स्पर्धाको प्रारम्भिक चरणमा नेपाललाई भारतले ०-२ ले हरायो।



एसियाली खेलकुदअन्तर्गत एथलेटिक्सको महिला आठ सय मिटरमा दौडँदै नेपालकी सरस्वती भट्टराई (६३)। ● सौजन्य : राखेप




कराँतेमा प्रतिस्पर्धा गर्दै नेपालकी अनु अधिकारी (दायाँ)।




कराँतेमा प्रतिस्पर्धा गर्दै नेपालका दिवस श्रेष्ठ (नीलो) र इरानका खेलाडी।

# आत्मघाती गोलमा चेल्सी विजयी



न्युक्यासलविरुद्ध पेनाल्टी गोल गरेपछि खुशी साट्दै चेल्सीका इडेन हाजार्ड (बीचमा)। ● एपी/रासस

**एजेन्सी** | *लन्डन*

रक्षक डिएन्डर ऐडलिनले आफ्नै पोस्टमा गोल छिराएपछि चेल्सीले इङ्लस प्रिमियर लिगमा आफ्नो विजयी यात्रालाई जारी नै राखेको छ। चेल्सीले आत्मघाती गोल उपहारमा आइतबार राति न्युक्यासल युनाइटेडमाथि २-१ गोलको जित निकाल्यो।

जितसहित तीन खेलबाट ९ अंक पुर्‍याएको चेल्सी इङ्लस प्रिमियर लिग अंक तालिकाको दोस्रो स्थानमा पुगेको छ। न्युक्यासलविरुद्धको जितमा चेल्सी केही भाग्यमानी देखियो। चेल्सीले न्युक्यासलविरुद्ध गरेको दुईमध्ये पहिलो गोल पेनाल्टी अवसरमा सम्भव भएको हो भने दोस्रो गोल आत्मघाती उपहार प्राप्त भयो।

खेल बराबरीतर्फ अघि बढिरहेका बेला न्युक्यासलका अमेरिकन रक्षक ऐडलिनले बललाई आफ्नै पोस्टमा छिराउँदा चेल्सीको जित निश्चित बनेको थियो। चेल्सीका मार्कोस अलन्सोले प्रहार गरेको बललाई रोक्ने प्रयास गरेका ऐडलिनले दुर्घटनावश आफ्नै पोस्टमा छिराएका थिए।

त्यसअघि खेलको ८८औं मिनेटसम्म दुवै टोलीबाट १-१ गोल भएको थियो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफको ७७औं मिनेटमा चेल्सीले १-० को अग्रता बनाएको थियो। अलन्सोमाथि डीबक्सभित्र फल प्रहार भएपछि प्राप्त पेनाल्टी अवसरलाई सदुपयोग गर्दै इडेन हाजार्डले चेल्सीलाई १-० ले अघि बढाएका थिए।

त्यसपछि खेलको ८३औं मिनेटमा ऐडलिनले क्रस गरेको बललाई हेडिङ गोलमा परिणत गराउँदै जोसेलुले घरेलु टोली न्युक्यासललाई १-१ को बराबरीमा फर्काएका थिए। रक्षक एडलन न्युक्यासलका लागि 'हिट' र 'फ्लप' दुवै भए। न्युक्यासलाई बराबरीमा फर्काउन गोलको अवसर सिर्जना गरेका एडलनले गरेको आत्मघाती गोलकै कारण टोलीले पराजय बेहोर्‍यो।

खेलपछि चेल्सीका स्ट्राइकर हाजार्डले खुसी व्यक्त गरे। 'उनीहरूले गोल फर्काएपछि सबैले आजको खेल बराबरीमै रोकिने आकलन गरेका थिए', हाजार्डले भने, 'तर, हामीले त्यस्तो सोचेनौं। त्यसैले जित सम्भव बन्यो।' चेल्सीको यो सफलता नयाँ प्रशिक्षक माउरिजियो सार्रीका लागि निकै महत्त्वपूर्ण रह्यो। एन्टोनियो कोन्टेले जिम्मेवारी छाडेपछि आएका सार्रीले टोलीलाई आफ्नो प्रशिक्षणमा नयाँ सिजनको सुरुआती तीनै खेलमा विजयी बनाएका छन्।

चेल्सीले खेलको पहिलो हाफमा ७९ प्रतिशत बल पोजिसनसहित खेल्दा न्युक्यासल निकै दबाबमा देखिएको थियो। प्रशिक्षक राफा बेनेटिजले न्युक्यासललाई पूर्ण रक्षात्मक खेलाउँदा दोस्रो हाफको कुनै समयमा चेल्सीले आफ्नो बल पोजिसन ९० प्रतिशतसम्म पुर्‍याएको थियो। 'मैले राफा बेनेटिजले पाँच रक्षक खेलाएको अहिलेसम्म देखेको थिइनँ', खेलपछि चेल्सीका प्रशिक्षक सार्रीले भने, 'त्यही भएर पनि हाम्रा लागि जित मुस्किल बन्यो।' यो सिजन न्युक्यासलका लागि भने मुस्किल बनेको छ। न्युक्यासलले आफ्नो सुरुआती तीन खेलबाट एक अंक मात्रै जोड्न सकेको छ।

# न्यु समिट फाइनलमा

**काठमाडौं** : न्यु समिट र टेक्सास कलेज प्रथम त्रिभुवन विश्वविद्यालय अन्तरकलेज बीएसी सीएसआईटी बास्केटबल प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन्। सोमबार भएको सेमिफाइनल खेलमा जित हात पार्दै न्यु समिट र टेक्सासले उपाधि भिडन्त पक्का गरेका हुन्।

न्यु समिटले पहिलो सेमिफाइनल खेलमा पाटन बहुमुखी क्याम्पसलाई ४२-३१ को स्कोरले पराजित गर्‍यो। न्यु समिटका लागि कप्तान सुशान्त घिमिरेले सर्वाधिक १६ स्कोर गरे। पहिलो क्वार्टरमा १०-३ को अग्रता बनाएको न्यु समिट दोस्रो क्वार्टरमा ९-१० ले पछि परेको थियो। यद्यपि तेस्रो क्वार्टरमा १५-४ को अग्रतासहित न्यु समिटले खेलमा आफ्नो जित पक्का गरेको थियो। तेस्रो क्वार्टरमा बनाएको १८ स्कोरको अग्रताका कारण चौथो तथा अन्तिम क्वार्टर ८-१४ ले गुमाए पनि न्यु समिटको जित निश्चित बनेको थियो।

सिनामंगलको क्लासिक कलेजको कोर्टमा भएको दोस्रो सेमिफाइनल खेलमा टेक्सासले बर्नहार्ट कलेजमाथि दुई अंकको जितसहित फाइनल यात्रा तय गरेको हो। दुवै टोलीले निर्धारित समयमा ४३-४३ स्कोरको बराबरी गरेपछि खेल अतिरिक्त समयतर्फ लम्किएको थियो। पहिलो क्वार्टरमा १६-१३ को अग्रता लिएको बर्नहार्ट कलेजले दोस्रो र तेस्रो क्वार्टर क्रमश: ७-१० र ५-१४ ले गुमाएको थियो। त्यसपछि चौथो क्वार्टर १५-६ ले आफ्नो पक्षमा पारेपछि बर्नहार्टले खेल बराबरीमा ल्याएको थियो। यद्यपि रेफ्रीको निर्णयअनुसार थप गरिएको चार मिनेटको समयमा टेक्सास कलेजले ७-५ को स्कोर गर्दै अन्तिम दुईको यात्रा तय गरेको हो।

पाथीभरा गोल्डकप

# न्यु स्टार झापा सेमिफाइनलमा



बल अगाडि बढाउँदै कर्णसिंहका खेलाडी (नीलो)। ● अन्नपूर्ण

**अन्नपूर्ण** | *ताप्लेजुङ*

अतिरिक्त समयको अन्तिम मिनेटमा रोमन भुजेलले गोल गरेपछि न्यु स्टार क्लब झापा पाथीभरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

झापाले कर्णसिंह सोनाम ताप्लेजुङलाई १-० गोलले हरायो। खेल सकिन एक मिनेट मात्रै बाँकी छँदा डिबक्स छेउमा पाएको फ्रिकिकलाई भुजेलले जाली चुमाउँदै टोलीलाई अघिल्लो चरणमा पुर्‍याएका थिए।


वर्षाले प्रभावित खेलको ९० मिनेटभित्र दुवै टोलीले गोल गर्न नसकेपछि अतिरिक्त समयमा धकेलिएको थियो। १० खेलाडीमा सीमित कर्णसिंह सोनामले न्यु स्टारलाई दबाबमा राखे पनि गोल भने गर्न सकेन। कर्णसिंहका तेज बुढाथोकी दोस्रो हाफ सुरु भएको १० मिनेटमा दोहोरो पहेँलो कार्ड पाएपछि बाहिरिए। त्यसपछि भने कर्णसिंह निकै दबाबमा परेको थियो।

तीनजना विदेशी खेलाडीसहित मैदानमा उत्रिएको ताप्लेजुङलाई उपाधि दाबेदार मानिएको थियो। न्यु स्टारका जीवन धामी म्यान आफ दी म्याच भए। उनले पाँच हजार रुपैयाँ पुरस्कार पाए। मंगलबारको तेस्रो क्वार्टरफाइनल खेल राष्ट्रिय जागृति क्लब इटहरी र युनाइटेड खर्साङ फुटबल क्लब भारतबीच हुनेछ। पूर्वकै प्रतिष्ठित मानिएको प्रतियोगितामा खेल हेर्न दिनप्रतिदिन दर्शकको उपस्थिति बढ्दो छ।



## बलिङमा इरफानको कीर्तिमान

पाकिस्तानका क्रिकेटर मोहम्मद इरफान टिट्वेन्टी क्रिकेटमा सबैभन्दा किफायती बलर बनेका छन्। दुई वर्षदेखि राष्ट्रिय टोलीबाहिर रहेका इरफानले क्यारेबियन लिगमा चार ओभर बलिङ गर्दै थोरै रन दिएर नयाँ कीर्तिमान राखेका हुन्।



## शीर्ष स्थानमा पुगे ब्रेसन

अमेरिकी गल्फर ब्रेसन डेस्चामबेउ पीजीए वरीयताको शीर्ष स्थानमा उक्लिएका छन्। २४ वर्षीय ब्रेसनले न्युजर्सीमा सम्पन्न फेडएक्स कपको उपाधि जित्ने क्रममा कुल १८ अन्डर दुई सय ६६ स्कोर खेल्दै शीर्ष स्थान कब्जा गरेका हुन्।

डिष्ट्रिव्युटरको आवश्यकता
AQUA HUNDRED
आक्वा हन्ड्रेड शुद्ध पिउने पानी १ लिटर बोटलमा काठमाडौं उपत्यकाबाहिर बिक्री वितरण गर्नको लागि डिष्ट्रिव्युटरको आवश्यकता भएकोले इच्छुक फर्मले सिघ्र सम्पर्क गर्नुहोला।
आक्वा मिनरल्स नेपाल प्रा.लि.
जमल, कान्तिपथ, काठमाडौं
फोन नं. : ०१-४२१८८८८, मो.: ९८५१०८६२०३
"नेपालको आफ्नो, नेपालमा बनेको"

# विद्यालयमा 'ग्रासरुट फुटबल'



आधारभूत उमेरसमूहका बालबालिका चरीकोट टुँडिखेलमा ग्रासरुट फुटबल प्रशिक्षण लिँदै। ● अन्नपूर्ण

**रवीन्द्र गौतम** | *चरीकोट*

विश्व फुटबल महासंघ (फिफा) ले फुटबल खेलको आधारभूत तहदेखि नै विकास गर्ने उद्देश्य राखी जारी गरेको कार्यक्रमअनुसार ग्रासरुट फुटबल कार्यक्रम दोलखा जिल्लामा पनि सञ्चालन हुने भएको छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले दोलखा जिल्लालाई ग्रासरुट फुटबल कार्यक्रमको लागि छनोट गरेसँगै जिल्लामा पनि ग्रासरुट फुटबल कार्यक्रम सञ्चालनको तयारी भइरहेको फुटबल संघ दोलखाका अध्यक्ष गोविन्द श्रेष्ठले जानकारी दिए। फ्रिस्टाइल तथा बिना कुनै निर्देशन सहभागीलाई फुटबल खेलप्रति रुचि बढाउनु नै ग्रासरुट कार्यक्रमको उद्देश्य रहेको छ।

७ देखि १३ वर्ष उमेरसमूहका बालबालिकालाई ग्रासरुट फुटबलमा सहभागी गराइने अध्यक्ष श्रेष्ठले जानकारी दिए। जिल्ला संघले ग्रासरुट कार्यक्रमको लागि जिल्लाको ६ वटा विद्यालयलाई छनोट गरेको जनाएको छ।

फुटबल गतिविधिमा अलि बढी संलग्न विद्यालयलाई प्राथमिकतामा राखी एन्फाको प्रावधानसमेतलाई ख्यालमा राखी ६ वटा मात्र विद्यालयलाई छनोट गरिएको संघका महासचिव कौरव पाण्डेले जानकारी दिए। ग्रासरुट फुटबल कार्यक्रम हुने विद्यालयमा त्रिपुरा ग्लोरियस एकेडेमी चरीकोट, अल्पाइन पब्लिक स्कुल चरीकोट, द राइजिङ हिम्स एकेडेमी चरीकोट, माउन्ट भ्याली एकेडेमी चरीकोट, सहिद स्मृति मावि जिरी र सुर्के मावि खरिढुंगा छन्।

छनोट भएका विद्यालयले एन्फाले जारी गरेको मापदण्ड पूरा गर्नुपर्नेछ भने संघले विद्यालयलाई ग्रासरुट कार्यक्रमअन्तर्गतका खेलसामग्री उपलब्ध गराउनेछ। उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रादेशिक तथा राष्ट्रियस्तरका कार्यक्रममा समावेश गराइनेछ। ग्रासरुट फुटबल कार्यक्रमअन्तर्गत बालबालिकालाई चरीकोट टुँडिखेलमा बिहान साढे ६ देखि ८ बजेसम्म तालिम गराइएको संघले जानकारी दिएको छ।

ठूला उमेरका खेलाडीले पनि एकै खेल मैदानमा खेल्नुपर्ने र साना खेलाडीलाई खेल्नसमेत गाह्रो हुने अवस्थालाई सहज गर्न कार्यक्रमले सहयोग पुर्‍याउने विश्वास संघको छ।

## बालबालिकालाई फुटबल तालिम

**प्रदीपचन्द्र राई** | *भोजपुर*

नेपाल फुटबल संघ (एन्फा)को राष्ट्रियस्तरको कार्यक्रमअन्तर्गत जिल्ला फुटबल संघ भोजपुरको आयोजनामा ग्रासरुट फुटबल प्रशिक्षण भएको छ। प्रत्येक हप्ताको शुक्रबार गरिने ग्रासरुट फुटबल प्रशिक्षणमा ८ देखि १० वर्ष उमेर समूहका बालबालिकालाई प्रशिक्षण गराइरहेको संघले जनाएको छ।

विशेषगरी साना बालबालिकामा फुटबल खेलको क्षमता अभिवृद्धि गराउने उद्देश्यले प्रशिक्षण गरिरहेको टोलीका प्रशिक्षक एवं जिल्ला फुटबल संघ भोजपुरका सचिव विनम श्रेष्ठले बताए। उनले भने, 'यसको खास उद्देश्य भनेको साना बालबालिकामा भएको क्षमतालाई अपग्रेड गर्न सकियोस् भन्ने हो। उनीहरूमा फुटबलको कलालाई भविष्यमा स्थायित्व दिलाउनुकै लागि प्रशिक्षण आयोजना गरिएको हो।'



भोजपुरको टुँडिखेलमा प्रशिक्षण लिइरहेका विद्यार्थी। ● अन्नपूर्ण

हरेक शुक्रबार दिउँसो स्थानीय टुँडिखेलमा डेढदेखि दुई घन्टासम्म सञ्चालन हुने ग्रासरुट फुटबल प्रशिक्षणमा १० जनाको टिम बनाएर प्रशिक्षण गरिन्छ। बालबालिकामा फुटबल खेलको क्षमता विकाससँगै शारीरिक व्यायामका लागि पनि प्रशिक्षण आयोजना गरिएको सचिव श्रेष्ठले बताए। 'हामीले अहिले उनीहरूको इच्छा र मनोञ्जनका लागि फुटबल प्रशिक्षण दिइरहे पनि यो प्रशिक्षणले उनीहरूमा फुटबलको विकास गरोस् भन्ने हो। भविष्यमा राम्रा खेलाडी उत्पादन गर्ने पनि हाम्रो सोच हो', श्रेष्ठले भने।

जिल्लामा फुटबल क्षेत्रको विकासमा पनि टेवा पुर्‍याउने हिसाबले पनि यो ट्रेनिङ फलदायी रहने जिल्ला फुटबल संघ भोजपुरका अध्यक्ष प्रवीण सुवाल बताउँछन्। जिल्ला फुटबल क्षेत्रमा बालबालिकाले अहिलेबाटै यस्ता प्रशिक्षण बेलाबेला पाउन सकेपछि उनीहरूको खेलकुद क्षमतामा पनि विकास गर्न सकिने उनको भनाइ छ।

उनी भन्छन्, 'जिल्लामा एउटा पनि प्रशिक्षण नहुँदा विगतका वर्षमा जिल्लास्तरीय खेलहरूमा भोजपुर सधैं पछाडि रहनु परेको छ। बेलाबेला राम्रो प्रशिक्षण दिन सके उनीहरूमा कन्फिडेन्ट बढ्थ्यो। यही हिसाबले पनि इच्छुक सबै साना बालबालिकालाई संघले प्रशिक्षण दिन थालेको हो।' हाल (एन्फा)ले भोजपुरलगायत नेपालका ४५ जिल्लामा ग्रासरुट फुटबल प्रोग्राम आयोजना गरिरहेको छ।

# साफ फुटबल टोलीको घोषणा

**अन्नपूर्ण** | *काठमाडौं*

बंगलादेशको ढाकामा भदौ १९ देखि सुरु हुने साफ च्याम्पियनसिप फुटबलका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार नेपाली टोलीको घोषणा गरेको छ। एन्फाका कार्यवाहक मुख्य प्रशिक्षक बालगोपाल महर्जनले अन्तिम २० खेलाडीको नाम सार्वजनिक गरेका हुन्। महर्जनले प्रशिक्षणमा रहेका २९ खेलाडीबाट अन्तिम टोलीको घोषणा गरेका हुन्। भदौ ३० सम्म सञ्चालन हुने च्याम्पियनसिपमा दक्षिण एसियाका सात देशले भाग लिनेछन्।



अन्तिम टोलीमा मिडफिल्डर नीराजन खड्काले लामो समयपछि स्थान बनाएका छन्। नीराजनले पाँच वर्षपछि टोलीमा स्थान बनाएका हुन्। सन् २०१३ को साफ च्याम्पियनसिपपछि पुनरागमन गरेका नीराजन थ्रीस्टार क्लबका कप्तानसमेत हुन्।

रक्षक सुमन अर्याल र हेमन्त थापामगरले पनि अन्तिम टोलीमा स्थान बनाए। नेपाली टोलीको गोलरक्षकमा किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने छन्। रक्षकमा दिनेश राजवंशी, देवेन्द्र तामाङ, विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, रोहित चन्द र सुमन अर्याल छन्।

मिडफिल्डमा हेमन्त थापामगर, हेमन गुरुङ, विशाल राई, सुनिल बल, सुजल श्रेष्ठ र नीराजन खड्का छन्। स्ट्राइकरमा भरत खवास, विमल घर्तीमगर, नवयुग श्रेष्ठ र अञ्जन विष्ट छन्।

च्याम्पियनसिपमा नेपाल समूह 'ए'मा परेको छ। नेपालको समूहमा आयोजक बंगलादेश, पाकिस्तान र भुटान छन्। नेपालले समूहको पहिलो खेल भदौ १९ गते पाकिस्तान, दोस्रो खेल भदौ २१ गते भुटान र अन्तिम खेल २३ गते बंगलादेशसँग खेल्नेछ।

**भदौ ३० सम्म सञ्चालन हुने च्याम्पियनसिपमा दक्षिण एसियाका सात देशले भाग लिनेछन्।**

समूह 'बी'मा भारत, श्रीलंका र माल्दिभ्स छन्। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। च्याम्पियनसिपमा नेपाल अहिलेसम्म सेमिफाइनलमाथि जान सकेको छैन।



गारेथ बेल

# रेयसको सयौं गोल

**म्युनिख** (एजेन्सी) : मार्को रेयसले एक सयौं गोल पूरा गर्दा बोरुसिया डोर्टमुन्डले जर्मन बुन्डेस लिगा फुटबलको नयाँ सिजनमा विजयी सुरुआत गरेको छ। रेयसको कीर्तिमानी गोलको मद्दतमा डोर्टमुन्डले आइतबार सिजनको आफ्नो पहिलो खेलमा लेइपजिगलाई ४-१ गोलले पराजित गर्‍यो।



यो जितसँगै डोर्टमुन्डले बुन्डेस लिगा अंक तालिकाको शीर्ष स्थान कायम गरेको छ। आफ्नो घरेलु मैदान सिग्नल इदुना पार्कमा भएको खेलमा डोर्टमुन्डले एक गोलले पछि परेको अवस्थाबाट फर्कंदै जित पक्का गरेको थियो। खेलमा पहिलो मिनेटमै गोल गर्दै पाहुना टोली लेइपजिगले अग्रता बनाएको थियो।

जिन केभिन अगुस्टिनले गोल गर्दै लेइपजिगलाई १-० ले अघि बढाएका थिए। युस्सुफ पोउल्सेनले दिएको क्रस बलमा अगुटिनले डोर्टमुन्डका दुई रक्षकलाई समेत छक्याएर गोल गरेका थिए। यद्यपि डोर्टमुन्डले खेलको पहिलो हाफमै बराबरी गोल फर्कायो। मार्सेल स्कमेल्जरको क्रस बलमा मोहमउद दोहउडले हेडिङ गोल गरेपछि खेलको २०औं मिनेटमा डोर्टमुन्डले खेलमा १-१ को बराबरी गरेको थियो।

त्यसपछि मार्सेल सबिट्जर र एक्सेल विट्सेलले तीन मिनेटकै अन्तरमा एक/एक गोल गर्दा डोर्टमुन्ड पहिलो हाफमै ३-१ गोलले अघि बढेको थियो। सबट्जरले रेयसले प्रहार गरेको फ्रिकिक फर्केर आएको अवस्थामा पुन: प्रहार गर्दै गोल गरेका थिए। डोर्टमुन्डबाट बुन्डेस लिगामा पहिलो खेल खेलिरहेका विट्सेलले पनि अर्को त्यस्तै अवसरमा गोल गर्न सफल भएका थिए।

त्यसपछि खेलको इन्जुरी समयमा रेयसले बुन्डेस लिगामा आफ्नो एक सयौं गोल पूरा गर्दा डोर्टमुन्डको जित ४-१ गोल अन्तरले सम्भव भएको थियो। जादोन सान्चोले क्रस गरेको बललाई तीव्र गतिको रफ्तारमा डौएर भेट्टाउँदै रेयसले गोलमा परिणत गरेका थिए।

आइतबारको खेलको नतिजासँगै डोर्टमुन्ड बुन्डेस लिगा अंक तालिकाको शीर्ष स्थानमा उक्लँदा लेइपजिग भने सबैभन्दा पुछारमा झरेको छ।

# क्रिकेटमा अन्नपूर्ण मिडियालाई सफलता

**अन्नपूर्ण** | *काठमाडौं*

पाँचौं अल्टिमेट इन्डोर कर्पोरेट क्रिकेटअन्तर्गत सोमबार सम्पन्न चौथो दिनको खेलमा एनएमबी बैंक, अन्नपूर्ण मिडिया, सिटिजन्स बैंक, सेन्चुरी बैंक र मुक्तिनाथ विकास बैंकले जित हात पारेका छन्।

पहिलो खेलमा मेगा बैंकलाई मुक्तिनाथ विकास बैंककले ३५ रनले पराजित गर्‍यो। पहिले ब्याटिङ गर्दै मुक्तिनाथले बनाएको एक सय सात रनको जवाफमा मेगाले ७२ रन मात्रै बनाउन सक्यो। खेलको एक्सप्रेस मार्ट म्यान अफ दी म्याच निश्चित बस्नेत घोषित भए। उनले २० रन बनाउनुका साथै तीन विकेट हात पारे।

**पहिलो खेलमा मेगा बैंकलाई मुक्तिनाथ विकास बैंककले ३५ रनले पराजित गर्‍यो।**

यस्तै दिनको दोस्रो खेलमा एनएमबी बैंकले माछापुच्छ्रे बैंकलाई ८१ रनले हरायो। पहिले ब्याटिङ गर्दै माछापुच्छ्रेले तयार गरेको ५२ रनको जवाफमा ब्याटिङ गरेको एनएमबीले एक सय ३३ रन बनाउँदै खेल सहजै जित्यो। एक्सप्रेस मार्ट म्यान अफ दी म्याच चुनिएका बरुण घिमिरेले २४ रन बनाउनुका साथै चार विकेट हात पारे।

दिनको तेस्रो खेलमा अन्नपूर्ण मिडिया हाउसले सानिमा हाइड्रोलाई ५९ रनले पराजित गर्‍यो। पहिले ब्याटिङ गर्दै सानिमाले ५१ रन बनाएको थियो। त्यसको जवाफमा अन्नपूर्णले एक सय १० रन बनाएपछि खेल सहजै जित्यो। खेलको एक्सप्रेस मार्ट म्यान अफ दी म्याच चुनिएका माधव छिनालले १८ रन बनाउनुका साथै दुई विकेट लिए।

यस्तै चौथो खेलमा सिटिजन्स बैंकले जनता बैंकलाई एक सय २४ रनले हरायो। पहिले ब्याटिङ गरेको सिटिजन्सले तयार गरेको एक सय ३९ रनको जवाफमा ब्याटिङ गरेको जनता बैंकले १५ रन मात्रै बनाउन सक्यो। खेलको म्यान अफ दी म्याच चुनिएका निमेष कुँवरले ३६ रन बनाए। पाँचौं खेलमा सेन्चुरी बैंकले श्री एअरलाइन्सलाई एक सय पाँच रनले पराजित गर्‍यो।

पहिले ब्याटिङ गर्दै सेन्चुरीले एक सय ५१ रन बनाएको थियो। जवाफमा श्री एअरलाइन्सले ४६ रन मात्रै बनाउन सक्यो। खेलको म्यान अफ दी म्याच केशर रावल घोषित भए। उनले १८ रन बनाउनुका साथै पाँच विकेट हात पारे। अल्टिमेट इन्डोर क्रिकेटको आयोजनामा जारी प्रतियोगितामा १५ टिम सहभागी छन्।

# रियलको लगातार दोस्रो जित

**म्याड्रिड** (एजेन्सी) : अग्रपंक्तिका स्ट्राइकरद्वय करिम बेन्जेमा र गारेथ बेलको जोडीले निरन्तर गोल निकाल्दा रियल म्याड्रिडले क्रिस्टियानो रोनाल्डोको अनुपस्थितिमा समेत स्पेनिस ला लिगामा आफ्नो विजयी यात्रालाई जारी राखेको छ। रियलले आइतबार भएको खेलमा गिरोनालाई ४-१ गोलको भारी अन्तरले पराजित गर्‍यो।

यो जितसँगै दुई खेलबाट ६ अंक बनाएको रियल स्पेनिस ला लिगा अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। टोलीका लागि बेन्जेमाले दुई तथा कप्तान सर्जियो रामोस र बेलले एक/एक गोल गर्दा रियलले भारी अन्तरको जित हात पारेको हो, जसमा दुई गोल पेनाल्टी अवसरमा सम्भव भएको थियो।

आफ्नै मोन्टिलिभी स्टेडियममा भएको खेलमा अग्रता भने गिरोनाले लिएको थियो। खेलको १६औं मिनेटमा बोर्जा गार्सियाले टोलीका लागि गोल गरेका थिए। तर, त्यसपछि खेलको ३९औं मिनेटमा प्राप्त पेनाल्टी अवसरलाई सदुपयोग गर्दै कप्तान रामोसले खेल १-१ को बराबरीमा फर्काएका थिए। त्यससँगै पहिलो हाफ १-१ कै बराबरीमा सकिएको थियो।

खेलको ५२औं मिनेटमा प्राप्त अर्को पेनाल्टी प्रहारलाई सदुपयोग गर्दै बेन्जेमाले रियललाई २-१ को अग्रता दिलाएका थिए। त्यसपछि खेलको ५९औं मिनेटमा बेल र ८०औं मिनेटमा बेन्जेमा आफैंले अर्को गोल थप्दा रियलको जित ४-१ गोलले सम्भव भएको हो। पछिल्लो नौ वर्ष मुख्य स्ट्राइकरका रूपमा रहेका रोनाल्डोले यसै सिजन क्लब छाडेपछि रियलमा उनको अभाव खडकन सक्ने अनुमान गरिएको थियो। यद्यपि सिजनको सुरुआती दुई खेलमा बेल र बेन्जेमाले रोनाल्डोको अनुपस्थितिको महसुस हुन दिएका छैनन्।

यी दुवै स्ट्राइकरले सिजनको सुरुआतबाटै आफूलाई लयमा राखेका छन्। रियलले सिजनको आफ्नो पहिलो खेलमा गेटाफेलाई २-० ले पराजित गर्दा बेलले एक गोल गरेका थिए। त्यसअघि भएको यूईएफए सुपर कपको फाइनलमा रियलले एट्लेटिको म्याड्रिडसँग पराजय बेहोर्दा बेन्जेमाले पनि गोल गरेका थिए।

स्पेनिस ला लिगाअन्तर्गत आइतबार भएका अन्य खेलमा स्प्यान्योलले भ्यालेन्सियामाथि २-० को जित हात पारेको छ। सेभिल र भिल्लारियलले भने गोलरहित बराबरी खेलेका छन्।



खेल जितेपछि सामूहिक तस्बिर खिचाउँदै अन्नपूर्ण मिडियाका खेलाडी। ● अन्नपूर्ण

# सँगालो



## निरुताको कमब्याक

लामो समयदेखि मुम्बई बस्दै आएकी निरुता सिंहको दशकपछि नेपाली फिल्ममा कमब्याक भएको छ। उनी अभिनीत फिल्म 'नाइँ नभन्नु ल ५' प्रदर्शनरत छ।

## यो तन यो मन रिलिज


डब्बु क्षत्रीको गीतिसंग्रह 'गुलाबी स्वरहरू'मा संगृहीत गीत 'यो तन यो मन'को भिडियो रिलिज गरिएको छ। गीतमा सन्तोष श्रेष्ठको संगीत र रेश्मा पुनमगरको स्वर छ।



# ६ दशकमा चार महिला

## नीलमलाई मदन, मानन्धरलाई जगदम्बा

**रामकला खड्का** | *काठमाडौं*






साहित्यकार नीलम कार्की निहारिकाको उपन्यास 'योगमाया'ले यस वर्षको मदन पुरस्कार पाउने भएको छ। मदन पुरस्कारको छ दशक लामो इतिहासमा कार्की पुरस्कृत हुने चौथो महिला लेखक हुन्। यसअघि पारिजात, झमक कुमारी र राधा पौडेलले मदन पुरस्कार पाएका थिए।

गुठीको सोमबार बसेको बैठकले योगमायालाई पुरस्कार दिने निर्णय गरेको हो। विसं २०७४ मा प्रकाशित पुस्तकमध्येबाट मदन पुरस्कारका लागि योगमाया छानिएको हो। यस वर्ष गुठीमा प्राप्त भएका दुई सय ५३ पुस्तकमध्येबाट आठ पुस्तक मदन पुरस्कारका लागि अन्तिम छनोटमा परेका थिए। छनोटमा परेका पुस्तकमा कैरन, नथिया, पाठशाला, भुइयाँ, यार, योगमाया, लिम्बुनी गाउँ र हिमाली दर्शन थिए।

सोही कृतिका लागि उनले योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान पाइसकेकी छन्। यसअगाडि निहारिकाका दुई कवितासंग्रह, दुई कथासंग्रह र उपन्यासहरू 'अर्की आइमाई' र 'चीरहरण' प्रकाशित छन्। साहित्यकार निहारिकाद्वारा लिखित उपन्यास 'चीरहरण'ले २०७२ सालको पद्म श्री पुरस्कार प्राप्त गरेको थियो।

पाल्पाको झडेवामा जन्मिएकी निहारिकाले स्वास्थ्य शिक्षामा एमएड गरेकी छन्। हाल उनी अमेरिकाको नर्थ क्यारोलिनामा बस्दै आएकी छन्।

भोजपुरमा जन्मिएर महिला आन्दोलनको उद्घोष गरेकी योगमायाको जीवनसंघर्षमा आधारित रहेर निहारिकाले उक्त उपन्यास तयार पारेकी हुन्। महिला आन्दोलनका लागि सामूहिक समाधि लिएकी योगमाया बालविधवा हुन् भन्ने निहारिकाले सुनेकी थिइन्। तर, उपन्यास लेख्ने क्रममा उनले गरेको अध्ययनले योगमाया बालविधवा होइनन् भन्ने साबित भएको छ। यही विषयको प्रमाणीकरण उनले आफ्नो उपन्यास योगमायामार्फत गरेकी छन्। योगमायापछि उनका पतिले दुई महिलासँग विवाह गरेका र उनीहरूबाट जन्मिएका सन्तानसँग पनि निहारिकाले उपन्यास तयार गर्ने क्रममा कुराकानी गरेकी थिइन्।

बालविवाह भएर घर गर्न कठिन भएपछि योगमाया भागेर माइती गइन्। माइतीमा पनि घरबाट भागेर हिँडेकी छोरी भनेर स्वीकार्य नभएपछि उनी भारत गइन्। भारतमा बस्न नसकेर योगमाया नेपाल फर्किन् र साधनामा लागिन्।

विद्रोही भावना भएकी योगमाया अन्याय सहन सक्दिनँ भन्दै आन्दोलनको रूपमा अगाडि बढ्ने क्रममा सामाजिक परिवर्तनका लागि कुटी बनाएर बसिन्। उनी राणा शासनको निरंकुशताविरुद्ध लड्न थालिन्। यिनै महान् नेत्री योगमाया पनि सीता र भृकुटीभन्दा कम थिइनन् भनेर उनले आफ्नो उपन्यासमा प्रस्तुत गरेकी छन्।

त्यसैगरी मदन पुरस्कार गुठीको बैठकले यस वर्षको जगदम्बाश्री पुरस्कार बालसाहित्यकार शान्तदास मानन्धरलाई दिने निर्णय गरेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। मानन्धर विगत पाँच वर्षदेखि बालसाहित्यको विकास, विस्तार र प्रवर्द्धनमा समर्पित छन्।

विसं २०१२ मा स्थापित मदन पुरस्कार पहिलोपल्ट २०१३ सालमा गद्य विधामा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीको 'हाम्रो लोकसंस्कृति'लाई प्रदान गरिएको थियो। त्यसैगरी सोही वर्ष सामाजिक शास्त्रमा चित्तरञ्जन नेपालीको 'जनरल भीमसेन थापा' र विज्ञान विधामा बलराम जोशीको 'अधिकविभव स्थिर विद्युत् उत्पादक' पुस्तकलाई प्रदान गरिएको थियो।

जगदम्बा रानीको निधनपछि उनको सम्झनास्वरूप २०४५ सालमा जगदम्बाश्री पुरस्कार स्थापना गरिएको हो। नेपाल र नेपाल बाहिरबाट नेपाली भाषामा प्रकाशित पुस्तकमध्ये एकलाई मदन पुरस्कार दिने गरिएको छ। यस्तै विभिन्न माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई जगदम्बा श्री पुरस्कार दिने गरिएको गुठीले जनाएको छ।

### आँखामा खुसीको आँसु

साहित्यकार नीलम कार्की निहारिका सानो छोरालाई गाडीमा राखेर स्कुल पुर्‍याउँदै थिइन्। त्यत्तिकैमा प्रकाशकले निहारिकाको नयाँ कृति योगमायाले मदन पुरस्कार पाएको खबर सुनाएपछि उनी खुसीका साथै निकै भावकु पनि भइन्। गाडी चलाउँदै गरेकी आफ्नी आमाका आँखामा आँसु देखेर छोरा अचम्ममा परेका थिए। मदन पुरस्कार पाउँदाको खुसी आँसु बनेर बगेको थियो।

त्यति बेला उनले आफूलाई किताब लेख्दा सहयोग गर्ने सबैलाई सम्झिइन्। आफ्ना दाइ र बाबुलाई सम्झिएकी निहारिकाले भक्कानिँदै भनिन्, 'मैले मदन पुरस्कार पाएको थाहा पाएर मेरा दाइ र बुवा कत्ति खुसी हुनुहुन्थ्यो होला।' उनले पद्मश्रीबापत पाएको रकमबाट अक्षय कोष स्थापना गरेकी थिइन्।

मदन पुरस्कारको रकमबाट के गर्नुहुन्छ त भन्ने जिज्ञासामा उनले भनिन्, 'सोचिसकेको छैन, पक्कै पनि त्यस्तै केही काम गर्छु होला।' आफूले पाएको पुरस्कार महिलाले पनि पुरुषसँग बराबरीमा लेख्न सक्छन् भन्ने विषयको उदाहरण मान्छिन् निहारिका।

# प्रेमा शाहको जीवनी लोकार्पण




**अन्नपूर्ण** | *काठमाडौं*

नेरन्द्रराज प्रसाईको 'विद्रोही प्राज्ञ प्रेमा शाह' (जीवनी) पुस्तक लोकार्पण गरिएको छ। सोमबार काठमाडौंमा भएको चौधौं त्रिमूर्ति दिवस समारोहमा प्रसाईको पुस्तक लोकार्पण गरिएको हो। पुस्तक लोकार्पणपछि प्रसाईले प्रेमा शाह नेपाली भाषासाहित्यका विशिष्ट प्रतिभा रहेको बताए।

'प्रेमा शाहको जन्मदेखि जीवन भोगाइका सम्पूर्ण कुरा पुस्तकमा समेटेको छु', उनले भने। ताप्लेजुङमा जन्मिएका प्रसाईले जीवनी, निबन्ध, गीतहरू लेखेका छन्। उनीसँगै रोल्पाकी गायत्री घर्तीमगरको आत्मकथा 'एक भूल' पनि लोकार्पण गरिएको छ।

कार्यक्रममा २०७५ को लेखनाथ पौड्याल पुरस्कारबाट दाङका गणेश विषम सम्मानित भए। विशिष्ट अतिथि शताब्दीपुरुष डा. सत्यमोहन जोशीबाट विषम नगद एक लाख रुपैयाँसहित सम्मानित भएका हुन्। नेपाली भाषासाहित्यको उत्थानमा शास्त्रीय छन्द कविताको रचना एवं छन्दकाव्यको प्रचारप्रसार अभियानमा संलग्न भई विशिष्ट योगदान पुर्‍याएको भन्दै उनलाई सम्मान गरिएको हो।

कार्यक्रममा ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जन, लक्ष्मीदास मानन्धर र सुजीव वज्राचार्यलाई पनि सत्यमोहन जोशी शताब्दी पदक प्रदान गरियो। कार्यक्रममा सत्यमोहन जोशीले त्रिमूर्ति दिवसलाई नेपाली पात्रोमा नै सामेल गर्नुपर्ने सुझाव पञ्चांग निर्णायक समितिलाई दिएका थिए। 'त्रिमूर्ति दिवस पात्रोमा सामेल गरे सिर्जनशील प्रतिभालाई अगाडि बढ्न मद्दत मिल्छ', उनले भने।

कार्यक्रममा जोशीलगायत पुरस्कृत व्यक्तित्व, ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. उषा ठाकुर लगायतले मन्तव्य व्यक्त गरेका थिए। समारोहमा त्रिमूर्ति निकेतनका कार्यक्रम संयोजक भगवती बस्नेतले कविता वाचन गरेकी थिइन्।




नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४४८१२०७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **रामेश्वर थापा**, ग्रुप सम्पादक : **विजयकुमार**, प्रधान सम्पादक : **हरिबहादुर थापा**

annapurnapost.com

# अर्थतन्त्र

अन्नपूर्ण

काठमाडौं, मंगलबार १२ भदौ २०७५ | TUESDAY, AUGUST 28, 2018 | भाद्र कृष्णपक्ष द्वितीया नेपाल संवत् ११३८ | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित

### विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | विक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १०१ | १०० |
| पाउन्ड स्टर्लिङ | १ | १५० | १५० |
| यूरो | १ | १४० | १४० |
| भारतीय रुपैयाँ | १०० | १६० | १६० |

### सुनचाँदीको भाउ

(प्रतितोला रुपैयाँमा)

छापावाल सुन : ५१,८००
तेजावी सुन : ५१,८००
चाँदी : ७००







## अर्थ संक्षेप

### युरिया मल अभाव

**रत्ननगर** : चितवनमा अनुदानित युरिया मलको अभावले किसान समस्यामा परेका छन्। धानखेतीका लागि अत्यावश्यक हुने अहिलेको मौसममा दुई सातादेखि युरिया मल अभाव छ। अनुदानित मल अभाव भएपछि किसानले निजीस्तरबाट आएको मल चर्को मूल्य तिरेर खरिद गर्न बाध्य भएका छन्। चितवनमा भदौ महिनामा एक हजार पाँच सय मेट्रिक टन मल खपत हुने कृषि सामग्री कम्पनी लिमिटेड चितवनका प्रमुख रवीन्द्र गौतम बताउँछन्। तर, साउनदेखिनै अनुदानित मल अभाव हुँदा किसानले दोब्बर पैसा तिरेर एमोनियम सल्फेट (चिनी मल) खरिद गर्न बाध्य भएका प्रमुख गौतमको भनाइ छ। जिल्लामा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र कृषि सामग्री कम्पनीले मलको आपूर्ति गर्नेगर्छ। तर दुवै स्थानमा मल सकिएपछि किसान समस्यामा छन्। -रासस

# एक खर्ब ६ अर्बको कृषि उपज आयात

**राजेश बर्मा** | *काठमाडौं*

नेपालमा पछिल्लो एक वर्षको अवधिमा करिब सवा खर्ब रुपैयाँको कृषिजन्य वस्तु आयात भएको छ। आर्थिक वर्ष २०७४/७५ मा भारत र तेस्रो मुलुकबाट एक खर्ब ६ अर्ब ४२ करोड २६ लाख रुपैयाँको प्रमुख कृषिजन्य वस्तु आयात भएको हो।

भन्सार विभागको तथ्यांकअनुसार कृषिमुलुक नेपालमा पछिल्लो समय अधिकांश कृषिजन्य वस्तु आयात भइरहेको छ। गत आवमा मुख्य गरी धान, चामल, मकै, गहुँ, फापर, जिउँदो जनावर, बिउ (तरकारी तथा फलफूल), तरकारी, चिया, कफी, दुग्धजन्य पदार्थ, माछाजन्य पदार्थ, खानेतेल र फलफूल आयात भएको छ। यसबाहेक रासायनिक मल १५ अर्ब रुपैयाँको आयात भएको छ। दाल, मसला, घीउलगायत अन्य कृषिजन्य वस्तु पनि करोडौं मूल्यको आयात हुने गर्छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पूर्वसचिव डा. सुरोज पोखरेलले कृषियोग्य जग्गा बाँझो हुनु र बर्सेनि प्लटिङ हुँदै जानु, दक्ष जनशक्ति वैदेशिक रोजगारका लागि पलायन हुनु, खेतीयोग्य जग्गामा सिँचाइ अभाव, लागत खर्च अत्यधिक हुनु, रेमिट्यान्सको प्रभाव र क्रयशक्ति बढ्दै जानुलगायत कारण आयात उच्च भएको बताए। उनका अनुसार २०४० सालसम्म नेपालबाट भारत र तेस्रो मुलुकमा कृषिजन्य वस्तु निर्यात हुन्थ्यो। त्यो बेला सरकारले धान चामल निर्यात कम्पनी नै खडा गरी बंगलादेश, भारत, जर्मनी, कोरिया, चीन, मलेसिया र अमेरिकालगायत मुलुकमा चामल निर्यात गरेको थियो। आर्थिक वर्ष २०३५/३६ मा नेपालले २४ करोड ३८ लाख ६३ हजार मूल्यको चामल निर्यात गरेको थियो। 'त्यो बेला न्यून जनसंख्या र उपभोग्यदर निकै कम थियो तर उत्पादन उच्च थियो', पोखरेलले भने, 'उपभोग गरेर बाँकी रहेको धान चामल हामी निर्यात गर्थ्यौं। तर त्यो बेलामा पनि अन्य मुलुकबाट आयात भने हुन्थ्यो तर निकै कम परिमाणमा।'

भन्सारको तथ्यांकअनुसार गत आर्थिक वर्षमा धान, चामल र टुक्रे चामल तीन थरी गरी २९ अर्ब ३६ करोड ३६ लाख रुपैयाँको ७३ करोड ७४ लाख ५९ किलो आयात भएको छ। नेपालमा धानबालीको कुल क्षेत्रफल १५ लाख ५२ हजार चार सय ६९ हेक्टर छ।

धान उत्पादनमा हुने उतारचढावले गर्दा मुलुकको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। धान बालीलाई मुलुकको मूल अर्थतन्त्रको मेरुदण्डसँग जोडिएको छ। जुन वर्ष धान उत्पादन घट्छ, त्यो वर्ष जीडीपीको अवस्था पनि खुम्चिन्छ।

गत आवमा चीन, भारत, फिलिपिन्स, थाइल्यान्डजस्ता मुलुकबाट पाँच अर्ब ८५ करोड २३ लाख मूल्यको २१ करोड किलो धान आयात भएको छ। यसैगरी सोही अवधिमा २२ अर्ब ७७ करोड ६३ लाख मूल्यको ४९ करोड ७६ लाख किलो बास्नादार र मसिना जातका चामल आयात भएको छ। सोही अवधिमा रक्सी निर्माणका लागि कच्चा पदार्थका रूपमा ७३ करोड ४९ लाख मूल्यको दुई करोड ९७ किलो टुक्रे चामल (कनिका) समेत आयात भएको छ। यस्तै सोही वर्षमा तीन करोड १६ लाख मूल्यको पाँच लाख ५७ हजार किलो फापर पनि आयात भएको थियो।

मन्त्रालयका प्रवक्ता तेजप्रसाद सुवेदीका अनुसार नेपालमा ६१ लाख ३८ हजार तीन सय मेट्रिक टन धानको आवश्यक पर्छ। तर, हाल ५२ लाख ३० हजार तीन सय २७ मेट्रिक टन मात्रै धानको उत्पादन भइरहेको छ।




### कृषिमा परनिर्भरता

आर्थिक वर्ष २०३५/३६ मा नेपालले २४ करोड ३८ लाख ६३ हजार रुपैयाँको चामल निर्यात गरेको थियो।




मनसुनी वर्षा देशभर एकनाश नहुँदा वा रोपाइँको समयमा देशभरको धानबालीले एकनाशे सिँचाइ सुविधा नपाउँदा धानको उत्पादन घट्ने सम्भावना हुन्छ। जीडीपीमा धानको योगदान करिब सात प्रतिशतको हाराहारीमा छ। नेपालमा खेती गरिने कुल क्षेत्रफलको ४७.५ प्रतिशत जमिनमा धानखेती हुन्छ। यसमध्ये क्षेत्रफल र उत्पादनको आधारमा तराई क्षेत्रको हिस्सा ७० प्रतिशत छ। मन्त्रालयले आगामी पाँच वर्षभित्रमा धानको उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने घोषणा गरेको छ। धानको हालको उत्पादन ५१ लाख ५२ हजार मेट्रिक टनलाई वृद्धि गरी आगामी २०७९ सम्ममा ८६ लाख ७९ हजार पाँच सय ४० मेट्रिक टन पुऱ्याउन ५० अर्ब रुपैयाँ लगानी गर्नुपर्ने खाका मन्त्रालयले तयार पारेको छ। मार्गचित्रले धान उत्पादनमा वृद्धि गर्न हालको धानको उत्पादकत्व ३.३ मेट्रिक टनबाट प्रतिहेक्टर पाँच मेट्रिक टन पुऱ्याउने आधार समावेश गरेको छ।

गत आवमा ११ अर्ब ९१ करोड नौ लाख मूल्यको ४६ करोड ६८ लाख ४७ हजार किलो मकै आयात भएको थियो। नेपालमा मागअनुसार अहिले दानासहित मकैतर्फ तीन लाख मेट्रिक टन अपुग छ। २७ लाख ७४ हजार सात सय ८५ मेट्रिक टन मकैको आवश्यकता भएकोमा हाल २३ लाख ३६ हजार ६ सय ७५ मेट्रिक टन उत्पादन भइरहेको छ। अपुग करिब पाँच लाख टन आयात हुन्छ।

अपुग भएको मकै स्वदेशमा उत्पादन गरी आयातदर प्रतिस्थापन गर्न मन्त्रालयले १० अर्ब रुपैयाँ प्रस्ताव गरेको छ। यसका लागि बृहत्तर मकै उत्पादन कार्यक्रम कार्यान्वयनमा ल्याइने, उत्पादकत्वदर प्रतिहेक्टर २.५ मेट्रिक टनलाई वृद्धि गरी पाँच मेट्रिक टन पुऱ्याइने गरी पाँच वर्षमा आत्मनिर्भर योजना अघि सारिएको छ। यही अवधिमा दुई अर्ब २० करोड मूल्यको आठ करोड १० लाख किलो गहुँ आयात भएको छ। आगामी पाँच बर्षमा गहुँमा आत्मनिर्भर बन्न मन्त्रालयले ६ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने खाका तयार पारेको छ। नेपालमा २० लाख ५२ हजार ४७ मेट्रिक टन गहुँको माग छ।

यस्तै गत आवमा ११ अर्ब ६० करोड रुपैयाँको तरकारी आयात भएको छ। मन्त्रालयले तरकारीको हालको उत्पादन ३६ लाख ७२ हजार मेट्रिक टन वृद्धि गरी दोब्बर बनाउन ३० अर्ब लगानी गर्नुपर्ने प्रस्ताव गरेको छ। सोही आवमा ८७ करोड १८ लाखको फलफूल आयात भएको छ। मन्त्रालयले फलफूलको हालको उत्पादन १० लाख १२ हजार मेट्रिक टनलाई वृद्धि गरी मागको तुलनामा थप ४० प्रतिशत उत्पादन बढाउन २० अर्ब रुपैयाँ प्रस्ताव गरेको छ।

गत आवमा मासुजन्य जिउँदो जनावर चार अर्ब १३ करोड ८२ लाख, तयारी मासु १८ करोड, तरकारी र फलफूलको बिउ ४६ करोड ६५ लाख र १२ करोडको चिया आयात भएको छ। यसैगरी ६ करोड ५८ लाखको कफी, २४ अर्ब ४७ करोडको दुग्धजन्य पदार्थ, एक अर्ब ६६ करोड मूल्यको माछाजन्य वस्तु र २८ अर्ब ३१ करोडको खानेतेल आयात भएको थियो।

बिम्स्टेक सम्मेलन

# यात्रु बाहेकलाई विमानस्थल निषेध

**अन्नपूर्ण** | *काठमाडौं*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिम्स्टेक सम्मेलन अवधिभर यात्रु बाहेक अन्यलाई प्रवेश निषेध गरिने भएको छ। विमानस्थल कार्यालयले विमानस्थलको क्षमता, पाहुनाको सुरक्षा र सहज आवतजावतका लागि सम्मेलन अवधिभर यात्रु बाहेक अन्यलाई प्रवेश निषेध गर्न लागेको हो।

यात्रु स्वयं सक्षम भएको अवस्थामा सहयोगीलाई विमानस्थलको गोल्डेन गेटभित्र प्रवेश गर्न नदिने सूचना जारी गरेको छ। तर, सेवा प्रदायक कम्पनी कर्मचारीलाई भने यो नियम लागू नहुने विमानस्थल कार्यालयका प्रमुख राजकुमार क्षेत्रीले जानकारी दिए। 'तत्कालको अवस्थामा विमस्टेक सम्मेलनलाई लक्ष्य गर्दै आगन्तुकलाई प्रवेश निषेध गरिएको हो', क्षेत्रीले भने, 'विमानस्थल सुरक्षा दृष्टिले सम्मेलनपछि पनि यात्रु बाहेक अन्य आगन्तुकलाई वैकल्पिक रूपमा सहजता गर्दै विमानस्थलको गेटबाट प्रवेश बन्द गराउने विषयमा छलफल भएको छ।'

तर, कुनै यात्रु विरामी, अशक्त र सहयोगी नभई नहुने अवस्थामा भने एक जना सहयोगीलाई गोल्डेन गेटभित्र प्रवेश गर्न पाउने व्यवस्था गरिएको छ। यसका लागि गोल्डेन गेट नजिकै सुरक्षा जाँचमा रहेको सुरक्षा कर्मीलाई अत्यावश्यक सहयोगीले आफ्नो प्रवेशको कारण खुलाई सयोग गरिदिन विमानस्थल कार्यालयले आग्रह गरेको छ। यसरी सहयोगीका रूपमा जाने आगन्तुक पनि १५ देखि २० मिनेटमै विमानस्थल बाहिर निस्कनुपर्ने विमानस्थल कार्यालयले जनाएको छ। यस्तैगरी यात्रु लिएर विमनस्थल प्रवेश गरेको सवारी पनि पार्किङतर्फ नगइ सीधै बाहिर निस्कनु पर्नेछ।

सहयोगीका रूपमा जाने आगन्तुक पनि १५ देखि २० मिनेटमै विमानस्थल बाहिर निस्कनुपर्ने।

विमानस्थल प्रवेश पास भएका सवारीसाधनबाहेक खाली ट्याक्सीलाई गोल्डेन गेटबाटै प्रवेश निषेध गरिएको क्षेत्रीले जानकारी दिए। यसैगरी यात्रुसँग पहिले नै सम्पर्क/पहिचान भई लिन आउने होटेलका वा निजी गाडीका हकमा जहाज अवतरण भएको ५ देखि १० मिनेट अगाडि मात्रै प्रवेश अनुमति लिइ तत्कालनै फिर्ता हुनुपर्ने कार्यालयले जनाएको छ।

## पाहुनाका लागि आकाशै बन्द



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले बिम्स्टेक सम्मेलनमा आउने विशिष्ट पाहुनाका लागि आधा घन्टादेखि सवा दुई घन्टासम्म आन्तरिक र अन्तर्राष्ट्रिय उडान बन्द गर्ने भएको छ।

विशिष्ट पाहुनाको सुरक्षा र सहजताका लागि मंगलबारदेखि नै केही समय सबै उडान बन्द गर्न लागिएको विमानस्थल एयर ट्राफिक कन्ट्रोल रुमका प्रमुख सीताराम भण्डारीले जानकारी दिए।

मंगलबार र बुधबार पाहुना आउने जहाज अवतरणका समयमा आधाघण्टा विमानस्थल बन्द भए पनि बिहीबार र शुक्रबार भने बढी समय उडान बन्द हुने उनले बताए। सम्मेलनका लागि भारत, बंगलादेश, भुटान, श्रीलंका, थाइल्यान्ड र म्यानमारका राष्ट्र प्रमुख काठमाडौं आउँदै छन्। कतिपय देशमा विशिष्ट पाहुना मंगलबारदेखि आउने भए पनि भारत, बंगलादेश र थाइल्यान्डका राष्ट्रप्रमुख भने सम्मेलन हुने दिन १४ गते बिहीबार मात्रै काठमाडौ आउँदै छन्।

यसका कारण बिहीबार बिहान सवा ८ बजेदेखि साढे १० बजेसम्म र शुक्रबार पनि दिउँसो ११ बजेर बेलुका ४ बजेपछि पुनः दुई घण्टा विमानस्थलबाट हुने सबै आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान बन्द हुने भण्डारीले जानकारी दिए।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना र थाइल्यान्डका प्रधानमन्त्री प्रायुट चान ओ चा बिहीबार मात्रै नेपाल आउँदै छन्।

# खानीमा प्रदेश ३ धनी

## प्रदेश २ मा शून्य

**पवन तिमिल्सिना** | *काठमाडौं*

प्रादेशिक संरचनाअनुसार खनिज अन्वेषण सम्भाव्यतामा प्रदेश ३ अगाडि देखिएको छ। खानी तथा भूगर्भ विभागले सातवटामध्ये प्रदेश ३ मा सबैभन्दा बढी खनिज उत्खनन् भएको जानकारी दिएको छ।

प्रदेश ३ पछि प्रदेश ५ खनिज सम्भाव्यतामा अगाडि रहेको विभागले जानकारी दिएको छ। यस्तै प्रदेश २ मा हालसम्म कुनै खनिजको अन्वेषण अनुमतिपत्र प्रदान गरिएको छैन। मुलुकमा संघीयता संरचनामा प्रवेश गर्नुपूर्व काठमाडौंलाई केन्द्रित गरेर निजी क्षेत्रले प्रदेश ३ मा खानी उद्योग खोल्न चासो देखाएको विभागका अधिकारी बताउँछन्।

राजधानी आसपासका क्षेत्रमा उद्योग सञ्चालनका लागि धेरैजना आकर्षित हुने गरेको विभागका उपसचिव दिलीप झाले बताए। उनले भने, 'मुलुक संघीय संरचनामा जानुअघि राजधानीकै छेउमा खानी सञ्चालन गर्न इच्छा देखाउने भएकाले यसमा धेरैको अनुमति देखिएको हुन सक्छ।'

खनिज उत्खनन् तथा प्रवर्द्धनका लागि हालसम्म एक सय २६ वटा उत्खनन् अनुमतिपत्र प्रदान गरिएको छ। यसमध्ये विभागले अन्वेषण गरी गुण र परिमाण यकिन गरी खास खनिज अनुमति दिइएका १६ वटा छन्। हाल एक सय २६ उत्खनन् अनुमतिपत्रबाहक मध्ये सयवटाले उत्खनन् उत्पादन सुरु गरेका छन् भने केही खानी विकासको क्रममा छन्।

आर्थिक वर्ष २०७४/७५ मा खानी उत्खनन् अनुमतिपत्र लिई उत्खनन् नगर्ने आठवटा खानीको अनुमति रद्द गरिएको विभागले जानकारी दिएको छ। यस्तै खोजतलासका लागि तीन सय ६५ वटा अनुमतिपत्र प्रदान गरिएको छ। सम्भावना बढी देखिएपछि हालसम्म प्रदेश ३ मा खोजतलासका लागि अनुमतिपत्र प्रदान गरिएको विभागले जानकारी दिएको छ।

| प्रदेश | खोजतलास अनुमति | उत्खनन् अनुमति |
|---|---|---|
| १ | ४४ | ८ |
| २ | ० | ० |
| ३ | १७२ | ४५ |
| ४ | २६ | ९ |
| ५ | ८८ | ३४ |
| ६ | १४ | २० |
| ७ | १८ | १० |

खनिज उत्खनन् तथा प्रवर्द्धनका लागि हालसम्म एक सय २६ वटा अनुमतिपत्र प्रदान गरिएको छ।

विभागका अनुसार प्रदेश ३ मा करिब एक सय ७२ वटा कम्पनीलाई खानी खोजतलासका लागि अनुमति दिइएको छ। यो सबैभन्दा बढी हो। त्यसपछि प्रदेश ५ मा ८८ वटा कम्पनीलाई खोजतलासका लागि अनुमति दिएको छ। प्रदेश १ मा ४४ वटा कम्पनीलाई खोजतलास अनुमति दिएको छ। गण्डकी प्रदेशमा २६, कर्णाली प्रदेशमा १४ र प्रदेश ७ मा १८ वटा कम्पनीलाई खोजतलासका लागि अनुमति दिइएको विभागले जानकारी दिएको।

खानी उत्खनन्का लागि पनि प्रदेश ३ नै अगाडि देखिएको छ। प्रदेश ३ मा ४५ वटा कम्पनीले खानी उत्खनन्का लागि अनुपतिपत्र पाएका छन्। प्रदेश ५ मा ३४ वटा कम्पनीले खानी उत्खनन् का लागि अनुमति पाएको छ। कर्णाली प्रदेशमा २०, गण्डकी प्रदेशमा ९, प्रदेश १ मा ८ र प्रदेश ७ मा १० वटा कम्पनीले अनुमति पाइसकेको विभागले जानकारी दिएको छ।

आर्थिक वर्ष २०७०/०७१ सम्म किमती तथा अर्धकिमती रत्न पत्थर उत्पादन तथा निकासी राम्रो रहेकोमा खानी तथा भूगर्भ विभागले उत्खनन् गरिएका किमती तथा अर्धकिमती रत्न पत्थर एक चरणको प्रशोधन नगरी विदेश निकासीमा आव २०७१/०७२ बाट रोक लगाएसँगै निकासी हुन सकेको छैन। निकासीमा लागेको रोकको प्रत्येक्ष असर उत्पादनमा पर्न गई हाल नगन्य मात्रामा उत्पादन भएको छ।

साना तथा मझौलास्तरका खनिज भण्डार र तुरून्त प्रतिफल प्राप्त हुने (क्विक इकोनोमिक रिटर्न) खनिज जस्तै चुनढुंगा, म्याग्नेसाइट, खरी, क्वार्जाइट, मार्वल, जेम्स स्टोन, कोइला खनिजको अन्वेषण विभागले र निजी लगानीकर्ताले समेत गरी आव २०७४/०७५ सम्म २५ प्रकारका खनिजको १२ वटा खास खनिजसहित तीन सय ६२ वटा खानी खोजतलास अनुमतिपत्र जारी भएको विभागले जानकारी दिएको छ।

### चुनढुंगामा बढी आकर्षण

सबैभन्दा बढी चुनढुंगा अन्वेषणमा निजी क्षेत्रको आकर्षण बढी छ। सरकार चालु आर्थिक वर्षको बजेट कार्यक्रममा पनि चुनढुंगा खानीलाई प्राथमिकतामा पारेको छ। खोजतलासमा सबैभन्दा बढी चुनढुंगा क्षेत्रमा अनुमति प्रदान गरिएको छ। यस्तै बहुमुल्य धातु सुनको खोजतलासका लागि नौ वटा लाइसेन्स प्रदान गरिएको छ। हालसम्म चुनढुंगा उत्खनन्का लागि ५४ वटा लाइसेन्स प्रदान गरिएको विभागले जानकारी दिएको छ।

# गल्ला व्यापारीभन्दा सागपात बेच्नेलाई बढी कर

**सलमान खान** | *भैरहवा*


हाटबजारमा सागपात बेच्न बसेका व्यापारी। ● अन्नपूर्ण

रूपन्देहीको सिद्धार्थनगर नगरपालिकाले अवैज्ञानिक रूपमा करको दर लागू गरेको छ। नाफा कमाउने उद्देश्यले स्थापित उद्योग व्यवसायभन्दा सागपात बेचेर गुजारा चलाउनेलाई बढी कर तोकेको छ।

नगरपालिकाले तेस्रो नगरसभाले चालू आर्थिक वर्षका लागि नयाँ करको दर तोकेको हो। नगरपालिकाले खाद्य किरानाअन्तर्गतका गल्ला पसललाई वार्षिक दुई हजार आठ सय अर्थात् दैनिक सात रुपैयाँ ६७ पैसा लिने गरेको छ। तर हाटबजारमा साग, सुर्खानी बेच्नेले दैनिक ३५ रुपैयाँ तिर्नुपर्छ।

नगरपालिकामा हप्ताको दुई पटक हाटबजार लाग्ने गरेको छ। हप्तामा दुई दिनको ७० रुपैयाँ कर तिर्दा ५२ हप्तामा सागपात बेच्नेले तीन हजार ६ सय ४० रुपैयाँ कर तिर्नुपर्नेछ। जबकी वार्षिक लाखौं रुपैयाँ नाफा कमाउने उद्योग व्यवसायसँग भने यसको तुलनामा निकै न्यून करको दर लगाइएको छ।

सिद्धार्थनगर नगरपालिकाले लागू गरेको करको दरसमेत बढाएको छ। नगरपालिकाले अधिकांश क्षेत्रमा करको दर बढाएको हो। कतिपय क्षेत्रमा नौ सय प्रतिशतसम्म कर बढाइएको छ। नगरको वडा नम्बर ३ मा सञ्चालित लुम्बिनी रण अम्बिका आँखा अस्पतालको नाम उल्लेख गरी करको दर नबढाएको नगरपालिकाले निजी क्षेत्रबाट सञ्चालित मेडिकल कलेजलाई नौ सय प्रतिशत कर बढाएको छ। निजी क्षेत्रबाट सञ्चालित मेडिकल कलेजबाट गत वर्ष पाँच हजार रुपैयाँ कर लगाएको नगरपालिकाले यस वर्षदेखि ५० हजार रुपैयाँ पुऱ्याएको छ।

कपडा पसलअन्तर्गत थोक बिक्री गर्नेलाई गत वर्ष एक हजार रुपैयाँ कर लगाएको नगरपालिकाले यस वर्ष चार सय प्रतिशत कर बढाएर पाँच हजार रुपैयाँ पुऱ्याएको छ।

गत वर्ष ६ सय रुपैयाँ कर तोकेको खुद्रा कपडा बिक्री पसललाई यस वर्ष तीन सय १७ प्रतिशत बढाएर दुई हजार पाँच सय रुपैयाँ पुऱ्याएको छ।

नगरपालिकाले हाटबजारमा टोकरीमा साम्रगी बेचबिखन गर्नेलाई बैठकीस्वरूप २५ रुपैयाँ लिदै आएको कर यस वर्ष ३० रुपैयाँ पुऱ्याएको छ। सागपात बिक्री गर्नेसँग ३० रुपैयाँ कर लिँदै आएकोमा यस वर्षदेखि ३५ रुपैयाँ पुऱ्याएको छ। सागपात बिक्री गर्नेलाई पनि कर बढाएको नगरपालिकाले हाटबजार सुविधा भने केही नबढाएको हाटबजार व्यवसायीको गुनासो छ।

## तरकारी किसानको गुनासो

हाटबजारमा सागपात बिक्री गर्दै आएका अवध बिहारीले चर्को करले आफूले मर्कामा परेको बताए। उनले आफूले सागपात मात्र बिक्री गरेर एक सय २० रुपैयाँ एकदिनको कर दिँदै आएको बताए। तर, नगरपालिकाले सागपात बिक्री गर्नेसगँ ३५ रुपैयाँ मात्र कर असुल भइरहेको जनाएको छ।

> हाटबजारमा सागपात बिक्री गर्दै आएका अवध बिहारीले चर्को करले आफूले मर्कामा परेको बताए।

त्यस्तै एउटा बोरामा १५ किलो लसुन मात्र बोकेर हाटबजारको सडकमा बिक्री गर्न आएका रामु कान्दूले आफूले एक सय रुपैयाँ बैठकी (कर) तिर्नुपरेको गुनासो पोखे। उनले भने, 'यो लसुनबाट जति कमाई हुँदैन त्यति त मैले बैठकी तिर्नुपरेको छ।' हिलाम्मे सडकमा बसेर कागती बिक्री गर्दै आएका व्यापारीले अन्य सरह बैठकी तिर्दै आएको बताए। हाटबजारका व्यवसायीले वृद्धि भएको करले मर्कामा परेको बताउँदै कर घटाउन माग गरे।

## करको चौतर्फी विरोध

नगरपालिकाले करको दर बढाएपछि चौतर्फी रूपमा विरोध भएको छ। स्थानीय उद्योगी व्यवसायीदेखि सर्वसाधरणसम्मले करको विरोध गर्दै करको दर घटाउन माग गरे।

नगरपालिकाले करको दर बढाउँदा व्यवसायी मर्कामा परेको भन्दै रूपन्देही उद्योग व्यापार संगठनले नगरप्रमुखलाई ज्ञापन पत्र बुझाउँदै तत्काल करको दर समायोजन गर्न माग गरे।

संगठनका अध्यक्ष नारायणप्रसाद भण्डारीले नगरपालिकाले सामान्य व्यापारीलाई पनि ४/५ सय प्रतिशतसम्म कर वृद्धि गरिएको भन्दै आक्रोश पोखे। उनले नगरपालिकाको राजस्व परामर्श समितिको बैठकमा आफूहरूले २०/२५ प्रतिशतमा मात्र वृद्धि गर्न सुझाव दिए पनि नगरपालिकाले सुझावलाई बेवास्ता गर्दै एकलौटी रूपमा कर वृद्धि गरेको बताए। व्यवसायीले कर समायोजन नभए आफूहरू आन्दोलन गर्न बाध्य हुने चेतावनी दिए।

नगरपालिकाका मेयर हरिप्रसाद अधिकारीले कर वृद्धि भएको बताए। टोकरीमा साम्रगी बिक्री गर्नेसँग नगरपालिकाले कर लिने उनले बताए। 'निजी क्षेत्रका मेडिकल कलेजसँग लिइने व्यवसाय कर अझै कम भएको छ, एक लाख पुऱ्याउँछौं', उनले भने।

# कृषि औजार वितरण

**अन्नपूर्ण** | *ओखलढुंगा*



लिखु गाउँपालिकाले गाउँपालिकाभित्रका कृषकलाई कृषि औजार वितरण गरेको छ। गाउँपालिकाभित्रका नौ वडामा १० वटा कृषक समूह निर्माण गरेर नौ प्रकारका आधुनिक कृषि औजार खरिद गरेर कृषि औजार वितरण गरेको हो।

खेती लगाउन र उठाउन किसानलाई सहयोग पुऱ्याउने उद्देश्यले समूहमार्फत कृषि औजार वितरण गरिएको गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर पौडेलले बताए। उनले भने, 'कृषिमा आधुनिकीकरण गरेर आत्मनिर्भर बनाउन समूहमार्फत सहयोग गरिएको हो।'

गाउँपालिकाले १९ लाख खर्चेर १० समूहलाई नौ प्रकारका औजार अनुदान सहयोग गरेको बताइएको छ। वितरण गरिएका औजारले धान, कोदो रोप्न, काट्न तथा झार्ने सहज हुनेछ। त्यस्तै जोत्न हाते ट्र्याक्टरलगायत औजारहरू वितरण गरिएको छ। जनशक्ति अभाव भएर खेती गर्न छोड्दै गएका किसानलाई राहत हुने लिखु गाउँपालिका स्थानीय रमेश तामाङले बताए। थोरै जनशक्तिमा औजारको प्रयोगबाट धेरै काम गर्न सकिने भएकाले औजार पाएपछि किसानहरू खुसी भएका छन्। चालू आर्थिक वर्ष कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाले ९० लाख बजेट विनियोजन गरेको छ। यो बजेट कृषि क्षेत्रमा विनियोजन गरिएको अन्य जिल्लाका स्थानीय तहको बजेटभन्दा बढी हो।


**वायुसेवा कर्मचारी वचत तथा ऋण सहकारी संस्था लि.**
टेवहाल, काठमाडौं । फोन नं. ४२४४२५५

**कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७५/०२/२३**
**दोस्रो पटक प्रकाशित मिति २०७५/०५/१२**

यस संस्थाबाट तपाईंले लिनुभएको कर्जाको साँवा, ब्याज तथा सो मा लाग्ने अन्य दस्तुरहरु, जरिवाना समेत संस्थाको लेना रकम यस सहकारी संस्थासँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनुपर्ने नतिरी नबुझाई यस सहकारीसँग भएको शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोमा तपाईं उपर ऋण कर्जा लगायत सहकारीको लेना रकम चुक्ता गर्न विभिन्न मितिमा पत्रबाट र २०७५/०२/२३ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने जरुरी सूचना प्रकाशित गरी जानकारी गराइएकोमा बेवास्ता गरी बस्नुभएको र त्यसपछि पनि मौखिक तथा फोनमार्फत पटक-पटक तरताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकोले तपाईंको नाममा ऋण कर्जा भुक्तान गर्न यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सहकारी संस्थामा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दस्तुरहरु र जरिवाना समेत संस्थाको लेना रकम चुक्ता गर्नुहोला। साथै जमानत दिनुहुने जमानीकर्ताले पनि यसै सूचनाबाट जानकारी लिनुभई उक्त कर्जा भुक्तानी गर्न/गराउनुहुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, २०४८, सहकारी नियमावली २०४९ र अन्य नेपालको प्रचलित ऐन-कानुन तथा यस सहकारी संस्थासँग भए गरेको लिखत अनुसार कारबाही गरी तपाईं या तपाईंका एकाघर सगोलमा भएका सदस्यहरुको घर जग्गा, सम्पति तथा अन्य जायजेथाहरु लिलामी प्रक्रिया अघि बढाई सम्पूर्ण रकम असुल उपर गरिने पनि यसै सूचनाबाट जानकारी गराइन्छ। **तपसिल:**

**ऋणी : दिप्ती कार्की**
ना.प्र.नं. ४९१० (२०५५/१/२७ सिरहा, जि.प्र.का.)
ठेगाना : जिल्ला सिराहा, उ.म.न.पा./गा.वि.स. सिराहा, वडा नं. १
बुबा : बालकृष्ण बहादुर कार्की
बाजे : सिताराम बहादुर कार्की



**व्यक्तिगत जमानी : प्रदिप बहादुर सिंह**
ठेगाना : काठमाडौं महानगरपालिका, वडा नं. ६, कपन
ना.प्र.नं. २७/१/२३६/७३८७
जि.प्र.का., काठमाडौं (२०५१/०९/१२)
बाबु : खड्क बहादुर सिंह
बाजे : तेज बहादुर सिंह



**व्यक्तिगत जमानी : गिता राणा**
ना.प्र.नं. ३२३४, जि.प्र.का. काठमाडौं (२०५६/८/२)
ठेगाना : काठमाडौं वडा नं.७, सिफलचौर।
ससुरा : गोपाल शम्शेर
बाबु : निर बहादुर अधिकारी
पति : दिनेश सम्शेर ज.ब.रा
बाजे : टेक बहादुर अधिकारी



**धितो विवरण : जिल्ला नवलपरासी, गा.वि.स./न.पा. प्रसौनी वडा नं. १ (१क) कित्ता नं. ३७४, क्षेत्रफल ०-१०-०-० (३३८६.४० व.मी.**


# पोखरा-लुम्बिनी स्तरीय बस सञ्चालन हुने


जगदम्बाको बसमा यात्रु सेवामा खटिएका बस होस्टेस। ● सौजन्य : विजय उत्सव

**अन्नपूर्ण** | *पोखरा*

पोखरा-लुम्बिनी रुटमा जगदम्बा ट्राभल्सले बस सेवा सुरु गर्ने भएको छ। जगदम्बा ट्राभल्स प्रालिले भदौ १५ बाट यो रुटमा सेवा सुरु गर्न लागेको हो। दुई पर्यटकीय गन्तव्यलाई बस सेवाबाट जोड्ने पोखरेलीले यसअघि गरेको पटकपटकको प्रयास सफल हुन सकेको थिएन। पर्यटन व्यवसायीले यसअघि पोखराबाट सिधै भैरहवा बस चलाउन सुरु गर्दा बुटवलका सिन्डिकेटधारीले अवरोध पुऱ्याएका थिए। घुम्ती नै घुम्ती भएको सिद्धार्थ राजमार्ग भारतीय नाका सुनौली र भैरहवालाई पोखरा जोड्ने स्तरीय बस सेवा थिएन। गत वर्षदेखि भने पोखरा भैरहवा रुटमा बुद्ध एयरले जहाज सेवा दिएको छ।

७५/७५ लाखका दुईवटा बस प्रयोग गरी पोखरा-भैरहवा सेवा सुरु गर्न लागेको जगदम्बा ट्राभल्सका अध्यक्ष केशवप्रसाद अधिकारीले जानकारी दिए। '१५ गते एउटा बस पोखराबाट भैरहवाका लागि छुट्छ र १७ गते भैरहवाबाट अर्को बस पोखराका लागि आउँछ', उनले भने।

जहाजको बिजनेस क्लासमा हुनेजस्ता आरामदायी सिट भएका बसमा खाना, खाजा र पानी तथा चियाको सुविधा दिइने अधिकारीले सुनाए। ३० सिटमात्रै राखिएका लामो आकारको बसको एकतर्फी भाडा नेपालीका लागि दुई हजार र विदेशी पर्यटकका लागि दुई हजार पाँच सय रुपैयाँ तोकिएको छ। रिमोट कन्ट्रोलबाट सिट तलमाथि गर्ने सुविधा भएको बस वातानुकूलित पनि छ। जहाजमा एयर होस्टेसजस्तै जगदम्बामा बस होस्टेसले सेवा दिनेछन्।

> ३० सिट क्षमताको बसको एकतर्फी भाडा नेपालीका लागि दुई हजार र विदेशी पर्यटकका लागि दुई हजार पाँच सय रुपैयाँ तोकिएको छ।

पोखराबाट मुग्लिङ नारायणगढको सडक प्रयोग गरी बस पोखरा-भैरहवा आवतजावत गर्ने अधिकारीले बताए। 'यो रुटमा अरु बसको सुविधा थियो, तर सुविधा सम्पन्न बस हामीले सुरु गऱ्यौं', उनले भने, 'सिन्डिकेट अन्त्य भएको हुँदा यो मौका मिल्यो।' जगदम्बाले पोखराबाट सबैभन्दा स्तरीय बसबाट पोखरा-काठमाडौं, पोखरा-चितवनको रुटमा यस अघिदेखि नै सेवा चलाइरहेको छ। २०३३ सालदेखि पारिवारिक रूपमा बस सेवामा लागेका अधिकारीको परिवारले पाँच वर्षअघि जगदम्बा ट्राभल्स प्रालि खोलेर कम्पनीमार्फत बस चलाइरहेको छ।


ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
YOUR BANK, YOUR PARTNER


## सेयर बजार

| क्र.सं. | कम्पनीको नाम | कारोबार मूल्य रु. | | | कारोबार संख्या | अघिल्लो दिनको कारोबार | फरक मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | अधिकतम | न्यूनतम | अन्तिम | | | |
| १ | कृषि विकास बैंक | ३३७ | ३३० | ३३३ | ३५८८ | ३३५ | -२ |
| २ | अपी पावर कं. | २६२ | २५५ | २६० | १२०८ | २६० | ० |
| ३ | आरम्भ माइक्रोफाइनान्स | ८४० | ८२६ | ८३६ | २८० | ८३६ | ० |
| ४ | अरुण काबेल पावर | २४५ | २३९ | २४२ | ४६३ | २४५ | -३ |
| ५ | अरुण भ्याली हाइड्रोपावर डेभ. कं. | १३२ | १२७ | १३२ | ४४८८ | १३१ | १ |
| ६ | एसियन लाइफ इन्सुरेन्स कं. | ६०० | ५९८ | ५९९ | २७० | ५९४ | ५ |
| ७ | बैंक अफ काठमान्डू | २९० | २७५ | २९० | १८९३६ | २७९ | ११ |
| ८ | बरुण हाइड्रोपावर कं. | १२९ | १२६ | १२६ | १४९३ | १३१ | -५ |
| ९ | बेष्ट फाइनान्स कं. | १०२ | ९९ | १०० | ३५० | ९८ | २ |
| १० | भार्गभ विकास बैंक | १२२ | १२२ | १२२ | १३२ | १२४ | -२ |
| ११ | बोटल्स नेपाल (तराई) | ६१७४ | ५९३४ | ६१७४ | १३० | ६०५५ | ११९ |
| १२ | बुटवल पावर कं. | ४३७ | ४२९ | ४३१ | १०७० | ४३४ | -३ |
| १३ | सेन्ट्रल फाइनान्स | १६९ | १६७ | १६८ | १४८०७ | १६७ | १ |
| १४ | छिमेक लघुवित्त विकास बैंक | ९०९ | ९०१ | ९०१ | १२३० | ९०० | १ |
| १५ | छ्याग्दी हाइड्रोपावर | १२१ | ११५ | १२१ | १६३ | ११७ | ४ |
| १६ | चिलिमे हाइड्रोपावर कं. | ७१५ | ७०८ | ७१३ | २५२० | ७१५ | -२ |
| १७ | सिटिजन बैंक इन्टरनेसनल | २३५ | २३१ | २३२ | ३४४८ | २३५ | -३ |
| १८ | सिटिजन इनभेष्टमेन्ट ट्रस्ट | २४५० | २४०० | २४०० | २४१५ | २४८४ | -८४ |
| १९ | सिभिल बैंक | १४९ | १४७ | १४७ | ९५४१ | १४८ | -१ |
| २० | सिभिल लघुवित्त वित्तीय संस्था | ६६० | ६५० | ६५० | ४१ | ६६१ | -११ |
| २१ | डिप्रो लघुवित्त वित्तीय संस्था | ६४३ | ६४१ | ६४१ | १५८ | ६४८ | -७ |
| २२ | देव विकास बैंक | १२८ | १२७ | १२७ | ४५७४ | १२९ | -२ |
| २३ | एभरेष्ट बैंक | ६६० | ६५३ | ६५५ | ५१९९ | ६५८ | -३ |
| २४ | एक्सेल डेभ. बैंक | ३१२ | ३०६ | ३१२ | १२१२ | ३१२ | ० |
| २५ | फस्ट माइक्रो फाइनान्स लघुवित्त | ४१३ | ४०६ | ४०७ | २०२५ | ४०८ | -१ |
| २६ | फावर्ड कम्युनिटी माइक्रोफाइनान्स | २०६० | २०१९ | २०१९ | ८३० | २०६० | -४१ |
| २७ | गण्डकी विकास बैंक | १९२ | १८७ | १८७ | ३७०० | १९२ | -५ |
| २८ | गरिमा विकास बैंक | १८९ | १८५ | १८५ | ९४८ | १८६ | -१ |
| २९ | ग्लोबल आइएमइ बैंक | २९९ | २९० | २९४ | ११०६६ | २९४ | ० |
| ३० | ग्लोबल आइएमइ लघुवित्त | १०३५ | १०१५ | १०१५ | ४१ | १०३४ | -१९ |
| ३१ | ग्रामीण विकास लघुवित्त | ५६० | ५४० | ५४७ | ५४३० | ५५० | -३ |
| ३२ | ग्रिन डेभ. बैंक | १२५ | १२५ | १२५ | १० | १२७ | -२ |
| ३३ | गुराँस लाइफ इन्सुरेन्स कं. | ८०० | ७९४ | ७९७ | ५१९ | ८०० | -३ |
| ३४ | गोरखा फाइनान्स | १०८ | १०८ | १०८ | ५१०३ | ११० | -२ |
| ३५ | हाथवे फाइनान्स कं. | १२५ | १२१ | १२१ | ६५० | १२३ | -२ |
| ३६ | हिमालयन बैंक लि. | ५३५ | ५३२ | ५३३ | १५०९ | ५३२ | १ |
| ३७ | हिमालयन डिष्ट्रलरी लि. | १३३१ | १३२५ | १३३१ | २० | १३०५ | २६ |
| ३८ | हिमालयन जनरल इन्सुरेन्स कं. | ४१३ | ४०६ | ४१२ | १२२४ | ४१९ | -७ |
| ३९ | हिमालयन पावर पार्टनर लि. | २५४ | २४६ | २५० | १४० | २५५ | -५ |
| ४० | आइसीएफसी फाइनान्स लि. | १५७ | १५५ | १५५ | १०२० | १५७ | -२ |
| ४१ | आइएमइ जनरल इन्सुरेन्स | ८०५ | ७७५ | ७७५ | ४३० | ८२१ | -४६ |
| ४२ | जलविद्युत लगानी तथा विकास कं. | १६१ | १५९ | १५९ | २३६५ | १६० | -१ |
| ४३ | जानकी फाइनान्स | १९२ | १९२ | १९२ | १२१८ | १९० | २ |
| ४४ | जनता बैंक नेपाल | १५३ | १५१ | १५३ | ५३९१ | १५२ | १ |
| ४५ | जनउत्थान समुदायिक लघुवित्त | २७५० | २७५० | २७५० | १२ | २८०० | -५० |
| ४६ | ज्योति विकास बैंक | १४३ | १४० | १४१ | ४५१५ | १४४ | -३ |
| ४७ | काबेली विकास बैंक | २०६ | २०३ | २०४ | १७९४ | २०६ | -२ |
| ४८ | कैलास विकास बैंक | २३२ | २२९ | २२९ | २५८ | २३० | -१ |
| ४९ | कामना सेवा विकास बैंक | १४१ | १३९ | १३९ | ४१३४ | १४२ | -३ |
| ५० | कन्काइ विकास बैंक | ११९ | ११९ | ११९ | ३६ | ११९ | ० |
| ५१ | कर्णाली डेभ. बैंक | १०४ | १०० | १०० | ७०३७ | १०६ | -६ |
| ५२ | खानीखोला हाइड्रोपावर कं. | १०४ | १०१ | १०२ | ४६४ | १०३ | -१ |
| ५३ | कुमारी बैंक | २०५ | २०१ | २०२ | १४१६७ | २०५ | -३ |
| ५४ | लक्ष्मी बैंक | २२८ | २२४ | २२५ | २७७७ | २२८ | -३ |
| ५५ | लाइफ इन्सुरेन्स कं. नेपाल | १५६४ | १५५५ | १५६४ | ११० | १५६१ | ३ |
| ५६ | लुम्बिनी विकास बैंक | १५० | १४८ | १५० | ५२३ | १५० | ० |
| ५७ | लुम्बिनी जनरल इन्सुरेन्स कं. | ५१२ | ५०६ | ५१२ | ३७७३ | ५१० | २ |
| ५८ | माछापुच्छ्रे बैंक | २०३ | २०१ | २०१ | ५६६२ | २०१ | ० |
| ५९ | महालक्ष्मी विकास बैंक | १९३ | १८८ | १९० | २७४७ | १८७ | ३ |
| ६० | महिला सहयात्री माइक्रोफाइनान्स | ६२८ | ६२८ | ६२८ | ११ | ६१७ | ११ |
| ६१ | माहुली समुदायिक लघुवित्त | २३९० | २३५२ | २३९० | ९७ | २४०० | -१० |
| ६२ | मञ्जुश्री फाइनान्स | १२० | ११९ | ११९ | १२१५ | १२० | -१ |
| ६३ | मेगा बैंक नेपाल | १६४ | १६२ | १६४ | १०३८४ | १६४ | ० |
| ६४ | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था | १००० | ९९२ | ९९४ | १३४ | १०१० | -१६ |
| ६५ | मिर्रमिरे लघुवित्त | १४८० | १४५५ | १४५५ | ६५ | १५०० | -४५ |
| ६६ | मितेरी डेभ. बैंक | २६५ | २६५ | २६५ | २०० | २७० | -५ |
| ६७ | मिथिला लघुवित्त वित्तीय संस्था | ८४५ | ८४० | ८४० | १७२ | ८४० | ० |
| ६८ | मुक्तिनाथ विकास बैंक | ३८२ | ३७४ | ३७५ | १०६३२ | ३७७ | -२ |
| ६९ | मुक्तिनाथ विकास बैंक प्र.सेयर | २१७ | २१७ | २१७ | २५२०० | २१७ | ० |
| ७० | नबिल बैंक | ९४८ | ९४४ | ९४५ | ५९९० | ९४५ | ० |
| ७१ | नबिल बैंक लि. प्रो.सेयर | ७२५ | ७२४ | ७२५ | ६१४ | ७३१ | -६ |
| ७२ | नबिल इक्वीटी फन्ड | ८.४२ | ८.२५ | ८.४२ | ३३८० | ८.४२ | ० |
| ७३ | नागबेली लघुवित्त | १०१० | ९८८ | ९९० | ९८० | १०२८ | -३८ |
| ७४ | नेसनल हाइड्रोपावर कं. | ७८ | ७८ | ७८ | १७०० | ७७ | १ |
| ७५ | नेसनल लाइफ इन्सुरेन्स कं. | ७०५ | ७०० | ७०५ | ५६४६ | ७०४ | १ |
| ७६ | नेसनल माइक्रोफाइनान्स | २०८० | २०४१ | २०४१ | ३१२ | २१२२ | -८१ |
| ७७ | नेको इन्सुरेन्स कं. | ५११ | ५०८ | ५०८ | ६८० | ५०८ | ० |
| ७८ | नेपाल बंगलादेश बैंक | २०० | १९८ | १९९ | ८५७३ | १९९ | ० |
| ७९ | नेपाल बैंक | २९० | २८४ | २८५ | १०६४५ | २८५ | ० |
| ८० | नेपाल कम्युनिटी डेभ. बैंक | १२३ | १२३ | १२३ | १००० | १२५ | -२ |
| ८१ | नेपाल क्रेडिट एन्ड कमर्सियल बैंक | १८१ | १७६ | १८१ | ५३२५ | १७८ | ३ |
| ८२ | नेपाल दुरसञ्चार कं. | ७३४ | ७३४ | ७३४ | १० | ७३२ | २ |
| ८३ | नेपाल हाइड्रो डेभ. लि. | १५६ | १५६ | १५६ | ५० | १५९ | -३ |
| ८४ | नेपाल इन्सुरेन्स कं. | ५१६ | ५०६ | ५१६ | ९० | ५१५ | १ |
| ८५ | नेपाल इनभेष्टमेन्ट बैंक | ६३१ | ६२७ | ६२७ | ३५५८ | ६२६ | १ |
| ८६ | नेपाल इनभेष्टमेन्ट बैंक लि. प्र. सेयर | ५७० | ५६२ | ५६२ | ९४७४३ | ५६२ | ० |
| ८७ | नेपाल लाइफ इन्सुरेन्स कं. | ९२३ | ९०१ | ९१५ | ३४२८ | ९१५ | ० |
| ८८ | नेपाल एसबीआई बैंक | ४९७ | ४९४ | ४९७ | ९५९ | ४९५ | २ |
| ८९ | नेरुडे लघुवित्त विकास बैंक | ५३७ | ५२६ | ५३७ | ४२८ | ५३६ | १ |
| ९० | न्याग्दी ग्रुप पावर | १७५ | १६५ | १७४ | २९२० | १६७ | ७ |
| ९१ | एनआइबीएल प्रगति फन्ड | ८.१६ | ८ | ८.१६ | ३५३५ | ७.९ | ०.२६ |
| ९२ | एनआइबीएल समृद्ध फन्ड | ११.४ | ११.३ | ११.३ | २६००० | ११.३२ | -०.०२ |
| ९३ | एनआइसी एसिया बैंक | ३१५ | ३१३ | ३१३ | ३७७० | ३१३ | ० |
| ९४ | निर्धन उत्थान लघुवित्त | ९४५ | ९२७ | ९४० | ३९७ | ९२७ | १३ |
| ९५ | एनएलजी इन्सुरेन्स कं. | ८२४ | ८०३ | ८०३ | ५२९४ | ८२८ | -२५ |
| ९६ | एनएमबी माइक्रोफाइनान्स | १४९० | १४११ | १४११ | १८७८ | १४९० | -७९ |
| ९७ | एनएमबी बैंक | ३१० | ३०६ | ३०८ | २५९४३ | ३१० | -२ |
| ९८ | एनएमबी सुलभ इनभेष्टमेन्ट फन्ड | १२.४ | १२.२५ | १२.३ | १९५०० | १२.२५ | ०.०५ |
| ९९ | ओरियन्टल होटल्स | ४९६ | ४९५ | ४९६ | ५१५ | ५०० | -४ |
| १०० | पोखरा फाइनान्स | १४५ | १४४ | १४४ | २३६ | १४५ | -१ |
| १०१ | प्रभु बैंक लि. | १८३ | १८० | १८३ | ३०१७ | १८१ | २ |
| १०२ | प्रभु बैंक लि. प्र. सेयर | १५५ | १५५ | १५५ | ८१९६२ | १५५ | ० |
| १०३ | प्रभु इन्सुरेन्स | ४८४ | ४७३ | ४८४ | १७९० | ४७८ | ६ |
| १०४ | प्रिमियर इन्सुरेन्स कं. | १०४५ | १०३६ | १०३८ | १०६९ | १०४२ | -४ |
| १०५ | प्राइम कमर्सियल बैंक प्रो.सेयर | २९० | २८४ | २८८ | २८११ | २८९ | -१ |
| १०६ | प्राइम लाइफ इन्सुरेन्स लि. | ५०५ | ४९४ | ४९४ | २३९२ | ५०१ | -७ |
| १०७ | प्रुडेन्टिल इन्सुरेन्स कं. | ७१२ | ७०० | ७०७ | १८९९ | ७२३ | -१६ |
| १०८ | पुर्णिमा विकास बैंक | १५० | १५० | १५० | ५० | १५० | ० |
| १०९ | राधि विद्युत कं. | २२५ | २१७ | २२५ | ३८० | २२४ | १ |
| ११० | रैरंग हाइड्रोपावर डेभ. कं. | १४८ | १४५ | १४५ | ९१० | १४८ | -३ |
| १११ | राष्ट्रिय विमा कं. | १०५५० | १०४०० | १०४०० | १८५ | १०४०० | ० |
| ११२ | राष्ट्रिय विमा क. लि. प्रो.सेयर | ९६५० | ९५१० | ९६१५ | १३२ | ९६९६ | -८१ |
| ११३ | रिलायन्स फाइनान्स | ११८ | ११६ | ११७ | १८२९ | ११८ | -१ |
| ११४ | रिद्दि हाइड्रोपावर डेभ. कं. | ११४ | ११२ | ११४ | १३८२ | ११४ | ० |
| ११५ | आरएमडीसी लघुवित्त वित्तीय संस्था | ६३१ | ६२५ | ६३१ | ६९८ | ६३६ | -५ |
| ११६ | आरएसडीसी लघुवित्त वित्तीय संस्था | ५०४ | ४९० | ५०० | ३३६ | ५०० | ० |
| ११७ | सगरमाथा इन्सुरेन्स कं. | १३१५ | १३०० | १३०० | ६४१ | १३१५ | -१५ |
| ११८ | सहयोगी विकास बैंक | २०० | १९८ | १९८ | ४०० | १९८ | ० |
| ११९ | समता माइक्रोफाइनान्स | ११८० | ११.१७ | ११७५ | १८८ | ११७५ | ० |
| १२० | साना किसान विकास बैंक | ११२१ | १०७८ | १०७८ | ९५६ | १०९५ | -१७ |
| १२१ | सानिमा बैंक | ३१५ | ३१२ | ३१२ | ६१६६ | ३१४ | -२ |
| १२२ | सानिमा माइ हाइड्रोपावर लि. | २९९ | २९३ | २९९ | ११५६ | २९४ | ५ |
| १२३ | सांग्रीला डेभ. बैंक | १४४ | १४२ | १४३ | ९०८५ | १४५ | -२ |
| १२४ | शिखर इन्सुरेन्स कं. | ९०५ | ८९१ | ९०५ | १५६६ | ९०१ | ४ |
| १२५ | साइन रेसुंगा डेभ. बैंक | २७५ | २७० | २७० | २२०० | २७५ | -५ |
| १२६ | सिद्धार्थ बैंक लि. | ३०९ | ३०७ | ३०७ | ९८७८ | ३११ | -४ |
| १२७ | सिद्धार्थ इक्वीटी फन्ड | ९ | ८.९ | ८.९ | ११०० | ९.११ | -०.२१ |
| १२८ | सिद्धार्थ इन्सुरेन्स लि. | ६६० | ६५० | ६५१ | ६८३ | ६६५ | -१४ |
| १२९ | सिन्धु विकास बैंक | १२३ | १२३ | १२३ | १८ | १२५ | -२ |
| १३० | सोल्टी होटल | २४१ | २३९ | २४१ | २६०० | २४० | १ |
| १३१ | स्ट्यान्डर्ड चार्टर्ड बैंक | ७२८ | ७१९ | ७१९ | ५७४९ | ७२५ | -६ |
| १३२ | समिट माइक्रोफाइनान्स डेभ. बैंक | ८९५ | ८८१ | ८८१ | ५० | ८८८ | -७ |
| १३३ | सनराइज बैंक | २१९ | २१५ | २१६ | ७४३ | २१६ | ० |
| १३४ | सर्पोट माइत्रफाइनान्स वित्तीय संस्था | ७९४ | ७७७ | ७९० | ६६५ | ७९२ | -२ |
| १३५ | सूर्या लाइफ इन्सुरेन्स कं. | ५३१ | ५३० | ५३१ | ७३५ | ५३३ | -२ |
| १३६ | सुर्योदय लघुवित्त वित्तीय संस्था | १५३० | १४६० | १५३० | २६७९ | १४८९ | ४१ |
| १३७ | स्वाबलम्बन विकास बैंक | १२२५ | १२०१ | १२११ | ३८० | १२२५ | -१४ |
| १३८ | स्वदेशी लघुवित्त वित्तीय संस्था | १४३६ | १४३१ | १४३१ | ३८९ | १४६० | -२९ |
| १३९ | स्वरोजगार लघुवित्त विकास बैंक | ७९० | ७८६ | ७८६ | ३५३ | ८०० | -१४ |
| १४० | सिनर्जी पावर डेभ. | १०८ | १०६ | १०८ | १०० | १०८ | ० |
| १४१ | तारागाउँ रेजेन्सी होटल | २६० | २५७ | २५७ | ९८० | २६१ | -४ |
| १४२ | युनाइटेड इन्सोरेन्स कं. | ८६१ | ८४७ | ८४७ | ४९५ | ८५९ | -१२ |
| १४३ | युनाइटेड मोदी हाइड्रोपावर | १६५ | १६० | १६५ | २२८९ | १६५ | ० |
| १४४ | उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था | १६६८ | १६६५ | १६६५ | १४० | १६९५ | -३० |
| १४५ | विजय लघुवित्त वित्तीय संस्था | ६६५ | ६५२ | ६५२ | २९८ | ६७३ | -२१ |
| १४६ | वमी माइक्रोफाइनान्स वित्तीय संस्था | १०८० | १०६८ | १०६८ | १६० | १०६५ | ३ |

**नेप्से परिसूचक : १,१७५.७२(-२.७८)**
**मिति : १० भाद्र २०७५**

**कुल कारोबार मूल्य : २०५,५५८,६४३**
**कुल सेयर संख्या : ६,०९२५७**
**कुल कारोबार : २,५७५**
**कुल बजार मूल्य : १,३९८,७३२.९७ (दश लाखमा)**

### मलेसिया प्रतिबन्धको असर

# वैदेशिक रोजगारीमा जाने घटे

**उत्तम काप्री** | *काठमाडौं*



वैदेशिक रोजगारीमा जानेको संख्या साउनमा घटेको छ। चालु आर्थिक वर्ष २०७५/०७६ को पहिलो महिनामै वैदेशिक रोजगारीमा जानेको संख्यामा ३४ प्रतिशतले घटेको छ। श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले मलेसिया जाने कामदारमाथिको शोषण अन्त्य गर्ने प्रक्रिया सुरु गरेका कारण वैदेशिक रोजगारीमा जाने घटेका हुन्।

चालु आवको साउनमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिँदै म्यानपावरमार्फत विदेश जानेको संख्या १८ हजार पाँच सय ५९ मात्रै छ। यो आव २०६५/०६६ यताकै सबैभन्दा कम हो। गत आवको साउन महिनामा मात्रै वैदेशिक रोजगारीका लागि विदेश जाने युवाको संख्या २८ हजार एक सय २१ थियो।

मलेसिया जाने कामदारमाथि आर्थिक भार थप्ने गरी अवैध रूपमा खडा भएका संस्था खारेजीको निर्णयसँगै वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको छ। श्रम मन्त्रालयले गत जेठ २ गतेदेखि अवैधानिक रूपमा खडामा भएका वायोमेट्रिक, भीएलएन, माइग्राम, आईसी र जीएससी संस्था खारेजी गर्ने निर्णय गरेको थियो। यी पाँच संस्थाले कामदारमाथि थप करबाहेक १७ हजार सात सय रुपैयाँ आर्थिक भार थप्दै आएका थिए।

मन्त्री बिष्टले कामदारमाथि आर्थिक भार थप्ने संस्थाको अन्त्य नगरी कामदार मलेसिया जान रोक लगाउने निर्णय गरेपछि विदेश जाने कामदारको संख्यामा कमी आएको छ।

मन्त्री बिष्टको निर्णय अघि मासिक १० देखि १२ हजार युवा मलेसियाको रोजगारीमा जाने गर्थे। तर, अहिले मलेसिया जानेको संख्या शून्य जस्तै भएको छ। जेठ २ गतेभन्दा नै पहिलो भिसा स्ट्याम्पिङ भएको केही कामदार भने मलेसिया गइरहेका छन्। साउन महिनामा मात्रै पहिले नै भिसा स्ट्याम्पिङ भएका तीन सय ७२ जना युवा मलेसिया पुगेका छन्।

यतैगरी साउन महिनामै बिदामा नेपाल आई पुन: विदेश जाने कामदारको संख्यामा खासै परिवर्तन आएको छैन। साउन महिनामा मात्रै बिदामा नेपाल आई पुन: जानेको संख्या १५ हजार दुई सय ३९ छ। यसैगरी व्यक्तिगत भिसामा विदेश जाने कामदारको संख्या एक हजार सात र विभिन्न माध्यमबाट रोजगारीका लागि विदेश पुगी वैधानिककरण गर्ने कामदारको संख्या एक हजार दुई सय ५८ छ।

### एक महिनामै १० करोड ठगी

चालु आर्थिक वर्षको पहिलो महिनामा १० करोड ८९ लाख ८१ हजार रुपैयाँ ठगी भएको दाबीसहित दुई सय तीन कामदारदले वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराएका छन्। विभागका प्रवक्ता उद्धव रिजालले वैदेशिक रोजगारमा गएका र जाने तयारीमा रहेकाहरू आफू ठगिएको भन्दै उजुरी दिन आउने गरेको

> श्रम मन्त्रालयले गत जेठ २ गतेदेखि अवैधानिक रूपमा खडा भएका वायोमेट्रिक, भीएलएन, माइग्राम, आईसी र जीएससी संस्था खारेजी गर्ने निर्णय गरेको थियो।

बताए। आव २०७४/०७४ को साउन महिनाको तुलनामा चालु आवको साउनमा उजुरी दिनेको संख्यामा केही कमी आएको छ। उजुरी दिनेको संख्यामा कमी भए पनि ठगी रकम भने बढी छ। गत आवको साउनमा ठगिएको भन्दै दुई ३० कामदारले १० करोड १७ लाख ३७ हजार दाबीसहित विभागमा उजुरी गरेका थिए।

विभागमा सबैभन्दा बढी संस्थागत ठगीको उजुरी परेको छ। उनले भने, 'म्यानपावरले नै ठगेको भनेर उजुरी दिने बढी छन्।' संस्थागत उजुरी भन्नाले म्यानपावर कम्पनीबाट भएको ठगी हो।

विभागले दिएको जनाकारीअनुसार चालु आवको पहिलो महिनामा म्यानपावर कम्पनीले ठगेको भन्दै एक सय १५ जना कामदारले उजुरी दिएका छन्। पछिल्लो समय व्यक्तिगत ठगीका घटना पनि बढिरहेका छन्। यस्तै व्यक्तिगत ठगीका ८८ वटा उजुरी दर्ता गरिएको छ। रोजगारीका लागि दैनिक करिब दुई हजार नेपाली विभिन्न मुलुक जाने गरेका छन्।

ऋण खोजेर वा जग्गा धितो राखेर विदेश पलायन हुने युवा स्वदेशमै दलाल र म्यानपावर व्यवसायीबाट ठगीरहेका छन्। यसरी विदेश पलायन हुनेले विदेशमा गएपछि नेपालमा सम्झौता भएअनुसार काम नपाएको भन्दै व्यापक उजुरी दिने गरेका छन्। तलब र अन्य सुविधा पनि यहाँ भने जस्तो दिइँदैन। म्यानपावर कम्पनीले पठाउँदा एउटा कम्पनी भन्ने र उता गएपछि अर्को कम्पनीमा काम गर्नुपर्ने कारण पनि बढी समस्या हुने गरेको विभागले जनाएको छ।

प्रवक्त रिजालले भने, 'विदेश जाने बेलामा नेपाल सरकारले तोकेभन्दा बढी रकम तिर्ने र पछि समस्यामा परेर नेपाल आएपछि मैले यति रकम तिरेको भन्दै विभागमा उजुरी गर्न आउने युवाको संख्या धेरै छ।' संस्थागतभन्दा व्यक्तिगत उजुरीका समस्या समाधान गर्न कठिन हुन्छ।

व्यक्तिगततर्फ उजुरी गर्न आउनेमा कन्सल्टेन्सीबाट ठगिएका बढी हुने गरेको विभागको भनाइ छ। विभागमा खाडी र मलेसिया जाने कामदारभन्दा अमेरिका, पोर्चुगल, पोल्यान्ड जस्ता देश पठाइदिन्छु भन्दै लाखौं ठगी भएको उजुरी गर्न विभाग आउनेको संख्या बढी छ। यस्तो उजुरीमा विभागले प्रमाण भएको अवस्थामा मात्रै कारबाही र क्षतिपूर्ति दिलाउने गरेको छ।

यसमा विभागमा दर्ता भएका करिब दुई सय तीन उजुरीमध्ये ८३ वटाको छिनोफानो भएको छ। यसमा व्यक्तितर्फ १५ वटा र संस्थागततर्फका दुई सय ६८ वटा उजुरीको छिनोफाँनो भएको रिजालले जानकारी दिए। विभागले उजुरीको छिनोफाँनो गर्दै एक करोड ६७ लाख रुपैयाँ भने कामदारलाई उपलब्ध गराएको छ।

यस्तैगरी विभागले चालु आवको पहिलो महिनामै २८ वटा उजुरी अदालतमा दायर गरेको छ। विभागका अनुसार म्यानपावर कम्पनीको नाममा आउने उजुरी कानुनी दायरामा कमै मात्र जान्छ तर व्यक्तिगत उजुरी भने कानुनको दायरामा बढी जाने गरेको छ। विभागले अहिलेसम्म संस्थागततर्फ उजुरीबाट सात लाख रुपैयाँ म्यानपावर कम्पनीलाई जरिवान गरेको छ।

# पानी पर्दा चिया मजदुरको विचल्ली

**रविन भट्टराई** | *बिर्तामोड*

शनिबार राति पानी पर्दा अर्जुनधारा नगरपालिकास्थित गिरीबन्धु टी-स्टेटमा कार्यरत चिया मजदुर तिलरुपा बिक रातभर सुत्न पाइनन्। करिब एक घण्टा परेको पानीले उनी बस्दै आएको क्वाटरभित्रको सबै लत्ताकपडा र सुत्ने स्थान भिज्यो। अहिले पनि उनी बरु गर्मीसहन आँट गर्छिन् तर रातमा पानी नपरोस् भनी प्राथना गर्छिन्।

तिलदरुपा मात्र होइन गिरीबन्धु टी-स्टेटको मजदुर आवासगृहमा बस्तै आएका सबै मजदुरको अवस्था उस्तै छ। भनिन्, 'दिनभर चिया बगानमा चिया टिप्नेदेखि कम्पनीमा काम गर्नपर्छ तर क्वाटरमा पानी पसेर बस्न सकिँदैन, चिया मजदुर तिलरुपाले भनिन्, गर्मीमा त हम्किँदै सुत्न सकिन्छ तर पानी परे उपाय छैन।'

दुई दशकअघि निर्माण गरिएको मजदुर आवास गृहको मर्मत नहुँदा हिउँदभन्दा वर्षात्को समयमा मजदुरको अवस्था दयनीय बन्ने गरेको छ। 'दिनभन्दा रातमा समस्या छ, दिउँसो जसोतसो बितिहाल्छ रातमा पानी परे एउटा कुनामा पोको परेर बस्नुको विकल्प छैन', अर्का मजदुर फुनमुनि उराउ बताउँछिन्। वर्षौदेखि चिया बगानमा चिया पत्ती टिप्दै आएकी उनी पानी पर्नसाथ मजदुर आवासमा बस्दै आएका मजदुरको अवस्था दयनीय बन्ने गरेको दुखेसो पोख्छिन्। बगान सञ्चालकलाई बारम्बारभन्दा समेत आवास मर्मतमा चासो नदिएको मजदुरको गुनासो छ।

चिया मजदुरले स्थानीय अगुवालाई पटक-पटक क्वाटरको छाना चुहिने समस्या राखे पनि समाधानको प्रयास नभएको अरोप लगाएका छन्।

उनीहरू लामो समयदेखि काम गर्दै आएको गिरीबन्दु टी-स्टेटमा कहिले विद्युत्को समस्या त कहिले शौचालयको समस्या छ। अहिले चिया मजदुरले विद्युत्को समस्या सुल्झाएको छ। शौचालयको समस्या समाधानतिर पनि गएको मजदुर बताउँछन्। तर आवासगृह चुहिने समस्या भने जस्ताको त्यस्तै छ।

'दिनभर काम गरेर लखतरान भएका हामी आनन्दले सुत्न पाउँदैनौ', चिया मजदुर जमुना मुण्डा गुनासो गर्छिन्। सरकारले केही दिनअघि मात्र चिया बगानमा काम गर्ने श्रमिकको न्यूनतम पारि श्रमिक तोकेको थियो। जसमा श्रमिकका लागि आधारभूत पारि श्रमिक ६ हजार चार सय ६९ र महँगी भत्ता चार हजार तीा सय १२ गरी मासिक १० हजार सात सय ८१ पारि श्रमिक तोकेको छ। तर, उनीहरू तोकेको ज्याला पाउँदैनन्। यसका लागि कम्पनीसँग मजदुर नेताले पहल गरिरहेको बताउने गरे पनि हालसम्म निकास आएको छैन।

अहिले पनि यो कम्पनीमा कार्यरत चिया मजदुरले दैनिक दुई सय ७८ रुपैयाँ मात्र ज्याला पाइरहेका छन्।

> दुई दशकअघि निर्माण गरिएको मजदुर आवास गृहको मर्मत नहुँदा हिउँदभन्दा वर्षात्को समयमा मजदुरलाई बढी समस्या हुने गरेको छ।

त्यसका लागि ३२ केजी चिया टिप्नै पर्ने कम्पनीको नियम छ। ३३ केजी अर्थात् त्यो भन्दामाथि प्रतिकेजी दुई रुपैयाँ ५० पैसाका दरले थपिँदै जाने मजदुर बताउँछन्। यता मजदुरको समस्याबारे कम्पनी सञ्चालक छत्रबहादुर गिरीसँग सम्पर्क गर्न खोज्दा टेलिफोन सम्पर्क हुन सकेन।

नेपाल चिया बगान श्रमिक संघ, नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक संघ र अखिल नेपाल चिया मजदुर संघसँग आबद्ध मेची अञ्चलका चिया बगानमा कार्यरत मजदुर विभिन्न माग राख्दै आन्दोलनमा छन्। श्रम ऐन, २०४८ अनुसार एक वर्ष सेवा पूरा गरेपछि स्वत:स्थायी हुने व्यवस्था हुँदाहुँदै चिया बगानमा निरन्तर लामो समयसम्म काम गरेका कामदारलाई स्थायी नगरिएको आरोप उनीहरूको छ।

# अनुगमनमा अवरोध गर्ने व्यापारी पक्राउ



**काठमाडौं बल्खुस्थित तरकारी बजार। सोमबार विहान उद्योग वाणिज्य तथा आपूर्ति विभागको टोलीले छापा मारी एक जना व्यापारीलाई पक्राउ गरेको थियो।** ● सुनिता डंगोल

**अन्नपूर्ण** | *काठमाडौं*

बल्खुस्थित तरकारी बजार अनुगमनमा गएको सरकारी टोलीले सोमबार बिहानै बल्खुस्थित तरकारी बजारबाट एक व्यापारीलाई पक्राउ गरेको छ।

अनुगमनमा अवरोध गरेको भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमन टोलीले व्यापारी रवी शाहलाई पक्राउ गरेको हो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिनिधि, सुरक्षाकर्मी, उपभोक्ताकर्मी सहभागी रहेको विभागतको टोलीले सोमबार बिहान ४ बजे बल्खु तरकारी बजारमा अनुगमन गरेको थियो।

आपूर्ति मन्त्री मातृकाप्रसाद यादवका जनसम्पर्क अधिकृत यज्ञराज खरेलका अनुसार अनुगमनका क्रममा व्यापारीले व्यावसायिक रूपमा व्यवसाय दर्ता नगरेको, प्यान नम्बर नलिएको र तरकारी आपूर्तिको बिल बिजकसमेत नरहेको पाइएको थियो।

खरेलका अनुसार अनुगमनका क्रममा पक्राउ परेका शाहको नेतृत्वमा व्यापारीले अनुगमनको बिरोध गर्दै हुलहुज्जतका साथै प्रदर्शन गर्ने प्रयास गरेका थिए। उनले भने, 'शाहलाई पक्राउ गरेपछि व्यापारीले केहीबेर नाराबाजीसमेत गरे।' अनुगमन टोलीले बजारका सञ्चालक मोहन बस्नेतलाई विभागमा स्पष्टीकरणका लागि उपस्थित हुन निर्देशन दिएको छ।

शाहले यसअघि २०७३ असारमा सोही बजारमा तत्कालीन आपूर्ति मन्त्री गणेशमान पुनसहितको अनुगमन टोलीमाथि बन्दालगायत तरकारीले प्रहार गरेका थिए।

तत्कालीन समयमा अनुगमन टोलीले ढक र तराजुको विषय उठाएपछि व्यापारीले मन्त्री पुनको टोलीमाथि तरकारीले प्रहार गरेका थिए।

# सिजनमै सुन अभाव

**पवन पौडेल** | *दमौली*

आफन्तको बिहेका लागि सुनका गहना बनाउन दमौलीको एक पसल पुगेकी घाँसीकुवाकी मनमाया अधिकारीले भन्डै २० दिन कुर्नुपर्‍यो। कच्चा सुन नभएको भन्दै पसलेले कुर्न भनेपछि उनले पूरै सेट गहना तयार पार्न लामै समय कुर्नुपरेको हो। 'बिहेमा सुन नभइ नहुने झण्डै गाह्रो परेको',ध उनले भनिन्। जसोतसो सुन ल्याएर पसलेले गहना दिएपछि बल्ल उनले राहतको सास फेरिन्। यसरी समस्या भोग्नेमा उनीमात्र होइन धेरै छन्। सुनको मूल्य ओरालो लागिरहेका बेला किनेर गहना बनाउने तथा जगेडा गर्न खोज्ने धेरैले सोचेजस्तो भएको छैन।

तर व्यापारीको गुनासो अर्कै छ। 'हामीले मागेजति सुन आएकै छैन', सुनचाँदी व्यवसायी संघका जिल्ला अध्यक्ष कृष्ण सुनारले भने, 'ग्राहकले भनेजति दिन सकिएको छैन।' तनहुँमा सातामै किलो सुनको माग छ। तर व्यवसायीले आधिकारिक च्यानलबाट एक किलो मात्र सुन पाएका छन्। 'यसलाई नबढाउँदासम्म व्यापार चलाउनै गाह्रो भएको छ', अध्यक्ष सुनारले भने।

सुनको भाउ घट्दा सामान्य ग्राहकले पनि किन्न खोज्ने भएकाले त्यस्तो बेला निकै कठिन हुने गरेको व्यवसायी संघका उपाध्यक्ष विनोदकुमार बिकले बताए।

**लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड**
**LUMBINI GENERAL INSURANCE COMPANY LIMITED**
मुख्य कार्यालय: ज्ञानेश्वर, काठमाडौं, पो.ब.नं. २३१००, फोन नं. ४४११७०७, ४४१२००४
फ्याक्स नं. ०१-४४११६९२, टोल फ्रि नं. १६६०-०१-०७०७०, ईमेल : info@lgic.com.np

## जरुरी सूचना



जिल्ला काठमाडौं, तारकेश्वर न.पा.-६, धर्मस्थली घर भई यस कम्पनीको न्यूरोड शाखा कार्यालयमा कार्यरत बजार सहायक वर्ष २९ की तपाई **श्रीमती रमिला शाही श्रेष्ठ**ले कम्पनीको रकम हिनामिना गरेको, बिना सूचना बिदा समेत स्वीकृत नगराई मिति २०७५ जेष्ठ १४ गते देखि कार्यालयमा अनुपस्थित रहेको, पटकपटक निजलाई कम्पनीमा हाजिर भई हरहिसाब फछ्र्यौट गर्न पत्राचार गरेकोमा सोको वेवास्ता गरेको र हाल फोन समेत नउठाई सम्पर्क विहिन भएको हुंदा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, आजको मितिले ७ दिन भित्र यस कम्पनीमा हाजिर भई आफ्नो हरहिसाब मिलान गर्नु हुन, अन्यथा नियमानुसार कानूनी कारवाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइएको छ।
साथै निज रमिला शाही श्रेष्ठ यस कम्पनीमा नरहेको हुंदा निज मार्फत यस कम्पनीको कुनै बीमा व्यवसाय, रकम लेनदेन लगायतका कुनै काम कारोवार नगर्नु हुन र गरेमा यस कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत ग्राहकवर्ग लगायत सम्बन्धित सबैमा जानकारी गराउंछौं।

www.lgic.com.np Insuring Risks for Prosperity

# विदेश छाडेर कुखुरापालन

**खगेन्द्रबहादुर सिंह** | *डोटी*

डोटी शिखर नगरपालिकाको तिजालीका भोजराज ओझाले जीवनको उर्वर २५ वर्ष भारतमा बिताए। घर खर्च चलाउन डोटीमा कुनै काम नपाएपछि उनी मजदुरीका लागि यती लामो समय भारत बसेका हुन। घर परिवारमा सदस्य संख्या बढ्दै गएपछि उनलाई भारतको कमाइले समेत घर खर्च चलाउन समस्या भयो। घरको जिम्मेवारी पनि सम्हाल्नुपर्ने र भारत गएर कमाउनु पनि पर्ने भएकाले उनलाई थप समस्या देखियो।

जहाँ समस्या त्यहाँ उपाय भनेझैं ओझा बिगत दुई वर्षदेखि भारत गएका छैनन्। दुई वर्षदेखि उनले आफ्नै घरमा कुखुरापालन व्यवसाय सुरु गरेका छन्। घर खर्च चलाउन धौ धौ हुने गरेका, उनको अहिले सहज रूपमा घरखर्च चलिरहेको छ।

घरमै खोर बनाएर उनले कुखुरा फर्म सञ्चालन गरिरहेका छन्। ओझाले आफ्नै मासु पसल समेत खोलेका छन्। विभिन्न खोरमा उनीसँग २५ सय चल्ला र २५ सय तयारी कुखुरा छन् अहिले। 'आफ्नो वडामा मात्र होइन, अहिले छिमेकी वडा तथा नगरपालिकाको केन्द्र रहेको तल्कोट क्षेत्रमा समेत कुखुरा बिक्री गर्दै आएको छु', उनले भने।

एक लाखबाट सुरु गरेको कुखुरा पालनमा अहिले उनले पाँच लाखभन्दा बढीको लागानी लगाइसकेको बताए।

## शाखा कार्यालय स्थापना बारेको सूचना

यस महालक्ष्मी विकास बैंक लि. ले मिति २०७५ भाद्र १२ गते (इस्वी संवत् अगस्त २८, २०१८) देखि कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं ३०, सिसुवामा आफ्नो चौहत्तरौं शाखा स्थापना गरी कारोबार सञ्चालन गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८
Find us on facebook /mahalaxmibikasbank/
www.mahalaxmibank.com

## EXPRESSION OF INTEREST
**(First date of publication: 28th August, 2018)**

**Description of works:** NMB Bank Limited, Kathmandu, invites applicants from interested and eligible Development Organizations/NGO's/Companies for the submission of Expression of Interest (EOI) for partnership with the bank's CSR (Corporate Social Responsibility) program at Taplejung, Nepal.

- Sector: - Tourism, Financial Literacy empowering local for economic growth
- Location: - Taplegunj, Nepal

Development Organizations/NGO's/Companies working in this sector are invited to submit their expression of interest that includes following documents:

- Company profile with official documents such as Registration, PAN/VAT, MOA/AOA etc.
- Relevant past experience
- Area of Operation
- CV's of person holding key position in the organization.
- Project proposal with clear cut objective and targeted recipients along with the cost of the project, the area where the project will be carried out, tenure of the project and feasibility of the project.

After assessment of EOIs, only shortlisted eligible organizations will be called for the presentation. Please submit your sealed expression no longer than 15 days of published date of EOI. The deadline for the submission of the proposal is 11th Sep, 2018.

NMB Bank Limited, CSR Unit, Babarmahal, GPO Box: 11543, Kathmandu, Nepal, Tel:977 1 4246160, 9803175471, Toll free no; 16600125252, Fax: 977 1 4246156/ Web: www.nmb.com.np, swift code: NMBBNPKA

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of global alliance for banking on values

## विदेशी विनिमय दर

११ भदौ २०७५ का लागि नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर (रु.) मा

| मुद्रा | एकाइ | खरिद | बिक्री | मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|---|---|---|---|
| स्वीस फ्रेन्क | १ | ११३.४५ | ११४.०६ | थाई भाट | १ | ३.४२ | ३.४४ |
| अस्ट्रेलियन डलर | १ | ८१.७२ | ८२.१६ | युएई दिराम | १ | ३०.३७ | ३०.५३ |
| क्यानेडियन डलर | १ | ८५.६७ | ८६.१३ | मलेसियन रिंगिट | १ | २७.१५ | २७.३ |
| सिंगापुर डलर | १ | ८१.७३ | ८२.१७ | दक्षिण कोरियाली वन | १०० | १०.०१ | १०.०६ |
| जापानी येन | १० | १०.०३ | १०.०८ | स्विडिस क्रोनर | १ | १२.२२ | १२.२९ |
| चिनियाँ युआन | १ | १६.३९ | १६.४८ | डेनिस क्रोनर | १ | १७.३८ | १७.४७ |
| साउदी अरब रियल | १ | २९.७४ | २९.९ | हङकङ डलर | १ | १४.२१ | १४.२९ |
| कतारी रियाल | १ | ३०.६४ | ३०.८ | कुवेती दिनार | १ | ३६८.३५ | ३७०.३४ |

## तरकारीको खुद्रा मूल्य

कालीमाटी फलफूल तथा तरकारी बजारको ११ भदौ २०७५ को मूल्य

| तरकारी (प्रति केजी) | न्यूनतम | अधिकतम | औसत | तरकारी (प्रति केजी) | न्यूनतम | अधिकतम | औसत |
|---|---|---|---|---|---|---|---|
| आलु रातो | ५५ | ६० | ५८ | भान्टा लाम्चो | ५० | ६० | ५५ |
| आलु सेतो | ५० | ५५ | ५३ | स्याउ | ११० | १२० | ११५ |
| गोलभेडा ठूलो | ४० | ५० | ४५ | केरा (प्रति दर्जन) | १०० | ११९ | १०५ |
| गोलभेडा सानो | ३० | ४० | ३५ | अनार | २८० | ३९९ | २९० |
| काउली लोकल | ७० | ८० | ७५ | कागती (एकसय वटाको) | २५० | ३०० | २७५ |
| मूला सेतो | ४० | ५० | ४५ | काँक्रो | ७० | ८० | ७५ |
| च्याउ | २०० | २१० | २०५ | भूँइकटहर (प्रतिगोटा) | ११० | १२० | ११५ |
| प्याज सुकेको | ५० | ६० | ५५ | आँप | ११० | १२० | ११५ |

### अदुवा निकासीमा कर

इलाममा उत्पादित अदुवामा झापाले निकासी कर लगाउन थालेको छ। व्यवसायीले झापा जिल्ला समन्वय समितिले भन्सार विन्दु काँकडभिट्टामा लिने गरेको सो निकासी कर कानुन विपरीत भएको बताएका छन्। आइतबार भारततर्फ सुनिता ट्रेडर्सको नाममा निकासी हुन लागेको १० हजार किलो अदुवामा समन्वय समितिले पाँच हजार रुपैयाँ निकासी करका रुपमा असुल गरेको हो। 'जे एन्ड जे निर्माण सेवा प्रालि'ले जिल्ला समन्वय समितिबाट कर असुलीको ठेक्का लिएको थियो।

# स्थानीय तहबाटै केबलकार अनुमति

**राजु बास्कोटा** | *काठमाडौं*

दुई वर्षयता सरकारले रोकेर राखेको केबलकार अनुमति अब स्थानीय तहमै जाने भएको छ। केबलकारको नयाँ दर्ता तथा शुल्क निर्धारण गर्ने कार्यविधि ल्याउने बाहनामा भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयले २०७२ फागुनदेखि रोकेको केबलकार दर्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सम्बन्धित स्थानीय तहमै पठाउने भएको हो। साढे दुई वर्षअघि पर्यटन मन्त्रालयले अनुमति दिएभन्दा कुनै पनि केबलकार निर्माण कम्पनीले अनुमति पाउन सकेका थिएनन्।



देश संघीय संरचनामा गएपछि स्थानीय तहलाई नै अनुमति दिने व्यवस्था गर्न लागिएकाले पनि निवेदन परेको दुई दर्जन केबलकारको फाइल स्थानीय तहमा पठाइएको भौतिक मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर (सीडीई) ध्रुव श्रेष्ठले बताए।

उनले भने, 'सरकारले कार्यविभाजन नियमावली २०७४ ले दिएको अधिकार प्रयोग गरी केबलकारको अनुमति झिकेको छ।' यसलाई संघीय मामिला मन्त्रालयको बुँदा नं २७ मा थप गरिएको छ। यो व्यवस्थापछि केबलकारसम्बन्धी नीति, कानून र मापदण्ड स्थानीय विकास मन्त्रालयको जिम्मामा गएको छ।

यो सूचनापछि केबलकारको अनुमति सरकारले स्थानीय तहबाटै उपलब्ध गराउने भएको छ। साढे दुई वर्षअगाडि पर्यटन मन्त्रालयले दिने गरेको यस्तो अनुमति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पुगेको थियो। भौतिक मन्त्रालयले 'केबलकार सञ्चालन तथा व्यवस्थापन कार्यविधि' बनाएर मात्र नयाँलाई अनुमति खुला गर्ने तयारी गरेको थियो।

यो कार्याविधि स्वीकृत हुन नसकेको र नयाँ ऐन नै बनाउनुपर्ने आवश्यकता रहेको भए पनि केबलकारको सम्पूर्ण दायित्व संघीय मामिलामा पुगेको हो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव पुरुषोत्तम नेपालका अनुसार मन्त्रालयले नमूना नियमावली तथा मापदण्ड बनाएर स्थानीय निकायमा पठाउने हो।

मन्त्रालयले पठाएको सोही नमुना नियमावली तथा मापदण्डका आधारमा सम्बन्धित स्थानीय निकायले आफ्नो क्षेत्रमा केबलकार अनुमति दिने व्यवस्था गर्न पाउनेछन्। यो व्यवस्थामा दुई वा सोभन्दा बढी स्थानीय तहमा भएको अवस्थामा के गर्ने, राजस्व कसरी लिने भन्ने व्यवस्था सोही नमुना कानुनका आधारमा स्थानीयले तह गर्न सक्ने नेपालले बताए। यस्तो नमुना कार्यविधि अबको दुई सातामै आउने भएको छ।

स्थानीय निकायले केबलकार अनुमति दिन थालिसकेको र केन्द्रमा निवदेन दिएका केबलकारले समेत स्थानीयबाटै अनुमति लिएर निर्माण प्रक्रिया अगाडि बढाउन थालिसकेका छन्।

> देश संघीयतामा गएपछि निवेदन परेको दुई दर्जन केबलकारको फाइल अनुमतिका लागिस्थानीय तहमा पठाइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ (घ)ले गाउँपालिका तथा नगरपालिकालाई स्थानीय कर तथा सेवा शुल्क दस्तुर उठाउने अधिकार दिएको छ। यसअन्तर्गतको ३ नम्बर बुँदामा ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी, र्‍याफ्टिङ, केबलकारलगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय तथा साहसिक खेलको शुल्क उठाउने अधिकार दिएको छ।

यही अधिकार प्रयोग गरेर केबलकारलाई अनुमति दिने र शुल्क उठाउने काम भइसकेको छ। सरकारले केबलकार सञ्चालनका लागि उपयुक्त कानुनी व्यवस्था गर्न मात्रै बाँकी रहेकाले संघीय मामिलाले बनाउने नमुना कानुनका आधारमा अब यसलाई अगाडि बढाउन निर्देशन दिइनेछ।

यसअघि भौतिक मन्त्रालयले तयार पारेको तर कार्यान्वयनमा आइनसकेको कार्यविधिलाई पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अध्ययन गरेको छ। यही कार्यविधिलाई आवश्यक परिमार्जन गरेर नमुना कार्यविधि बनाएको पनि संघीय मामिला स्रोतले जानकारी दिएको छ।

यो कार्यविधिमा केबलकार सुरु हुनुपूर्व, सुरु गर्दा शुल्क लिने र वार्षिक रोयल्टीको प्रस्ताव गरेको छ। नेपालमा करिब दुई दशकदेखि सञ्चालन भएका, भर्खरै सेवा सञ्चालनको तयारी गरेका र नयाँ अनुमति लिने सबै केबलकारका लागि दर्ता, नवीकरण, वार्षिक रोयल्टीसहित शुल्क लिएरमात्रै सेवा सञ्चालन गर्न दिने कार्यविधि भौतिक मन्त्रालयले तयार पारेको छ।

केबलबार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्न र सञ्चालन अनुमति लिनसमेत गरी तीन चरणमा शुल्क बुझाउनुपर्ने कार्यविधि बनेको थियो। भौतिक मन्त्रालयका अनुसार १५ वर्षसम्म न्यूनतम दुई प्रतिशतसम्म रोयल्टी तोकिएको, त्यसपछि रोल्यल्टी शुल्क पनि बढाउने गरी कार्यविधि तयार पारिएको हो।

यही कार्यविधि स्वीकृत नहुँदा हालसम्म भौतिक मन्त्रालयमा निवेदन परेको कम्पनीले सञ्चालन तथा निर्माणको अनुमति पाउन सकेका छैनन्।

भौतिक मन्त्रालयसमक्ष केबलकार सञ्चालनका लागि निवेदन दिने कम्पनीमा पाथीभरा मन्दिरको त्रिवेणी, हिमाल र पाथिभरा देवी दर्शन केबलकार, भक्तपुर सूर्यविनायकको लिक सेवा, बूढानिलकण्ठ-शिवपुरी डाँडामा त्रिवेणी केबलकार, देविघाट-मौलाकालिकामा मौलाकालिका डेभलपमेन्ट, मुक्तिनाथ मन्दिर र स्वार्गद्वारी र पाथिभरा दिव्य दर्शन प्रालि छन्। यस्तै, डोटीमा वीपी नगर रोपवे, घ्याम्पेफेदी-गोसाइँकुण्डमा घ्याम्पेफेदी केबलकार, पाथिभरामै इलाम पाथिभरा दर्शन, बाग्लुङ्मा सर्वसिद्धिधाम पञ्चकोट, लुक्ला-नाम्चेमा सगरमाथा रोपवे छन्।

काठमाडौंकै बोहोराटार-नागार्जुन डाँडामा नागार्जुन केबलकार, पोखरा-मुक्तिनाथमा मुक्तिनाथ दर्शन, रानीताल-मौलाकालिकामा मौलाकालिका दर्शन, घण्टीखोला-स्वार्गद्वारी मन्दिरमा स्वर्गद्वारी दर्शन, गोदावरी-फुल्चोकीमा सिद्देश्वर पर्यटन सहकारी, गोदावरी-फुल्चोकीमै युवा जागरण पर्यावरणीय मञ्च, कास्की-पुम्दीभुम्दीमा मनकामना दर्शन, कास्की-सराङकोटमै अन्नपूर्ण केबलरकार, बुटवल-दोभानमा सिद्धार्थ केबलकार, कुरी-कालिन्चोकमा कालिन्चोक दर्शन र चरीकोट-कुरीमा सांग्रिला केबलकारसहितले मागेको अनुमति अब सबै स्थानीयमा नै फिर्ता हुने भएका छन्।

# महिन्द्राको प्लस न्यू एक्सयूभी सार्वजनिक




**काठमाडौं** : महिन्द्रा एन्ड महिन्द्रा लिमिटेड नेपालमा प्लस न्यु एक्सयूभी ५०० सार्वजनिक गरेको छ। आकर्षक नयाँ डिजाइन, आरामदायी इन्टेरियर, उच्चशक्ति र टर्कयुक्त उक्त कार एसयूभी समूहमा एउटा नयाँ मापदण्ड कायम गरेको कम्पनीले जनाएको छ।

आकर्षक नयाँ डिजाइनका साथ आएको उक्त कारमा एमएचडब्लूके १५५ इन्जिन जडान गरिएको छ। नयाँ एक्सयूभीले एक सय ५५ हर्स पावर र तीन सय ६० एनएम टर्क प्रदान गर्ने कम्पनीले जनाएको छ।

छैठौं पुस्ताको विद्युतीय रूपमा नियन्त्रित भेरियबल जियोम्याट्रिक टर्बो चार्जले नयाँ कारलाई अझ बढी ऊर्जायुक्त र उत्कृष्ट बनाएको कम्पनीको दाबी छ।

ओआरभीएम लोगो प्रोटेक्सन ल्याम्प रहेको उक्त कारमा विद्युतीय सनरुफ, स्मार्टवाच कनेक्टिभिटी, जीपीएस नेभिगेसनयुक्त १८ सेमीको टचस्क्रिन इन्फोटेन्मेन्ट छ। ६ वटा एयरब्याग, उकालोमा पनि सन्तुलन कायम राखिराख्न सक्ने र ओरालो लाग्दा पनि नियन्त्रणमा रहने, आफ्नो श्रेणीमा आकस्मिक कल गर्न सकिने पहिलो बाहन भएको कम्पनीको दाबी छ।

सबै पांग्रामा डिस्क ब्रेक भएकाले यो यात्राका लागि अझ बढी सुरक्षित रहेको कम्पनीले जनाएको छ। सार्वजनिक कार्यक्रममा बोल्दै महिन्द्रा एन्ड महिन्द्राका अन्तर्राष्ट्रिय विभाग (दक्षिण एसिया)का उपाध्यक्ष सञ्जय जादवले एक्सयूभी ५०० सन २०११ मा बजारमा आएको बताउँदै त्यसपछिका दिनमा यो गाडी गुणस्तरीय एसयूभीको रूपमा परिचित रहेको बताए। आकर्षक मूल्य, शैली, बेजोड कार्यक्षमता प्रदर्शन र आफ्नो श्रेणीमा उत्कृष्ट सुरक्षाका कारण यस एसयूभीले नयाँ उचाइ प्राप्त गर्न सफल भएको उनले बताए।

## एनबी बैंकद्वारा विद्यालयलाई सहयोग



**काठमाडौं** : नेपाल बंगलादेश बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयलाई आर्थिक सहयोग गरेको छ। नेपाल राष्ट्र बैंकको ६३औं वार्षिकोत्सवको उपलक्ष्यमा शनिबार काभ्रेको बनेपा-४ नालामा रहेको श्रृष्टिकान्त आधारभूत विद्यालयलाई दुई लाख ७५ हजार आर्थिक सहयोग प्रदान गरेको हो। उक्त रकम विद्यार्थीका लागि बेन्च निर्माण गर्न उपलब्ध गराइएको हो। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना कार्यक्रमा सहभागी भई उक्त विद्यालयलाई सहयोग रकम हस्तान्तरण गरेका थिए। साथै बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राख्दै आएको जानकारी गराए। बैंकले 'हामी सबैको बैंक' भन्ने नाराअनुसारको उद्देश्य प्राप्तिका लागि समाजका हरेक वर्गका सर्वसाधारणको जीवनस्तरमा उत्थान गर्न सहयोग गर्ने हाम्रो लक्ष्य रहेको जनाएको छ।

## आईएमईका ग्राहकलाई सुमेरुमा छुट



**काठमाडौं** : आईएमई बैंक लिमिटेड र सुमेरु अस्पतालबीच स्वास्थ्य सेवाका लागि सम्झौता भएको छ। सम्झौताअनुसार आईएमई प्रिभिलेज कार्डबाहक सेवाग्राहीले सुमेरु अस्पतालको सेवामा १० प्रतिशत विशेष छुट पाउनेछन्। त्यस्तै आईएमईमा कार्यरत कर्मचारी र आईएमईका निजी व्यावसायिक साझेदारले १३ प्रतिशतसम्म छुट प्राप्त गर्ने बैंकले जनाएको छ। यो सुविधा अस्पतालभित्रको सेवामा मात्र लागू हुनेछ। यो सुविधा लिन आईएमईले प्रदान गरेको आईएमई प्रिभिलेज कार्ड, कर्मचारी परिचयपत्र वा आईएमईमा आबद्ध भएको प्रमाणपत्र अस्पतालको ओपीडी शाखामा देखाउनुपर्नेछ। उक्त सम्झौतापत्रमा आईएमईका तर्फबाट क्षेत्रीय प्रतिनिधि प्रमुख माधव कटुवाल र सुमेरु अस्पतालको तर्फबाट निर्देशक दीलिप डंगोलले हस्ताक्षर गरेका छन्। यो सम्झौता पाँच वर्षका लागि लागू हुने बैंकले जनाएको छ। आईएमईसँग आबद्ध सेवाग्राहीलाई विभिन्न सेवामा सहुलियतपूर्ण सुविधा प्रदान गर्न सकियोस् भन्ने उद्देश्यका साथ यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको आईएमई ग्रुपका प्रमुख जनसम्पर्क व्यवस्थापक राजु पौडेलले बताए। स्थापनादेखि नै रेमिटेन्स सेवा प्रदान गर्दै आएको कम्पनीले सेवा शुभारम्भको १८औं वर्षसम्म नेपालका सहरी तथा ग्रामीण क्षेत्रलाई समेट्ने गरी एक सय ७४ आईएमई सेन्टरसहित ७७ जिल्लाका आठ हजार एक सयभन्दा बढी सबएजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत सेवा प्रदान गर्दै आएको छ।

## जानकी मेडिकल कलेजको मेडिकल क्याम्प




**काठमाडौं** : जानकी मेडिकल कलेज तथा टिचिङ हस्पिटल (जेएमसी)ले स्वास्थ्य सचेतना बढाउन एक महिने 'मेडिकल क्याम्प' सञ्चालन गरेको छ। भदौ महीनाभर सञ्चालन हुने उक्त क्याम्पमा सर्वसाधारणले नि:शुल्क स्वास्थ्य परीक्षण, बढीभन्दा बढी छुटमा अर्थोपेडिक, गाइनेक्लोजिस्ट सेवा पाउने जेएमसीले बताएको छ। अस्पतालका निर्देशक तथा कार्डियोलोजिस्ट डा. अजय मि श्रले यस अवधिमा दैनिक हजार जनाले स्वास्थ्य सेवा लिएको बताए। सर्वसाधारणलाई सस्तोमा स्वास्थ्य सेवा पुऱ्याउनु क्याम्पको मुख्य उद्देश्य भएको उनले बताए। मेडिकल शिक्षा तथा स्वास्थ्य क्षेत्रमा १६ वर्षदेखि समर्पित जेएमसीले हालसम्म करिब आठ सय एमबीबीएस विद्यार्थी तथा सयौं नर्सिङ तथा बीएससीका विद्यार्थी उत्पादन गरिसकेको छ।

## नेपाल टेलिकम कर्पोरेट फुटसल लिग सम्पन्न




**काठमाडौं** : छैठौं नेपाल टेलिकम सीयूजी कर्पोरेट फुटसल लिग सम्पन्न भएको छ। नेपालका विभिन्न संघसंस्थामा आबद्ध कर्पोरेट मानिसले भरिपूर्ण २४ वटा टिम सहभागी यस लिगको विजेता एड्भेन्चर इस्टुडियो र उपविजेता मेगा बैंक बन्न सफल भएका छन्। धन्वन्तरी फुटसल एरिनामा सञ्चालित लिगको औपचारिक समारोह सांग्रिला होटलमा रात्रिभोजसहित आयोजना गरिएको थियो। प्रोजेक्ट ए प्रालिद्वारा आयोजित यस लिगमा नेपाल टेलिकमले मुख्य प्रायोजकको भूमिका निर्वाह गरेको छ भने नुबिया स्मार्ट फोन, वर्ल्डलिंक, नेटटीभी, वर्ल्ड डिस्ट्रिब्युसन नेपाल, नागरिक पत्रिका, आईएसएस, नेपाल आइस, इन्फोकम, सांग्रिला होटल, ओएभ, ग्रान्डी हस्पिटल र गोल नेपालजस्ता थुप्रै कर्पोरेट संस्थाले सहायक प्रायोजकको भूमिका निर्वाह गरेका छन्। हरेक वर्ष हुने लिगको परम्पराअनुसार यस वर्ष पनि प्रोजेक्ट ए प्रालिले केएटी सेन्टर नामक कुकुरको संरक्षण तथा हेरचाह गर्ने संस्थालाई एक लाख रुपैयाँ हस्तान्तरण गरेको छ।

## केएल मोबाइल मेलामा ग्यालेक्सी नोट ९ साट्न पाइने



**काठमाडौं** : चाबहिल चुच्चेपाटीस्थित केएल टावरमा जारी मोबाइल मेलामा सेवाग्राहीको भिड बढेको छ। ६ मोडलका मोबाइल किन्दा अर्को सित्तैमा पाइने अफरले भीड बढेको मोबाइल हबले जनाएको छ। यसका साथै मेला अवधिभर जुनसुकै स्मार्टफोनसँग ग्यालेक्सी नोट ९ साट्न पाइने भएको छ। पहिलो वार्षिकत्सवको अवसर पारेर सञ्चालन गरिएको मोबाइल मेलामा नौ सय ९९ रुपैयाँदेखि एक लाख ५९ हजार नौ सय ९९ रुपैयाँसम्मका विभिन्न ब्रान्डका मोबाइल उपलब्ध छन्। जस्तोसुकै पुरानो मोबाइल साटेर नयाँ मोबाइल लिन सकिने मेलामा ५० प्रतिशतसम्म छुटको व्यवस्थासमेत गरिएको छ। अफरभित्र अफरसहित चलिरहेको मोबाइल मेला भदौ १६ गतेसम्म सञ्चालन हुनेछ। मोबाइल मेलामा जुनसुकै ब्रान्डका मोबाइल शून्य प्रतिशत डाउन पेमेन्टका साथै शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दीमा खरिद गर्न सकिने मोबाइल हबका प्रबन्ध निर्देशक अलाइभ ग्लाइडरले जानकारी दिए। ग्राहकले मोबाइलको ब्रान्ड र मूल्यअनुसार ६ महिना, एक वर्ष र १८ महिना अवधिको किस्ताबन्दीमा मोबाइल खरिद गर्न सक्नेछन्। केही ब्रान्डका मोबाइल शून्य प्रतिशत डाउन पेमेन्टमा समेत किन्न सकिने मेलामा मोबाइल किन्न सकिन्छ।

## पञ्चकन्या ग्रुपद्वारा रक्तदान




**काठमाडौं** : पञ्चकन्या ग्रुपले संस्थाको ४६औं वार्षिकोत्सव मनाउने क्रममा सोमबार ग्रुपको केन्द्रीय कार्यालय, कृष्णगल्ली, ललितपुरमा नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र, बालकुमारी, ललितपुरको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। रक्तदानमा ग्रुपका सञ्चालक, केन्द्रीय कार्यालय तथा ग्रुपअन्तर्गतका सिस्टर्स कन्सर्न उद्योगमा कार्यरत कर्मचारी र ग्रुपसँग आबद्ध शुभचिन्तक गरी जम्मा ५३ जनाले रक्तदान गरेका थिए। पञ्चकन्या ग्रुपले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत वार्षिक रूपमा रक्तदान कार्यक्रम गरी सो कार्यक्रमलाई मुख्य प्राथमिकतामा राख्दै आएको ग्रुपले जनाएको छ।

## एनबी बैंकद्वारा विद्यालयलाई सहयोग

**काठमाडौं** : नेपाल बंगलादेश बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयलाई आर्थिक सहयोग गरेको छ। नेपाल राष्ट्र बैंकको ६३औं वार्षिकोत्सवको उपलक्ष्यमा शनिबार काभ्रेको बनेपा-४ नालामा रहेको श्रृष्टिकान्त आधारभूत विद्यालयलाई दुई लाख ७५ हजार आर्थिक सहयोग प्रदान गरेको हो। उक्त रकम विद्यार्थीका लागि बेन्च निर्माण गर्न उपलब्ध गराइएको हो। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना कार्यक्रमा सहभागी भई उक्त विद्यालयलाई सहयोग रकम हस्तान्तरण गरेका थिए। साथै बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राख्दै आएको जानकारी गराए। बैंकले 'हामी सबैको बैंक' भन्ने नाराअनुसारको उद्देश्य प्राप्तिका लागि समाजका हरेक वर्गका सर्वसाधारणको जीवनस्तरमा उत्थान गर्न सहयोग गर्ने हाम्रो लक्ष्य रहेको जनाएको छ।

## प्रभु र मेडिसिटीबीच सम्झौता



**काठमाडौं**: प्रभु इन्सुरेन्सका ग्राहक तथा सेवाग्राहीले नेपाल मेडिसिटीमा नगदरहित सेवा प्राप्त गर्ने भएका छन्। यो क्यासलेस सेवा बिरामी भर्नाको अवस्थामा लागू हुनेछ। नेपाल मेडिसिटी अस्पतालका महाप्रबन्धक विजय रिमाल र प्रभु इन्सुरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्चित बज्राचार्यले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। सम्झौतासँगै दुई संस्था बिमा र स्वास्थ्य उपचारका माध्ययमबाट जोडिने भएका छन्। नेपाल मेडिसिटीका महाप्रबन्धक विजय रिमालले प्रभु इन्सुरेन्सका माध्यमबाट नगदरहित स्वास्थ्य जाँच गराउन पाएकोमा खुसी व्यक्त गरे। प्रभु इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले अस्पतालको सेवाबाट प्रभावित भएको बताए।